
# लेखापरीक्षण प्रतिवेदन

# जुम्ला

## २०७२।७३




## महालेखापरीक्षकको कार्यालय

### काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

## विषय सूची


| सि.नं. | | विषय | पृष्ठ |
|---|---|---|---|
| १. | | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१ | पुनरावेदन (उच्च) सरकारी वकिल कार्यालय | ३ |
| | ३.२ | जिल्ला सरकारी वकिल कार्यालय | ३ |
| | ३.३ | अञ्चल प्रहरी कार्यालय | ४ |
| | ३.४ | अञ्चल सशस्त्र प्रहरी गुल्म | ४ |
| | ३.५ | कर्णाली विकास आयोग | ४ |
| | ३.६ | कर्णाली क्षेत्र पर्यटन प्रवर्द्धन विकास समितिको कार्यालय | ५ |
| | ३.७ | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान | ६ |
| | ३.८ | कर्णाली प्राविधिक शिक्षालय | १० |
| | ३.९ | कारागार शाखा | १२ |
| | ३.१० | कोष तथा लेखा नियन्त्रक कार्यालय | १२ |
| | ३.११ | खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय | १२ |
| | ३.१२ | जिल्ला कृषि विकास कार्यालय | १४ |
| | ३.१३ | जिल्ला पशुसेवा कार्यालय | १८ |
| | ३.१४ | जिल्ला प्रहरी कार्यालय | २० |
| | ३.१५ | जिल्ला प्रशासन कार्यालय | २१ |
| | ३.१६ | जिल्ला प्राविधिक कार्यालय | २२ |
| | ३.१७ | जिल्ला वन कार्यालय | २३ |
| | ३.१८ | जिल्ला विकास समिति | २५ |
| | ३.१९ | जिल्ला स्वास्थ्य कार्यालय | ४६ |
| | ३.२० | जिल्ला शिक्षा कार्यालय | ५० |
| | ३.२१ | जिल्ला हुलाक कार्यालय | ५४ |
| | ३.२२ | जुम्ला बहुमुखी क्याम्पस | ५५ |
| | ३.२३ | डिभिजन सडक कार्यालय | ५६ |
| | ३.२४ | डिभजन सहकारी कार्यालय | ६४ |
| | ३.२५ | बागवानी अनुसन्धन केन्द्र | ६५ |
| | ३.२६ | व्यावसायिक सीप विकास तालिम कार्यालय | ६७ |
| | ३.२७ | भगवती दल गण | ६८ |
| | ३.२८ | भेंडा बाखा अनुसन्धान कार्यक्रम | ६८ |
| | ३.२९ | महिला तथा बालबालिका विकास कार्यालय | ६९ |
| | ३.३० | मालपोत कार्यालय | ७१ |
| | ३.३१ | सिँचाइ सवडिभिजन कार्यालय | ७३ |
| | ३.३२ | शहरी विकास तथा भवन डिभिजन | ७५ |
| | ३.३३ | शैक्षिक तालिम केन्द्र | ८३ |
| ४. | | आन्तरिक लेखापरीक्षण | ८३ |
| अनुसूची १ : | | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | ८४ |
| अनुसूची २ : | | बेरुजूको स्थिति | ८६ |
| अनुसूची ३ : | | जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण | ८८ |
| अनुसूची ४ : | | जिम्मेवार पदाधिकारीको नामावली | ९० |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्ने, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ। संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **पद्धति** : संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ३४ कार्यालयको विस्तृत र २२ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण** : यस जिल्ला स्थित ५६ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु. ३ अर्ब ७७ करोड ३९ लाख को लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू** : आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष ३७ कार्यालयको प्रारम्भिक प्रतिवेदनबाट कूल दफा ७७८ र रु.४५ करोड ३ लाख ४ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म ३४ कार्यालयको प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन भएका दफा ४२५ र रु.२१ लाख ७ हजार मिलान भई ३४ कार्यालयको दफा ३५३ र रु.४४ करोड ८१ लाख ९६ हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिकृयाबाट फछ्र्यौट एवं समायोजन गरी बाँकी दफा संख्या कायम गरिएको छ। लेखापरीक्षणको क्रममा रु.२ लाख ७१ हजार र प्रतिक्रियाबाट रु.७४ हजार समेत रु.३ लाख ४५ हजार असुल भएको छ।

बाँकीबेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु. १ करोड ९९ लाख ६२ हजार, अनियमित रु. २२ करोड ६८ लाख ७२ हजार र पेश्की रु. २० करोड १३ लाख ६१ हजार रहेको छ। यस सम्बन्धी विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव** : तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १००(३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

## कार्यालयगत लेखापरीक्षण व्यहोरा

### पुनरावेदन (उच्च) सरकारी वकिल कार्यालय

१. **असम्बन्धित शीर्षक** : अर्थ मन्त्रालय, बजेट संकेत तथा खर्च वर्गीकरण निर्देशिका, २०७० ले खर्च रकमको व्याख्या गरी खर्च गर्ने व्यवस्था गरेको छ। कार्यालयले २२४१२ अन्य सेवा शुल्कमा विनियोजित रकमबाट संकेत नम्बर २२३२० निर्मित्त सार्वजनिक सम्पत्तिको सम्भार खर्चमा पर्ने शीर्षकमा रु. १०,०००।- खर्च लेखेको छ। खर्चको वर्गीकरण र व्याख्याभन्दा फरक गरी एक कार्यको रकम अर्को प्रयोजनमा खर्च गर्नु नियमसम्मत देखिएन।

२. **सामान खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्न सक्ने व्यवस्था छ। कार्यालयले मूल्य अभिवृद्धि कर दर्ता नभएको ३ संस्थाबाट रु.७५,६००।- को सामान खरिद गरी खर्च गरेको कार्य नियमित मान्न सकिएन। मू.अ.कर दर्तावाला फर्म पर्याप्त नभएको कारणले यसप्रकार खरिद गर्नु परेको कार्यालयको भनाइ रहेको छ। दर्तावाला फर्मबाट सामान खरिद गर्नुपर्दछ।

३. **प्रोत्साहन भत्ता** : कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता लागु गर्ने सम्बन्धी निर्देशिका, २०७२ मा प्रोत्साहन भत्ता भुक्तानी गर्दा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई अतिरिक्त समय काम गरेबापत शुरु तलब स्केलको ५० प्रतिशतले प्रोत्साहन भत्ता पाउने व्यवस्था छ। कार्यालयका १४ पदाधिकारी तथा कर्मचारीहरुलाई निजामती कर्मचारीको ट्रेड युनियन निर्वाचन अवधिमा सो सम्बन्धी कार्य गरेबापत रु.१,५८,४६३।- प्रोत्साहन भत्ता भुक्तानी दिएको पाइयो। साथै निजहरुको नाममा सोही अवधिमा यस कार्यालयबाट समेत अतिरिक्त कार्य गरे बापत थप प्रोत्साहन भत्ता भुक्तानी भएको देखिएकोले एकै अवधिमा दुवैतर्फबाट भुक्तानी भएको रकम असुल हुनुपर्ने गर्नुपर्ने देखिएको छ। उक्त अवस्थामा प्रोत्साहन भत्ताको टुंगो भई आई नसकेको कारणले विभागीय नर्म्स ननाघी दोहोरो नपर्ने गरी भुक्तानी दिएको कार्यालयको भनाइ रहेको छ। सो रकम असूल गर्नुपर्दछ।

४. **धरौटी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६६ मा कुनै कार्यालयमा बुझाएको धरौटी नियम ६४ बमोजिम राजस्व दाखिला नहुने वा नियम ६५ बमोजिम जफत वा कट्टा पनि नहुने भएमा त्यस्तो धरौटी रकम सम्बन्धित व्यक्तिले फिर्ता पाउने व्यवस्था छ। कार्यालयले ४ फर्मलाई रु.२३१००।- धरौटी फिर्ता गर्दा सम्बन्धित फर्मले बुझेको भरपाई बेगर धरौटी फिर्ता गरेकोले सोको प्रमाण पेश हुनुपर्दछ।

५. **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यविधि नियमावली , २०६४ को नियम ५० बमोजिम मूल्य नखुलेका पुराना मालसामानको मूल्य कायम गराई राखेको छैन र जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिएको र सो माथि कारबाही नगरेकोले नियममा व्यवस्था भए बमोजिम कारबाही गर्नुपर्दछ।

### जिल्ला सरकारी वकिल कार्यालय

१. **जिन्सी निरीक्षण** : आर्थिक कार्यविधि नियमावली , २०६४ को नियम ५० बमोजिम मूल्य नखुलेका पुराना मालसामानको मूल्य कायम गराइ राखेको छैन साथै जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिएको र सोमाथि कारबाही नगरेकोले नियममा व्यवस्था भए बमोजिम कारबाही गर्नुपर्दछ।

२. **असम्बन्धित शीर्षकमा लेखाङ्कन** : अर्थ मन्त्रालय, बजेट संकेत तथा खर्च वर्गीकरण निर्देशिका, २०७० मा विनियोजित रकम सम्बन्धित संकेत नंम्बरमा खर्च गर्ने व्यवस्था गरेको छ । कार्यालयले २१११२ स्थानीय भत्तामा विनियोजित रकमबाट संकेत नम्बर २१११९ अन्य भत्तामा पर्ने शीर्षकमा रु. २०१९६।- खर्च लेखेकोले एक संकेत नम्बरको विनियोजित रकम अर्को प्रयोजनमा खर्च लेखेको रकम नियम सम्मत मान्न सकिएन । निर्देशिका बमोजिम खर्च लेख्नुपर्दछ।

३. **प्रोत्साहन भत्ता भुक्तानी** : कार्यालयमा कार्यरत कर्मचारीहरुले अतिरिक्त समय काम गरेबापत शुरु तलब स्केलको ५० प्रतिशतले प्रोत्साहन भत्ता पाउने व्यवस्था छ। कार्यालयका ४ पदाधिकारी तथा कर्मचारीलाई निजामती कर्मचारीहरुको ट्रेड यूनियन निर्वाचन अवधिमा सो सम्बन्धी कार्य गरेबापत प्रोत्साहन भत्ता स्वरुप रु.९८८४०।- भुक्तानी दिएको पाइयो । निजहरुको नाममा सोही अवधिमा यस कार्यालयमा समेत अतिरिक्त कार्य गरे बापत थप प्रोत्साहन भत्ता समेत भुक्तानी भएको देखिएको छ । उक्त रकम असुल हुनुपर्दछ ।

## अञ्चल प्रहरी कार्यालय

१. **काजको अवस्था** : प्रहरी नियमावली, २०७३ को नियम ५२ बमोजिम प्रहरी कर्मचारीलाई काजमा राख्दा मापदण्ड बनाई राख्नुपर्ने व्यवस्था छ । यस कार्यालय अन्तर्गत अञ्चल कार्यालयमा ५८ जनाको दरबन्दी रहेकोमा २०७२ मार्गमा २५ जना काजमा आएको र २०७३ जेष्ठमा २६ जना काजमा गएको देखिएको छ । एकै महिना स्वीकृत दरबन्दीको ४४ प्रतिशतसम्म कर्मचारीहरु काजमा राखी राशन तथा स्थानीय भत्ता भुक्तानी गर्नाले खाद्य आहार बजेटमा सुरु विनियोजनभन्दा १०९.५३ प्रतिशत बजेट थप गर्नु परेको अवस्था देखिएको छ ।

## अञ्चल सशस्त्र प्रहरी गुल्म

१. **काजको अवस्था**: प्रहरी नियमावली, २०७३ को नियम ५२ बमोजिम प्रहरी कर्मचारीलाई काजमा राख्दा मापदण्ड बनाई राख्नुपर्ने व्यवस्था छ। कार्यालय अन्तर्गतका गुल्ममा १२५ जनाको दरबन्दी रहेकोमा २०७२ मार्ग महिनामा ६२ जना काजमा गएका र ४४ जना काजमा आएको अवस्था देखियो कर्मचारीहरु बढी संख्यामा काजमा आएकाले स्थानीय भत्ता समेत भुक्तानी गर्नुपर्ने अवस्थाको कारण खाद्य आहार शीर्षकमा सुरु विनियोजनको ६५.७० प्रतिशतसम्म र भ्रमण खर्चमा समेत बजेट थप गरी खर्च भएको पाइयो । काजमा राख्ने कार्य व्यवस्थित गर्नुपर्दछ ।

## कर्णाली विकास आयोग

१. **दशवर्षे विकास योजना** : स्वीकृत कार्यक्रमको विस्तृत कार्ययोजना कार्यान्वयनतर्फको रकमबाट आयोगले यो वर्ष आयोगका ५ जना सदस्य प्रत्येकलाई रु.२ लाखका दरले पेश्की दिई ५ जिल्लाको उक्त कार्यक्रम अन्तर्गतका कार्य गराउने गरी रकम बाँडफाड र खर्च गरेको छ । आयोगका सदस्यहरुबाट सम्पादन भएको तथ्याङ्क संकलन समेतको विश्लेषण एवं अन्तिम प्रतिवेदन समेत तयार भएको पाइएन । परामर्शदाताहरुबाट कार्य गराउन सम्झौता गरी कार्य प्रगतिको आधारमा भुक्तानी गर्ने शर्त रहेकोमा प्रारम्भिक प्रतिवेदन तथा सो उपर टिप्पणी गरी अन्तिम प्रतिवेदन तयार भएको नदेखिएकोले सम्झौता अनुसारको कार्य सम्पन्न गरी प्रतिवेदन प्राप्त गर्नुपर्दछ ।

आयोगको गठन गर्दा लिइएका आधार र विगत ४ वर्षमा भएको खर्च र संचालन गरिएका कार्यहरुमा प्राप्त उपलब्धि समेत प्रभावकारी रुपमा सञ्चालन नहुनुको साथै मुख्य लक्ष्य लिइएको कर्णाली क्षेत्रको विकासका लागि स्वीकृत गरिने योजना, नीति र कार्यक्रमहरु आयोग गठन भएको लामो समयसम्म निर्धारण नगरी यो वर्ष मात्र १० वर्षे योजनाको कार्य सुरु गरेकोमा सो समेत

पुरा नभएको लगायतका कार्यहरुबाट अपेक्षित उपलब्धि हासिल भै रहेको मान्ने अवस्था देखिएन। लक्ष्य अनुसार योजना कार्यान्वयन गर्नुपर्दछ।

२. **तलबी प्रतिवेदन** : निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख)२ मा जिल्लास्थित सरकारी कार्यालयका कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास गर्नुपर्ने व्यवस्था छ। यो वर्ष कार्यालयले तलबी प्रतिवेदन पास नगराई तलबमा रु.२४६१३०५।- खर्च लेखेको छ। ऐनमा व्यवस्था भए बमोजिमको तलबी प्रतिवेदन पास गराएर मात्र तलब भत्ता खर्च लेख्नुपर्दछ।

३. **आन्तरिक नियन्त्रण प्रणाली** : प्रचलित ऐन नियममा तोकिएको प्रक्रिया एवं व्यवस्थाको अवलम्बन गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आयोगले आन्तरिक लेखापरीक्षणमा देखिएको कैफियत रु.७,०६,४९७- नियमित गरी पेश नगरेको, वार्षिक खरिद योजना तयार तथा खरिद एकाई गठन नगरेको, जिन्सी निरीक्षण गरी सो माथि कारबाही नगरेको, सबै सम्पत्ति आयोगको प्रयोजनमा मात्र उपभोग नभएको र उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिम पहिचान तथा निराकरण गर्ने प्रयास नगरेको जस्ता कमी कमजोरी देखिएका छन्। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

४. आर्थिक कार्यविधि नियमावली २०६४, बमोजिम पेश्की लिने र फछ्र्यौट गर्ने व्यवस्था छ। आ.व.२०७२।७३ को अन्तसम्ममा ४ व्यक्तिको नामको पेश्की रु.८,००,०००।- फछ्र्यौट भएको नदेखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

## कर्णाली क्षेत्र पर्यटन प्रवर्द्धन विकास समितिको कार्यालय

१. **बाँकी रकम** : पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त रकममध्ये निर्धारित योजनामा खर्च नभई बाँकी रहेको रु.११,०३,०००।- सम्बन्धित मन्त्रालयमा फिर्ता पठाईएकोमा सो रकम पहुँचको प्रमाण राखेको देखिएन।

२. **चौमासिक खर्च स्थिति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा लागत अनुमान बनाउने, बोलपत्र आव्हान गरी स्वीकृत गर्ने स्थानीय निकायका उपभोक्ता समितिको सहयोग जुटाउने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरिसक्नुपर्ने व्यवस्था छ। समितिले मन्त्रालयतर्फको रु.४,२९,२३,०००।- को स्वीकृत कार्यक्रमबाट कार्यक्रम सञ्चालन गर्न उपभोक्ता समितिसँग २०७२।६।१ मा प्रस्ताव माग गरी २०७२।८।१० मा प्रस्ताव स्वीकृत गरेकोमा प्रथम चौमासिकमा रु.१,९२,१९७।- अर्थात् ०.४४ प्रतिशत दोस्रो चौमासिकमा रु.१,०३,३२,२६०।- अर्थात् २४.०७ प्रतिशत, तेस्रो चौमासिकमा रु.३,२२,९६,५४३।- अर्थात् ७५.२४ प्रतिशत र आषाढ महिनामा रु.२,८८,१७,२६१।- अर्थात् ६७.१३ प्रतिशत खर्च भएको छ। नियमावलीको उल्लिखित व्यवस्थाअनुसार प्रथम चौमासिकभित्र सबै उपभोक्ता समिति वा लाभग्राही समुदायसँग सम्झौता नहुनाले तेस्रो चौमासिकमा कुल बजेटको ७५.२४ प्रतिशत र आषाढ महिनामा कुल बजेटको ६७.१३ प्रतिशत खर्च गर्नाले कामको गुणस्तर र दिगोपनामा प्रभाव पर्न सक्ने देखिन्छ। चौमासिक लक्ष्य अनुसार कार्य गर्नुपर्दछ।

३. **घटी कार्य** : उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौताभन्दा घटी परिमाणको कार्य भएमा सोही अनुपातमा रकम कट्टी गरी भुक्तानी दिनुपर्ने व्यवस्था सम्झौतामा रहेको छ। रातापानी चुलीभिट्टा गोठीलेक पर्यटकीय पदमार्ग, कोटडाँडा मुगुको लागत अनुमान रु.११,१६,६३४।- भएको कार्य पूरा गरेमा रु.८,५५,०००।- पाउने गरी एक निर्माण संस्थासँग २०७२।१०।२४ मा सम्झौता

गरेको छ । सो कार्यको अन्तिम मूल्याङ्कन रु.१०,२१,८५२।- भएकोमा उपभोक्ता समितिलाई रु.८,५५,०००।- भुक्तानी भएको छ । सम्झौता अनुसार कार्य नभई घटी कार्य भएकोमा सोही अनुपातमा रु.७,८२,४२५।९८ मात्र भुक्तानी गर्नुपर्नेमा पुरै भुक्तानी भएकोले रु. ७२,५७४।- बढी भुक्तानी भएको छ । आवश्यक कारबाही गरिने कार्यालयको भनाइ रहेको छ । उक्त रकम असुल गर्नुपर्दछ ।

४. **बढी भुक्तानी** : उपभोक्ता समितिलाई सम्झौताअनुसार गर्नुपर्ने कार्य सम्पन्न गरेमा सम्झौता अनुसारको रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । समितिले मुगुको छाँयानाथ मन्दिर पर्यटकीय विश्राम गृह निर्माण गर्न एक सामुदायिक विकास केन्द्रसँग रु.२४,७७,१३९।- मध्ये कार्यालयले रु.१९ लाख व्यहोर्ने सम्झौता भएकोमा विकास केन्द्रले रु.२४,८०,७०५।- बराबर कार्य गरी रु.१९,५०,०००।- भुक्तानी लिएको छ । उक्त कार्यको भुक्तानी गर्दा सम्झौता बमोजिम रकम भुक्तानी गर्नुपर्नेमा सम्झौताभन्दा बढी भुक्तानी भएको रु. ५००००।- असुल गर्नुपर्ने व्यहोरा औंल्याएकोमा यकिन गरी असुल गरिने प्रतिक्रिया कार्यालयको रहेको छ । उक्त रकम असुल गर्नुपर्दछ ।

५. **भेरिएसन स्वीकृति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा सम्झौता अनुसारको काम सुरु भैसकेपछि कामको परिमाण थप घट गर्नु परेमा प्राविधिक पुष्ट्याई सहित भेरिएसन आदेश जारी गर्नुपर्ने व्यवस्था छ । मुम्रातुसार खोला लता त्रिवेणी हुँदै बाजुराको बडीमालिका पर्यटकीय क्षेत्र पुग्ने पदमार्ग निर्माणको लागत अनुमान रु.११,१५,०८२।- रहेको बडीमालिका धार्मिक सेवा समितिसँग उक्त कार्यमा रु.८,५५,०००।- व्यहोर्ने गरी सम्झौता भएको छ । काम नापजाँच गर्दा लागत अनुमान र सम्झौताभित्र नभएको आइटम चट्टान २५९.५ घ.मि.को रु.२,६८,०६३।- समेतको काम देखाई रु.११,१७,०२०।- मूल्याङ्कन गरी रु.८,५५,०००।- भुक्तानी गरेको छ । लागत अनुमान तथा सम्झौतामा नभएको कार्यको मूल्याङ्कन गरी भुक्तानी गरेकोले रु. २६८०६३।- असुल हुनुपर्दछ ।

६. **पेश्की** : समितिले २०७२।१०।२४ मा एक योगीको सालिक निर्माण समिति, कालीकोटलाई रु.२,८५,०००।- पेश्की दिएकोमा आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट भएको छैन । उक्त पेश्की रकम फछ्र्यौट हुनुपर्दछ ।.

७. **सूचना केन्द्र निर्माण** : नेपाल पर्यटन बोर्डले कार्यक्रम सञ्चालन गर्न पठाएको अख्तियारी अनुसार पर्यटन सूचना केन्द्र निर्माणको उपभोक्ता समितिको योगदान सहित कार्य गराउनु पर्नेमा एक निर्माण व्यवसायीसँग रु.४,७५,०००।- को सम्झौता गरी खर्च लेखेको छ । उक्त कार्यको नापी किताब, ठेक्का बिल, कार्यसम्पन्न प्रतिवेदन संलग्न नगरेको, कर कट्टी नगरेको, मू.अ.कर बीजकको आधारमा मात्र भुक्तानी दिएको साथै उपभोक्ता वा लाभग्राहीले व्यहोर्नुपर्ने ३० प्रतिशत योगदानमा कार्य नगराई ठेकेदार छनौट गरी भुक्तानी दिएको छ । तोकिएको प्रक्रिया अनुसार कार्य गराउनुपर्दछ ।

## कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

१. **बजेट स्वीकृति** : कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६९ को नियम १२(४) अनुसार आगामी वर्षको लागि कार्यकारी परिषद्बाट अनुमोदित कार्यक्रम तथा बजेट अनुमान आवश्यक परिमार्जन गरी असार मसान्त भित्र स्वीकृतिको लागि सभामा पेश गर्नुपर्ने र नियम १३(१) अनुसार पेश भएको वार्षिक कार्यक्रम र अनुमानित बजेटलाई सभाले प्रतिष्ठानको आर्थिक र अन्य समसामयिक स्थिति समेतको अध्ययन गरी यथावत रुपमा वा थपघट सहित आषाढ मसान्तभित्र स्वीकृत गर्ने व्यवस्था रहेको छ । प्रतिष्ठानको २०७२।७३ को वार्षिक बजेट

तथा कार्यक्रम मिति २०७३ माघमा सम्पन्न सभाको बैठकले स्वीकृत गरेको पाइयो । नियमानुसार समयमै बजेट स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२. **आषाढको अख्तियारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम प्रत्येक मन्त्रालयले आफु मातहत निकायलाई आर्थिक वर्ष शुरु भएको १५ दिन भित्र कार्यक्रम र अख्तियारी पठाउनुपर्ने व्यवस्था छ । प्रतिष्ठानलाई यो वर्ष रु.२७,६७,१२,०००।– अख्तियारी प्राप्त भएको मध्ये रु.२,००,००,०००।– आषाढ महिनामा पठाएको छ । स्वीकृत कार्यक्रम अन्तर्गतको रकमको अतिरिक्त थप कार्यको लागि रकम थप निकासा गरेकोमा उक्त निकासाबाट थप कार्य गराउने गरी वार्षिक कार्यक्रम स्वीकृत भएको पाइएन । अत थप अख्तियारीको कार्यक्रम समेत स्वीकृति गराएर मात्र खर्च गर्नुपर्दछ ।

३. **चौमासिक पुँजीगत खर्च स्थिति :** यो वर्ष नेपाल सरकारको अनुदान सहायताबाट रु.२७,५२,०३,८६७।– खर्च गरेको छ । सो मध्ये ५०.२१ प्रतिशत तेस्रो चौमासिक र सो मध्ये २४.७८ प्रतिशत आषाढमा मात्र खर्च गरेकोले वर्षान्तमा बढी खर्च भएको छ । अनुदान रकमबाट चौमासिकगत रुपमा कार्य गर्नुपर्दछ ।

४. **बढी भत्ता भुक्तानी :** प्रतिष्ठानमा कार्यरत कर्मचारीहरुलाई पिछडिएको स्थान भत्ता तथा प्रतिष्ठान भत्ता बापतको रकम भुक्तानी गर्दा वेसिक तलबको आधारबाट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष १८ कर्मचारीलाई उक्त भत्ता भुक्तानी गर्दा ग्रेड सहितको रकमबाट हुने स्केलको आधारमा गणना गरी भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु.२,१३,०००।- असुल हुनुपर्दछ ।

५. **सम्पत्तिको अपलेखन :** आर्थिक प्रशासन नियमावली, २०६९ को नियम ३० मा प्रतिष्ठानको सम्पत्तिलाई हानी नोक्सानी नहुने गरी सुरक्षण गरी राख्नु पर्ने व्यवस्था छ । यो वर्ष प्रतिष्ठानको नाममा स्थानान्तरण भै आएको शिक्षण अस्पतालको भवनमा रहेका मेशिनरी औजार, ल्याव सामाग्री औषधि तथा अन्य सामाग्री २०७२ पौष ४ गते आगलाभी भै ओ.पि.डि भवन र सो स्थानमा रहेका विभिन्न प्रकारका सामान समेत जलेको देखाई रु.१,१४,९३,३९५।- मूल्य बराबरको सम्पत्ति प्रतिष्ठानको सम्पत्तिबाट घटाउने निर्णय गरी सम्पत्तिको लगतबाट घटाएको पाइयो । आगलागी भएको विषयमा उजुरीभै नेपाल प्रहरीको विशेष टोलीबाट छानबिन भई रहेको र छानबिन नतिजा प्राप्त नहुँदै भवन भित्रका मेशिन लगायत अन्य सामानहरुलाई सम्पत्तिबाट घटाउने निर्णय भएको छ । तर प्रतिष्ठानकै स्थायी सम्पत्तिमा रहेको जलेको उल्लिखित १३ कोठे भवनको मूल्यलाई समावेश गरेको पाइएन ।

घटनाको जिम्मेवारी समेतको छानबिन भै रहेको अवस्थामा सो सम्बन्धी तथ्य निरुपण नहुँदै केही सम्पत्तिलाई मौज्दातबाट घटाएको छ । यसरी घटाउन मिल्ने देखिएन ।

६. **बैंक दाखिला** : कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान आर्थिक प्रशासन नियमावली, २०६९ को नियम ७ मा प्रतिष्ठानमा प्राप्त भएको कुनै पनि आम्दानी रकम प्राप्त भएकै दिन वा त्यस्को भोलिपल्ट बैंक दाखिला गरी अभिलेख राख्नु पर्ने व्यवस्था छ । प्रतिष्ठानमा प्राप्त आम्दानी रकम एक हप्तासम्म ढिला गरी बैंक दाखिला हुने गरेको पाइयो । यो वर्ष कार्यालयको आम्दानी लेखाको नमूना परीक्षण गर्दा २०७२ श्रावणको आम्दानी मिति २०७२।५।१३ मा रु.२,६६,६१०।– बैंक दाखिला गरेको छ । भाद्र महिनाको १ गते देखि ६ गते सम्मको रकम २०७२।५।१३ मा मात्र बैंक दाखिला गरेको तथा २०७२।४।२४ को आम्दानी रु. ६२,८१०।– २०७२।५।३० मा मात्र बैंक दाखिला देखिएको २०७२।४।२७ को दैनिककाउन्टरको आम्दानी रु.४१,७००।– रहेकोमा रु. ३१,९००।– मात्र दाखिला देखिएकोले बाँकी रु. ९,८००।– को दाखिलाको प्रमाण पेश हुनुपर्दछ ।

७. **इन्धन बापतको भुक्तानी:** सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम बोलपत्रबाट मालसामान खरिद गर्दा सम्झौताको शर्त अनुसार गर्नुपर्ने व्यवस्था छ। प्रतिष्ठानले सिप्रदी ट्रेडिङ्ग काठमाडौंसँग २ वटा एम्बुलेन्स खरिद गरेकोमा सम्झौताको शर्त अनुसार उक्त एम्बुलेन्सहरु प्रतिष्ठान कार्यालय जुम्लामा डेलिभरी गर्नुपर्ने शर्त रहेकोमा प्रतिष्ठानले एम्बुलेन्सहरु काठमाडौबाट जुम्मासम्म पुर्‍याउन कर्मचारीलाई काजमा खटाई इन्धन रु. ११९४८।- समेतको रकम भुक्तानी गरेको छ। थप खर्च गरेको रकम सप्लायर्सबाट असुल गर्नुपर्दछ।

८. **औषधि उपचार खर्च :** प्रतिष्ठान पदाधिकारी सम्बन्धी नियम ४९ मा पदाधिकारीको औषधि उपचार खर्चको व्यवस्था छ। नियम ४९सँग सम्बन्धित अनुसूची ४(ज) मा पदाधिकारीले अवकास प्राप्त गर्दा सेवा अवधि भरमा पाउने उपचार खर्च नलिई बाँकी रहेको भए एकमुष्ट भुक्तानी अवकाश प्राप्त गरेपछि लिन पाउने व्यवस्था छ। पाटन अस्पतालका एक निर्देशक २०६९।२।१२ देखि प्रतिष्ठानको उपकूलपतिमा नियुक्ती भई ४ वर्ष सेवा अवधि पुगेको आधारमा अवकाश भएको जनाई ४ महिनाको पारिश्रमिकको हुने रु.३,९०,८००।– औषधि उपचार बापत भुक्तानी गरेको छ । अन्यत्र निकायमा पदाधिकार कायमै राखी नियुक्ति भएका पदाधिकारी साविक पद र कार्यालयमै हालसम्म कार्यरतनै रहेको अवस्था र निजको सेवाशर्त बमोजिम आफ्नो दरवन्दीबाट अवकाश हुँदाको वखत पनि औषधि उपचार खर्च पाउने देखिएकोले यस सम्बन्धमा यकिन गरी भुक्तानी भएको रकम असुल हुनुपर्दछ।

९. **पानी बिजुली खर्च :** प्रतिष्ठान आर्थिक प्रशासन नियमावली, २०६९ को नियम ४ मा कुनै पनि खर्च वा खर्चको निकासा दिँदा विचार पुऱ्याउनुपर्ने कुराहरुको व्यवस्था छ। प्रतिष्ठान तथा अस्पतालमा खपत हुने पानी तथा बिजुली बापतको रकम सम्बन्धित संस्थालाई भुक्तानी गर्दा वास्तविक खपत परिमाणको बिल बीजक लिएर मात्र भुक्तानी गर्नुपर्नेमा खपत बिल बीजक समावेश नगरी कुनै महिना पेश्की र कतिपय महिनामा संस्थाको भरपाई मात्र समावेश गरी भुक्तानी गरेको पाइयो। प्रतिष्ठानले २०७२।९।१४ मा रु.३,५०,०००।– पेश्की समेत नजनाई भुक्तानी गरेको छ। वास्तविक खर्च अनुसार बिल प्राप्त गरी मिलान गरेको आधार प्रस्तुत गर्नुपर्दछ।

१०. **अस्पताल सञ्चालन :** नेपाल सरकार स्वास्थ्य मन्त्रालय र प्रतिष्ठान विच डोल्पा जिल्ला अस्पतालमा विशेषज्ञ सेवा सञ्चालन प्रतिष्ठानकै जनशक्तिबाट गराउने गरी सम्झौता भएको र यो वर्ष रु.२०,००,०००।– निकासा दिएकोमा प्रतिष्ठानले उक्त अस्पतालमा विशेषज्ञ डाक्टरको सेवा सञ्चालन र कर्मचारीलाई काजमा खटाई सेवा उपलव्ध गराएको छ। शशर्त चालु अनुदानबाट प्राप्त उक्त रकमबाट यो वर्ष काजमा खटिएका विशेषज्ञहरुको भत्ता लगायत खर्चमा खुद रु.१०,७६,४३५।– मात्र खर्च गरी बाँकी रकम प्रतिष्ठानकै खातामा जम्मा गरेको छ। प्रतिष्ठानले सम्झौता अनुसार थप रु. ५,००,०००।- पाउनु पर्ने उल्लेख गरेको छ। तर यस वर्ष खर्च नभएको रु. ९२३५९५।– देखिएकोले थप अनुदान लिने गरी हिसाव तयार गरी रकम सार्न मिल्ने नदेखिएकोले यो वर्ष खर्च नभएको रकम मन्त्रालयमै फिर्ता गर्नुपर्दछ।

११. **सानो नगदी कोषबाट खर्च :** प्रतिष्ठान आर्थिक नियमावली, २०६९ को नियम २० मा सानो नगदी कोषको अधिकतम सिमा रु.५० हजार रहने गरी तोकि दिएको छ। प्रतिष्ठानले दैनिक कार्य सञ्चालन गर्न आवश्यक कार्यालय मालसामान तथा स्टेशनरी खरिद गर्न ठेक्का बन्दोबस्त भैसकेको अवस्थामा समेत सानो नगदी कोषबाट कार्यालय मालसामान तथा स्टेशनरी खरिदको रकम समेत सोधभर्ना गर्ने गरेको पाइयो। सानो नगदी कोषबाट यस्ता किसिमका मालसामान खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१२. **कर्मचारी दायित्व** : कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ को दफा १२ मा कार्यकारी परिषद्ले प्रतिष्ठानलाई आवश्यक पर्ने कर्मचारीको व्यवस्था गर्नुपर्ने गरी तोकि दिएको छ । प्रतिष्ठानमा आवश्यक हुने जनशक्ति सम्बन्धमा यस वर्ष समेत केही पदमा थप दरवन्दी स्वीकृत गरेको छ । कार्यकारी परिषद्को २०७२।९।२२ को निर्णयबाट विभिन्न तहको दरवन्दी मिलान र थप गरेको पाइयो । यो वर्ष परिषद्को निर्णय अनुसार ७३ जनालाई २०७३ आषाढ देखि लागु हुने गरी आन्तरिक स्थायी गरिएको विवरण प्राप्त भएको छ । प्रतिष्ठानलाई आवश्यक कर्मचारीको व्यवस्थापन गर्दा थप दायित्वमा पर्ने असरहरु समेतको विश्लेषण र मूल्याङ्कन गराएर मात्र स्थायी र थप दरवन्दी सृजना गर्ने तर्फ ध्यान पुर्‍याउनु पर्दछ ।

१३. **जमानतको म्याद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा कार्य सम्पादन जमानतको व्यवस्था रहेको छ । खरिदको लागि छनौट भएको बोलपत्रदाताले खरिद सम्झौता गर्न आउंदा कार्य सम्पादन जमानत समेत पेश गर्नुपर्ने र ११०(४) बमोजिम कार्य सम्पादन जमानतको अवधि निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा १ महिना बढी अवधिको हुनुपर्ने व्यवस्था गरेको छ । प्रतिष्ठान अर्न्तगत निर्माणाधीन अस्पताल भवनको निर्माण कार्य गर्न नियुक्त एक निर्माण व्यवसायीसँग भवन निर्माण कार्यको सम्झौता रु.७६,१४,७३,५२२।– भई सोको ५ प्रतिशतले हुने रु.३,८०,७४,०००।– को बैंक जमानत पेश गरेको छ । निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताअनुसार भवन निर्माणको कार्य २०७२।२।२१ देखि २०७४।८।१५ सम्म रहेको छ । निर्माण व्यवसायीले पेश गरेको कार्य सम्पादन जमानतको म्याद २०७४।८।८ सम्म मात्र रहेको पाइयो । घटी अवधि रहेको कार्य सम्पादन जमानत पेश गरी खरिद कार्य सञ्चालन गराएकोले जमानतको म्याद थप गरी बाँकी कार्य गराउनुपर्दछ ।

१४. **थप कार्यको जमानत** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० ले खरिद सम्झौता गर्दा सम्झौता मूल्यको ५ प्रतिशतले हुने कार्य सम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ । नियमावलीको व्यवस्था बमोजिम खरिद सम्झौता भन्नाले सम्झौता अर्न्तगत भेरिएसन आदेश जारी भएकोमा त्यस्तो आदेशबाट कायम भएको मूल्य समेतलाई जनाउने गरी नियम ३(घ) मा तोकि दिएको छ । प्रतिष्ठानले यो वर्ष बिजुलीको लाईन र पानी पाईपको स्थानान्तरणको कार्य गर्न निर्माण व्यवसायीलाई रु.१५,०८,७४५।– को भेरिएसन आदेशबाट काम थप गरेकोमा उक्त कामको कार्य सम्पादन जमानत लिएको नपाइएकोले नियमानुसार थप कार्यको समेत कार्य सम्पादन जमानत लिनुपर्दछ ।

१५. **उपकरण र सवारी साधन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० ले निर्माण कार्यको लागत अनुमान निर्धारण गर्ने सम्बन्धी व्यवस्था गरेको र सार्वजनिक लेखासमितिको २०६९।१।८ को निर्णयानुसार निर्माण कार्यको आइटममा सवारी साधन र मेशिनरी औजारको आइटम समावेश नगर्न निर्देशन भएको छ । भवन निर्माण कार्यको आइटममा मोटरसाईकल १५० सि.सि २ थान रु.२२००००।–, जीप १ को रु. ११ लाख, ल्यापटप र प्रिन्टरको रु.१ लाख २० हजार समावेश गरेको छ । निर्माण कार्यको आइटममा समावेश गरी ल्यापटप तथा लेजर प्रिन्टरको भुक्तानी भै सकेकोमा उक्त सामानहरु वुझि लिई स्टोर दाखिला गरेको वा जिम्मा लिने कर्मचारीले वुझि लिएको प्रमाण पेश भएको छैन । उक्त प्रमाण पेश गर्नुपर्दछ ।

१६. **मेशिनको भुक्तानी** : प्रतिष्ठान आर्थिक प्रशासन नियमावली, २०६९ को नियम १७६ मा प्रतिष्ठानले सम्पन्न गरेको निर्माणकार्य आपूर्ति गरिएको मालसामानको सेवा स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । यसरी प्रतिवेदन प्राप्त भएपछि आवश्यक प्रक्रिया पुरा गरी भुक्तानीको लागि लेखाशाखामा अविलम्व पठाउनु पर्ने व्यवस्था छ । प्रतिष्ठानले २०७१।७२ मा खरिद सम्झौता गरी

एक प्रा.लि.बाट २०७२।५।२३ मा भिडियो इन्डोस्कोपी अपर जिआई मेशिनरी रु.१८,०८,०००।– मा खरिद गरेको छ । खरिद सम्झौतामा सप्लायर्सले उक्त मेशिन अस्पतालमा ल्याई सन्चालन गराई देखाउनु पर्ने समेतको व्यवस्था रहेको छ। उक्त मेशिनको जाँच गर्न अस्पतालकै कर्मचारी सम्मिलित गुणस्तर समितिले २०७२।८।८ मा सो मेशिन ठिकै छ भनी प्रतिवेदन दिएको पाइयो । मेशिनको भुक्तानी दिन बाँकी रहेकै अवस्थामा २०७२।९।३ मा अस्पताल भवनमा आगलागी भएर मेशिन जलेको तर सप्लायर्सलाई भुक्तानी गर्नुपर्ने उल्लेख गरी २०७३।३।१५ मा रु.१८,०८,०००।– भुक्तानी गरेको पाइयो । मेशिनको बिल (कर बीजक जारी भएको २०७२।५।२३) १० महिना पछि मात्र कार्यकारी परिषद्मा पेश गरी भुक्तानी गरिएको छ । उक्त मेशिनको जिन्सी दाखिला २०७२।८।८ मा देखाएको भएतापनि नियमावलीको व्यवस्था अनुसार कार्य स्वीकार प्रतिवेदन खडा गरेको छैन ।

१७. **मूल्य समायोजन :** कार्यालयले निर्माण व्यवसायीसँग भएको खरिद सम्झौता अनुसार यो वर्ष चौथो रनिङ बिलसम्मको भुक्तानीमा रु.१,१४,२३,८५८।८३ मूल्य समायोजन बापत भुक्तानी गरेको छ । मूल्य समायोजन बापतको रकम भुक्तानी गर्न खरिद सम्झौतामा राष्ट्रिय उपभोक्ता मूल्य सूचीको आधारबाट गरिने व्यवस्था गरी गणनाको सुत्र समेत उल्लेख छ । परामर्शदाताले निर्माण व्यवसायीको रनिङ बिलको शिफारिस र नापजाँच गरी मूल्य समायोजन गणना गर्दा प्रोभिजन इन्डेक्सबाट र जनरल आइटम समेतको मूल्यमा गणना गरी भुक्तानी शिफारिस गरेको छ । सम्झौताको शर्त अनुसार अन्तिम इन्डेक्स दरबाट गणना गरी समायोजन भएको प्रमाण पेश हुनुपर्दछ ।

१८. **परामर्श सेवा :** सार्वजनिक खरिद नियमावलीको नियम २३ मा परामर्श सेवाको खरिद सम्झौता गर्दा अनुसूची ५ को आधारमा गर्नुपर्ने व्यवस्था गरेको र अनुसूची ५ मा परामर्श सेवाको समयबद्ध खरिद सम्झौता गर्दा परामर्शदातालाई दिने अन्य खर्च बिल भरपाई अनुसारको वास्तविक फुटकर खर्चको सोधभर्ना रकम दिने गरी हुनुपर्ने व्यवस्था रहेको छ। प्रतिष्ठानले अस्पताल भवन निर्माणको डिजायन तथा सुपरभिजन कार्य गराउन परामर्श सेवा लिने गरी रु.१,८५,९९,०००।– मा सम्झौता गरी परामर्शदाताबाट कार्य गराई भुक्तानी गर्दै आएको छ । परामर्शदातासँग गरेको अन्य खर्च तर्फको सम्झौतामा यातायात, अफिस सञ्चालन, रिपोर्ट तयारी समेतका कामको रकम भुक्तानी गर्न काम गरेको मासिक प्रतिवेदन मात्र चाहिने उल्लेख गरेको छ । खरिद नियमावलीको व्यवस्थाअनुसार वास्तविक खर्चको बिल भरपाई राखी भुक्तानी दिनुपर्ने रकम रु.३१,००,०००।– रहेको छ । परामर्शदाताको अवधि ३६ महिनासम्म भएकोमा परामर्शदातालाई नियमानुसार वास्तविक खर्चको आधारमा भुक्तानी गर्नुपर्ने खर्चलाई सम्झौतामा फरक व्यवस्था गरी भुक्तानी गर्न मिल्ने नदेखिएकोले यो व्यवस्थामा सुधार हुनुपर्दछ ।

## कर्णाली प्राविधिक शिक्षालय

१. **बैंक मौज्दात भिडान विवरण :** परिषद आर्थिक कार्यविधि नियमावली बमोजिम वार्षिक खाता तथा मौज्दात भिडान गर्नुपर्ने व्यवस्था छ । बैंक रिकन्सिलियसन समावेश नगरेको र लेखापरीक्षणबाट समेत बैंक मौज्दात बाँकी र हिसाब भिडान विवरण माग गरेकोमा पेश भएन । यो वर्ष शिक्षालयले २०७२।५।२१ मा परिषद् पठाएको उल्लेख गरेको रु.१५,६६,६९०।- को परिषद्मा दाखिला गरेको प्रमाण पेश नभएको र कार्यक्रम खर्च जनाई परिषद्मा गाडी खरिद शोधभर्ना पठाएको उल्लेख गरिएको रु.३४,४५,०००।- समेत यसै खाताबाट खर्च लेखी पठाएकोमा (बैंक नगदी किताब) उक्त रकम रकम समेतको केन्द्रीय कार्यालय जम्माको प्रमाण र बैंक भिडान विवरण तयार गरेको र बाँकी मौज्दात देखाएको रकमको २०७३ आषाढको अन्तिम बैंक मौज्दात विवरण पेश नभएकोले

बाँकी मौज्दात र बैंक खाता भिडान गर्न सकिएन । उल्लिखित केन्द्र ट्रान्सफर रकम समेतको प्रमाण लिई बैंक मौज्दात बाँकीको स्टेटमेन्ट समेत पेश गर्नुपर्दछ ।

२. **कार्यक्रम खर्च** : शिक्षालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्टाफ पिकअपको लागि बस/जिप (हलुका सवारीसाधन) खरिद गर्ने कार्यक्रम रहेकोमा शिक्षालयले उक्त रकम केन्द्रीय कार्यालयमा पठाएको र केन्द्रीय कार्यालयबाट ४ सिट क्षमताको पिकअप गाडी खरिद गरी खर्च गरेको छ । स्टाफ पिकअपको लागि जिप बस खरिद गर्ने गरी स्वीकृत गरिएको कार्यक्रमभन्दा फरक गरी पिकअप जीप गाडी खरिद गरेको छ। उक्त खरिद सम्बन्धी कार्यको निर्णय फाइल र भुक्तानी स्रेस्ता समेत लेखापरीक्षणमा पेश नभएकोले पेश गर्नुपर्दछ ।

३. **आय लेखाङ्कन** : परिषद् आर्थिक कार्यविधि नियमावली बमोजिम शिक्षालयमा प्राप्त भएको र हुने जुनसुकै प्रकारको आम्दानीलाई नगदी रसिदबाट बुझिलिई स्रेस्ता खडा गरी आम्दानी हिसाब तयार गर्नुपर्ने व्यवस्था छ। शिक्षालयले यस वर्ष प्रयोगमा ल्याइएका नगदी रसिदहरु २०७१ भाद्रमा छपाई गरी रसिद नियन्त्रण खातामा चढाई विभिन्न शाखाहरुमा प्रयोग गर्न दिएको छ। यो वर्षको आयतर्फ देखाइएको कुल आम्दानीको विवरण र रसिदबाट गरिएको भौचर अनुसारको आम्दानीको भिडान गर्दा नगदी रसिद नं.३८०१-३८५० सम्मको रसिद प्याडसमेत प्रयोग भएको उक्त प्याडबाट भएको आम्दानीको हिसाब समावेश नगरेको सम्बन्धमा लेखापरीक्षणबाट औंल्याउँदा उक्त रसिद प्याड साविक लेखा शाखाबाट हाल लेखा सञ्चालन गर्नेलाई नबुझाइएको जानकारी दिएको छ । यस सम्बन्धमा तालुक निकायबाट समेत यकिन गरी आम्दानीलाई शिक्षालयमा जम्मा गराउने व्यवस्था गर्नुपर्दछ ।

४. **बक्यौता शुल्क** : शिक्षालयमा विभिन्न निकाय तथा संस्थाहरुबाट छात्रवृत्ति प्राप्त गरी पढ्न पठाइएका र स्वयं भर्ना भई अध्ययन गर्ने विद्यार्थी समेतले आफ्नो शैक्षिक अवधि पूरा भई शिक्षालयबाट गइसकेका आइएस्सी र डिप्लोमा तह अध्ययन गर्ने विद्यार्थीहरुको नाममा समेत २०६६।६७ देखि यो वर्षसम्म रु.७९,४८,२०५।- असुल गर्नु बाँकी देखिएको छ । बाँकी रकममध्ये गाविसको कोटामा अध्ययन गर्न आएका विद्यार्थीहरुको नाममा समेत रु.११ लाख बक्यौता देखिएको छ । विद्यार्थीहरुको अध्ययन पूरा भइसकेको अवस्थामा प्रत्येक समेष्टरको परीक्षा आगावै चुक्ता गर्नुपर्ने शुल्क असुल नगरी वर्षौसम्म बाँकी देखाई राखेकोमा ती विद्यार्थीहरुले शिक्षालयबाट प्रमाणपत्र लिए नलिएको यकिन गर्नुपर्दछ । अनुत्तीर्ण विद्यार्थीहरुको बक्यौता रहेकोले सो लगत अद्यावधिक गरी राखिएको प्रतिक्रिया कार्यालयले दिएको छ । उक्त रकम असूल गर्नुपर्दछ ।

५. **उत्पादित सामग्री** : सीप विकास तालिम सञ्चालन गर्दा कर्मचारी तथा प्रशिक्षकहरुले विभिन्न निर्माण सामग्री खरिद गरी ती सामग्री समेतको प्रयोग गरी प्रंशिक्षार्थीहरुलाई तालिम दिएको तर प्रशिक्षार्थीबाट तयार गरिएका सामग्रीहरु शिक्षालय फिर्ता नभएकोले तालिम कार्यक्रम सम्पन्न भए पश्चात तयार भएका सामानरु फिर्ता लिई स्टोर दाखिला गर्ने व्यवस्था हुनुपर्दछ ।

६. **खर्च शीर्षक फरक** : नेपाल सरकारको बजेट रकम नम्बर वर्गीकरण र व्याख्या अनुसार स्वीकृत दरबन्दीभित्रको तलब खर्च बजेट रकम नम्बर २११२१ बाट खर्च गर्नुपर्ने र करारमा कार्यरत कर्मचारी भए बजेट रकम नं. २२४१२ बाट खर्च लेख्नुपर्ने व्यवस्था छ । शिक्षालयले करारमा कार्यरत ६ जना कर्मचारीको वार्षिक पारिश्रमिक रु.७,९२,०००।- बजेट रकम नं.२११२१ बाट खर्च लेखेको छ । फरक शीर्षकमा बजेट प्राप्त भएकोले खर्च फरक परेको शिक्षालयको भनाइ रहेको छ । बजेट बर्गीकरण विपरीत खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

७. **भवन निर्माण** : शिक्षालयले २०७०।७१ मा निर्माणव्यवसायीबाट निर्माण गराइएको २ तले भवन र अर्को एक ४ कोठे विद्यार्थी अध्ययन गर्ने भवनहरु निर्माणकै क्रममा डिजाइन र निर्माण कार्य त्रुटिपूर्ण भई हाल दुई तले भवनको माथिल्लो तलमा पठन पाठन गर्न नमिल्ने र अर्को ४ कोठे भवन समेत पर्खालमा कैफियत भई दुवै भवनहरु असुरक्षित अवस्थामा रहेको स्थलगत भ्रमणबाट देखिएको छ। भवन निर्माण कार्यमा त्रुटि भएको सम्बन्धमा गुनासो र उजुरी समेत परेको व्यहोरा व्यवस्थापनबाट समेत छलफलमा व्यक्त भएकोले यस्तो त्रुटिपूर्ण कार्य गराउनेलाई जिम्मेवार बनाई सो भवन पूर्ण उपयोगमा ल्याउने गरी निर्माण गराउनुपर्दछ।

## कारागार शाखा

१. **तलबी प्रतिवेदन** : निजामती सेवा ऐन, २०४९ को दफा७ (ख)(२) बमोजिम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता खुवाउनु पर्ने मा प्रतिवेदन पारित नगरी तलबमा रु.५८१९९१।- खर्च लेखेको छ। ऐनमा उल्लिखित व्यवस्था बमोजिम तलबी प्रतिवेदन पारित गरी तलब खुवाउनु पर्दछ।

## कोष तथा लेखा नियन्त्रक कार्यालय

१. **तलबी प्रतिवेदन** : निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख)(२) बमोजिम जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराई तलब खुवाउने व्यवस्था भएकोमा यस वर्ष तलबी प्रतिवेदन पारित गर्नुपर्ने ४३ कार्यालय मध्ये २५ वटा कार्यालयहरुले मात्र को.ले.नि.का. बाट तलबी प्रतिवेदन पारित गरेकोमा कार्यालयले तलवी प्रतिवेदन पारित गराउन ताकेता नगरी निकासा दिएको छ। सबै कार्यालयको तलबी प्रतिवेदन पारित गराएर निकासा दिनुपर्दछ।

## खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय

१. **आयोजना स्वीकृति बेगरको खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेत विचार गरी आयोजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ। कार्यालय अन्तर्गत २०६६।६७ देखि धौलीगाड खानेपानी योजनाको नामबाट चन्दननाथ नगरपालिका र अन्य पाँच गा.वि.स. हरुमा खानेपानी सुविधा पुऱ्याउन शुरुमा रु.१० करोड ५१ लाख २ हजार लागत देखाई उक्त योजना वार्षिक कार्यक्रममा समावेश गरी गत वर्षसम्म रु.८८ लाख ९ हजार र यो वर्ष रु.७९ लाख ४६ हजार समेत रु.१ करोड ६७ लाख ५५ हजार खर्च भै सकेको छ। आयोजनाको २०७१।७२ मा एक परामर्शदाताबाट पुनः सर्वेक्षण गराइ प्रस्तावित लागत रु.४५१९८८०००।- कायम गरेको पाइयो। संशोधित लागत अनुसार योजनाको वातावरणीय प्रभाव मूल्याङ्कन समेत गर्नुपर्ने देखाई यो वर्ष कार्यक्रममा रकम भएतापनि उक्त कार्य गरेको पाइएन।

लेखापरीक्षणको क्रममा योजनाको लागि खरिद गरिएका रु.९४ लाख ९१ हजार मूल्यका पाइपहरु जिल्ला स्थित कार्यालयमै रहेका देखियो। आयोजना स्थलसम्म सडक पहुँच नभएको कारण गत वर्ष खरिद गरिएका २०० एम.एम. ६ मिटर साइजका जी.आई.पाइप सुर्खेतमा राखी यस वर्ष पुनः पाइपलाई काटी ३/३ मिटर गरी ल्फेन्च जडानमा खर्च गरेको छ। योजनाको मूल ड्इङ्ग डिजाइन तयार नगरी खरिद गरिएका पाइपहरु योजनाको डिजाइन स्वीकृती हुँदा ती साइजका पाइप प्रयोग हुने निश्चित आधार नभई खरिद गरेको पाइयो। आयोजनाको प्रस्तावित क्षेत्रको कुल

लम्बाई ९७.४४ कि.मि., ट्रान्समिसन ३८.८९ र डिस्ट्रीब्यूसन लाइन करिब १३५ कि.मि. रहेको यो योजना सञ्चालनको लागि सब डिभिजन कार्यालयमा १ जना मात्र इन्जिनियरको दरबन्दी रहेको छ । आयोजना सञ्चालन गर्न दक्ष र पर्याप्त जनशक्ति बेगर नै योजनामा खर्च गरिएको अवस्था देखिएको छ । आयोजनामा हालसम्म भएको खर्च प्रचलित आर्थिक कार्यविधि नियमावली तथा खरिद नियमावली बमोजिम भएको नदेखिएकोले यस सम्बन्धमा आयोजना स्वीकृतिको विधि र प्रक्रिया नै पुरा नगरी खर्च गराउने कार्यमा नियन्त्रण गरी यस्तो कार्यमा संलग्न सबैलाई जिम्मेवार बनाइनु पर्दछ ।

२. **आयोजनामा जडान/खपत बेगरको खर्च** : खानेपानी विभागले २०६२।११।८ मा मातहत कार्यालयहरुलाई खानेपानी आयोजनाहरु सञ्चालन गर्दा आयोजनाको नाममा खरिद गरिएका पाइप माग गर्ने कै नाममा देखाई खपतको विवरण प्राप्त भएपछि मात्र जिन्सी मौज्दात कट्टा गर्नुपर्ने गरी तोकिएको छ । यसवर्ष कार्यालयले १० योजनामा पठाइएको रु.१५ लाख ४४ हजार मूल्यका पाइपहरु सम्बन्धित योजनाका नापी किताबमा खपत र जडान गरेको विवरण बेगर नै जिन्सीबाट मौज्दात घटाएको देखिएकोले योजनामा पठाइएका उक्त पाइपहरु जडान खपत भएको प्रमाण विवरण र नापी किताब सहित जिन्सी अद्यावधिक गर्नुपर्दछ ।

३. **उपभोक्ता समितिको कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम रु.६० लाख सम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने व्यवस्था छ। हाल १८ खानेपानी योजनाहरुमध्ये १ योजना (सुर्की खानेपानी योजना) को लागत अनुमान मात्र रु.५८ लाख ६७ हजार रहेको  र अन्य सबै योजनाहरुको लागत अनुमान रु.१ करोड ८० लाख देखि रु.३ करोड ८२ लाख सम्म रहेको देखिएको छ । कानुनमा भएको व्यवस्थाको पालना गराएर मात्र कार्य सञ्चालन गर्नुपर्दछ ।

४. **पाइप फिटिङ्स खरिद र उपयोग** : खानेपानी विभागले आफू मातहत कार्यालयहरुलाई योजनाहरुको नाममा पाइप तथा फिटिङ्स खरिद गर्दा गत वर्षसम्मको मौज्दात र खपतको अवस्थालाई विचार गरी चालू वर्षमा कार्य गर्न सकिने गरी मात्र योजनाहरुको लागि पाइप फिटिङ्स खरिद गर्नुपर्ने गरी २०६२।११।८ मा परिपत्र समेत गरी जानकारी गराएको छ। लेखापरीक्षणमा प्राप्त यस वर्षको फिटिङ्स खरिद (जी.आइ.पाइप समेत) कार्यको नमुना परीक्षण गर्दा खरिद गरिएका रु. ५ लाख १७ हजार  मूल्यका पाइप तथा फिटिङ्स खपत नभएको पाइयो । सबै पाइप र फिटिङ्स निर्माण कार्यमा उपयोग नभएमा फिर्ता गर्नुपर्दछ ।

५. **मुहान विवाद** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ ले विकास आयोजना स्वीकृत गर्दा सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक र वातावरणीय र प्रशासकिय उपयुक्तताको आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रु.५५ लाख ५८ हजार खर्च गरिएका आयोजनाहरुको पानीको मूहानमा विवाद भई २०७१।७२ देखि आयोजना सञ्चालनको अवस्था नै अन्योलमा परेको छ । मुहान स्पष्ट नगरी योजना स्वीकृत गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

६. **योजना हस्तान्तरण** : खानेपानी तथा सरसफाई नीति बमोजिम खानेपानी योजनाहरुको निर्माण चरण बाटै उपभोक्ताको स्वामित्वमा रहने गरी सञ्चालन गरी योजना सम्पन्न भए पश्चात् सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत २०६७।६८ देखि प्रारम्भ भई २०७२।७३ मा निर्माण सम्पन्न भएको तातोपानीबाइरामा खानेपानी योजना रु.८६ लाख ४६ हजार खर्च भएको उक्त योजना हालसम्म उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाइएन । नीति तथा कार्यक्रम अनुसार उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ ।

७. **जिल्लागत खानेपानी सुविधा** : नेपाल सरकारको खानेपानी नीति अनुरुप सन् २०१७ सम्म सबैलाई स्वच्छ खानेपानी उपलब्ध गराउने उल्लेख छ । लेखापरीक्षणमा प्राप्त जुम्ला जिल्लाको स्वच्छ खानेपानी उपलब्धता विवरण अनुसार जिल्लाको जनसंख्या १०८९२१ जना (२०६८ को जनगणना अनुसार) रहेको र सो मध्ये २०७२।७३ सम्म ८३२८१ (७६.४६ प्रतिशत) लाई स्वच्छ खानेपानीको सुबिधा प्राप्त भएको विवरणबाट देखिएको छ । यस जिल्लाको सदरमुकाम क्षेत्र (बढी जनसंख्या) मा रहेको खानेपानी वितरण प्रणालीमा समेत गुणस्तर कायम गर्न तयार गरिएको रफिड फिल्टर, स्नोस्याण्ड, फिल्टर समेत निर्माण कार्यहरु पुरा नभई हालसम्म उक्त सुविधा प्राप्त नभएको अवस्थामा देखिएको छ। खानेपानी योजनाको निर्माण पुरा भएपछि पानी परीक्षण गर्ने व्यवस्था गरिएको भन्ने जवाफ कार्यालयको रहेको छ। गुणस्तर सम्बन्धी योजनाको कार्यसम्पन्न गर्ने गरी कार्यान्वयन गर्नुपर्दछ ।

८. **आयोजना सञ्चालनमा ढिलाई** : कार्यालय अन्तर्गत २४ क्रमागत योजनाहरु रहेका मध्ये ५ योजनाहरुमा २०६८।६९ देखि हालसम्म रु.२ करोड ७४ लाख ४६ हजार खर्च भएकोमा निर्माण पुरा नभई अधुरो अवस्थामा रहेको विवरण प्राप्त भएको छ । अधुरा योजना मध्ये २ योजनाको हालसम्मको प्रगति २५ प्रतिशत भन्दा घटी र अन्य २ योजनाहरुको भौतिक प्रगति ५० प्रतिशतभन्दा घटी रहेको देखिएको छ । समयमै कार्यसम्पन्न गर्ने गरी योजना कार्यान्वयन गर्नुपर्दछ ।

९. **कामको नापजाँच र भुक्तानी** : खानेपानी आयोजनाहरुमा उपभोक्ता समितिद्वारा कार्य गराउँदा स्वीकृत मूल लागत अनुमानको दरबाट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले महत गाउँ खानेपानी योजनाको कार्य उपभोक्ता समितिबाट गराउने गरी २०७२।१०।१९ मा सम्झौता गरी रिजर्भ टैंकी तथा पाइप लाइन समेतको कार्य गराउन रु.६५७०२४।- मध्ये २० प्रतिशत उपभोक्ता समितिको श्रमदान रहने गरी कार्य सम्झौता भएको छ । यो वर्ष फेरो सिमेन्ट ट्यांकीको निर्माण कार्यको सम्झौता रु.३३९५६६।- मा गर्नुपर्नेमा रु.३५६५९७।- राखी सम्झौता गरेको छ । मूल लागत अनुमानमा फेरो सिमेन्ट ट्यांकीको लागत रु.३३९५६६।- रहेकोमा उपभोक्ता समितिलाई रु.३५१७५९।- भुक्तानी गर्नाले बढी भुक्तानी गरेको रकम रु. १२१९३।- असुल हुनुपर्दछ ।

१०. **बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा बिल बीजकको भुक्तानी गर्दा सम्झौताको शर्त वा वास्तविक कामको आधारबाट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सनिगाँउ गोरा खानेपानी योजनामा पाइप लाइनको कार्य गर्न उपभोक्तासँग ३०० मिटरसम्मको कार्य सम्झौता भएकोमा ११०० मिटरको भुक्तानी गरेकोले सम्झौताभन्दा बढी भुक्तानी गरेको छ । यसैगरी तातोपानी खानेपानी योजनामा जेनेरेटर जडान समेतको कार्य गर्न एक निर्माण सेवालाई रु.१८५७७२।- भुक्तानी गरेकोमा सो कार्य गरेको प्रमाण सम्बन्धी निर्माण व्यवसायीको कर बीजक बेगरको भुक्तानी गरेको छ। बढी जडान खर्चको प्रमाण र विजक समेत पेश हुनुपर्दछ ।

११. **अभिलेख व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५२ ले जिन्सी मालसामानको लगत राख्ने सम्बन्धमा व्यवस्था गरेको छ। कार्यालयले विभिन्न योजनाहरुको लागि पाइप फिटिङ्ग खरिद गरी खर्च गरेकोमा खरिद गरेका त्यस्ता मालसामानहरु सम्बन्धित योजनागत खातामा प्रष्ट देखिने गरी नछुट्याई एकै पाना वा लगतबाट आम्दानी र खर्च गरेको छ। योजनागत जिन्सी खाता राखी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

## जिल्ला कृषि विकास कार्यालय

१. **पाठशाला सञ्चालन** : कृषि तथा खाद्य सुरक्षा आयोजनाले कार्यक्रम लागू भएका जिल्लाहरुमा पहिलोदेखि पाँचौं वर्षसम्म सञ्चालन हुने कृषक पाठशालाको संख्या समेत तोकि पाठशाला

सञ्चालनको कार्यविधि, लक्षित वर्ग र जिम्मेवार निकाय समेत तोकिदिएको छ । कार्यालयको स्वीकृत वार्षिक कार्यक्रममा २०७१।७२ मा कृषक पाठशाला संख्या २८ रहेकोमा कार्यालयले सो संख्यामध्ये २० वटा मात्र पाठशाला सञ्चालन गरेकोले यस वर्षको कार्यक्रममा आयोजनाले लक्षित गरेको कार्यक्रम भन्दा घटी संख्याको कृषक पाठशालाको कार्यक्रम सञ्चालन गरी खर्च गरेको देखिएको छ । कार्यक्रम सञ्चालन निर्देशिका, २०७१ को ४ बमोजिम कृषक पाठशाला तालिम प्राप्त सहजकर्तालाई करारनामा गराई जिम्मेवारी दिई सञ्चालन गर्ने गरी तोकिएको छ। कार्यालयले यो क्रियाकलाप सञ्चालन गर्न कार्यालयका कर्मचारीलाई रु.४,८५,७५०।- पेश्की दिई कार्य गराएको छ । कार्यक्रम सञ्चालन निर्देशिकाको व्यवस्थाअनुसार खर्च गर्नुपर्दछ ।

२. **फलोअप कार्यक्रमको खर्च** : कृषि विकास मन्त्रालयको २०७१।४।२१ को निर्णयबाट स्वीकृत निर्देशिकामा अघिल्ला वर्षका कार्यक्रमहरुमा फलोअप गरी खर्च गर्ने व्यवस्था नभएता पनि कार्यालयको वार्षिक कार्यक्रम स्वीकृत गराई यस वर्षसम्म रु.११,५९,७५८।- खर्च गरेको छ । निर्देशिका विपरीत खर्च गर्न मिल्ने देखिँदैन ।

३. **साना व्यवसाय अनुदान** : अनुदान कार्यान्वयन कार्यविधि, २०७१ को ७.४ मा लाभग्राही समूहबाट सञ्चालित उप आयोजनाको आम्दानी खर्च विवरण, प्रगति विवरण र कार्यसम्पन्न पतिवेदन तयार गरी यसको बिल भौचर नगदी रसिद बैंक स्टेटमेन्ट लगायत सम्पूर्ण कागजात प्राप्त गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । कार्यालयले गतवर्ष र यस वर्ष समेत साना अनुदान कार्यक्रमबाट निकासा गरेको सबै रकमको स्रेस्ता समूहबाट प्राप्त गरी कार्यसम्पन्न अभिलेख खडा गरी अद्यावधिक गरिराखेको पाईएन । लेखापरीक्षण गर्न स्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।

४. **साना अनुदान खर्च व्यवस्थापन** : साना अनुदान कार्यान्वयन निर्देशिका, २०७१ को ७.१.३ मा अनुदानको दोस्रो र तेस्रो किस्ता उप आयोजनाको कार्य सम्पादनको आधारमा भुक्तानी दिईने व्यवस्था भएता पनि यो वर्ष कार्यालयले सबै किस्ताको रकम समूहहरुको खातामा निकासा गरेकोमा कार्यालयबाट उपलब्ध गराइएको रकमको मात्र बिल र आंशिक भरपाई राखेको छ। यो वर्ष २० समूहलाई दोस्रो र तेस्रो किस्ता बापत निकासा दिएको रु.२३१०६८३।- मध्ये चार समूहले अनुदानबाट गरेको कार्य र लाभग्राहीको योगदानसहितको कार्यसम्पन्न र प्रगतिको आधार लिई योजना सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । लाभग्राहीको योगदानसहितको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

५. **लेखापरीक्षण** : साना अनुदान कार्यान्यिन कार्यविधि २०७१ को ७.४ मा उप आयोजनाको लेखापरीक्षण सम्बन्धमा व्यवस्था भएको छ । यो वर्ष कार्यालयले साना सिँचाइ तर्फ ७ सहकारी संस्थाहरु मार्फत सिँचाइ कुलो निर्माण सम्बन्धी कार्य गराई रु.१०६२४७१।- भुक्तानी दिएकोमा उक्त सहकारी संस्थाहरुले सिँचाइ सम्बन्धी निर्माणको कार्य गराई निर्देशिका बमोजिम लाभग्राही योगदानसहितको कार्य देखिने गरी उप योजनाहरुको निर्माण कार्यमा गरेको खर्च र लेखापरीक्षकबाट प्रमाणित लेखापरीक्षण प्रतिवेदन २०७३।९।५ सम्म कार्यालयमा पेश गरेको देखिएन । निर्देशिकाले तोकेबमोजिमका प्रमाण लिनुपर्दछ ।

६. **बढी अनुदान** : अनुदान कार्यान्वयन निर्देशिका मा साना अनुदानका उपयोजना छनौट गर्न जिल्ला समन्वयकर्ता कृषि विकास कार्यालयनै हुने व्यवस्था छ । यो वर्ष जिल्ला आयोजना सहयोग इकाईबाट उप आयोजना स्वीकृत गरी आएको आधारमा एकै समूहलाई एक भन्दा बढी कार्यालयबाट रु.६,८४,४००।- अनुदान रकम भुक्तानी गरेको छ । एकै समूहमा १ भन्दा बढी उप आयोजना स्वीकृत गरी लगानी गर्नु उपयुक्त देखिएन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

७. **कार्यक्रम सञ्चालन आधार** : कार्यालयले घरबारी बगैंचा स्थापना सम्बन्धी कार्य गर्न जिल्ला पशु सेवा कार्यालयलाई पेश्की दिई कार्यक्रम सञ्चालन गरेकोमा उक्त कार्यालयबाट प्राप्त फाँटवारी अनुसार खजुराको एक पोल्टी फर्मबाट ८ हप्ते चल्ला (गिरीराज) रु.१२८०००।- मा खरिद गरी एक फ्रेस हाउस जुम्लाबाट रु.५१२००।- मा ढुवानी गराएकोमा कुखुरा खरिद गरेको अवधि र ढुवानी अवधि समेत फरक फरक रहेको पाइयो । कृषि तथा खाद्य सुरक्षा कार्यक्रमबाट खरिद गर्नुपर्ने कुखुरा ड्यूल परपज (न्यू ह्याम्पसायर) लाई तोकिएकोमा गिरीराज कुखुरा खरिद गरेको देखिएको छ । कार्यक्रममै निश्चित जात अनुसारको कुखुरालाई तोकिएकोमा सोही अनुसार खरिद गर्नुपर्दछ ।

८. **क्षेत्रगत कार्यक्रम कार्यान्वयन स्थिति** : लेखापरीक्षणमा प्राप्त विवरण अनुसार स्याउ आत्मनिर्भर कार्यक्रमको बगैंचा स्थापना गर्न यो वर्ष जिल्लाका २५ गा.वि.स. तथा १ न.पा.का १८८ कृषक र ३ समूहले व्यवसायिक बगैंचा स्थापना गरी ३० हजार बिरुवा लगाएको प्रतिवेदन पेश भएको छ । आर्थिक वर्ष २०७०।७१ देखि २०७२।७३ सम्म प्रत्येक वर्ष ३० हजारका दरले बिरुवाको लागि अनुदान (प्याकेजिङ र बगैंचा स्थापना) खर्च भएको विवरण पेश भएकोमा निम्नानुसार देखियो ।

- तातोपानी गा.वि.स. मा पहिलो वर्ष २६०० बिरुवाको बगैंचा स्थापना अनुदान दिएकोमा दोस्रो वर्ष ५० प्रतिशतले घटी १०५० बिरुवा र तेस्रो वर्ष पुनः २००० बिरुवामा अनुदान उपलब्ध गराएकोमा १ वटा पनि समूहगत/संस्थागत समूह मार्फत कार्यक्रम सञ्चालन भएको पाईएन ।
- जिल्लाका गर्ज्याङकोट, कुडारी, हाकू, रारालिही, घोडे महादेव, मालिकाठाटा, नराकोट, धापा, विराट, कनका सुन्दरी र चन्दननाथ न.पा.(साविक महत, कार्तिकस्वामी, तलिउम गा.वि.स.) मा मात्र समूह मार्फत बगैंचा स्थापना भएको छ अन्य गा.वि.स.हरुमा व्यक्तिगत कृषकहरुको बगैंचामा अनुदान दिईएको छ ।
- गुठीचौर गा.वि.स.मा १ कृषकले यस वर्ष १५० बिरुवा, पाण्डवगुफा गा.वि.स.मा २०७१।७२ मा १ जना र २०७२।७३ मा १ जना गरी २ जना कृषकले ३०० बिरुवा स्थापना गरेको छ ।
- मालिकाबोता गा.वि.स.मा २०७०।७१ मा ४ जना कृषकले ६५० बिरुवाको बगैंचा स्थापना गरी यो वर्षसम्म ३ वर्षकै अनुदान लिएकामा २०७१।७२ मा दुई जनाले ३०० बिरुवा लगाएका र २०७२।७३ मा १ जना कृषकले १५० बिरुवाको अनुदान लिएको अवस्था देखियो । सुरु वर्षमा बढी संख्याका कृषकहरुको बगैंचा र बिरुवामा अनुदान खर्च भएकोमा पछिल्लो वर्ष घटी संख्यामा मात्र स्याउ रोपण र बगैंचा स्थापना हुनाले यो गा.वि.स.मा पहिले स्थापित बगैंचाको अवस्था समेतको थप निरीक्षण गरी अनुदानको सही उपयोग भए नभएको यकिन गर्नुपर्ने देखिएको छ ।
- कनकासुन्दरी गा.वि.स.मा २०७०।७१ मा वडा नं.९ का ६ जना र वडा नं.७ को १ जना गरी ७ जना कृषकलाई १०५० बिरुवामा अनुदान दिएकोमा २०७१।७२ मा वडा नं. ९ मा १ जना मात्र कृषकले बगैंचा स्थापना गरी १५० बिरुवामा अनुदान लिएकोले र २०७१।७२ मा ५,६,७,८ वडामा विस्तार भै बगैंचा स्थापना भएकोमा २०७२।७३ मा ६,७ र ९ गरी ३ वडामा मात्र थप बगैंचा स्थापना भएकोले कार्यक्रमको सञ्चालन र लक्ष्य बमोजिम थप क्षेत्रमा विस्तार भएको पाईएन ।

लक्ष्य पुरा गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

९. **क्षेत्र विस्तार** : स्याउ आत्मनिर्भर कार्यक्रममा गरिने क्रियाकलाप र कार्यक्रमहरु सञ्चालन गरी ५ वर्षमा हासिल हुने उपलब्धिहरु मध्ये बगैंचा स्थापनाबाट वर्ष भरि रोजगारी पाउने अवस्था, थप

उत्पादन परिमाण, बढ्ने र थप क्षेत्रफलमा बगैंचाको स्थापनालगायतका अपेक्षित उपलब्धिको तथ्याङ्कीय अनुमान अनुसार प्राप्त विवरणबाट कार्यालयले स्याउ बगैंचा स्थापना र सो को स्याहार तथा सम्भार कार्यको लागि प्रति बोट रु.१००।- का दरले वार्षिक ३० हजार बिरुवामा अनुदान दिने कार्यमा वार्षिक रु.३० लाखका दरले विगत ३ वर्षमा रु.९० लाख अनुदानमा र प्याकेजिङ कार्यका लागि थप ५० प्रतिशतका दरले बिरुवामा अनुदान दिई गरेको लगानीबाट योजनाको प्रथम ५ वर्ष लिएको अपेक्षित उपलब्धि मध्ये क्षेत्र विस्तारको लक्ष्य पुरा हुने अवस्था देखिएन । लक्ष्य पुरा गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

१०. **अनुदान रकम भुक्तानी** : कार्यक्रम सञ्चालन निर्देशिका २०६८ मा प्रति बिरुवा रु.१००।- अनुदान दिन स्याउ खेतीको वार्षिक कार्यतालिका अनुसारका कार्यहरु पुरा गरेको अनुगमन तथा प्रमाणीकरण समितिले सिफारिस गर्नुपर्ने व्यवस्था रहेको छ । बगैंचा व्यवस्थापन कामको सिफारिस समेतको अभिलेख नमूना परीक्षण गर्दा निम्नानुसार देखियो ।

- विराट गा.वि.स.को तेस्रो वर्ष सम्म अनुदान पाएका १४०० बोटको यसवर्षको अनुदान सिफरिस गर्दा सिफारिस समितिले बिरुवा संख्यामा केरमेट गरी सच्याई गत वर्ष अनुदान पाएकै संख्या कायम गरेको छ ।
- धापा गा.वि.स. तथा लाम्रा गा.वि.स.को ८०० बिरुवाको तेस्रो वर्ष समेतको अनुदान भुक्तानीको सिफारिस गर्दा बगैंचाको रेखदेख अवस्था, खाडल अवस्था, बिरुवाको अवस्था, मल्चिङ गोडमेल र सिँचाइको अवस्था नखुलाई प्रमाणित गरेको आधारमा तोकिएको प्रक्रिया पुरा नगरी अनुदान भुक्तानी गरेको छ ।
- गर्ज्याङकोट गा.वि.स. र चन्दननाथ नगरपालिका भित्रको बगैंचाको रेखाङ्कन र बिरुवाको अवस्था नखुलााई अनुदान रकम सिफारिस गरेको आधारमा अनुदान पाउने अन्तिम वर्षमा समेत बिरुवाको अवस्था नखुलाई अनुदान रकम सिफारिस गर्ने तथा भुक्तानी दिने गरेको छ ।

स्वीकृत निर्देशिका र कार्यक्रम अनुसारका कार्य गरी खर्च गर्नुपर्नेमा सो अनुसारका प्रक्रिया पुरा नगरी भुक्तानी गर्ने कार्यमा संलग्नलाई समेत जिम्मेवार बनाइनु पर्दछ ।

११. **कार्टुन अनुदान** : सहकारी मार्फत ४ हजार थान कार्टुनको कार्यक्रम स्वीकृत भएकोमा कार्यालयले स्याउ प्याकेजिङ सम्बन्धी कार्य गर्न स्वीकृत बजेटबाट ७ हजार थान कार्टुन छपाई गरी ७५ प्रतिशत अनुदानमा वितरण गर्ने कामको लागि रु.९१००००।- जिल्ला सहकारी संघ जुम्लालाई पेश्की दिई कार्यक्रमको प्रगति ९५ प्रतिशत हासिल गरेको विवरण खडा गरेको छ । स्वीकृत कार्यक्रम र प्रक्रिया अनुसार कार्टुन खरिद गरिएको र तोकिएको क्षेत्रमा मात्र वितरण गरिएको आधार तथा २५ प्रतिशत अनुदान रकम कार्यालयमा जम्मा गरेको नदेखिएकोमा कार्यक्रम सम्पन्न भएको भन्ने आधार देखिएन । लक्ष्य पुरा गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

१२. **अनुदान** : कार्यालयले यो थोपा सिँचाइ कार्य र सोलार ड्रायरको कार्य मिलन फलफूल समूह तातोपानी र पानीखोला थोपा सिँचाइ योजना लाई उपलब्ध गराएको विवरण दिएको भएता पनि उक्त दुवै समूहको अध्यक्ष एकै व्यक्ति रहेकोले दुई समूहमा फरक फरक अनुदान गएको मान्ने आधार देखिएन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१३. **अनुगमन** : स्याउ आत्मनिर्भर कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम यो कार्यक्रमको अनुगमन कन्द्रियस्तर (अर्थ मन्त्रालय तथा योजना आयोग समेत) बाट हुने गरी स्वीकृत भएको भएता पनि केन्द्रिय अनुगमन टोलीले कार्यक्रमको अनुगमन र मूल्याङ्कन गरेको विवरण अभिलेखबाट देखिएन । कार्यालय प्रमुखसँगको छलफलमा सम्बन्धित मन्त्रालय, विभाग र क्षेत्रीयस्तरका निकायबाट

अनुगमन भएको जानकारी प्राप्त भएको छ । निर्देशिकाले तोकेबमोजिमका निकायबाट समेत कार्यक्रमको अनुगमन हुनुपर्दछ ।

१४. **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम रनिङ बिल वा अन्य कुनै बीजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्याउ उत्पादन गर्ने कृषकलाई ७५ प्रतिशत अनुदानमा १० के.जी. र २० के.जी. क्षमताका स्याउ कार्टुन वितरण गर्ने कार्यक्रम अन्तर्गत कार्टुन खरिद गर्न एक प्रा.लि.सँग २०७२।२।१८ मा सम्झौता भएको छ । सम्झौताको शर्त नं.४ मा सप्लाई गरिने कार्टुन तयारी, छपाई र ढुवानी समेत गराई जिल्ला कृषि विकास कार्यालय जुम्लामा बुझाउने शर्त रहेको छ । ठेक्का सम्झौता बमोजिम २० के.जी.को ५२०० थान कार्टुनको मूल्य रु.८,८१,४००।- र १० के.जी. को ३८०० थान कार्टुनको मूल्य रु.४,३५,०००।- गरी मू.अ. कर समेत रु.१,३१६,४००।- मा खरिद सम्झौता भएकोमा कार्यालयले सप्लायर्सलाई रु.१५७९५३४।- भुक्तानी गरेकोले सम्झौता भन्दा बढी भुक्तानी गरेको रु. २६३१३३।- असुल हुनुपर्दछ ।

१५. **मल अनुदान भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम कार्यालयले आफ्नो स्वीकृत वार्षिक कार्यक्रम अनुसार भए गरेको कार्यको प्रगति समेत तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विशेष कृषि उत्पादनतर्फको स्वीकृत वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन । यस वर्ष कार्यक्रम अनुसार ३०० मेट्रिक प्राङ्गारिक मलमा रु.१०।- प्रति के.जी.का दरले अनुदान दिने लक्ष्य रहेकोमा सो को ठेक्का बन्दोबस्त गर्ने कार्य प्रथम चौमासिक अवधि भित्र नगरी मल वितरण गर्ने कार्यलाई २०७३।३।२७ मा एक सप्लायर्ससँग मल ढुवानी समेतको सम्झौता गरी १७ मेट्रिक टन मात्र प्राङ्गारिक मल प्रति के.जी. रु.१०।- ढुवानी अनुदान दिने गरी सम्झौता गरेको आधारमा यो वर्ष रु.१७००००।- (कृषकहरुले मल बुझेको आधारमा) भरपाई पेश गरी रकम भुक्तानी गरेको पाइयो । सम्झौता अवधिको आधारमा यो वर्ष ४ दिन मात्र अनुदान मल बिक्री वितरण गरेको देखिएकोले स्वीकृत कार्यक्रम र लक्ष्य बमोजिम कार्य नगरी घटी परिमाणको मात्र काम गराएको छ । स्वीकृत कार्यक्रमका कार्यहरु तोकिएको चौमासिकमै पूरा गराउनुपर्दछ ।

१६. **राजस्व लेखाङ्कन :** आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम कार्यालयमा प्राप्त हुने सबै प्रकारका राजस्व नगदी रसिद काटी बुझिलिनुपर्ने र भोलिपल्टै बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कृषक तथा समूहलाई अनुदानमा उपलब्ध गराएको मल, बिउ र सामाग्री बुझाई अनुदान रकम प्राप्त गरेकोमा रकम बुझिलिंदा नगदी रसिदबाट लिने गरेको पाईएन । यसरी प्राप्त भएको रकम समेत भोलिपल्टै बैंक दाखिला नगरी ७ देखि १५ दिनभित्रमा दाखिला गर्ने गरेको देखियो । राजस्व प्राप्त गर्ने कार्यालयले राख्नुपर्ने (म.ले.प.फा.नं.२३ र १०८) अभिलेख नराखी राजस्व बुझ्ने कार्यमा नियन्त्रण हुनुपर्ने र नियम अनुसार राजस्वको अभिलेख राखी रकम समयमै बैंक जम्मा गर्नुपर्दछ ।

१७. **लेखापरीक्षण** : विविध खातामा निकासा भई खर्च भएको रु.३९२२४०।- को स्रेस्ता तालुक निकायमा पठाएकोले उक्त खर्चको लेखापरीक्षण गरिएको छैन । लेखापरीक्षण गर्नुपर्दछ ।

## जिल्ला पशु सेवा कार्यालय

१. **कार्यालयगत कार्यक्रम** : जिल्ला पशुसेवा कार्यालयलाई कृषि तथा खाद्य आयोजना अन्तर्गत गरिने कार्यक्रमहरु स्वीकृति गर्दा कृषि विकास मन्त्रालयको २०७१।४।२१ को निर्णयका आधारमा गरेको देखियो । कार्यक्रम सञ्चालन गर्न कार्यविधि निर्देशिका रहेको र उक्त निर्देशिकाले तोकिदिएका आयोजना अन्तर्गतका क्रियाकलापमध्ये कृषक पाठशाला, ग्रामीण कुखुरा पालन प्रवर्द्धन कार्यक्रम

स्वीकृति गराई सञ्चालन गर्ने गरेको छ । ग्रामीण कुखुरा पालन प्रवर्द्धन कार्यक्रममा पहिलो र दोस्रो वर्षका कार्यक्रमहरुको फ्लोअपसमेत हालसम्म रु.१,६०,५३,३६०।- बजेट विनियोजन भई रु.१,५२,७८,९४०।- खर्च भएको देखिएको छ ।

२. **कार्यक्रमको उद्देश्य र कार्यान्यन स्थिति** : यस आयोजनाबाट जुम्ला जिल्लामा मासु तथा अण्डा उत्पादनको लागि (ड्यूल परपज) उपयुर्क्त जातको कुखुराको प्रवर्द्धन गर्ने गरी कार्यक्रम स्वीकृत गरेको र यो कार्यक्रम सञ्चालनको लागि प्रत्येक जिल्लामा एउटा सानो क्षमताको ह्याचरी स्थापना गरी ह्याचरीबाट उत्पादित कुखुराका चल्लालाई ८ हप्तासम्म हुर्काई ग्रामीण कुखुरापालक कृषकमा वितरणको व्यवस्था मिलाइने लक्ष्य लिई कार्यक्रम सञ्चालन भए तापनि यस जिल्लामा यो कार्यक्रम अन्तर्गत हालसम्म ह्याचरी स्थापना भएको पाइएन । कार्यक्रमबाट प्रति परिवार ६ वटा ८ हप्ते चल्ला वितरण सम्बन्धी कार्यक्रम र अरु क्रियाकलापको कार्यक्रम स्वीकृत गर्ने गरेको पाइयो । कार्यक्रम अनुसार ह्याचारी स्थापना नभई यो वर्ष सम्म जिल्ला बाहिरबाट चल्ला ल्याई वितरण गरिने कार्यक्रम मात्रको लागि खर्च हुने गरेको छ । जिल्लामा स्थापना भएको ह्याचरीहरुबाट उत्पादित चल्ला कृषकमा वितरणको व्यवस्था मिलाउनु पर्दछ ।

३. **कृषक पाठशाला**: कार्यक्रम सञ्चालन निर्देशिकाको (पेज ६५) नोटमा कूल कृषक समूह मध्ये एक तिहाई समूहमा कुखुरापालन कृषक पाठशालाको माध्यमबाट कार्यक्रम सञ्चालन गरेको र सो को लागि छुट्टै पाठ्यक्रम र कृषक पाठशाला सञ्चालन कार्यविधि तयार गरिने व्यवस्था रहेको छ । कार्यालयले १८ (सत्र दिने) पाठशाला सञ्चालन गर्ने गरी कार्यक्रम स्वीकृत गरी २०७१।७२ मा २ र २०७२।७३ मा ४ कृषक पाठशाला सञ्चालन गराएको आधारमा रु.४,४७,०८०।- खर्च गरेको छ । २०७१।७२ र २०७२।७३ को कृषक समूह संख्या २२ नै रहेकोमा स्वीकृत निर्देशिकाले एक तिहाई कृषक पाठशालामा रहने र छुट्टै पाठ्यक्रम स्वीकृत हुनुपर्ने व्यवस्था गरेको भएता पनि सो अनुसार नगरी वार्षिक कार्यक्रममा मात्र समावेश गरी खर्च गराउने कार्यले नीतिगत व्यवस्थाको पालना भएको मान्न सकिएन । स्वीकृत निर्देशिकाबमोजिम मात्र कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

४. **अनुदान निकासा प्रक्रिया** : स्वीकृत कार्यक्रम निर्देशिका बमोजिम खोर अनुदान प्राप्त गर्ने कृषकले पहिलो किस्ता रकम प्राप्त गरेको एक महिना भित्र खोर बनाई सक्नुपर्ने र खोर बनाउने कार्य सम्पन्न भएपछि मात्र बाँकी रहेको रु.२ हजार उपलब्ध गराउनु पर्ने व्यवस्था भएकोमा कार्यालयले एकै पटक खोरको अनुदान सम्बन्धित कृषक समूहको खातामा जम्मा गरिदिने गरेको पाइयो । यो वर्ष खोर अनुदानमा रु.२२ लाख रकम निकासा गरेकोमा स्वीकृत कार्यविधि अनुसार २ पटक गरी अनुदान निकासा गर्ने र खोर बनाउन प्राविधिक सेवा र अनुगमनको जिम्मेवारी पाएको पशुसेवा प्राविधिकले अनुगमन गरेको प्रतिवेदन समेत खडा गरी गराई राखेको पाइएन । अनुगमन कार्यको प्रतिवेदन गर्नुपर्दछ ।

५. **फलोअप कार्यक्रमको खर्च** : कार्यालयले कृषि तथा खाद्य सुरक्षा कार्यक्रम अन्तर्गतको ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०७१ अन्तर्गत कार्यक्रम सञ्चालन गरी खर्च गर्ने गरेको छ । यस कार्यक्रमबाट कार्यक्रम सञ्चालन गर्न कृषि विकास मन्त्रालयको २०७१।४।२१ को निर्णयबाट स्वीकृत निर्देशिकामा ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रममा फलोअप व्यवस्था नभए तापनि कार्यालयले २०७०।७१ र २०७१।७२ का समूहको फलोअपलाई वार्षिक कार्यक्रममै कार्यक्रम बजेट स्वीकृत गराई रु.२,६६,०००।- खर्च गरेको छ । कुखुरा प्रवर्द्धन कार्यक्रमबाट २०७०।७१ मा वितरण गरिएका चल्लाबाट बढीमा ४ वटासम्म थप भएको र ३९ परिवारलाई बितरित चल्लाबाट कुनै थप उत्पादन नभएको प्रतिवेदन प्राप्त भएको छ । यस सम्बन्धमा यकिन गर्नुपर्दछ ।

६. **साना व्यवसाय अनुदान** : अनुदान कार्यान्वयन कार्यविधि, २०७१ को ७.४ मा यो खर्चको लेखापरीक्षण सम्बन्धी व्यवस्था गरेको छ । कार्यालयले लेखापरीक्षणको लागि गतवर्ष र यस वर्ष समेत साना अनुदान कार्यक्रमबाट निकासा गरेको सबै रकमको स्रेस्ता कागजात समूहबाट प्राप्त गरी कार्यसम्पन्न अभिलेख खडा गरी अद्यावधिक गरिराखेको पाईएन । कार्यालयले लेखापरीक्षणको लागि सबै स्रेस्ता उपलब्ध गराउनुपर्दछ

७. **साना अनुदान खर्च व्यवस्थापन** : साना अनुदानबाट दिइने अनुदान कार्यान्वयन निर्देशिकाको ७.१.३ मा अनुदानको दोस्रो र तेस्रो किस्ता उप आयोजनाको कार्य सम्पादनको आधारमा भुक्तानी दिईने व्यवस्था भएता पनि यो वर्ष कार्यालयले सबै किस्ताको रकम समूहको खातामा निकासा गरेकोमा बुम्रमाडी चौर गा.वि.स.का ५ समूहको खातामा पठाएको रु.१३ लाख ५० हजारको आंशिक मात्र कामको विवरण राखेको छ । लाभग्राहीको योगदानसहितको योजना सम्पन्न प्रतिवेदन लिएको पाईएन । लाभग्राही योगदानसहितको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

८. **बढी अनुदान** : कार्यालयले यो वर्ष जिल्ला आयोजना सहयोग इकाईबाट उप आयोजना स्वीकृत गरी आएको आधारमा समूहलाई अनुदान रकम भुक्तानी गरेको मध्ये पञ्चदेवल महिला कुखुरा समूहले जिल्ला स्वास्थ्य कार्यालय र यस कार्यालय दुवैतर्फको कार्यक्रमबाट क्रमशः रु.१ लाख ७५ हजार र रु.२ लाख ८५ हजार प्राप्त गरेको देखियो । अनुदान निर्देशिकाले उप आयोजना भन्दा बाहिरको सहभागिता र कामको प्रदर्शन प्रभाव पार्ने लक्ष्य लिएको भएता पनि एकै समूहमा १ भन्दा बढी उप आयोजना स्वीकृत गरी लगानी गर्नु उपयुक्त देखिएन । अनुदान निर्देशिका अनुसार लगानी गर्नुपर्दछ ।

९. **लेखापरीक्षण** : विविध खातातर्फ खर्च देखिएको रु.७,०४,५१०।- मध्ये रु.२,५४,८६०।- को खर्चका स्रेस्ता तालुक आयोजना कार्यालयमा पठाएकोले परीक्षण गरिएको छैन । लेखापरीक्षण गराएको प्रमाण पेश गर्नुपर्दछ ।

## जिल्ला प्रहरी कार्यालय

१. **काजको अवस्था** : प्रहरी नियमावली, २०७३ को नियम ५२ बमोजिम प्रहरी कर्मचारीलाई काजमा राख्दा मापदण्ड बनाई राख्नुपर्ने व्यवस्था छ । कार्यालयमा यो वर्ष श्रावण देखि आषाढ महिनासम्म नै विभिन्न दर्जाका प्रहरी कर्मचारी काजमा आउने र जाने गरेको देखियो । लेखापरीक्षणमा प्राप्त विवरण अनुसार यो वर्ष अन्यत्र दरबन्दी रही कार्तिक महिनामा १६ जना काजमा आएको र जेष्ठ महिनामा काजमा आउनेको संख्या १४२ सम्म पुगेको पाइयो । यसै गरी यस कार्यालयमा दरबन्दी रही अन्यत्र काजमा खटिनेको अवस्था मध्ये २०७२ चैत्रमा ३८ जना र मंसीरमा ८७ जना काजमा रहेको देखियो । काजमा आउनेलाई स्थानीय भत्ता समेत भुक्तानी गर्नुपर्ने कारण यो वर्ष उक्त शीर्षकमा सुरु अख्तियारी प्राप्त रकममा २०७३ आषाढ २६ गते स्थानीय भत्तामा रु.४,८५,०००।- र खाद्य आहारमा रु.२३,७८,०००।- बजेट थप गर्नु परेको छ । काजमा राख्दा मापदण्ड बनाई राख्नुपर्दछ ।

२. **तलबी प्रतिवेदन** : प्रहरी किताबखाना कार्यविधि निर्देशन, २०६८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष तलबी प्रतिवेदन पारित गराउन २०७२।५।२५ मा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाएको भएता पनि को.ले.नि.का. ले २०७३।१।१३ मा मात्र तलबी प्रतिवेदन पारित गरेको पाइयो । प्राप्त तलबी प्रतिवेदनमा सि.नं.५,

३५, ८०, ११२, १५८, १८२, २०२, २१३, २२९, २३४ र २६३ का कर्मचारीको कैफियत उल्लेख गरी सो बाहेकको मात्र तलबी प्रतिवेदन पारित गरेकोमा सि.नं.५, ८०, ११२, १५८, १८२, २१३, २३४ र २६३ मा समेत विभिन्न महिनामा सरुवा र पदपूर्ति भई आएका कर्मचारीको नाममा तलब भत्ता खर्च लेखेकोमा उक्त तलबी प्रतिवेदन पारित गराएको पाइएन । उक्त ८ जना कर्मचारीको नाममा यो वर्ष तलबी प्रतिवेदन सुधार गरी पारित नगराई रु.६,२७,९५५।- खर्च भएको छ । त्यसै गरी नेपाल सरकारको २०७२।६।१४ को निर्णयअनुसार जुम्लाको गोठीज्यूलामा १४ जना प्रहरीको दरबन्दी सहित प्रहरी चौकी स्थापना गरेकोमा उक्त चौकीमा २०७२ पौषदेखि आषाढसम्म २ जनादेखि १० जनासम्म कर्मचारीको नाममा रु.१०,९४,४४४।- तलबभत्ता खर्च भएकोमा तलबी प्रतिवेदन पारित गराएको पाइएन । नियममा भएको व्यवस्थाको पालना गरेर मात्र तलबभत्तामा खर्च गर्नुपर्दछ ।

३. **राजस्व** : आर्थिक कार्यविधि नियमावली, २०६४ ले कार्यालयमा प्राप्त भएको सबै प्रकारको राजस्वको स्रेस्ता खडा गरी भोलिपल्टै बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष रु ४१७३६० राजस्व आर्जन गरेकोमा सवारी दण्ड जरिवाना बापत प्राप्त हुने राजस्व रकम विभिन्न महिनामा दैनिक रुपमा वा दिन बिराएर नगदी रसिदबाट आम्दानी गरेको देखिएकोमा उक्त रकम बैंक दाखिला महिनाको अन्त्यमा मात्र गर्ने गरेको पाईएको छ । कानूनमा भएको व्यवस्थाको पालना गरेर राजस्वको कारोबार लेखा राख्नुपर्दछ ।

## जिल्ला प्रशासन कार्यालय

१. **तलबी प्रतिवेदन** : निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख)२ मा जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गर्नुपर्ने व्यवस्था छ। कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित तलबी प्रतिवेदनमा कैफियत जनाएका कर्मचारीको नाममा तलब भत्ता भुक्तानी गरेको पाइयो । सबै कर्मचारीको तलबी प्रतिवेदन पारित गराई मात्र तलब खर्च लेख्नेतर्फ ध्यान जानु पर्ने देखिन्छ ।

२. **खर्च शीर्षक** : महालेखा नियन्त्रक कार्यालयको बजेट खर्च सञ्चालन निर्देशिका, २०७० मा बजेट संकेत र खर्च शीर्षकको व्यवस्था छ । कार्यालयले २२४१२ अन्य सेवा शुल्कबाट करारमा कार्यरत कर्मचारीको तलब खर्च लेख्नु पर्नेमा सं.नं.२११११ तलब शीर्षकमा विनियोजित रकमबाट रु.८०,६६०।- खर्च लेखेकोले खर्च शीर्षक फरक पारी भुक्तानी गरेको छ । यसरी खर्च लेख्न मिल्दैन ।

३. **धरौटी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६६(३) बमोजिम म्याद भित्र धरौटी फिर्ता लिन नआएमा नियम ६७ बमोजिमको कार्यविधि अपनाई राजस्वमा आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त धरौटीको आर्थिक विवरणमा रु.७,०६,६८३।- बाँकी देखिएकोमा अवधि र प्रयोजन बाँकी खुलाई गत विगत देखिको व्यक्तिगत र अन्य मध्ये धरौटी रकमको प्रयोजन सकिएको अभिलेख तयार गरी राजस्व दाखिला गर्नु पर्दछ ।

४. **दैवी प्रकोप कोष** : कार्यालयबाट प्राप्त दैवी प्रकोप कोष खाताको विवरणमा गत वर्षबाट मौज्दात सरेको रु.१,५४,२५,७६०।- र यस वर्ष आम्दानी भएको रु.७,७२,१५५।- समेत जम्मा रु.१,६१,९७,९१५।- मध्ये २०७२।१२।१५ र २०७३।१।१० मा रु.१,८२,३०,६६३।- नेपाली सेना सर्भे विभागलाई फिर्ता पठाएको र अन्य कार्यका लागि प्राप्त भएको मध्ये खर्च भै बाँकी रहेको रकम र दैवी प्रकोप समेतको बाँकी देखाउनु पर्नेमा यस वर्ष खर्च नभई बाँकी नै रहेको अभिलेख दुरुस्त नरही बाँकी देखाएको रु.१,४६,१५६।- लाई खर्च र मौज्दात दुवैमा देखाई आर्थिक विवरण पेश

भएको छ । कोष तथा लेखा नियन्त्रक कार्यालयबाट समेत दैवी प्रकोप शीर्षक तर्फको मात्र आर्थिक विवरण प्रमाणित गरी पेश भएकोले ख ७ विविध खाताको आर्थिक विवरण यथार्थ देखिएन । यथार्थ आर्थिक विवरण पेश गर्नुपर्दछ ।

## जिल्ला प्राविधिक कार्यालय

१. **सोझै खरिद** : सार्वजनिक खरिद ऐनको दफा ८ (२) बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । कार्यालयलाई शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट प्राप्त बजेट खर्चको अख्तियारी बमोजिम विभिन्न ४ सडकको लागि रु.२,५०,००,०००।- कार्यक्रम बजेट तोकिदिएको छ । सडकको विभिन्न निर्माण र कालोपत्रे सम्बन्धी कार्य गर्ने लागत अनुमान स्वीकृत गरी बोलपत्र आव्हान भएको र बोलपत्रमा भाग लिने बोलपत्रदाताले घटी रकम कबुल गरेको कारण योजनामा रकम बचत भएको देखाई २०७३।१।३० मा जिल्ला पुनर्निर्माण समितिको बैठकको निर्णयबाट योजनामा बचेको रकमबात पुनः सूचना गरी टेण्डर आव्हान गर्दा थप ३० दिन लाग्ने र खरिद ऐन नियम अनुसारका कार्य गर्न नभ्याउने हुनाले जिल्ला प्राविधिक कार्यालयले आवश्यक खरिद विधि अबलम्वन गर्ने निर्णय गरेको आधारमा टुडिखेल महतगाँउ सडकको १७० मिटर लम्बाई भित्र सोझै खरिदको माध्यमबाट कार्य गराउने गरी १० वटा प्याकेज (टुक्रा) खडा गरी १० जना निर्माण व्यवसायीबाट कार्य गर्न २०७३।२।२१ मा सम्झौता गरी २०७३।३।२५ सम्मको म्याद राखी सबै प्याकेजको काम सम्पन्नको आधारमा रु.४०,२२,४००।- भुक्तानी गरेको पाइयो ।

वार्षिक कार्यक्रमअनुसार योजनामा कार्य गराउने गरी सडकमा ठे.नं.०४।०७२/७३ र ०५।०७२/७३ बाट विभिन्न निर्माण र कालोपत्र समेतको कार्य गर्न ठेक्का बन्दोबस्त भै सकेकोमा योजना स्वीकृत बेगर रकम बचत भएको देखाई खरिद ऐन, नियमअनुसार गर्न समयाभाव देखाई कानूनको प्रक्रिया र व्यवस्था भन्दा फरक गरी स्वीकृति नभएको स्थानमा समेत कार्य गराई भुक्तानी गरेको कार्य नियमित देखिएन । पुनर्निर्माण समितिको बैठकको निर्णय अनुसार कार्य गराएको प्रतिक्रिया कार्यालयले दिएको छ । फरक स्थानमा कार्य गराई भुक्तानी गरेकोमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

२. **खरिद कार्यको व्यवस्थापन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) बमोजिम खरिद कार्य गराउँदा स्वीकृत बोलपत्रदाताले सम्झौता गर्न आउँदा खरिद सम्झौताको ५ प्रतिशतले हुने कार्य सम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ । पेश गरिने कार्य सम्पादनको जमानतको अवधि निर्माण कार्यको त्रुटि सच्याउने दायित्व (डिफेक्ट लाइबिलिटिज) को अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था रहेको छ । कार्यालय अन्तर्गत सञ्चालित २ ठेक्कामा निर्माण व्यवसायीले पेश गरेको रु.३४,६६,०००।- कार्य सम्पादन जमानतको म्याद अवधि घटी रहेको, २ ठक्कामा सम्बन्धित बैंकले तोकेको ग्यारेन्टी अवधि पुरा भैसकेको समेत देखियो । नियमानुसार लिनुपर्ने जमानतभन्दा घटीको लिने र म्याद पूरा भैसकेकोमा थप नगरी राख्न मिल्ने देखिएन । सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

३. **अतिरिक्त लागत भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम लागत अनुमान तयार गर्दा स्वीकृति नर्म्स र जिल्ला दररेट समितिले तोकिदिएको ज्याला र सामाग्रीको दरबाट गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत सञ्चालित सामुदायिक सिँचाइ आयोजना अन्तर्गतका विभिन्न योजनाको निर्माण सम्बन्धी कार्यको लागत अनुमान तयार गरी सबै काम उपभोक्ता समिति मार्फत गराई भुक्तानी गर्ने गरेको छ । यसै कार्यालय अन्तर्गत अन्य निर्माण काम गराउन खडा गरिएको लागत अनुमानमा रहेको आइटम दररेट विश्लेषण भन्दा (प्राविधिक कार्यालयले जिल्ला दररेट तयार गरी स्वीकृत गराउने) सिँचाइ योजनामा देखाईएको सोही

आइटमको दररेट बढी देखाई लागत अनुमान स्वीकृत गरी कार्य गराएको छ । सिँचाइतर्फको योजनामा लागत अनुमानकै दरमा उपभोक्ता समितिबाट कार्य गराई भुक्तानी गर्नाले यो वर्ष जिल्लाभित्रका अन्य योजनामा ५ आइटममा एकै कार्यमा दुई दररेटबाट कार्य गराई रु.५०,१५,३३३।- बढी खर्च गरेको छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२)(क) मा स्वीकृत बजेटबाट खर्च गर्ने सम्बन्धमा व्यवस्था गरी योजनाको रकम खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्न सक्ने व्यवस्था गरेको छ । कार्यालय अन्तर्गत सामुदायिक सिँचाइ योजनामा स्वीकृत कार्यक्रम बजेटभन्दा ३ योजनामा रु.२४,४६,५०३।- बढी खर्च गरेकोमा कार्यक्रम संशोधन नगरी खर्च गरेको कार्य नियमित मान्न सकिएन । कार्यक्रम संशोधन स्वीकृत गराएर मात्र खर्च गर्नुपर्दछ ।

४. **म्याद थप** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा उचित र पर्याप्त कारण भए बोलपत्र स्वीकृत गर्ने अधिकारीले ६ महिनासम्म र सोभन्दा बढी भए विभागीय प्रमुखले खरिद सम्झौताको अवधि थप गर्नसक्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित ४ निर्माण कार्य गर्ने व्यवसायीको २०७३।२।९ देखि २०७३।३।२५ सम्म कार्य अवधि रहेकोमा निर्माण व्यवसायीलाई ६ महिनासम्म म्याद थप गर्ने निर्णय गरेको देखियो । सुरु कार्य अवधि भन्दा ४ गुणा बढी म्याद थप गर्नुपरेको आधार स्पष्ट देखिएन ।

५. **योजनाको लागत अनुमान र बजेट** : आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम योजना स्वीकृत गर्दा योजनाको लागत अनुमान अनुसार निर्माण सम्पन्न गर्न लाग्ने अवधि समेत तोकि योजना राष्ट्रिय योजना आयोगबाट स्वीकृत हुनुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत निर्माणाधिन ३ गा.वि.स. भवन मध्ये दुई गा.वि.स.को निर्माण सम्बन्धी कामको लागत अनुमान रु.३० लाख तथा १ गा.वि.स. भवनको लागत अनुमान रु.४० लाख स्वीकृत गरी गतविगतदेखि पुनर्निर्माण कार्यक्रम अन्तर्गत खर्च गर्दै आएको छ। यस वर्ष समेत क्रमशः रु.५/५ लाख र रु.१० लाख मात्र बजेट विनियोजन भएको आधारमा सोही रकम बराबरको कार्य मात्र गरेको छ । सालबसाली रुपमा न्यून रकम विनियोजन गरी कार्य गराउनाले भवन निर्माणको कार्य पुरा हुने अवधि समेत निश्चित देखिएन ।

६. **मू.अ.कर दर्ता :** एक संयुक्त उपक्रमका निर्माण व्यवसायीलाई सर्भेक्षण कार्यको रनिङ बिल बापत रु.१४१५९०१।- भुक्तानी गरेकोमा उक्त फर्म जे.भी.मा दर्ता भएको प्रमाण समावेश नभएको र जे.भी. दर्ता नम्बर बेगर ६०४१६६३४० दर्ता नम्बर राखी बीजक जारी गरी रु.१,६२,९०४।- मू.अ.कर समेत भुक्तानी भएको तर कर भुक्तानीको जानकारी नदिएकोले उक्त रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

## जिल्ला वन कार्यालय

१. **बहुसरोकारवाला वन कार्यक्रम** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ ले स्वीकृत बजेट खर्च गर्ने सम्बन्धी व्यवस्था गरेको छ । कार्यालयलाई प्राप्त रकम खर्च गर्दा स्रोतगत (दाता) खर्चमा विनियोजितभन्दा फरक प्रतिशतबाट बढी लेखाङ्कन गरी फिनल्याण्डतर्फ रु. ८१५१६६।- बढी खर्च गरेको पाइयो ।

२. **लागत अनुमान** : सार्वजनिक खरिद नियमावली, २०६४ को ११(२) मा लागत अनुमानको आधार समेत तोकिदिएको छ । कार्यालयले अग्निरोधक सामाग्री खरिद गर्न रु.३ लाख ५० हजार बजेट व्यवस्था गरी पोखराबाट २०७२।११।९ मा रु.३,३९,४१८।१० (मू.अ.करसहित) खरिद गरी खर्च लेखेको छ । सो सामानको ढुवानी रु.९,९९०।- समेत जम्मा रु.३,४९,४०८।१० खर्च लेखेको पाइयो ।

खरिद नियमावलीको व्यवस्था अनुसार लागत अनुमान स्वीकृत नगरी तथा प्रतिस्पर्धा बेगर सो खरिद कार्य गरी भुक्तानी गरेको खर्च नियमित मान्न सकिएन ।

३. **मूल्य अभिवृद्धि कर** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ (१) मा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नंम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न मितिमा मूल्य अभिवृद्धि करमा दर्ता नभएका फर्मबाट रु.१,२८,३३५।- को सामान खरिद गरेको कार्य नियमित मान्न सकिएन ।

४. **वन कार्ययोजना** : वन ऐन, २०४९ बमोजिम कार्यालयले कार्ययोजना बनाई स्वीकृत गर्नुपर्ने व्यवस्था छ । पञ्च वर्षीय कार्ययोजनामा वन पैदावार र जडीबुटीको वार्षिक वृद्धिदर र स्वीकार्य कटान विवरणमा सो को लक्ष्य समावेश गर्नुपर्नेमा गरेको देखिएन । सामुदायिक वन उपभोक्ता समितिबाट काठ, वन पैदावार र जडीबुटी बिक्री गरे नगरेको प्रतिवेदन लेखापरीक्षणमा पेश नभएकाले सो सम्बन्धमा यकिन गर्न सकिएन ।

५. **वार्षिक कार्ययोजना** : वन ऐन, २०४९ को दफा २५, २६ र ३०(क) मा सामुदायिक वन उपभोक्ता समूहको वार्षिक कार्ययोजना जिल्ला वन कार्यालयबाट स्वीकृत गर्ने व्यवस्था छ । यो वर्षसम्म जिल्लामा १९७ सामुदायिक वन उपभोक्ता समिति/समूहहरु दर्ता भएको मध्ये ५ वटा सामुदायिक वन उपभोक्ता समिति/समूहले आम्दानी गरेको रकमको २५ प्रतिशत वन विकासमा खर्च गर्नुपर्ने रु.१,२५,४१५।- खर्च गरेको पाइएन । समूहबाट खर्च गर्ने परिपाटी संस्थागत हुने नगरेको कार्यालयको प्रतिक्रिया रहेको छ ।

६. **स्थायी लेखा नम्बर** : वन ऐन, २०४९ को दफा २५, २६ र ३०(क) बमोजिम जिल्ला वन कार्यालयमा सामुदायिक वन उपभोक्ता समिति/समूहले कार्य योजना तयार गरी वन कार्यालयबाट स्वीकृति लिनु पर्ने व्यवस्था छ। कार्यालयबाट प्राप्त विवरणमा १९७ सामुदायिक वन उपभोक्ता समिति/समूह कार्यालयमा दर्ता भएको देखिन्छ । उक्त समुदायिक वन उपभोक्ता समिति/समूहले आयकर ऐन अनुसार दर्ता गरी स्थायी लेखा नंम्बर लिनुपर्ने प्रावधान भए तापनि आयकरमा दर्ता नभएका सामुदायिक वन उपभोक्ता समितिलाई समेत दर्ता गरेको छ। ऐनको प्रावधान कार्यान्वयन गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

७. **सामुदायिक वन उपभोक्ता** : कार्यालयबाट प्राप्त सामुदायिक वन दर्ता र हस्तान्तरणको विवरण अनुसार सामुदायिक वनले ओगटेको क्षेत्रफल २७७००.६३ हेक्टर देखाएको छ । सामुदायिक वन मध्ये १० वटा हस्तान्तरण भएको २५ वटाको कार्ययोजना नवीकरण नभएकोमा पनि बिक्री अनुमति दिएको तथा काठ परिमाण १४५८ क्यू.फिट विक्रिबाट रु.४४९७६४।- प्राप्त भएको देखाएको छ । वन विकासमा खर्च गर्नुपर्ने व्यवस्था सम्बन्धमा लेखापरीक्षणबाट औंल्याउदा कर्णाली स्वायत्त प्रदेशको माग गर्ने आन्दोलनको दौरानमा भएको आगलागीका कारण सम्पूर्ण स्रेस्ता तथा अभिलेख जली नष्ट भएको र कार्ययोजना समूहबाट संकलन गर्ने कार्य जारी रहेको भन्ने व्यहोरा जानकारी दिएकोले यस सम्बन्धमा थप यकीन गर्न सकिएन ।

८. **राजस्वतर्फ** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १२ मा प्रचलित कानून बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि तोकिए बमोजिम बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष वन पैदावर बिक्री र प्रशासनिक आय गरी जम्मा रु.५३,२२,०५९।६४ राजस्व आम्दानी स्रेस्ता लेखापरीक्षणमा पेश गरेको छ । सो मध्ये २०७२।४।०१ देखि २०७२।४।३१ सम्मको राजस्व आम्दानी देखाएको रु.६,६३,२०८।- को स्रेस्ता

कर्णाली स्वायत्त प्रदेश मागको आन्दोलनको क्रममा २०७२।४।३१ गते कार्यालयमा आगजनी भई भवन जली स्रेस्ता नष्ट भएको भनी लेखापरीक्षणमा पेश हुन आएन । सो भवन नष्ट भै स्रेस्ता पेश गर्न नसकेको सम्बन्धमा कार्यालयले सम्बन्धित निकायबाट क्षतिको मुचुल्का विवरण तयार गरी मन्त्रिपरिषद्बाट निर्णय गरेको प्रमाण लेखापरीक्षणमा पेश भएन ।

## जिल्ला विकास समिति

१. **आर्थिक कारोबारको प्रतिवेदन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४२ मा जिल्ला विकास समितिले प्राप्त सबै कारोबार र रकम समेत समावेश गरी स्रेस्ता खडा गरी आर्थिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । पेश भएको आर्थिक विवरण तथा आय व्यय शीर्षकमा वैकल्पीक उर्जा मार्फत जिल्ला उर्जा कोषमा प्राप्त यस वर्षको निकासा तथा खर्च क्रमशः रु.१८,३५,११६।– तथा रु.२,५००।– लाई कूल आय व्ययमा नदेखाई विवरण तयार गरेको छ। सबै कारोबार समेटि हिसाव तयार गर्नुपर्दछ ।

२. **बैक मौज्दात** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिको कार्यालयले आफ्नो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले आर्थिक वर्षको अन्त्यमा स्रेस्ता अनुसार रु.१,०६,७८,१८१।– बैंक मौज्दात रहेकोमा बैंक विवरण अनुसार रु.१,३२,६०,८१५।१९ देखिएकोले रु.२५,८२,६३४।१९ घटि देखाएको छ । यसरी बैंक रकम घटी/बढी भएकोमा बैंक समायोजन हिसाब तयार नगरेकोले मौज्दात रकम यकिन हुन सक्ने देखिएन । बैंक मौज्दात घटी र बढी देखिएको सम्बन्धमा आवश्यक कारबाही गरी टुङ्गो लगाउनुपर्दछ ।

३. **गत वर्षको जिम्मेवारी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको रकम आगामी वर्ष जिम्मेवारी सार्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले कोषतर्फ गत वर्षको मौज्दातभन्दा रु.७,२५,१७०।– घटी जिम्मेवारी सारेको छ । घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

४. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले आफ्नो कामको प्रकृति अनुसारको उपर्युक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा जिन्सी निरीक्षण गराई लेखा अद्यावधिक नगरेको, लिलामको कारबाही नगरेको, कर्मचारी तथा पदाधिकारीलाई कम्प्यूटर ल्यापटप खरिद गर्न सोझै पेश्की दिई कारोबार गरेको छ । आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्दछ ।

५. **आन्तरिक लेखापरीक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार आन्तरिक लेखापरीक्षण शाखाले जिल्ला विकास समिति र गाउं विकास समितिको आन्तरिक लेखापरीक्षण मासिकरुपमा गर्ने व्यवस्था छ । सो शाखाले कार्यालयको कारोबारको नियमित रुपमा आन्तरिक लेखापरीक्षण नगरी वर्षको अन्त्यमा मात्र गर्ने गरेको र फछ्र्यौट भएको पेश्की कारोबार समेत पुन पेश्की राख्ने गरेको समेत देखिएको छ । कार्यालय अन्तर्गतका विषयगत कार्यालय र गाउं विकास समितिको पनि मासिक रुपमा लेखापरीक्षण गरेको देखिएन । तोकिए अनुसार आन्तरिक लेखापरीक्षण नियमित रुपमा गराई आन्तरिक नियन्त्रण प्रणाली भरपर्दो बनाउनु पर्दछ ।

६. **उपभोक्ता समिति** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(झ) मा बढी जटिल प्राविधिक पक्ष समेत समावेश भएको र मेशिनरीको बढी प्रयोग हुने बाहेकको काममा सामान्यतः उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउन सकिने व्यवस्था छ । जिल्ला विकास

समितिको कार्यालयले भवन निर्माण, आर.सी.सी.ढलान जस्ता जटिल प्राविधिक पक्ष समावेश भएका काम उपभोक्ता समिति मार्फत गराई भुक्तानी गरेको पाइयो । उपभोक्ता समितिबाट निर्माण कार्य गराउंदा कार्यको गुणस्तर, स्पेसिफिकेशन, त्रुटि सच्याउने तथा अन्य दायित्व सम्झौतामा उल्लेख गर्ने गरेको छैन । श्रमप्रधान प्रविधिको प्रयोग हुने योजनामात्र उपभोक्ता समिति मार्फत निर्माण गर्नुपर्ने देखिन्छ ।

७. **गा.वि.स.को बेरुजू लगत र सम्परीक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८(ज) मा गाउं विकास समितिको बेरुजू लगत समय समयमा निरीक्षण गरी नियमावली अनुसार फछ्र्यौट भएको बेरुजूको सम्परीक्षण गरी दिने र असुलउपर गर्न बांकी बेरुजू सम्बन्धमा असुल उपर गर्न लगाउने उल्लेख छ । कार्यालयको आन्तरिक लेखापरीक्षण शाखाले गाउँ विकास समितिहरुको २०७१।७२ सम्मको अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुगमन गरी सम्परीक्षण गरेको छैन । समयमै सम्परीक्षण गर्न लगाउनु पर्दछ ।

८. **सार्वजनिक परीक्षण** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २५(६) मा उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्य शुरु तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्बन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालयले विभिन्न योजनाका लागि रकम भुक्तानी गरेकोमा नियमावलीले तोकेबमोजिम अधिकांश योजनाको सार्वजनिक परीक्षण नगराई भुक्तानी गरेको छ । नियममा भएको व्यवस्था बमोजिम सार्वजनिक परीक्षण गराउनु पर्दछ ।

**जिविस कोष**

९. **अनुदान खर्च** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९को नियम ५४ अनुसार आर्थिक अनुशासन कायम राख्न गाउं विकास समिति मा निकासा हुने रकमको नियमित अनुगमन गरी समितिको कार्यक्रम, बजेट, वित्तीय र भौतिक प्रगति प्रतिवदन तथा लेखापरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । गाउँ विकास समितिलाई दिएको सशर्त अनुदान रकम समितिले शर्त अनुसार खर्च गरेको हुनुपर्दछ । कार्यालयले विभिन्न कार्यक्रम सञ्चालनको लागि सशर्त अनुदानस्वरुप ८ वटा गाउँ विकास समितिको र न.पा.को खातामा रु.१,२५,१०,२५०।– सारेको छ । अनुदान दिएको रकमको अनुगमन प्रतिवेदन र भौतिक प्रगति प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन प्राप्त नगरेकोले उक्त खर्च र उपलब्धिको सम्बन्धमा आश्वस्त हुने अवस्था रहेन ।

१०. **राजस्व बाँडफाँड –** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २११ (अनुसूची २६) मा राजस्व बांडफांड बापत जिल्ला विकास समितिलाई प्राप्त हुने रकम प्रशासनिक कार्यमा खर्च गर्न नपाइने व्यवस्था छ । कार्यालयले पूंजीगत कार्यमा खर्च गर्नुपर्ने राजस्व बांडफांडको रकम रु. ६,५०,०००।– चालु प्रकृतिका कार्यमा खर्च गरेको देखियो । यस्तो कारोबार गर्नेलाई जिम्मेवार बनाइनुपर्दछ ।

११. **अवकाश भुक्तानी र कर कट्टी** : आयकर ऐन, २०५८ बमोजिम अवकाश भुक्तानीमा कर लाग्ने व्यवस्था छ । कार्यालयका एक खरिदार २०६८।१०।२३ देखि सेवा प्रवेश गरी राजीनामा दिई सेवा अलग भएकोमा निजलाई उपदान तथा विदा बापत रु.१,१६,९०५।– भुक्तानी गरेकोमा लाग्ने अग्रिम कर रु.५८,४५।– कट्टी नगरी भुक्तानी दिएको छ ।कार्यालयका अर्को एक कर्मचारी २०७२।६।१ देखि

सेवाबाट अवकाश भै अवकाश भुक्तानी बापत रु.२२,६०,५१३।– भुक्तानी गरेकोमा आयकर ऐन, २०५८ बमोजिम लाग्ने अग्रिम कर कट्टी गरी दाखिला गरेको नपाइएकोले २०५८।१२।१८ देखि पछिको संचित अवकाश भुक्तानी यकिन गरी लाग्ने कर रु.१,१३,०६५।- असुल गर्नुपर्दछ ।

१२. **करार कर्मचारी :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३ मा रिक्त रहेको पद, नयाँ नियुक्ति, बढुवाद्वारा पूर्ति गरिने र कुनै पद सिर्जना वा रिक्त रहेको १ वर्षसम्म पदपूर्ति नभएमा स्वत: खारेज हुने व्यवस्था छ । कार्यालयले यस वर्ष विभिन्न तहका ७ कर्मचारीलाई करारमा राखी रु.११,३३,८७०।– खर्च लेखेको छ । पद कायम रहे नरहेको यकिन नगरी करारबाट कार्य गराई भुक्तानी गर्न मिल्ने देखिएन ।

**केन्द्रीय बजेट विनियोजन :**

१३. **आषाढ महिनाको खर्च :** वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ । यो वर्षको खर्च रु.१९,१०,१२,०००।– मध्ये तेस्रो चौमासिकमा रु.१३,७३,१६,९८८।– खर्च भएको छ भने आषाढ महिनामा मात्र रु.९,२७,२८,९५९।– खर्च भएको छ । तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको समग्र प्रतिशत क्रमश: ७१.८८ र ४८.५४ प्रतिशत रहेको छ । तेस्रो चौमासिक र आषाढ महिनामा विनियोजित रकमको ठूलो अंश आर्थिक वर्षको अन्त्यमा खर्च भएको छ । हरेक चौमासिकमा कार्यक्रम सञ्चालन गर्नेगरी योजना कार्यान्वयन गर्नुपर्दछ ।

१४. **सामाजिक सुरक्षा कार्यक्रम :** यस कार्यक्रममा यो वर्ष रु.११,६१,२६,४८९०।– खर्च भएको छ । सामाजिक सुरक्षा कार्यक्रम स्रचालन कार्यविधि २०६९ अनुसार प्रत्येक गाउँ विकास समिति/ नगरपालिकाको कार्यालयले आगामी आ.व.वर्षमा सामाजिक सुरक्षा भत्ता/वृत्ति/ अनुदान सुविधा पाउने व्यक्तिहरुको नाम नामेशी सहितको विवरण पौषको पहिलो हप्ता भित्र जिल्ला विकास समितिमा पठाउनुपर्ने, जिल्ला विकास समितिले विवरण अद्यावधिक गरी माघ मसान्तभित्र संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयमा प्राप्त हुने गरी पठाउनुपर्ने र त्यसको विवरण आफ्नो वेभ साइट मार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । गा.वि.स. र नगरपालिकाले प्रत्येक आ.व.को पौष र जेठ महिना भित्र लगत अद्यावधिक गरी जि.वि.स. पठाएको र जिल्ला विकास समितिले माघ र आषाढ मसान्त भित्र संघिय मामीला तथा स्थानिय विकास मन्त्रालयमा पठाएको छ । यसै आधारमा आउँदो आर्थिक वर्षको वार्षिक बजेट प्रस्ताव गरिने व्यवस्था अन्तरगत जेठ महिनासम्म लगत अध्यावधिक गरेको व्यक्तिलाई सामाजिक सुरक्षा भत्ता वृद्धि दिनुपर्नेमा २४ गाउँविकास समिति र १ नगरपालिकालाई निकासा दिएको मध्ये छनौट भएका २ गाउँ विकास समितिको बालबालिका अनुदान परीक्षण गर्दा जेष्ठ मसान्तपछि जन्मेका ११९ बालबालिकालाई समेत रु.९३,६००।- भुक्तानी गरेको, अनुदान पाइरहेका बालबालिकालाई उनीहरुको उमेर ५ वर्ष नपुगेसम्म निरन्तरता दिने र अनुदान पाइरहेका बालबालिका मध्ये ५ वर्ष उमेर पुगेका बालबालिकालाई अनुदान प्राप्त सुचीबाट हटाउने व्यवस्था भएकोमा ५ वर्ष नाघेका बालबालिकालाई भत्ता भुक्तानी दिन नमिल्नेमा रु.१६,२००।- भुक्तानी दिएको छ ।

साथै बालबालिकाको अनुदान वितरण गर्दा बालबालिकाको नाम, बाबु आमाको नाम, जन्म मिति, वडा आदी समेत उल्लेख गरी रकम बुझाएको भरपाई वनाउनु पर्ने व्यवस्था छ । किस्ता रकम बुझाउँदा ५ बालबालिकाको जन्ममिति समेत नखुलाई रु.४,०००।- अनुदान वितरण गरेको पाइयो । निर्देशिकाको पालना गरेर मात्र रकम वितरण गर्नुपर्दछ ।

१५. **पेश्की फछ्यौट** : सामाजिक सुरक्षाबापत लिएको पेश्कीबाट गाउँ विकास समिति र नगरपालिकाले रकम वितरण गर्न तोकिएको मितिले १५ दिन भित्र रकम बुझाएको भरपाई जिल्ला विकास समितिमा बुझाउनु पर्ने र जिल्ला विकास समितिले प्राप्त विवरणको आधारमा पन्ध्र दिनभित्र पेश्की फछ्यौट गरिसक्नुपर्ने व्यवस्था रहेको छ । यो वर्ष २ गाउँ.वि.स.को पेश्की फछ्र्यौट भएको फाँटवारीभन्दा कम मात्र भरपाई भएको देखिएकोले रु.१,३४,२५०।- असुल गर्नुपर्दछ ।

यसैगरी तेस्रो किस्तामा पठाएको पेश्की फछ्यौट गर्दा रु.४७,५००।- वास्तविक भरपाईभन्दा बढी फछ्यौट गरेको छ । बिल भरपाईभन्दा बढी फछ्यौट भएको देखिएकोले रु.४७,५००।- असुल गर्नुपर्दछ । माथि उल्लिखित व्यहोराको आधारमा दुई गा.वि.स. (नराकोट र धापा) का बालबालिका अनुदान तर्फ मुल्याङ्कन गर्दा लगत अध्यावधिक मिति भन्दा पछिको आर्थिक वर्षमा माघ महिना सम्मको जन्मेको बालबालिकालाई रकम बुझाएको भरपाई देखिएको, ५ वर्ष नाघेका बालबालिकालाई रकम बुझाएको देखिएको, बालबालिकाको भत्ता वितरण भरपाईमा जन्म मिति समेत नखुलेको, तिनै चौमासिकको पेश्की फछ्यौट गर्दा फछ्यौट गरेको रकम भन्दा कम बिल भरपाई रहेको देखिंदा सामाजिक सुरक्षाको रकम भुक्तानी गर्दा कार्यविधि तथा अध्यावधिक लगत बमोजिम भत्ता वितरण नभएको, यथार्थ भरपाई भन्दा बढी पेश्की फछ्यौट भएको समेत देखिएकोले बाँकी २३ गा.वि.स. र १ न.पा. को समेत रु. १०,९२,५२,६८०।- को सम्बन्धमा कार्यालयबाट यकिन गर्नुपर्दछ ।

१६. **वेरुजु सम्परीक्षण** : कार्यालयले गत विगतको सामाजिक सुरक्षा पेश्की फछ्र्यौट गरी डोर समक्ष सम्परीक्षण माग गरेको मध्ये माहावैपाथरखोला गा.वि.स. मा कार्यविधिको बुँदा नं.१७(२) बमोजिम २०७० जेष्ठ मसान्त पछि मात्र अद्यावधिक भएकालाई दिन नमिल्ने भत्ता रु.८५,२००।- असुल हुनुपर्दछ । सामाजिक सुरक्षा कार्यक्रम सन्चालन कार्यविधि २०६९ को वुंदा नं.३ मा भत्ता बापत अनुदान पाउने लक्षीत समूहमा कर्णालीका ५ वर्ष मुनिका बालबालिका उल्लेख गरेकमा ५ वर्ष भन्दा बढी भएका बालबालिकालाई भुक्तानी दिएको रु.४६,२००।- समेत असुल हुनुपर्दछ ।

१७. **राजस्व संकलन बाँडफाँड** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २११ मा राजस्व बाँडफाँडको रकम प्रशासनिक कार्यमा खर्च गर्न नपाउने व्यवस्था छ । कार्यालयले राजस्व बाँडफाँड बजेटबाट खर्च लेखेको रु.१,००,०००।- खर्च लेख्न मिल्ने आधार नदेखिएकोले नियममा भएको व्यवस्थाको पालना गरेर मात्र खर्च गर्नुपर्दछ ।

१८. **आयकर** : विभिन्न भौ.नं. र मितिबाट सामान खरिद गरी खर्च लेखेकोमा आयकर ऐन बमोजिम १.५ प्रतिशत अग्रिम कर रु.१२,२८२।- कट्टी गरेको नदेखिएकोले असूल गर्नुपर्दछ ।।

१९. **पेश्की** : कार्यालयले एक उपभोक्ता समितिका अध्यक्षलाई गुम्वा निर्माण गर्न जि.वि.स.बाट व्यहोर्ने रकम रु.२,१५,०००।– मध्ये रु.१,००,०००।– पेश्की दिएकोमा उक्त कार्य पुरा नगरी आ.व.को अन्त्य सम्म पनि फछ्र्यौट गरेको नदेखिएकोले कार्यसम्पन्न गराई पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

२०. **लेखापरीक्षण** : आर्थिक वर्ष २०७२।७३ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार गरीबसँग विश्वेशवर कार्यक्रमबाट कार्यालयलाई प्राप्त निकासा रु.१३,३७,०००।– स्थानीय विकास कोषमा जम्मा गरेको छ । स्थानीय विकास कोषमा पठाएको उक्त रकम सम्बन्धित कोष सचिवालयले आम्दानी गरी लेखापरीक्षणको लागि स्रेस्ता पेश नगरेकोले यो वर्षको र गत विगतको रकमको समेत स्रेस्ता पेश गर्नुपर्दछ । स्थानीय विकास कोषको स्रेस्ता तयार गरी परिक्षणको लागि पेश गरिने भनाइ कार्यालयको रहेको छ ।

२१. **कार्यक्रम सञ्चालन** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को नियम २३ ले कार्यक्रम वा आयोजना कार्यान्वयनको प्रक्रिया तोकि दिएको छ । स्थानीय शान्ति समिति मार्फत कार्य गराउने गरी प्राप्त भएको रु.५६६,८००।- लाई कार्यालयले आर्थिक वर्षको अन्त्यमा २६ गा.वि.स हरुमा निकासा दिई खर्च लेखेको छ । सो रकमबाट कार्यक्रम सञ्चालन भएको प्रमाण, अभिलेख वा अनुगमन प्रतिवेदन समेत प्राप्त गरेको नपाइएकोले निकासा रकम तोकिएको कार्यमा खर्च भएको मान्न सकिने आधार देखिएन । कार्यक्रम सञ्चालन नभएमा रकम फिर्ता लिई केन्द्रमा फिर्ता पठाउनुपर्दछ ।

२२. **खस सँग्रहालय** : चन्दननाथ भैरवनाथ गुठी व्यवस्था समितिको २०७२।८।८ को पत्रबाट पेश्की माग गरेको पत्रानुसार समिति र कार्यालय विच कार्य सञ्चालनका लागि सम्झौता भई प्रथम किस्ता रु.३,०५,०००।– पेश्की दिएकोमा आ.व.को अन्त्य सम्मपनि काम सम्पन्न गरी पेश्की फछ्र्यौट नभएकोले उक्त रकमको कार्य भए नभएको यकिन गरी पेश्की फछ्र्यौट गराउनुपर्दछ ।

२३. **धरौटी फिर्ता** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १३२ मा खरिद सम्झौता बमोजिम निर्माण व्यवसायीको बिलबाट कट्टा भएको धरौटी रकम फिर्ता गर्दा निर्माण व्यवसायीले सम्पन्न गरेको कामको त्रुटि सच्याउने अवधि भित्र थप काम गर्नुपर्ने नभएको र अवधि पुरा भएको देखिने प्रमाण सिफारिस सहित माग गर्न आएमा भुक्तानी दिने व्यवस्था छ। कार्यालयले एक जे.भीलाई यो वर्ष रु.२८,०२,४२५।– धरौटी फिर्ता गरेको छ । धरौटी फिर्ता गर्दा निर्माण व्यवसायीले सम्पन्न गरेको कामको त्रुटि सच्याउने अवधि पुरा भएको र काममा त्रुटि नभएको प्रमाण बेगर धरौटी फिर्ता दिएको छ ।

कार्यालयले एक निर्माण व्यवसायीलाइं रु. ५,७८,६६१– धरौटी फिर्ता गर्दा खडा गरेको टिप्पणीमा कार्यालयको अभिलेखमा नाम नामेसी नखुलेको धरौटी रकम निजको नाममा रहेको भन्ने उल्लेख गरी बैंक स्टेटमेन्ट र रसिद बेगर रु.५,७८,६६१।– मध्ये रु. २,००,०००।– गत वर्षको लेखापरीक्षण बेरुजूमा दाखिला गर्ने र बाँकी रु.३,७८,६६१।– निर्माण व्यवसायीलाई फिर्ता दिने निर्णय गरेको छ । नियममा व्यवस्था भए बमोजिम धरौटी निजकै नाममा बैंक जम्मा भएको प्रमाण बेगर तथा निर्णय अनुसार वेरुजु दाखिलाको भौचर वेगर धरौटी फिर्ता गर्नाले फिर्ता भएको रकम यकिन गर्न सकिएको छैन ।

२४. **कर्मचारी कल्याणकोष** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १३ मा स्थानीय निकायको पुँजीगत रकमबाट खर्च गर्न र कार्य गर्न नपाइने गरी तोकिएको छ । कार्यालयले यो वर्ष कर्मचारी कल्याणकोष खातामा पुँजीगततर्फको बजेटबाट रु.३,१२,३७५।– गरी जम्मा गरेकोले नियमको व्यवस्था भन्दा फरक गरी खर्च गरेको कार्य नियमित मान्न सकिएन ।

२५. **बढी खर्च** : २३ औं इलाका परिषद् सन्चालन गर्न २०७२।१०।१० मा विभिन्न मितिमा खरिद गरेका बिल, र दैनिक भ्रमण भत्ता तथा विविध खर्च समेत रु.४,०५,६६०।– का विल भर्पाइ पेश भई सोही रकम खर्च जनाउनु पर्नेमा रु.४,२७,५८०।– खर्च गरेकोले बिल भन्दा बढी खर्च लेखेको रु.२१,९२०।- असुल हुनुपर्दछ ।

२६. **कर बिजक** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ७१(१) बमोजिम आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्वर र मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त गरेको व्यक्ति, फर्म, संस्था वा कम्पनीसँग खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालय विभिन्न सप्लायर्सबाट सामान खरिद गरी रु.१,८३,१४०।– खर्च लेखेकोमा ५ सप्लायर्सको मू.अ.कर दर्ता बिल बेगर खर्च गरेको छ। नियमको व्यवस्थाको पालना गरेर मात्र खरिद कार्य गर्नुपर्दछ ।

२७. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम भुक्तानी रकममा १.५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सप्लायर्सलाई सामान खरिद गर्दा र बैठक भत्ता बापतको रकम भुक्तानी गर्दा अग्रिम कर कट्टा गरी भुक्तानी दिनु पर्नेमा कट्टी गरेको नदेखिएकोले रु.१८,७७५।- कर रकम असुल गर्नुपर्दछ।

२८. **कामको दररेट** : नि.मा.वि चुडेल गाउँको फिल्ड निर्माण कार्यको ल.ई रु.२,१६,१३९।- मा उपभोक्ता समूहले व्यहोर्ने अंश कट्टी गरी रु.१,८४,०००।– भुक्तानी दिएको पाइयो। उक्त फिल्ड निर्माण कार्यको माटो खन्ने कार्य १४०० घ.मि.को स्वीकृत जिल्ला दररेट रु. ९३।९४ हुनुपर्नेमा रु.११३।६४ गरी जिल्ला दररेटभन्दा रु.१९।७० बढी दरले मूल्याङ्कन गरी रु.२७,४४०।– बढी भुक्तानी गरेको रकम असुल हुनुपर्दछ।

२९. **एकल बोर्ड निर्णय** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को २०(४) ले स्थानीय निकायको परिषद्‌बाट कार्यक्रम र बजेट स्वीकृत गरी सकेपछि संशोधन गर्न पाइने छैन भन्ने व्यवस्था गरेको छ। घट्टेखोला सिँचाइ, ताम्तीको नाममा रु.५,१५,०००।– योजना स्वीकृत गरेकोमा जिल्ला विकास समितिको एकल बोर्डबाट २०७३।१।७ मा निर्णय गरी सो योजनाको रकम लमावगर वर्थिङ्ग सेन्टरमा खानेपानी निर्माणको कार्य गराई रु.४,८०,०००।– खर्च गरेको छ। परिषदको निर्णय बेगर खर्च लेख्न मिल्दैन।

३०. **दायित्व सृजना** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम दायित्व सृजना भएको रकम कार्यालय प्रमुखले प्रमाणीत गरी (म.ले.प.फा.नं.१८) गराई राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खलंगा खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई गत वर्षको रु.३४,६८६।– दायित्व सृजना (म.ले.प.फा.नं.१८ प्रमाणित) बेगर भुक्तानी गरेको छ। यसरी खर्च लेख्न मिल्ने देखिँदैन।

३१. **अभिलेख** : आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम कार्यालयमा प्रयोग हुने सवारी साधन, मेशिनरी औजार आदीको मर्मत गर्दा (म.ले.प.फा.नं.२) मर्मत अभिलेखमा चढाउनुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न सवारी साधन मर्मत गर्ने लागत अनुमान तयार तथा मर्मत आदेश स्वीकृत बेगर ५ विभिन्न सप्लायर्स तथा मर्मत केन्द्रलाई रु.४,५१,९०७– खर्च लेखेकोमा मर्मत अभिलेख खाता र मर्मत स्वीकृत आदेश स्वीकृत गरेको पाइएन। तोकिएको प्रक्रिया पूरा गरेर मात्र भुक्तानी गर्नुपर्दछ ।

३२. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८५ बमोजिम स्थानीय निकायले मालसामान खरिद, सेवा उपलब्ध वा निर्माण कार्य सम्बन्धी कामको लागि कुनै व्यक्ति, फर्म वा सप्लायर्सलाई पेश्की दिने व्यवस्था छ। कार्यालयले यो वर्ष विभिन्न संस्था वा व्यक्तिलाई पेश्की दिएको रकम रु.४४,५०,०००।- फछ्र्यौट गर्न बाँकी रहेकोले नियमानुसार पेश्की फछ्र्यौट गराउनुपर्दछ।

३३. **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) मा सार्वजनिक निकायले रु. २५ हजार भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा दर्ता भएकोसँग खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले लागत अनुमान तयार नगरी विभिन्न सप्लायर्सबाट रु.१७,६८,६५८।- का सामान सोझै खरिद गेको छ। नियमानुसारको प्रक्रिया पुरा गरेर मात्र खरिद गर्नुपर्दछ।

३४. **करार सेवा** : करार सेवामा कार्यरत कर्मचारीलाई तलब भत्ता भुक्तानी गर्दा सेवाको शर्त र कार्य अवधि भित्र रहेको हुनुपर्ने व्यवस्था छ। आई.सी.टी. कृष्ण कुमार श्रेष्ठलाई २०७२ श्रावण देखि

असोज सम्मको ३ महिनाको (दशैं खर्च समेत) तलब रु. १,१२,५००।– भुक्तानी खर्च लेखेकोमा निजको कार्य अवधि म्याद थप भएको प्रमाण बेगर तलब खर्च लेखेकोले सोको प्रमाण पेश गर्नुपर्दछ ।

३५. **स्पेसिफिकेशन बेगर खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को ८४ मा दश लाख रुपैंयासम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा खरिद गर्दा सिलवन्दी दरभाउपत्र आव्हान गरी गराउनु पर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष निर्माण सामाग्री परीक्षण समेतको कार्य गर्ने गरी ल्याव स्थापना गर्ने कार्यमा रु.१२,९८,८६२।–खर्च गरेको पाइयो। ल्याव स्थापनाको लागत अनुमान स्वीकृत गरेको देखिँएन, कार्यालयले ल्याव स्थापना गर्ने कार्यका लागि एक कर्मचारीलाई रु.११,००,०००।– पेश्की दिई खरिदको कार्य गराएकोमा ३ सप्लायर्सबाट दररेट माग गरेको आधारमा घटी दररेट पेश गर्ने एक इन्टरनेशनलको रु. १२,१२,८६२।– को बिलबाट सामान खरिद कार्यमा खर्च गरेको छ, उक्त मालसामानहरु काठमाडौंबाट नेपालगंज हुंदै जुम्लासम्मको ढुवानी गराएबापत रु.८६,०००।– कार्यालयकै तर्फबाट ढुवानी खर्च व्यहोरेको छ। खरिद गरिएका जिन्सी मालसामान (ल्याव सामाग्री) २०७३।३।१२ मा आम्दानी देखाएको भएतापनि उक्त सामानहरुको परीक्षण, ग्यारेन्टी, वारेन्टी समेतको वारेमा सप्लायर्ससँग सम्भौता गरेको छैन, विभिन्न सप्लायर्स तथा ढुवानीकर्तालाई भुक्तानी गरेको रकममा अग्रिम कर कट्टी गरेको रकम रु.२६,०७०।- समेत यकिन गरी असुल गर्नुपर्ने देखिएको र ल्याव सामान जडान र सञ्चालन गरी कार्यसम्पन्न भएको प्रमाण पेश भएको छैन। ल्याव स्थापना कार्य सम्पन्न गराई नियम अनुसार कार्य नगर्नेलाई जिम्मेवार बनाइनुपर्दछ।

३६. **अनुगमन खर्च** : सामाजिक परिचालन कार्यविधि २०७१ को ६.१२ बमोजिम सामाजिक परिचालकले तोकिएको ढांचामा सम्बन्धित स्थानीय सेवा प्रदायकलाई प्रगति प्रतिवेदन वुझाउनु पर्ने व्यवस्था छ । स्थानीय सेवा प्रदायकले उक्त प्रतिवेदन संकलन गरी एकीकृत प्रतिवेदन जिल्ला विकास समितिलाई वुझाउनु पर्ने व्यवस्था छ। ०७३।१।१५ देखि १।२१ सम्म राजनैतिक दल, पत्रकार लगायत २२ जनालाई जि.वि.स अर्न्तगतका योजनाको अनुगमन गरे बापत रु. ५०,०००।– र जि.वि.स कर्मचारी ५ जनाको सामाजिक परिचालक परिचालन अनुगमन, निरीक्षण बापत रु. ८४,०००।– गरी जम्मा रु. १,३४,०००।– खर्च लेखेकोमा योजना सम्बन्धी अनुगमन र निरीक्षण प्रतिवेदन प्रस्तुत भएको छैन।

३७. **अनुदान उपयोग** : नागरिक सचेतना केन्द्रलाई रु.१४,४०,०००।- निकासा गरेकोमा ती सचेतना केन्द्रले सामाजिक परिचालन निर्देशिका, २०७१ को ५.३ बमोजिम निकासा भएको रकमबाट सम्पादन गरेको काम तथा प्रगति विवरण लेखापरीक्षणमा पेश भएन। सामाजिक परिचालन निर्देशिका, २०७१ को नियम ६.१० बमोजिम स्थानीय सेवा प्रदायकको जिम्मेवारी तोकि दिएको छ । गैरसरकारी सरकारी संस्था ४ (सेवा प्रदायक संस्थाहरु) लाई निकासा दिएको रु.१५,२८,०००।- बाट उक्त संस्थाले कार्यक्रमको उद्देश्य अनुसार कार्य गरे नगरेको विवरण लेखापरीक्षणमा पेश भएन। तसर्थ निकासा रकमबाट उद्देश्य बमोजिमको कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्ने व्यवस्था गर्नुपर्दछ।

३८. **पेश्की अभिलेख** : कार्यालयले आ.व.को अन्त्यसम्म सामुदायिक विकास कार्यक्रमतर्फ पेश्की बाँकी देखिएको (म.ले.प.फा.नं.१४ अनुसार) रकम र आन्तरिक लेखापरीक्षणमा देखाएको पेश्की बाँकी बेरुजू रकम फरक परेको देखिन्छ। लेखापरीक्षणको क्रममा पेश भएको फछ्र्यौट गर्न बाँकी पेश्की ( म.ले.प.फा.नं.१४) रु.२६,५५,०८०।- आर्थिक कार्यविधि नियमावली अनुसार फछ्र्यौट हुनुपर्दछ।

३९. **कार्यक्रम सञ्चालन प्रक्रिया** : कार्यालयले जलवायु परिवर्तन सहयोग कार्यक्रमको स्वीकृत वार्षिक कार्यक्रम सन्चालन गर्न विभिन्न विषयगत कार्यालयलाई निकासा पठाई कार्यक्रम सञ्चालन गर्ने गरेको पाइयो । विषयगत कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम र यस कार्यक्रमका क्रियाकलाप समेत एकै प्रकारका रहेको समेत पाइयो । विषयगत कार्यालयले जि.वि.स.मा कार्यक्रम पेश गर्दा

आफ्नो वार्षिक कार्यक्रम भित्रकै कार्यहरु पेश गरी रकम निकासा लिई कार्यक्रम सञ्चालन गर्नाले कार्यक्रममा दोहोरोपना र बढी खर्च हुने गरेकोले विषयगत कार्यालयबाट पेश हुने कार्यक्रम समेत प्रभावकारी रुपमा छनौट गराउनुपर्दछ । यस वर्ष जिल्ला वन कार्यालय, महिला तथा बालबालिका कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय तथा पशु सेवा कार्यालयका काममा दोहोरोपना देखिएको छ ।

४०. **भुक्तानी बाँकी** : खलंगा खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई आ.व. २०६८।६९ देखि वक्यौता रकम रु. ८०,९१०।– भुक्तानी दिन बाँको विवरण (म.ले.प.फा.नं.१८) बेगर खर्च लेखेको रकम अनियमित देखिएको छ ।

४१. **अग्रीम कर** : आयकर ऐन, २०५८ मा कुनै सेवा खरिद निर्माण कार्य वा परामर्श सेवा भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । एक ना.सु. ले विपद व्यवस्थापन अर्न्तगत अल्पकालिन सामाग्री खरिद गरी एक ट्रेडर्स नेपालगंजबाट रु.१,५२,७७६।– र एक निर्माण सामाग्री सप्लायर्सलाई रु.५०,०००।– भुक्तानीमा आयकर ऐन बमोजिम अग्रिम कर कट्टी नगरेकोले कर रु.५,६९२।- असुल गर्नुपर्दछ ।

४२. **सम्झौता र भुक्तानी** : एक रेडियो एफ.एम.सँग २०७३।१।१५ देखि ३।१५ सम्म वहु पोषण कार्यक्रम सञ्चालन गर्न २०७२।१२।२६ मा सम्झौता रकम रु.५०,०००।– उल्लेख गरेकोमा उक्त काममा रु.१,००,०००।– खर्च लखेकोले सम्झौता रकम परिवर्तन गरेको प्रमाण बेगर थप रु.५०,०००।– भुक्तानी हुनुको कारण स्पष्ट हुनुपर्दछ ।

४३. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावलाी २०६४ को नियम १८५ बमोजिम स्थानीय निकायले मालसामान खरिद गर्न, सेवा उपलव्ध गर्न वा निर्माण सम्बन्धी कामको लागि कुनै व्यक्ति, फर्म वा संस्थालाई पेश्की दिने व्यवस्था छ । कार्यालयले यो वर्ष विभिन्न संस्था वा व्यक्तिलाई दिएको आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्र्यौट नगरी बाँकी रहेको पेश्की रु.३८,३४,०००।- नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

४४. **आन्तरिक लेखापरीक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२ बमोजिम आन्तरिक लेखापरीक्षण गराई बेरुजू वा त्रुटि अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडीनै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्ने वा असुल उपर गर्नुपर्ने असुल गरी त्यसको प्रमाण सहित संलग्न राखी लेखा अद्यावधिक गराई राख्नु कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखको दायित्व हुने व्यवस्था छ । कार्यालयले विभिन्न संस्था वा व्यक्ति र फर्मसँग कारोबार गर्दा अग्रिम कर कट्टी गर्नुपर्ने उल्लेख गरेकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म अग्रिम कर कट्टी गरी दाखिला गरेको पाइएन ।

**कर्णाली रोजगार कार्यक्रम**

४५. **कार्यक्रम सञ्चालन** : कर्णाली रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७० बमोजिम कार्यक्रम तयार गरी सम्बन्धित गा.वि.स.सचिवबाट प्रमाणित गराउने गरेको भए तापनि निर्माण समुहले कामदारलाई ज्याला भुक्तानी गरेको अभिलेख लेखापरीक्षणमा पेश हुने गरेको छैन ।

४६. **योजना छनौटको आधार** : यस कार्यक्रमबाट सञ्चालन हुने आयोजना सडक, पयंटकियस्थल, पुल पुलेसा, जैविक विविधता, आय आर्जन हुने गरी तोकिएको र प्राथमिकता निर्धारण गर्दा सडक पूर्वाधार सम्बन्धी आयोजनालाई पहिलो प्राथमिकतामा राखी फलफुल तथा तरकारी खेती र जडिवुटी लगायतका नगदेवाली आय आर्जन समेतमा लगानी गर्न सकिने गरी तोकिएको छ । कार्यालयलाई

प्राप्त यो वर्षको खर्चको अख्तियारी रु.७,२५,००,०००।– बाट आयोजनाहरु छनौट गरी सञ्चालन गर्ने स्वीकृति प्राप्त भएको छ ।

४७. **काममा दोहोरोपना** : कार्यालयलाई प्राप्त २०७२।७३ को कार्यक्रम सञ्चालन निर्देशिनको क(१) बमोजिम जि.वि.स. अन्तंगत र अन्य निकायबाट रोजगार श्रृजना गर्ने समान प्रकृतिका कार्यक्रम सञ्चालन भई लाभान्वित भएका समूदाय एवं कार्यक्रमलाई दोहोरो नपर्ने गरी मात्र कार्यक्रम सञ्चालन गर्नुपर्ने गरी तोकिएको छ । कार्यालयले यस कार्यक्रमको बजेटबाट गा.वि.स.का योजनामा रकम स्वीकृति गर्दा ग्याप तथा आइसीआरडव्लु र ड्रिलिप लागु भएका ७ गा.वि.का ६ वटा सडक निर्माण कार्य गराउने गरी रु. १,०२,००,०००।– को काम कर्णाली रोजगारयोजनाको बजेटबाट लागत अनुमान स्वीकृत गरी खर्च गर्नाले निर्देशिकाको व्यवस्थाको पालना भएको पाइएन ।

४८. **अन्य योजना** : बजेट खर्चको अख्तियारीमा ४ अन्य तर्फका योजनाको लागि रु.२८,००,०००।– समेत विभिन्न क्षेत्रका ३५ योजना गर्ने गरी तोकि पठाएकोमा कार्यालयले योजना छनौट गर्दा १ न.पा.सहित २६ गा.वि.स.मा ३४ योजना र जिल्ला विकास समितिका ४ योजना शिप तथा क्षमता विकास आयोजनाको सर्भे र अन्य आयोजना तथा कार्यहरु २ उल्लेख गरी रु. २३ लाख छुट्याएको छ । विद्युत तर्फ अख्तियारी बमोजिम १० योजना हुनुपर्नेमा ९ योजना सडक निर्माण तर्फ १६ योजना पठाएकोमा उक्त शीर्षकमा १५ योजना मात्र समावेश गरेको छ । अन्य तर्फ प्राप्त अख्तियारी रकम रु. २८,००,०००।– भएको र कार्यालयले पटमारा गा.वि.स को एक सामुदायिक वचत तथा ऋण सहकारी संस्था भवन घेरवार कार्यमा रु. ५,००,०००।– समेत निकासा गरी ३६ योजनामा खर्च गराएको छ । कार्यक्रम संशोधन बेगर २२ औं जिल्ला परिषद्बाट जि.वि.स योजनामा समावेश भएको एक सामूदायिक सहकारी संस्थाको भवन घेरवार योजनालाई कर्णाली रोजगार कार्यक्रमको बजेट रकमबाट रु.५,००,०००।- भुक्तानी गरेको छ । स्वीकृत निर्देशिकाअनुसार मात्र खर्च गर्नुपर्दछ ।

४९. **आयोजनाको प्राथमिकिकरण र छनौट** : कर्णाली रोजगार कार्यक्रमबाट योजना स्वीकृती गर्दा स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ बमोजिम हुनुपर्ने व्यवस्था भई आयोजनाको प्राथमिकताक्रम निर्धारण गर्नुपर्ने व्यवस्था छ । कार्यविधिको दफा २० मा योजना तर्जुमा सम्बन्धमा व्यवस्था गरी २०(४) मा स्थानीय निकायको परिषद्बाट कार्यक्रम र बजेट स्वीकृत भई सकेपछि संशोधन गर्न पाइने छैन भन्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालयले ८ वटै इलाका परिषद्बाट माग भइ आएका योजनाहरुलाई वार्षिक जिल्ला विकास योजना २०७२।७३ मा समावेश गरी २२ औं जिल्ला परिषद्बाट विभिन्न गा.वि.स. हरुका योजनाहरुको पी १, पी २, पी ३ प्राथमिकिकरण तोकेको आधारमा योजनाको नाम परिषद्बाट पारित गरेको छ । यो वर्ष कर्णाली रोजगार कार्यक्रमबाट सञ्चालन गर्ने गरी प्राथमिकता तोकिएका योजनाभन्दा फरक योजना स्वीकृत गरी खर्च गर्ने गरेको र योजनाको प्राथमिकीकरण समेत फरक देखिएको छ ।

यो वर्ष ९ गा.वि.स.बाट प्राथमिकतामा राखी कर्णाली रोजगारबाट योजनाहरु सञ्चालन गर्ने गरी प्राथमिकिकरण गरेका १६ मध्ये मालिकावोता गा.वि.स.को बोलने भेडा राख्न खानेपानी योजना मात्र कर्णाली रोजगार कार्यक्रमबाट सञ्चालन गरी गा.वि.स.बाट छनौट भएको योजना समावेश गरेको पाइयो । रोजगार कार्यक्रम अर्न्तगतको रकम निकासा गर्न खडा गरिएको २०७२।११।२२ को टिप्पणीमा आयोजना इन्जिनियरबाट पेश हुंदा योजनाको छनौटको आधारमा २०७२।७३ को लागि गाउँ परिषद् बाट छनौट भई आएका उल्लेख गरेको भएतापनि योजना गाउं परिषद्, इलाका स्तरिय हुंदै जिल्ला विकास योजनामा २०७२।७३ को लागि कर्णाली रोजगार कार्यक्रमबाटै हुने गरी स्वीकृति भएको पाइएन । जिल्ला विकास योजनामा इलाका नं. ६ अर्न्तगतका (सि.नं.११) योजना मध्ये महावैपातर खोला गा.वि.स.को चिउडी मर्ची पादनेस्थान धाचुगाउं कडु हुंदै

वन्चरी काट्ने ग्रामिण सडक छनौट गरी कार्यान्वयन गर्ने निकाय डिभिजन सडक कार्यालय अर्न्तगत राखिएकोमा उक्त सडकमा यसै वर्षको कर्णाली रोजगार कार्यक्रमबाट रु. २७ लाख छुट्याई निकासा गरेको छ । निर्देशिकाको व्यवस्था अनुसार मात्र कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

५०. **अधुरा योजनामा भएको खर्च** : रोजगार कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७१ को दफा ७(ड) मा स्थानीयस्तरको आवश्यकता अनुसार माग गरिएको एक वर्ष भन्दा बढी समय लाग्ने योजनाको वहुवर्षिय खरिद योजना स्वीकृत गरी सञ्चालन गरिने व्यवस्था छ । कार्यालयले यस कार्यक्रमबाट स्वीकृत गरिएका योजना र ती योजनाको लागि बजेट छुट्याएकोमा वहुवर्षीय खरिद योजना वेगर विगत २ वर्षमा ४३ योजनामा रु. ४५४५५०००।- खर्च गरेको छ ।

५१. **योजनामा खर्चको अवस्था** : कर्णाली रोजगार योजनाको कार्यक्रमबाट २०७२।७३ मा एउटा गा.वि.स.मा बढीमा २ वटा सम्म मात्र योजनामा रकम विनियोजन गर्न पाउने व्यवस्था छ । उक्त व्यवस्था अर्न्तगत कार्यालयले गा.वि.स. गत योजना तथा रकम वाँडफांड स्वीकृत गरिसकेपछि पुन अन्य कार्यक्रम तर्फको रु.२८,००,०००।– मध्येबाट जि.वि.स. अर्न्तगतका सर्भे तथा क्षमता विकास कार्यक्रममा रु. १६,००,०००।– निकासा गरिसकेपछि पातरासी गा.वि.स.कै तल्फी लघुजलविद्युत योजनामा रु.३,००,०००।– र मुन्जाउ काठेपुल (कनमा सुन्दरी गा.वि.स.का) योजनामा रु. ४,००,०००।– समेत सम्बन्धित गा.वि.सको पुँजीगत खातामा निकासा पठाई खर्च गरेको छ । उक्त योजना जिल्ला परिषद्बाट पारित भएको प्रमाण पेश भएन । योजनामा यस वर्षको रोजगार पाउने दिनको आधारमा जिल्ला दररेटबाट लाभग्राही समूदायले रकम प्राप्त गरेको तथा निर्देशिका बमोजिम योजनाको खर्च सार्वजनिक तथा सामाजिक लेखापरीक्षण समेतको कार्य सम्पन्न गरी प्रतिवेदन खडा गरेको पाइएन ।

५२. **थप रकम भुक्तानीको आधार** : कार्यक्रम सञ्चालन निर्देशिका २०७१ को नियम १९ बमोजिम कर्णाली रोजगार योजनाको बजेट तथा भुक्तानी प्रकृया स्थानीय निकाय स्रोत परिचालन व्यवस्थापन कार्यविधि, २०६९ बमोजिम हुने गरी तोकिएको छ। स्रोत परिचालन निर्देशिका, २०६९ को २५(१०) मा उपभोक्ता समितिले स्वीकृत कार्यक्रम बमोजिम गरेको कामको मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । कर्णाली रोजगार कार्यक्रम अर्न्तगतका योजना श्रममूलक जनसहभागिताको आधारमा वार्षिक कार्यदिन तोकी जिल्ला दररेटबाट हुने लागतको ८० प्रतिशत सम्मको रकम पाउने व्यवस्था छ । यो वर्ष वार्षिक कार्य गर्ने लक्ष्य दिन ६० रहेको आधारबाट स्वीकृत गरी उपभोक्ता समिति मार्फत संचालित योजनाको लागत अनुमान स्वीकृत भई सो बमोजिम योजनामा रकम छुट्याई सकेपछि पुन ती योजनामा थप रकम निकासा दिई खर्च गरेको छ । श्रममूलक लागत सहभागिता रहने योजनामा रकम थप गर्दा कार्य लक्ष्य दिन समेत वढ्न जाने भएकोमा सोको कार्यक्रम संशोधन समेत गराएको पाइएन । यस वर्ष ४ वटा योजनामा रु.१६०००००।- थप निकासा गरेको छ । आयोजना सम्पन्न गर्दा स्वीकृत लागत अनुमान अनुसारको ८० प्रतिशत भन्दा बढी रकम निकासा दिई खर्च गराएकोमा उक्त आयोजनामा बढी लागत व्यहोर्ने गरी सम्झौता र थप कामको लागत स्वीकृति र थप कार्य दिनको ज्याला बापत ज्यालामा कार्य गर्ने समितिहरुले थप रकम वुझि लिएको प्रमाण र योजनामा थप रकम भुक्तानी गर्नु पूर्व संशोधित कामको लागत परिषद्बाट समर्थन नगराई भुक्तानी गरेको छ ।

५३. **गत विगतको योजना सम्पन्न अवस्था** : स्थानीय निकाय स्रोत परिचालन कार्यविधि, २०६९ को दफा २०(४) मा परिषद्बाट पारित भएको कार्यक्रम बजेट संशोधन गर्न नपाईने व्यवस्था छ । कार्यालयले गत विगत देखि कर्णाली रोजगार कार्यक्रमबाट संचालित आयोजना यस वर्षसम्म क्रमागत रहेको र सम्पन्न गरेको मध्ये योजनामा स्वीकृत आयोजनागत बजेट भन्दा बढी रकम निकासा दिई खर्च

गराएकोमा उक्त बढी खर्च भएको कार्यको आधार तथा पुष्ट्याई पेश गरी परिषद्बाट संशोधन समर्थन नगराई ६ वटा योजनामा रु.२६,१०,०८४।– निकासा खर्च गरेको छ ।

५४. **कन्टिन्जेन्सी खर्च :** कार्यक्रम सञ्चालन निर्देशिका, २०७१ को नियम ६ मा प्रत्येक आयोजनाको कूल लागत अनुमानको बढीमा ५ प्रतिशत रकम कन्टिन्जेन्सीको लागि छुट्याउन सकिने व्यवस्था छ। उक्त रकम योजना व्यवस्थापनको लागि जि.वि.स.ले ४ प्रतिशत र गा.वि.स./नगरपालिकाले १ प्रतिशत उपयोग गर्न सक्ने व्यवस्था छ । जि.वि.सले चार प्रतिशत रकमबाट आयोजनाको लागि हाते औजार खरिदको लागि २.५ प्रतिशत र बांकी १.५ प्रतिशत स्रोत परिचालन निर्देशिकाले तोकेको क्षेत्रमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्षको रकम निकासा गर्दा कन्टिन्जेन्सी बापतको २ प्रतिशत जि.वि.स मा तथा ३ प्रतिशत रकम गा.वि.स.मा पठाउने गरी निर्णय गरेको छ । जिल्ला विकास समितिमा राखिएको कन्टिन्जेन्सीबाट रु.८३१५३४.०० खर्च समेत गरेको छ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को व्यवस्था बमोजिम रु. ३ लाख भन्दा बढीको लागत अनुमान भएको मालसामान खरिद गर्दा शिलवन्दी दरभाउपत्र/बोलपत्रको माध्यमबाट गर्नुपर्नेमा कार्यालयले कन्टिन्जेन्सी रकमबाट औजार खरिद गर्दा एकै दिन २ सप्लायर्सबाट पटक पटक खरिद गरी प्रतिस्पर्धा बेगर रु. ४,९१,६३४।–सामानको भुक्तानी दिएकोमा उक्त सामाग्री कुन समूहको लागि खरिद गरिएको नखुलेको र औजार वितरणको भरपाई समेत रहेको देखिएन। कार्यक्रम सञ्चालन निर्देशिका विपरित खाना तथा खाजाको बिल समावेश गरी रु. १,९०,०००।– र अन्य कार्यालयको स्थापना गर्दाको मालसामान तथा विद्युत सामाग्री समेतको खर्च भुक्तानी गरेको कार्यलाई नियमित मान्न सकिएन । जिल्लामा अत्यावश्यक भई खोलिएको कार्यालयलाई आवश्यक सामान खरिद गरी पठाईएको भन्ने भनाइ कार्यालयको रहेको छ ।

५५. **अन्तिम किस्ता :** कार्यक्रम सञ्चालन निर्देशिका, २०७१ बमोजिम आयोजनाको अन्तिम भुक्तानी कार्य इन्जिनियरले कार्यसम्पन्न प्रतिवेदन शिफारिस गरे पश्चात मात्र हुने व्यवस्था छ । कार्यालयले यो वर्ष आयोजनाको रकम गा.वि.स मा निकासा गर्दा आषाढ महिनामा दुई पटक गरी रु.४,१४,७३,६००। निकासा पठाएको पाइयो । अन्तिम किस्ताको रकम निकासा दिनु अगावै सवै योजनाको कार्यसम्पन्न प्रतिवेदन खडा नभएतापनि गा.वि.स. तथा नगरपालिका खातामा रकम निकासा पठाएकोमा चन्दननाथ नगरपालिकाको रु.७५,००,०००।– सहित डिल्लीचौर, छुमचौर, पातारासी, गुठीचौर, ताम्ती गा.वि.स. मा पठाएको रकम क्रमश रु. २७ लाख, २६ लाख, २३ लाख, ३६ लाख ५० हजारका योजनाको नापी किताब र कार्य सम्पन्न प्रतिवेदन ले.प.अवधिसम्म सम्बन्धित गा.वि.स. बाट जिल्ला विकास आयोजनामा प्राप्त नगरेको व्यहोराको जानकारी दिएको छ । निर्देशिकाले तोकेको प्रक्रिया पूरा गरेर मात्र अन्तिम किस्ताको भुक्तानी गर्नुपर्दछ ।

५६. **फिल्ड भत्ता :** कार्यालयले प्राविधिक कर्मचारीलाई परिषद्बाट फिल्ड भत्ता दिने निर्णय भएको आधार देखाई मासिक दरबाट फिल्ड भत्ता भुक्तानी दिने गरेको पाइयो । यो वर्ष २०७२।१२।१५ देखि नयाँ नियुक्ति भई आएका २ कर्मचारी समेतलाई फिल्ड भत्ता भुक्तानी गर्दा २०७२ चैत्र महिनामा पुरै फिल्ड भत्ता भुक्तानी गरी बढी भुक्तानी गरेको रकम रु.८,५००।- असुल हुनुपर्दछ ।

५७. **बढी खर्च** : जिल्ला परिषद्बाट रोजगार कार्यक्रम तर्फको चालु खर्चमा गरेको विनियोजन स्वीकृति भन्दा तलब, पोशाक र अनुगमन शीर्षकमा रु.८८६१४३ बढी खर्च गरेकोमा रकमान्तर तथा खर्च समर्थन स्वीकृति भएको पाइएन

५८. **पेश्की र जमानत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा निर्माण व्यवसायीलाई पेश्की दिंदा बैंक जमानत लिनु पर्ने र उक्त जमानतको अवधि सम्झौतामा पेश्की फछ्र्यौट गर्नुपर्ने

अवधि भन्दा कम्तिमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ। कुडारी तात्ती सडक खण्डमा पक्की पुल निर्माण गर्ने गरी एक निर्माण व्यवसायीसँग रु.३,५१,९२,१२४।– मा २०७५ जेष्ठ ३१ सम्म पुरा गर्ने गरी २०७३।३।५ मा खरिद सम्झौता भएको छ । यो वर्ष निर्माण व्यवसायीलाई पेश्की जमानत ग्यारेन्टी पेश गरेको आधारमा रु. ३०,३२,०००।– भुक्तानी गरेको छ ।

निर्माण व्यवसायीलाई पेश्की उपलव्ध गराउंदाको बैंक जमानतको म्याद २०७३ चैत्रसम्म मात्र रहेको र फोटोकपि जमानत पत्र पेश गरी पेश्की उपलव्ध गराएको छ। खरिद सम्झौता बमोजिम कार्यादेश भएको २१ दिन भित्र साइडमा परिचालित हुनुपर्ने भए तापनि निर्माण स्थलको भ्रमण गर्दा व्यवसायी साइटमा परिचालित भएको पाइएन ।

५९. **सवारी साधन र अन्य मालसामान** : सार्वजनिक लेखा समितिले २०६९।१।८ मा निर्माण कार्यको बिल अफ क्वान्टिटीमा सवारीसाधन लगायतका मेशिनरी औजार समावेश नगर्न निर्देशन दिइ सकेकोमा कार्यालयले एक पुलको ठेक्काको आइटममा मोटरसाइकल १५० सि.सि. (मासिक भाडा) तथा टोटल स्टेशन समेतलाई समावेश गरी ठेक्का बन्दोबस्त गरेको पाइयो । लेखा समितिको निर्देशन र खरिद ऐन नियमको व्यवस्था भन्दा फरक गरी कार्य गराउन मिल्ने देखिएन ।

६०. **एकल बोर्ड निर्णय** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको म्याद थप गर्नुपरेमा म्याद समाप्त हुनु ७ दिन अगावै निर्माण व्यवसायीले निवेदन दिनु पर्ने व्यवस्था छ । नियम १२१ मा तोकिएको म्याद भित्र कार्य सम्पन्न नभएमा निर्माण व्यवसायीले सार्वजनिक निकायलाई पूर्व निर्धारित क्षतिपूर्ति तिर्नु पर्ने व्यवस्था छ। शुरु अवधि २०७१ पौषभित्र कार्य सम्पन्न गर्नुपर्ने जवाखोला पुल निर्माण कार्यको २०७१।१२।२७ मा निर्माण व्यवसायीको माग बमोजिम २०७२।३ मसान्तसम्म म्याद थप दिएको पाइयो । तोकिएको म्याद भित्र समेत कार्य सम्पन्न नगरेकोमा २०७२।८।१६ मा जि.वि.स को एकलबोर्डबाट २०७३।३।१५ सम्म पुन म्याद थप गर्ने निर्णय भएको छ । निर्माण व्यवसायीको २०७२ आषाढ मसान्त देखि २०७२।८।१६ सम्म म्याद थप नै नभएको र एकल बोर्डले २०७३।३।१५ सम्म म्याद थप गरेको समयमा पनि कार्य सम्पन्न नभएकोमा २०७३।३।२७ मा आठौं रनिङ बिलको रु.४१,४५,१३५।– भुक्तानी गरेको छ ।

निर्माण व्यवसायीको म्याद थप गर्दा अवधि टुटाएको र म्याद थप नगरी भुक्तानी गरेको सम्बन्धमा छानबिन गरी पूर्व निर्धारित क्षतिपूर्ति समेत असुल गर्नुपर्दछ ।

६१. **त्रुटिपूर्ण बीजक** : मू.अ.कर नियमावली २०५३ बमोजिम दर्ता भएको विक्रेताले खरिदकर्तालाई तोकिएको ढांचामा कर बीजक दिई मू.अ.कर संकलन गर्नुपर्ने व्यवस्था छ। जवाखोला पुल निर्माण गर्ने एक निर्माण व्यवसायीले बीजक नं. ३ बाट कारोबार मितिनै नराखी मू.अ.कर बापत रु.४,७४,००१।– भुक्तानी लिएकोले उक्त रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

६२. **अधुरो ठेक्का** : ठेक्का नं.०१/०६७/६८ बाट जवानदीको सँगमस्थलमा निर्माण गर्ने गरी २०६८।३।१५ मा खरिद सम्झौता भई हालसम्म पटक पटक म्याद थप गरिएको यो पुल निर्माण कार्य यस वर्ष समेत सम्पन्न भएको पाइएन । शुरु ठेक्का सम्झौता रु. २,८८,३०,८०३।- भई २०७०।१०।१५ सम्म कार्य अवधि रहेको यो पुल निर्माणमा यस वर्षसम्म चौथो रनिङ्ग बिलसम्मको रु. १,०९,७१,७५९।– भुक्तानी भै सकेको छ ।

६२.१. सार्वजनिक खरिद नियमावाली, २०६४ को नियम १२० मा खरिद सम्झौताको म्याद थप गर्नु पर्दा निर्माण व्यवसायिले म्याद सकिनु ७ दिन अगावै निवेदन दिनु पर्ने व्यवस्था छ । निर्माण व्यवसायीले म्याद थप माग गरेको आधारमा २०७०।११।१२ को निर्णयबाट २०७०।१०।१६ देखि २०७१ आषाढ

मसान्त (शुरु अवधिको शत प्रतिशत अवधि) थप गर्ने निर्णय गरेको छ। निर्माण कार्यस्थलको स्पष्ट ड्रइङ्ग उपलब्ध हुनुपर्ने, एप्रोचरोड वनाउने स्थानका जग्गाधनीले अवरोध गरेको, साइटमा प्राविधिक उपस्थित नरहेको, व्यहोराको निवेदन २०७१।१।२२ मा र २०७२।२।५ मा एबुटमेन्ट पायर क्यापको विस्तृत ड्रइङ्ग उपलब्ध नभएको, निर्माणस्थल दुई नदीको सँगममा रहेको र फिल्ड अनुसार हालको डिजाइन रिभ्यु गर्नुपर्ने भएकोले म्याद थप पाउन निवेदन पेश गरेको आधारमा २०७२।८।१६ मा एकल बोर्डको निर्णयबाट पुनः निर्माण व्यवसायीले पेश गरेको कार्यतालिका अनुरुप यथाशिघ्र काम सम्पन्न गर्ने गरी २०७३।३।१५ सम्म म्याद थप गरेको भए तापनि यस वर्ष सम्म पुल निर्माण कार्य सम्पन्न भएको पाइएन। पछिल्लो पटक थपिएको म्याद २०७३ आषाढ १५ मा समाप्त भै सकेकोमा समेत सो अगावै म्याद थप माग गरेको निवेदन तथा म्याद थप भएको निर्णय लेखापरीक्षणमा पेश भएन।

६२.२. खरिद नियमावलीको नियम ११० मा कार्य सम्पादन जमानतको व्यवस्था गरी जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटि सच्याउने अवधि भन्दा एक महिना बढीको हुने व्यवस्था छ। निर्माण व्यवसायीले पेश गरेको कार्य सम्पादन जमानतको म्याद २०७३ भाद्र सम्म मात्र रहेकोमा ले.प. अवधि (२०७३ मार्ग ३०) सम्म म्याद थप गरेको पाइएन।

६२.३. निर्माण व्यवसायीको म्याद २०७३।३।१५ सम्म पुऱ्याएको भए तापनि म्याद थप नगरी २०७३।३।२४ मा चौथो रनिङ बिलको रु.३८,४१,३९२।– भुक्तानी गरेको छ। यस वर्षको बिलमा जनरल आइटममा रहेको बीमा बापतको रु. ३,५०,०००।– मध्येको बाँकी रु. ४८,४४८।– समेत भुक्तानी गरेकोमा सम्झौताको शर्त र खरिद नियमावली बमोजिम बुटि सच्याउने अवधि समेटिएको बीमा पोलिसी नविकरण गराई पेश गरेको पाइएन।

६२.४. निर्माण व्यवसायीसँगको खरिद सम्झौतामा साइड अफिस (इन्जिनियर सुविधा) मा ३६ महिना उल्लेख भएको र हालसम्म पुल निर्माणको कार्य प्रगति ६० प्रतिशत मात्र रहेकोमा उक्त आइटमको पुरै भुक्तानीमा चढाएको छ।

६२.५. सार्वजनिक खरिद नियमावलीको नियम ११८ मा काम शुरु गरि सकेपछि कामको परिमाण थप घट गर्नु परेमा तोकिएको प्रतिशत सम्मको कामको भेरिएसन जारी गर्न सक्ने व्यवस्था छ। नियम १२३ मा रनिङ बिल वा बीजकको भुक्तानी गर्दा वास्तविक भएको कामको आधारमा गर्नुपर्ने व्यवस्था छ । भेरिएसन स्वीकृति बेगर यो वर्ष आइटम नं. २.४ रडको काम सम्झौता परिमाणअनुसार १६.९८ मे.टन रहेकोमा अघिल्लो बिलसम्म ४.९६ मे.टन चढाई भुक्तानी गरेकोमा यस वर्षको बिलमा सोही परिमाण २.६० मात्र कायम गरी कबुल दर रु.१,००,०००।– प्रति मे.टनले हुने रु. २,६०,०००।– भुक्तानी गरेको सम्बन्धमा पुन यकिन गरी आगामी रनिङ्ग बिलमा कट्टा गर्ने वा समायोजन गर्नुपर्दछ ।

६२.६. निर्माण व्यवसायीको २०७३।३।१५ सम्म मात्र म्याद रहेकोमा सो अवधि पश्चात म्यादथप नभएकोमा रु.३८,४१,३९२।- भुक्तानी गरेको कार्य नियमित मान्न सकिएन। खरिद सम्झौताको भुक्तानी गर्दा सम्झौताका शर्त र नियममा भएको व्यवस्थाको पालना गरेर मात्र दिनुपर्दछ।

६३. **सवारीसाधन खरिद पेश्की** : स्थानीय निकाय स्रोत परिचालन कार्यविधि, २०६९ को दफा १४ मा कन्टिन्जेन्सी रकमबाट गर्न सकिने खर्चको व्यवस्था रहेको छ। कार्यालयलाई स्थानीय सडक पुल कार्यक्रमको बजेट खर्च अख्तियारीमा सवारी साधन शीर्षक तर्फ कुनै रकम विनियोजन नभएकोमा २०७३।३।३१ को मागफाराम र खरिद आदेश स्वीकृति गराई जि.वि.स योजनाको लागि उल्लेख गरी २ कर्मचारीहरुलाई रु.१,८०,०००।- का दरले मोटरसाईकल खरिद गर्ने प्रयोजन देखाई रकम भुक्तानी गरी पेश्कीमा देखाएको छ। उक्त रकमबाट मोटरसाइकल खरिद गरेको प्रमाण तथा जिन्सी दाखिला

(ले.प.अवधि २०७३।८।३०) भएको प्रमाण पेश भएन । स्वीकृत अख्तियारीमा नभएको कार्यमा रकम भुक्तानी गर्दा मोटरसाईकलको स्पेसिफिकेशन, लागत अनुमान समेत स्वीकृत नगरी खर्च गरेको कार्य नियमित मान्न सकिएन ।

६४. **मूल्याङ्कन खर्च** : स्थानीय निकाय स्रोत परिचालन कार्यविधि, २०६९ को दफा १४ ले कन्टिन्जेन्सी रकम खर्च गर्न सकिने क्षेत्र उल्लेख गरेको छ । कार्यालयले दानसांघुपुल टेण्डर ठेक्काको मूल्याङ्कन कार्यको बैठक भत्ता उल्लेख गरी बोलपत्र मूल्याङ्कन समितिमा रहने सदस्य बाहेकका कर्मचारी समेत १८ जनालाई एउटा ठेक्काको बोलपत्र मूल्याङ्कन गरेको कार्यमा रु.५५,०००।– खर्च लेखी भुक्तानी गरेको कार्य नियमित मान्न सकिएन ।

६५. **कामको नापजाँच र बिल** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ बिल वा बीजकको भुक्तानी गर्दा प्राविधिक नापजांच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीलाई बीमा बापत रु. ३,४०,३४६।– भुक्तानी गरेकोमा खरिद सम्झौता बमोजिम निर्माण व्यवसायीले ठेक्काको बीमा गराउंदा साइड हस्तान्तरण भएको मिति देखि त्रुटि सच्याउने अवधिलाई समेटेको बीमा पोलिसी हुनुपर्नेमा बीमा पोलिसीको अवधि २०१६।६।१५ सम्म (२०७३ जेष्ठ) सम्म मात्र रहेकोले सम्झौताको शर्त अनुसार नभएको बीमा पोलिसीको आधारमा रकम भुक्तानी दिएकोले सम्झौताको शर्त अनुसारको बीमा अवधि समेत समेटिएको पोलिसीको प्रमाण पेश हुनुपर्दछ ।

६६. **एकै कार्यक्षेत्रमा २ ठेक्का** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता बमोजिम कार्य शुरु भइ सकेपछि प्राविधिक कारणबाट त्यस्तो कार्यको परिमाण थप घट गर्न वा नयाँ आइटम थप्न वा सट्टा गर्न परेका नयाँ आइटमको लागत अनुमान तयार गरी कार्य गराउन सक्ने व्यवस्था छ । जवाखोलामा पुल निर्माण कामको २०६७६८ मा ठेक्का बन्दोबस्त गरी (०१/०६७६८) निर्माण व्यवसायीसँग भएको खरिद सम्झौतामा उल्लिखित परिमाण अनुसारको कार्य गराउनुपर्ने देखाइ पटक पटक म्याद थप गरेको छ। निर्माण व्यवसायीसँग भएको ठेक्कामा ३ स्पानको आर.सी.सी पुल, एप्रोचसडक समेतको कार्य परिमाणकै आधारबाट यो वर्षसम्म भुक्तानी हुदै आएको छ । यो वर्ष सोही पुल निर्माण गर्ने स्थलमा नदीले कटान गरी लम्वाई वढ्न गएको अवस्था देखाइ सोही पुल माथी एक स्पान र स्ल्याव थप गर्ने कार्यको डिजाइन र कार्य परिमाण केन्द्रबाट स्वीकृत गरेको आधारमा स्लाब र एबुटमेन्ट १ समेतको कार्य गराउन रु.१,५८,८९,६००।– को छुट्टै लागत अनुमान स्वीकृत गरी अर्को निर्माण व्यवसायीसँग रु.१,३३,९९,८८९।– सम्झौता गरी २०७५।९।२४ सम्म कार्य अवधि राखी रु. २६,७९,०००।– मोबिलाइजेशन पेश्की दिएको छ ।

एउटै कार्य क्षेत्रको कार्य परिमाणको आधारमा साविक निर्माण व्यवसायीको अवधि पटक पटक थप गरी २०७४।३।३० सम्म पुर्याएको र भेरिएसनबाट कार्य थपघट नगरी अर्को ठेक्का बन्दोबस्त गर्नाले ९ वर्ष अवधि भित्रमा समेत पुल निर्माण नभई यातायात सञ्चालन र सेवा प्रवाहमा असर पर्ने देखिएकोले यस्तो खरिद कार्यमा संलग्न सबैलाई जिम्मेवार वनाइनु पर्ने र पछिल्लो ठेक्कामा छाडिएको कार्यपरिमाण अघिल्लो ठेक्काबाट भेरिएसन गरी नघटाएको तर्फ समेत छानबिन हुनुपर्दछ ।

६६.१. खरिद नियमावली २०६४ को नियम ११० बमोजिम बोलपत्र स्वीकृत भै सम्झौता गर्न आउंदा कवुल अंकको ५ प्रतिशत कार्य सम्पादन जमानत राख्नु पर्ने र जमानतको अवधि निर्माण कार्यको त्रुटि सच्याउने अवधि भन्दा १ महिना बढीको हुनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीसँग भएको निर्माण कार्य गर्ने अवधि २०७५।९।२४ सम्म रहेकोमा सम्झौता गर्दा पेश गरेको कार्य सम्पादन जमानतको म्याद २०७४।९।३० सम्मको मात्र पेश गरेकोले सम्झौता अनुसारको कार्य सम्पादन जमानत पेश हुनुपर्दछ ।

६६.२. आर्थिक वर्षको अन्त्यसम्ममा निर्माण व्यवसायीलाई उपलब्ध गराइएको मोबिलाइजेशन पेश्की फछ्र्यौट नभएको रु.५७,११,०००।- नियमानुसार फछ्र्यौट गर्नुपर्दछ । उल्लिखित बेरुजूहरुका सम्बन्धमा सार्वजनिक खरिद ऐन र नियमको व्यवस्था अनुसार थप कामको डिजायन परिवर्तन भई कार्य गराएको तथा नियमानुसार म्याद थप दिएको कार्यालयको भनाई रहेको छ ।

६७. **हाते औजार खरिद र खर्च :** ड्रिलिप आयोजनाबाट उपभोक्ता समिति मार्फत सम्झौता गरी सडक निर्माणको कार्य गराउंदा गाउंस्तरिय निर्माण समिति मार्फत विभिन्न निर्माण समूह समेत खडा गरी निर्माण समूहका सदस्यबाट ज्यालामा कार्य गराई कूल कामको भुक्तानी हुने गरेको छ । निर्माण समूहलाई कामको आधारमा नगद भुक्तानी गर्ने कामको सम्झौतामा हाते औजारको रकम नखुलाएको यस आयोजनाबाट समूहलाई हाते औजार समेत खरिद गरी दिने गरेको छ । हाते औजार प्रत्येक समूहको लागि पटक पटक खरिद गर्ने गरेको पाइयो । हाते औजार खरिद गरे पश्चात औजारको मर्मत कार्य गर्न छुट्टै आरने खर्च उल्लेख गरी रकम भुक्तानी गर्ने गरेको पाइयो । लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार विगत ३ वर्षमा औजार खरिद र आरने खर्च बापत रु.३८,०५,५९५।– भुक्तानी गरेको छ । सम्झौतामा नभएको कामको लागि थप रकम खर्च गरी कार्य गराउने आधार देखिएन ।

६८. **प्रतिस्पर्धा बेगरको खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु. ३ लाख भन्दा बढीको मालसामान खरिद गर्दा शिलवन्दी दरभाउपत्र/बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले टोप्ला–इमिल्चा सडक उप आयोजनाका गाउंस्तरीय निर्माण समितिसँग आयोजना कार्यान्वयन गर्ने सम्झौता भई ल.ई अनुसारका औजार सुर्खेत वजारबाट खरिद गरी साइट सम्म पुर्‍याउने र कार्यालयका कर्मचारीको रोहवरमा खरिद गर्नुपर्ने गरी रु. २४,५६,७४७।६२ को सम्झौता भई २०७३।१।३० मा रु. १७,००,०००।– निर्माण समितिका पदाधिकारीलाई पेश्की दिएको पाइयो । उक्त रकमबाट समितिले नेपालगंजस्थित एक ट्रेडर्सबाट सोझै रु. २३,५९,०९०।– का औजार तथा नेपालगंज सुर्खेत जुम्ला सम्मको ढुवानीमा रु. १,०९,०००।– समेतको बिल भरपाई पेश गरी जम्मा रु. २४,५६,०००।– को भुक्तानी गरेको छ ।

समितिले औजार खरिद गर्दा सम्झौताको शर्त अनुसार कार्यालयका कर्मचारीको रोहवरमा गरेको देखिएन । तर कार्यालयका स्टोर हेर्ने कर्मचारीले औजार खरिद र वितरण सम्बन्धी पेश गरेको प्रतिवेदनमा फिल्ड निरीक्षण गर्दा औजारको विवरण नपाएको, केही बी.जी. ग्रुपले औजार पाएको उल्लेख गरेको छ । आयोजना अवधि २०७३ पौष सम्म मात्र रहेको र समितिसँग भएको सम्झौता अनुसार ५.४७ कि.मी सडकको निर्माण सम्बन्धी कार्य भई रहेकोमा आयोजनाको सञ्चालन प्रक्रिया अनुसार औजार उपलब्ध गराउने पर्ने भएमा बाँकी गराउने काममा चाहिने आवश्यक औजारहरु प्रचलित खरिद ऐन नियम अनुसारको विधिबाट खरिद कार्य गराई सम्पन्न गर्नुपर्नेमा प्रतिस्पर्धा बेगर आर्थिक वर्षको अन्त्यमा मात्र औजार खरिद गरी भुक्तानी गर्ने कार्य भएको छ । प्रतिस्पर्धा बेगरनै औजार खरिद गरेको र आयोजनाको अन्तिम अवस्थामा बढी भन्दा बढी औजार खरिद कार्यमा खर्च गर्नाले खरिद कार्य नियमित, मितव्ययी तथा आवश्यकताको आधारमा भएको मान्न सकिएन । योजना सञ्चालन प्रक्रिया अनुसार खरिद गरि भुक्तानी दिएको भनाइ कार्यालयको रहेको छ ।

६९. **पुरानो औजारको अवस्था :** कुडारी–ताम्ती खण्डको सडक निर्माण कार्यको गाउंस्तरीय निर्माण समितिसँग औजार खरिद सम्झौतामा काम सम्पन्न भएपछि बाँकी औजार कार्यालयमा फिर्ता गर्ने शर्त रहेको छ । विभिन्न वर्षमा खरिद गरी सम्बन्धित समितिलाई वुझाएका औजार काम सम्पन्न भएपछि सम्झौता अनुसार फिर्ता लिएको वा कार्यालयमा प्राप्त गरेको पाइएन । बाँकी रहेका औजार फिर्ता लिनु पर्दछ ।

७०. **सम्पन्न क्षेत्रमा आरने खर्च** : गाउंस्तरीय निर्माण समितिसँग कामको सम्झौतामा सडक निर्माण कार्यको विभिन्न आइटम वाइज कार्य परिमाण र दर राखी सम्झौता हुने गरेको छ । समितिसँग भएको कार्य सम्झौतामा आरने खर्च सम्बन्धी व्यवस्था भएको पाइएन । तर गाउं निर्माण समितिले बी.जी. ग्रुपसँग काम गराउंदा औजारको आरने खर्च भुक्तानी गर्ने गरी व्यवस्था गरेको आधारमा निर्माण समितिलाई रकम भुक्तानी दिने गरेको छ । निर्माणको चरणमा यस प्रकारको खर्च गर्ने गरिएको भएतापनि यो वर्ष निर्माण सम्पन्न भई सकेको कुडारी–ताम्ती खण्डको गाउं निर्माण समितिका ६ बी.जी. ग्रुपलाई रु. ५१,०००।– का दरले रु.३,०६,०००।- भुक्तानी गरेको सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ ।

७१. **बिल बीजक बेगरको भुक्तानी** : कुडारी–ताम्ती सडक खण्ड (१५+१००) मा हाइड्रोपावरको पेन स्टक पाईपको निर्माण कार्य गराउन गाउं स्तरीय निर्माण समितिलाई भेरिएसन सहित रु. ३,४८,३५१।- भुक्तानी गरेकोमा उक्त कार्य गर्दा उपभोक्ता समितिले निर्माण सामाग्री (तार,जाली, पाईप) आदी खरिद गरेको बिल बीजक बेगरको भुक्तानी गरेको छ ।

७२. **शिलन्यास खर्च** : कार्यालयलाई प्राप्त निकासा तोकिएको काममा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । टोप्ला इमिल्चा सडक खण्डको कार्य शुरु गर्ने सम्बन्धी उद्घाटन कार्यक्रम (शिलन्यास, खाजा, खाना) कार्यमा रु. ६०,०००।– समेत खर्च भएको छ। निर्माण कार्यको बजेटबाट गैर निर्माण कार्यमा भएको खर्च नियमित मान्न सकिएन ।

७३. **सम्झौता र सम्पन्न अवस्था** : ग्रामिण सडक निर्माण गरिएको क्षेत्रमा परेको विभिन्न प्रभावित कामको लागि आयोजना कार्यालयले गाउंस्तरीय निर्माण समितिसँग छुट्टा छुट्टै सम्झौता गरी कार्य गराउने गरेको छ । आयोजनाको अवधि २०७३ पौषसम्म रहेकोमा यो वर्ष भिडव्लुआरसीसी ताम्ती र कुडारीसँग २०७३ मंसिरसम्म पुरा गर्नुपर्ने गरी सम्झौता गरिएका कार्यमा समेत पेश्की उपलव्ध गराएकोमा २०७३ मार्गसम्म कार्य सम्पन्न भएको समेत नपाइएकोले पेश्की रकम फछ्र्यौट र बाँकी काम सम्पन्न हुने आधार स्पष्ट देखिएन । यस्का अतिरिक्त गत विगत देखि विभिन्न योजनाको लागि गएको रु. ४६०६९०२।- पेश्की समेतबाट कार्य सम्पन्न हुने नहुने स्पष्ट देखिएन ।

७४. **मुआव्जा** : आयोजनाले यो वर्ष भौ.नं.१८६–०७३।३।२७ बाट टोप्ला इमिल्चा सडक खण्डमा सार्वजनिक जग्गामा घर गोठ वनाएर जग्गा अतिक्रमण गरी बसेका व्यक्तिहरुलाई रु.१,१०,४४३।- समेत क्षतिपूर्ति भुक्तानी गरेको छ । सार्वजनिक जग्गामा घर वनाएकोमा सोको क्षतिपूर्ति दिने सम्बन्धी व्यवस्था आयोजना कार्यान्वयन पद्धतिमा रहेको नपाइएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

७५. **लगत कट्टीको प्रमाण बेगर भुक्तानी** : आयोजना सडक निर्माण स्थलमा परेका संरचना र वालीनालीको क्षति बापत र जग्गाको क्षतिपूर्ति भुक्तानी गर्दा फलफूल विरुवा तथा अन्य क्षतिको तोकिएको दरबाट भुक्तानी गर्ने गरेको भएतापनि जग्गा सडकमा परेको क्षतिपूर्ति भुक्तानी गर्दा सम्बन्धित व्यक्तिको नामबाट सडक योजनाको नाममा लगत कट्टी भै आएको प्रमाण बेगर बाटोमा पुरिएको देखाई मुआव्जा वितरण गर्ने गरेको छ । अभिलेख खडा गरेर मात्र भुक्तानी गर्नुपर्दछ ।

७६. **भेरिएसन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा सम्झौता बमोजिमको कार्य शुरु भएपछि थप घट गर्नु परेमा अधिकार प्राप्त अधिकारीले भेरिएसन आदेश दिनु पर्ने व्यवस्था छ । टोप्ला– इमिल्चा सडक निर्माण समितिसँग २०७२।३।१० मा सम्झौता भई २०७३।३।१५ सम्म म्याद रहेको रु. २,८१,०४,६३१।१७ को निर्माण कार्य सम्बन्धी सम्झौतामा उल्लेख नभएको आइटमको समेत कार्य गराई भुक्तानी गरकोमा उक्त नयां (थप) कार्यको भेरिएसन स्वीकृति नगरी रु.१६,५१,२६३।- खर्च गरेको छ ।

७७. **अन्य कार्यालयको खर्च भुक्तानी** : आयोजनाले ताम्ती–टोप्ला– इमिल्चा सडक खण्डमा पर्ने जग्गाको लगत कट्टा र नाप नक्सा गर्ने समेतको कार्यमा मालपोत कार्यालय र नापी कार्यालयबाट खटिएका कर्मचारीको लागि दैनिक तथा भ्रमण भत्ता रकम बापत रु. ७३,८५०।– भुक्तानी गरेकोमा जग्गाको लगत कट्टा गर्नुपर्ने विवरण र नाप नक्शा पेश भएन । लगत कट्टीको विवरण माग गर्ने जवाफ कार्यालयले दिएको छ ।

७८. **खर्चको यथार्थता** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(१) मा खर्चको अख्तियारी प्राप्त भएपछि कार्यालय प्रमुखले नियम ३२ बमोजिम निकासा लिई बजेटको सिमामा रही स्वीकृत कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले विभिन्न मिति र गोश्वरा भौचरबाट रु. ५,८०,५०,०००।– रकम जि.वि.स बाट निकासा प्राप्त गरी रु. ५,५५,७१,५९१।- बैंक नगदी किताबमा खर्च गरी निकासा फिर्ता गरेकोमा रु. १,५०,०००।– बैंक नगदी किताबको वार्षिक जोडजम्मा (ठाडै) रु.१,५०,०००।– समेत खर्च जनाई रु.५,५७,२१,५९१।- को खर्चको आर्थिक विवरण तयार गरेको छ । गत विगतको सापटी कट्टा गरिएको भनिएको उक्त रकम जि.वि.स बाट प्रथम निकासामा रु. १,५०,०००।– घटी प्राप्त भए तापनि २०७२।७।२९ बैंक आदेश नं. १० बाट पुन जि.वि.स ले कार्यालयको खातामा रकम जम्मा गरेको देखिएकोले सो रकम मौज्दात तथा सापटी नदेखिएकोले सोही रकम बराबरको फ्रिज प्रमाण पेश हुनुपर्दछ । रकम एकिन गरिने भनाइ कार्यालयको रहेको छ ।

७९. **खर्चको आधारभूत व्यवस्था** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा स्वीकृत बजेटबाट खर्च गर्ने व्यवस्था छ । नियम ३५(२)क बमोजिम रकम स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शीर्षकमा पर्दछ र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । पुँजीगत बजेट खर्चको बजेट सिट तयार नगरेको तर विभिन्न भौ.नं. र मितिबाट पुँजीगत खर्च शीर्षक र कार्यक्रममा नपर्ने चालु प्रकृतिका खर्च कार्यालय सामान, दैनिक भ्रमण भत्ता, खाजा, नास्ता, करारका कर्मचारीको पारिश्रमिक खर्च, गाडी मर्मत, बैठक भत्ता, शिलान्यास खर्च वापतको कार्यमा रु. ५४,०३,४६९।– समेतको भुक्तानी गरेको छ । चालु प्रकृतिका खर्च समेत पुँजीगत शीर्षकबाट गरिएको खर्चलाई नियमित मान्न सकिएन । अत्यावश्यक भएका कार्यमा खर्च गरिएको भन्ने कार्यालयको भनाइ रहेको छ । खर्च शिर्षक फरक गरी खर्च गरेकोले जवाफ मिल्दो देखिएन ।

८०. **पेश्की** : आर्थिक कार्य विधि नियमावली, २०६४ को नियम ७४ बमोजिम तोकिएको म्याद भित्र नियमावलीको कार्यविधि अपनाई पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । कर्मचारी तथा निर्माण समिति ४ को नाममा बाँकी पेश्की रु.२५,५७,०००।- नाममा आर्थिक वर्षको अन्त्यसम्ममा पेश्की फछ्र्यौट नभएकोले बाँकी पेश्की फछ्र्यौट हुनुपर्दछ ।

८१. **कर कट्टी** : आन्तरिक लेखापरीक्षणको व्यहोरा यकिन गर्दा कर कट्टी गर्नुपर्ने रु.१८,६४९।- असुल नभएकोले असुल गर्नुपर्दछ ।

८२. **लुगा भत्ता** : नेपाल सकारले स्थायी निजामती कर्मचारीहरुलाई प्रत्येक वर्ष लुगाभत्ता बापतको रकम भुक्तानी गर्ने व्यवस्था रहेको छ । कार्यालयले ११ जना अस्थायी दरबन्दी र करारमा कार्यरत कर्मचारीलाई लुगा भत्ता बापत रु.१५,०००।– का दरले रु.१,६५,०००।- रकम भुक्तानी गरेको छ । करारमा कार्यरत कर्मचारीलाई लुगा भत्ता दिने आधार लेखापरीक्षणमा पेश भएन । नपाउने लुगा भत्ताको दिएको रकम असुल गर्नुपर्दछ । योजना अवधिभरका कर्मचारी भएकोले लुगा भत्ता दिएको भन्ने भनाइ कार्यालयको रहेको छ ।

**निर्वाचन क्षेत्र विकास कार्यक्रम**

८३. **कार्यक्रम** : जिल्लामा १ जना निर्वाचित संसद सदस्य र ३ जना समानुपातिक सदस्य समेतको कार्यक्रमको लागि रु.२,३०,००,०००।– विनियोजन भएकोमा रु. २,१६,६६,६६६।– निकासा खर्च भएको छ । यस कार्यक्रमबाट ४ सांसदबाट ६४ वटा योजना निर्वाचन क्षेत्र कार्यक्रमबाट तथा ९ वटा संयुक्त रुपमा निर्माण गरिने कार्यक्रम छनौट गरी कार्यक्रममा खर्च भएको छ ।

८४. **योजना छनौटको आधार** : निर्वाचन क्षेत्र विकास कार्यक्रम नियमावली, २०५८ को नियम ४(१)ग बमोजिम कार्यक्रम छनौट गर्दा एक आर्थिक वर्षमा बढीमा सात वटा सम्म कार्यक्रम छनौट गर्न सकिने व्यवस्था भएतापनि उक्त व्यवस्था भन्दा फरक गरी सवै माननीय सदस्यको योजनाको संख्या दोव्वर र सो भन्दा बढी रहेको पाइयो ।

८५. **पूर्वाधार तर्फको कार्यक्रम** : निर्वाचन क्षेत्र विकास कार्यक्रम नियमावली, २०५८ को ४(१)ख मा कार्यक्रम छनौट गर्दा कम्तिमा पचास प्रतिशत रकम पूर्वाधार निर्माणमा खर्च गर्नुपर्दछ भन्ने व्यवस्था छ। यस वर्ष छनौट भएका कार्यक्रम मध्ये २४ कार्यक्रम मन्दिर, गुम्वा र धर्मशाला निर्माण सम्बन्धी निर्माण, मर्मत समेतको कार्यमा रु.२० लाख ५० हजार खर्च गरेको छ। मन्दिर तर्फको कार्यक्रममा एक माननीय सदस्यको कार्यक्रममा सवै भन्दा बढी १३ मन्दिरमा रु. ५० हजारका दरले रु.६,५०,०००।– र अर्का एक माननीय सदस्यले ७ मन्दिर तथा १ धर्मशालाको निर्माणको लागि रु. १० लाख कार्यक्रम पेश गरी खर्च गरेको छ।

८५.१. निर्वाचन क्षेत्र कार्यक्रम सञ्चालन नियमावलीको नियम ६ मा भौतिक पूर्वाधार तथा मर्मत सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित विषयको प्राविधिकले तयार गरेको लागत इष्टिमेट बमोजिम र अन्य कार्यक्रमको हकमा सम्बन्धित संस्थाले तयार पारेको प्रस्तावलाई संसद वा प्रतिनिधिले शिफारिस गरी जि.वि.स.मा कार्यान्वयनका लागि पठाउनुपर्ने व्यवस्था छ। यो वर्ष देउती प्रा.वि.सालवाडाको फर्निचर खरिद सम्बन्धी प्रस्तावमा फरक फरक दुई माननीय सांसदको योजनाभित्र समावेश गरी क्रमश रु.१,५०,०००।– र १,००,०००।– समेत कार्यक्रममा खर्च भएको छ। एकै कार्यक्रमलाई दुई सांसदबाट कार्यक्रम स्वीकृत गराई खर्च गर्न शिफारिस गर्नाले कार्यक्रम सञ्चालनमा दोहोरोपना देखिएकोले यस्तो अवस्थामा सुधार गरी योजनाहरुमा भएका खर्च दोहोरो नपर्ने व्यवस्था हुनुपर्दछ।

८६. **असफल योजनामा लगानी** : निर्वाचन क्षेत्र विकास कार्यक्रम नियमावली, २०५८ को नियम ३ ले कार्यक्रम छनौटको व्यवस्था गरी ३(६)क मा योजना छनौट गर्दा जिल्ला विकास योजना र अन्य क्षेत्रगत योजनाको परिधिभित्र परेको हुनुपर्ने तथा नियम ६(३) मा भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित विषयको प्राविधिकले तयार गरेको लागत अनुमान बमोजिम गर्नुपर्ने व्यवस्था छ। कार्यालय अर्न्तगत छनौट भएका योजना मध्ये यो वर्ष लुम काठेपुल निर्माण डिल्लीचौर तथा कुडारी ताम्ती काठेपुल निर्माणमा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट दुवै योजनामा रु.३०,००,०००।– का दरले रकम विनियोजना गरी खर्च गराएको छ।

८६.१. **पुलको अवस्था** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ६३ मा लागत अनुमान तयार गर्दा काम गराउने अन्य कुनै विकल्प छन भने त्यस्तो विकल्प समेत विचार गर्नुपर्ने गरी तोकि दिएको छ। कार्यालयले तिला नदी माथी काठेपुल निर्माण गर्न (कुडारी त्रिवेणी ताम्ती सडक खण्डमा) खडा गरेको लागत अनुमानमा खोलाको दायां वांया साइटमा तारजालीमा ढुंगा भरी काठको विम राखी रेलिङ समेत तयार गर्ने कार्य समेतको आधारमा पुलको डिजाइन र लागत रु.३२,९२,६२९।– स्वीकृत गरी उपभोक्ता समिति मार्फत पुल निर्माण कार्य गराई कार्य सम्पन्न खडा गरी रु. ३२,८१,९४०।- मध्ये रु.५,२५,११०।- उपभोक्ता अंश घटाई रु. २०,५६,८३०।– भुक्तानी

दिएको छ । पुल निर्माण कार्यमा रकम खर्च भएतापनि पुल सञ्चालनमा नआई खोलाले वगाएको भन्ने समेत लाभग्राही समूदायबाट जिल्ला विकास समितिमा गुनासो उजुरी रहेको र लेखापरीक्षणको दौरानमा स्थलगत निरीक्षण गर्दा समेत पुल यातायात संचालन गर्न योग्य देखिएन ।

प्राप्त विवरण अनुसार यो वर्ष डिल्लीचौरमा समेत काठेपुल निर्माण कार्य गराउने गरी रु.३६,४८,१२३।– को लागत अनुमान तयार गरी सो कार्यको समेत रु.२७,१३,२९२।– को कार्यसम्पन्न खडा गरी उपभोक्ता श्रमदान रु.५,४२,६५८।– कट्टा गरी बाँकी रु.२१,७०,६३४।– भुक्तानी गरेकोमा उक्त काठेपुल समेत खोलाले क्षति पुर्याई आवत जावत र सेवा सञ्चालन नभएको गुनासो समेत रहेकोमा सो पुलको अवस्था र निर्माण कार्य तोकिएका प्रक्रिया र आधार पुरा गरी गरे नगरेको सम्बन्धमा तालुक निकायबाट समेत छानबिन हुनुपर्ने देखियो । दुवै पुल निर्माण कार्यमा भएको कमि कमजोरी र यस्तो कार्यमा संलग्नलाई जिम्मेवार वनाई नियममा भएका व्यवस्थाको पूर्ण पालना गराएर मात्र निर्माण सम्बन्धी कार्य गर्नुपर्नेमा सोबमोजिम भए नभएको सम्बन्धमा छानबिन हुनुपर्दछ ।

८६.२. **योजना छनौट** : देउती प्रा.वि. स्यालवाडामा फर्निचर खरिद सम्बन्धी कार्यको लागत स्वीकृति र सम्झौता गर्दा रु.२,५०,०००।– हुने देखाई कार्यक्रम स्वीकृत गरेको आधारमा २ सांसदको योजनाबाट रकम भुक्तानी गरेकोमा एक माननीय सदस्यले योजनामा रु.१०,०००।– को मात्र लागत स्वीकृति भएकोमा उक्त कार्यमा रु.१,०५,८५४।– भुक्तानी गरेको छ । थप कार्यादेश र सम्झौता नगरी बढी भुक्तानी दिएकोमा संशोधन स्वीकृत गराएको पाइएन । नेटा सिँचाइ योजनामा प्राविधिक जाँचपासबाट रु.६७,२५०।– भुक्तानी गर्ने गरी शिफारिस भएकोमा रु.७५,०००।– को बैंक आदेश पठाएकोले बढी भुक्तानी रकम असुल हुनुपर्दछ ।

८७. **बिल भुक्तानी** : सार्वजनिक खरिद नियमावलीको नियम १२३ मा रनिङ बिल वा बीजकको भुक्तानी गर्दा वास्तविक कामको आधारमा गर्नुपर्ने व्यवस्था छ । गर्ज्याङकोट गुठीचौर (कृषि सडक) को निर्माण सम्बन्धी कार्य गर्न एक जे.भीसँग २०७२।३।१० मा सम्झौता भई कार्य गराएको सो सडक खण्डको काम नापजाँच गरी दोस्रो रनिङ बिल बापत रु. ३२,६६,४७०।– बराबरको नापजाँच गरी भुक्तानी गरेकोमा यो वर्ष उक्त योजनाको थप कार्य बापतको भुक्तानी गर्न खडा गरिएको नापी किताबमा कार्य परिमाण नभएकोमा समेत सोही नापी किताबकै आधारबाट रु.२,४७,५३३।- भुक्तानी गरेकोले थप भएको कार्य परिमाण नापी किताबमा नचढाई भुक्तानी दिएकोले छानबिन गरी बढी भुक्तानी भए असुल हुनुपर्दछ ।

८८. **अग्रिम कर** : आन्तरिक लेखापरीक्षणको व्यहोरा यकिन गर्दा अग्रिम कर कट्टी गर्नुपर्ने रु.३०,२६९।- बेरुजू लेखापरीक्षणको अवधिसम्म असुल नगरेकोले असुल गर्नुपर्दछ ।

८९. **पेश्की** : निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट लिएको पेश्की रकम काम सम्पन्न गरी आर्थिक प्रशासन सम्बन्धी नियमहरु २०५६ बमोजिमको म्याद भित्रै फछ्र्यौटको लागि सचिव समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । यो वर्ष मा.सदस्य तथा व्यक्तिले लिएको पेश्की फछ्र्यौट नभई बाँकी रहेकोले उक्त पेश्की रकम रु.६,३८,०००।- नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ ।

९०. **बढी भुक्तानी** : बाल बिवाह सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरे बापत रेडियो कर्णालीलाई बीजक नं. ५८२–०७३।३।१८ बाट रु २,०००।– भुक्तानी गर्नुपर्नेमा रु.२०,०००।– भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रकम रु. १८०००।- असुल गर्नुपर्दछ ।

९१. **लागत अनुमान** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम मालसामान खरिद गर्दा मालसामानको स्पेसिफिकेशन सहित लागत अनुमान स्वीकृत गराउनु पर्ने व्यवस्था छ ।

कार्यालयले यो वर्ष आइफाइभ मोडल ल्यापटप र प्रिन्टर समेत खरिद कार्यको लागत अनुमान र स्पेसिफिकेशन स्वीकृत नगराई २०७२।१२।१६मा सिम्पल इन्टेलिजेन्ट सिष्टम जुम्लाबाट रु.१,६३,८५०।– मा खरिद गरी भुक्तानी गरेको छ। कम्प्यूटर र प्रिन्टर खरिद कार्य बजेट खर्च शीर्षक २६४१२ सशर्त चालु अनुदानको रकमबाट खरिद गरेको समेत पाइएकोले अख्तियारी र कार्यक्रम बेगर स्पेसिफिकेशन र लागत अनुमान स्वीकृत नगरी खरिद गरेको कार्य नियमित मान्न सकिएन। नियममा भएका व्यवस्थाको पालना गरेर मात्र मालसामान खरिद गर्नुपर्दछ।

९२. **थप कार्यादेश** : कार्यक्रम सञ्चालनको लागि प्राप्त रकमबाट खर्च गर्दा गराउंदा स्वीकृत कार्यक्रम अनुसार गर्नुपर्नेमा रंगिन ब्रोसर छपाईको कार्य गराएको उल्लेख गरी एक फर्मलाई रु. १,९२,०००।– भुक्तानी गरेको छ। छपाईको आदेश गर्दा रु. १,४०,०००।– भएकोमा उक्त कामको थप आदेश र आवश्यकता समेतको स्वीकृत नगराई क्षेत्रको शिफारिस अर्डर अनुसार उल्लेख गरी थप कामको भुक्तानी गरेको कार्य नियमित मान्न सकिएन।

९३. **बढी खर्च** : एक ले.पा.लाई खाद्य सुरक्षा निर्देशन समितिको बैठक भत्ता बापत २०७२।६।१७, २०७२।९।२३ र २०७२।१०।२५ को अवधिमा वसेको बैठक भत्ता बापत रु.५०,०००।– भुक्तानी माग गरी सोही रकम भुक्तानी गरेकोमा हाजिरी उपस्थिति बेगर बढी खर्च लेखी भुक्तानी भएको रकम रु.११,०००।- असुल हुनुपर्दछ।

९४. **पेश्की** : आर्थिक वर्षको अन्त्य सम्ममा जिल्ला शिक्षा कार्यालयको नाममा दिइएको पेश्की रु. १२,५७,०००।– असुल फछ्र्यौट गरेको देखिएन। नियमानुसार पेश्की फर्‍यौट गर्नुपर्दछ।

९५. **कन्टिन्जेसी खर्च** : स्थानीय विकास स्रोत परिचालन तथा कार्यविधि, २०६९ को दफा १४(४) गा.वि.स. अनुदानबाट कन्टीन्जेन्सी रकम कट्टा गर्ने र खर्च गर्ने व्यवस्था छ। यस वर्ष गा.वि.स. अनुदान तर्फ जिल्ला विकास समितिलाई प्राप्त निकासा रकममध्ये कार्यालयले गा.वि.स.खातामा पठाई बाँकी १.६५ प्रतिशतले हुने रकम रु.११,२९,०६०।- सोझै गा.वि.स. अनुदान खातामै कन्टिन्जेसी खर्च जनाएको पाइयो। अनुदान रकमबाट कन्टिन्जेन्सी कट्टी गरेकोमा कन्टिन्जेन्सी रकमलाई स्थानीय स्रोत परिचालन निर्देशिका बमोजिम परिषद्मा पेश गरी स्वीकृत गराएको पाइएन। यो वर्ष यस खाताको रकमबाट २०७२।६।२१ मा जेष्ठ नागरिक कल्याणमा खर्च गर्ने गरी रु.५७,११८।– महिला तथा बालबालिका कार्यालयमा पठाई खर्च गरेको, आर्थिक वर्षको अन्त्यमा पाइलटपेन खरिदमा रु. १७,०००।– र पेनड्राइभ खरिदमा रु. १०,०००।– समेतका मालसामान खरिद गरी खर्च गर्नाले तोकिएको प्रक्रिया अनुसार कन्टिन्जेन्सी रकम खर्च गरेको मान्ने आधार देखिएन। नियममा भएको आधारबाट मात्र रकम कट्टा गर्ने र स्वीकृत गराएर खर्च गर्नुपर्दछ। निर्देशिका बमोजिम कट्टी गरी खर्च गर्ने गरिएको भन्ने कार्यालयको भनाइ रहेको छ।

९६. **रकम फ्रिज** : स्थानीय निकाय स्रोत परिचालन निर्देशिका कार्यविधि, २०६९ को नियम ४७ बमोजिम नेपाल सरकारबाट निकासा भएको सबै निःशर्त सशर्त, पुँजीगत तथा चालु अनुदान आर्थिक वर्ष समाप्त हुनु भन्दा अघि कारोबार वन्द गरी फ्रिज गरी को.ले.नि.का. फिर्ता गर्नुपर्ने व्यवस्था छ। कार्यालयको लागि विभिन्न व.उ.शि.नं. मा प्राप्त निकासा मध्ये जि.वि.स.ले सम्बन्धित विषयगत कार्यालयमा निकासा (पेश्की) दिई खर्च गरेकोमा ५ कार्यालयबाट बाँकी रकम रु.१०,६७,१५१।- जि.वि.स. खातामा जम्मा गरीएको आधारमा पेश्की फछ्र्यौट गरेकोले उक्त रकम जि.वि.स खाताबाट फ्रिज गरेको र को.ले.नि.का. फिर्ता गरेको प्रमाण पेश हुनुपर्दछ। विषयगत कार्यालयबाट फिर्ता गर्नुपर्ने र भएको रकम एकिन गरी केन्द्रिय खातामा फिर्ता पठाइने छ भन्ने भनाइ कार्यालयको रहेको छ।

९७. **रकम ट्रान्सफर :** केन्द्रीय स्तरका कार्यक्रम संचालन गर्न प्राप्त रकम स्वीकृत कार्यक्रम अनुसार खर्च भए नभएको यकिन गरी वचत रकम फिर्ता गर्नुपर्दछ। कार्यालयले नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (व.उ.शि.नं.३३११२७३) को रकमबाट ७ गा.वि.स तथा १ न.पा. को खातामा कार्यक्रम सञ्चालन गर्ने गरी २०७३।२।२१ र २०७३।२।२५ मा चालु र पुँजीगत तर्फको रकम पठाई खर्च जनाएको पाइयो । चालु तर्फको रकम विभिन्न ७ कार्यक्रम सञ्चालन गर्न र पुँजीगत तर्फको रकम उपभोक्ता मार्फत कार्यक्रम सञ्चालन गर्ने गरी ७ गा.वि.स.का योजना तथा चन्दननाथ नगरपालिका समेतको नाममा रु.९५,८६,२५०।- वर्षान्तमा रकम ट्रान्सफर गरेको छ । वर्षान्तमा पठाइएका उक्त रकमबाट कार्यक्रम नभएमा रकम फिर्ता गर्नुपर्दछ ।

९८. **पेश्की कारोबार :** स्थानीय निकाय स्रोत परिचालन कार्यविधि, २०६९ को दफा २३(१) ले कार्यक्रम वा आयोजना सञ्चालन गर्दा पेश्कीदिने कार्यलाई निरुत्साही गरी कामको आधारमा भुक्तानी दिने प्रणाली अवलम्वन गरी पेश्की शुन्य अभियान शुरुवात गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ ले समेत पेश्की सम्बन्धमा नाम नामेसी खुलाई फछ्र्यौट गरे नगरेको निरन्तर अनुगमन गरी पेश्की असुल गर्नुपर्ने गरी तोकिदिएको छ। कार्यालयले लेखापरीक्षणमा हालसम्मको पेश्की बाँकी विवरण पेश नगरेकोले कूल बाँकी पेश्की उल्लेख गर्न सकिएन । तर कार्यालयमा रहेको व्यक्तिगत पेश्की खाता र संस्थागत पेश्की खाताको नमूना परीक्षण गर्दा निम्नानुसार देखिएको छ :

- हिमाली लघु जल विद्युत उद्यमीसंघको नाममा यस वर्ष अन्त्यसम्म रु. ३,९९,०८०।– पेश्की बाँकी रहेकोमा आन्तरिक लेखापरीक्षणबाट रु.१,४९,०००।– मात्र पेश्की बाँकी देखाई प्रतिवेदन गरेकोले छुट पेश्की रु.२,५०,०००।– समेत एकिन गरी असुल फछ्र्यौट गर्नुपर्ने ।
- एक कर्मचारीको नाममा पेश्की माथी पेश्की थप गरी वर्षान्तसम्म रु. ५,५५,०००।– पेश्की बाँकी देखिएको ।
- खानेपानी तथा सरसफाइ सव डिभिजन कार्यालयको नाममा विभिन्न कार्यक्रम सञ्चालन गर्न पटक पटक गरी रु. २४,६२,०००।– निकासा दिएको मध्ये फछ्र्यौट बाँकी रु.२,८४,०००।– देखिएकोमा कार्यालयले सवै रकम फछ्र्यौट भएको खातामा देखाएको छ ।
- एक कर्मचारीको पेश्की खातामा पेश्की शुन्य देखाएकोमा म.ले.प.फा.नं.१४ मा रु. २,००,०००।– पेश्की बाँकी नै देखाएको छ ।
- एक कर्मचारीको नाममा पेश्की खातामा यस वर्षको पेश्की बाँकी नदेखिएकोमा आन्तरिक लेखापरीक्षण प्रतिवेदन र म.ले.प.फा.नं.१४ मा पेश्की रु.२,०४,०००।– बाँकी देखाएको छ ।
- एक कर्मचारीको नामको पेश्की खातामा बांकी नदेखाएकोमा आ.ले.प. तथा म.ले.प.फा.नं.१४ मा रु.४,००,०००।– पेश्की बाँकी देखिन्छ ।
- स्टोरकिपर एक कर्मचारीलाई पेश्की माथी पेश्की दिई वर्षान्तमा रु.८०,०००।– खातामा बाँकी पेश्की देखिएकोमा पेश्की वांकि विवरण (म.ले.प.फा.नं.१४ र आन्तरिक लेखापरीक्षणमा पेश्की बाँकी नदेखाएको ।
- एक कर्मचारीको नाममा खातामा र आ.ले.प.मा पेश्की बांकी नदेखिएको तर म.ले.प.फा.नं.१४ मा रु.५०,०००।– पेश्की देखाएको डोर समक्ष सो समेत फछ्र्यौट भएको प्रमाण पेश गरी चालु वर्षकै पेश्की फछ्र्यौट गरेको भएतापनि आ.ले.प.मा कायम गरेको देखियो ।

उपर्युक्तानुसारको विवरणबाट पेश्की कारोबार दुरुस्त र व्यवस्थित नभएकोले नियमानुसार पेश्की बाँकीको अभिलेख तयार गरी असुल फछ्र्यौट गर्नुपर्ने देखिएको । पेश्की बाँकी र कारोबारको

सम्बन्धमा पेश्कीको अद्यावधिक लगत र विवरण तयार गरी पेश गरिने भन्ने भनाइ कार्यालयको रहेको छ ।

९९. **मर्मत सम्भार कोष** : स्थानीय निकाय स्रोत परिचालन व्यवस्थापन कार्यविधि २०६९ को दफा १४ मा कन्टिन्जेन्सी व्यवस्थापन र खर्च सम्बन्धी व्यवस्था गरी कन्टिन्जेन्सी बापत कट्टा गरेको रकम परिषद्बाट स्वीकृत गराई स्वीकृत शीर्षकको अधीनमा रही खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मर्मत सम्भार कोष खातामा कन्टिन्जेन्सी बापतको रकम जम्मा गरी सो खाताबाट सञ्चालन गरिने कार्यक्रममा खर्च गर्ने गरेको भए तापनि कार्यक्रमबाट कट्टी गरिएको कन्टीन्जेन्सी पुरै सोही खातामा मात्र राखी खर्च गर्ने गरेको पाइएन । यो वर्ष गा.वि.स. अनुदानमा कट्टी गरेको तथा अन्य शीर्षकमा कट्टी गरिएको रकम २०७३।३।३० सम्म सम्बन्धी शीर्षक र खाता मै खर्च गरी (कन्टिन्जेन्सी) बांकी रहेको रकम मात्र २०७३।३।३० मा मर्मत सम्भार खातामा राखेको छ । यो वर्ष यस खातामा वर्षान्तमा ८ बजेट शीर्षकको वचत कन्टिन्जेन्सी रु.१३,८२,०१८।– ट्रान्सफर गरेको पाइयो । गत वर्षबाट जिम्मेवारी सारेको रु. ५०,७६,१७२।– तथा यस वर्ष समेतबाट जम्मा भएको रकम मध्ये कार्यालयले २०७३।३।२९ मा १५ गा.वि.स. को खातामा रु.१५,००,०००।– निकासा पठाएको छ । अन्य तिन योजनाहरुमा वर्षान्तमा रु.३,७१,०००।– समेत योजनाहरुको कामको भुक्तानी गर्न गा.वि.स. खातामा रकम पठाएको छ । गा.वि.स. मा पठाएको योजनाको रकमको कार्य सम्पन्न प्रतिवेदन समेत लेखापरीक्षणमा पेश गर्ने व्यवस्था हुनुपर्दछ । कन्टिन्जेन्सीबाट कट्टा गरिएको रकम जम्मा गर्ने गरिएको र परिषद्बाट स्वीकृत योजनामा मात्र खर्च गर्ने गरिएको भन्ने कार्यालयको भनाइ रहेको छ ।

१००. **अग्रिमकर :** एक ना.सुले होर्डिङबोर्ड छपाई कार्यको भुक्तानी गरेको रु.५५,०००।– मा अग्रिम कर कट्टी गरी दाखिला गरेको छैन । कर रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

## जिल्ला स्वास्थ्य कार्यालय

१. **शुल्क अनुदान खर्च** : कार्यक्रम सञ्चालन निर्देशिका अनुसार स्वास्थ्य संस्थालाई बिरामी दर्ता शुल्कको अनुदान निकासा गर्दा नयाँ बिरामी दर्ताको आधारबाट गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त प्रगति विवरण अनुसार २०७०।७१ मा ६७ प्रतिशत नयाँ बिरामीहरुको संख्या रहेकोमा २०७२।७३ मा ६४ प्रतिशत मात्र रहेको र प्रतिवर्ष १० प्रतिशतका दरले दर्ता संख्या घटेको उल्लेख छ । यो वर्ष स्वास्थ्य संस्थालाई बिरामी दर्ता शुल्क अनुदान निकासा गर्दा प्रा.स्वा.केन्द्रमा रु.४४,५००।- र बाँकी २९ स्वास्थ्य संस्थालाई रु.२९,५००।- का दरले बिरामी दर्ता शुल्क बापत खातामा रकम पठाएकोमा नयाँ बिरामी दर्ता संख्या र विवरण बेगर नै खातामा निकासा पठाएको छ । निर्देशिकाको आधारमा मात्र रकम निकासा गर्नुपर्दछ ।

२. **पेश्की खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९(२) बमोजिम पेश्की लिने व्यक्तिबाट पेश्की सम्बन्धी आवश्यक विवरण प्राप्त भएपछि खर्चको फाँटबारी चेक जाँच गरी वास्तविक रकमको फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । एक हे.अ.ले लिएको खाद्य सुरक्षा तथा पोषण व्यवहार सुधार सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्न लिएको पेश्की रकम रु.६५,८७,६२०।- फछ्र्यौट गरेकोमा संलग्न खर्चको फाँटवारी तथा तालिममा संलग्नलाई रकम बुझाएको भरपाई समेतको आधारमा रु.५९,३९,५९६।- मात्र खर्च हुने देखिएकोले बढी पेश्की फछ्र्यौट जनाएको रु.६,४८,०२४।- असुल हुनपर्दछ । पेश्की फछ्र्यौटसाथ संलग्न विवरणअनुसार अग्रिम कर कट्टी नगरेको, नर्म्सभन्दा बढी खर्च गरेको र बढी भत्ता खर्च दाबी गरिएको समेत रु.४६,२०५।- असुल गर्नुपर्ने देखिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

साथै फाँटवारी अनुसार विभिन्न १० गा.वि.स.का ३० जना महिला स्वयंसेविकालाई प्रोत्साहन भत्ता बापत नगद भुक्तानी गरेको रकममा आयकर ऐन, २०५८ बमोजिम लाग्ने अग्रिम कर कट्टी नगरेकोले छुट कर बापतको रकम रु.२३ हजार असुल हुनुपर्दछ। सातदिने पोषण व्यवहार परिवर्तन (समुदाय स्तरीय) तर्फको फाँटवारीमा चन्दननाथ न.पा. भित्रका सहभागी ४३ जनालाई दैनिक भत्ता बापत रु.१,२०,४००।- सम्म नर्म्स अनुसार खर्च गर्न पाउनेमा रु.१३७२००।- भुक्तानी दाबी देखाएकोले बढी खर्च दाबी गरी पेश्की फछ्र्यौट गरेको रकम असुल हुनुपर्ने देखियो । इलाका स्तरीय पोषण सम्बन्धी तालिममा भत्ता बापत भुक्तानी गर्दा फाँटवारी अनुसार रु.७००५५।- हुनेमा रु.७६४६०।- दाबी गरी बढी खर्च लेखेको रकम समेत असुल हुनुपर्ने देखियो । बढी पेश्की फछ्र्यौट देखिएको रकम असुल गरिने कार्यालयको भनाई छ ।

३. **कार्यक्रम सञ्चालन** : कृषि तथा खाद्य सुरक्षा कार्यक्रम जुम्ला जिल्लाका १० गा.वि.स. मा सञ्चालन गर्ने गरी स्वीकृत भएको छ। कार्यक्रम सञ्चालन निर्देशिका बमोजिमको कार्यक्रम गा.वि.स.स्तरमा सञ्चालन गर्ने गरी तोकिदिएको छ । एक हेल्थ असिष्टेन्टको नामको कार्यक्रम सञ्चालन पेश्की फछ्र्यौट गरेको मध्ये खाद्य सुरक्षाको लागि व्यवहार परिवर्तन सम्बन्धी ७ दिने तालिम सञ्चालन गरी खर्च गर्दा कार्यक्रमको बजेटबाट चन्दननाथ नगरपालिकाका समूह समेतलाई तालिम दिई रु.२०७०३०।- खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

४. **कर बिजक** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा बिल बीजकको भुक्तानी गर्दा वास्तविक कामको आधारमा बिल बीजक लिई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । एक हे.अ. को नामको पेश्की फछ्र्यौट गरेको मध्ये ग्रामीण विकास समन्वय केन्द्रले ५ स्थानमा नाटक प्रदर्शन गरे बापत रु.१,३६,७२५।- पाउने सम्झौता गरेको आधारमा पुरै रकम भुक्तानी गरेको छ । तर सो संस्थाले नाटक सञ्चालन गरे बापतको रकम भुक्तानी पाउन कुनै बीजक पेश नगरेको र भुक्तानी रकममा लाग्ने अग्रिम कर रु.२०५००।- समेत कट्टा नगरी पुरै रकम भुक्तानी दिई सम्झौताको आधारबाट मात्र खर्च देखाई पेश्की फछ्र्यौट माग गरेको कार्य नियमित मान्न सकिएन । कामको बिल बीजक लिएर मात्र भुक्तानी गर्नुपर्दछ ।

५. **खाद्य सुरक्षा** : कार्यक्रम लागू भएका ५ गा.वि.स.मा सघन अनुगमनको कार्य गर्न विभिन्न ९ जना कर्मचारीलाई अनुगमन मूल्याङ्कन बापत रु.१,१५,८००।- भुक्तानी गरेको पाइयो । अनुगमन कार्य गर्ने व्यक्ति छनौटको आधार पेश भएन । तर ९ जना मध्ये ४ जना पटमारा स्वास्थ्य चौकीका कर्मचारी र बाँकी २ जना महतगाँउ र तातोपानी हेल्थ पोष्टका कर्मचारी तथा १ जना जि.वि.स.का कर्मचारीलाई अनुगमन कार्यमा खटाई खर्च गरेको भएता पनि उक्त भ्रमणमा खटिने कर्मचारीबाट कार्यक्रमको मूल्याङ्कन र नतिजा तथा सञ्चालन स्थिति खुलेको प्रतिवेदन समेत लिएको पाइएन । तोकिएका प्रक्रिया अनुसारको अनुगमन प्रतिवेदन लिनुपर्दछ ।

६. **बढी खर्च** : आमा सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम स्वास्थ्य संस्थामा आई बच्चा जन्माउने आमालाई यातायात खर्च र सम्बन्धित संस्थालाई सेवा बापत संस्थाको नाममा एवं चार पटक सम्म नियमित गर्भ परीक्षण गर्नेको लागि प्रोटोकल अनुसारको भत्ता समेत भुक्तानी गर्ने गरी सञ्चालनमा रहेको यस कार्यक्रमबाट रकम खर्च गर्न पेश्की लिई कार्यक्रम सञ्चालन गरेको र पेश्की लिने कर्मचारी अवकाश भए पश्चात् पुनः स्वास्थ्य संस्थाको नाममा पेश्की दिई कार्यक्रम बजेट खर्च गरेकोमा सम्बन्धित संस्थाले दिएको सुत्केरी विवरण र प्रोटोकल अनुसारको भत्ता सम्बन्धीत बर्थिङ् सेन्टरहरुमा पेश्की दिई खर्च गरेकोमा सम्बन्धित संस्था १६ बाट प्राप्त फाँटवारी भन्दा बढी भुक्तानी गरेको रकम रु.८,९१,५४०।- फिर्ता लिई दाखिला गर्नुपर्दछ ।

७. **भुक्तानी बाँकी विवरण** : कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई भुक्तानी पठाएको रकम मध्ये रु.१२८०००।- २०७२ आषाढ महिनाको फाँटवारी समेत समावेश भएको पाईएकोले गतवर्षको बाँकी (म.ले.प.फा.नं.१८) को कच्चाबारी प्रमाणित बेगर भुक्तानी दिएको छ । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले रकम माग गर्दा पेश भएको फाँटवारीमा सुत्केरी आमाहरुलाई यातायात खर्च बापतको रु.६९५५००।- मा सम्बन्धित सुत्केरी आमाहरुले रकम बुझेको भरपाई संलग्न गरेको छैन ।

८. **बचत रकमको ठेक्का** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२(च) मा बोलपत्र वा प्रस्तावको मूल्य कृत्रिम वा अप्रतिस्पर्धी तरिकाले कायम गर्न नहुने व्यवस्था रहेको छ। औषधि खरिद शिर्षकको बचत रकमबाट २०७३।१।१५ मा खरिद कार्य गर्ने गरी रु. १५,५७,४५०।- को लागत अनुमान स्वीकृत गरी खरिद सम्बन्धी कार्य अघि बढाएकोमा बोलपत्र आव्हान भई बोलपत्र दाखिला गर्ने अन्तिम मितिभन्दा अघि एक मेडिसिन सप्लायर्सले संशोधन दर दर्ता गराएको पाइयो । बोलपत्र मूल्याङ्कनबाट पुनः दोस्रो पटक अघिल्लो मेडिसिन सप्लायर्स नै छनौट भई रु. ७४५९२९।- को बोलपत्र स्वीकृत गरेको छ। मेडिसिन सप्लायर्सले पहिलो र पछिल्लो पटकको खरिद कार्यमा कायम गरेको एउटै औषधिको मूल्यमा अस्वभाविक दरमा आपूर्ति गरेको देखियो ।

उक्त सप्लायर्सको पहिलो पटक र दोस्रो पटकको बोलपत्र घटी भएको देखाई औषधि र सर्जिकल सामान खरिद गर्दा एकै औषधिको मूल्यमा ठूलो अन्तर देखिएको र ११ थरी औषधिको मूल्य रु.०.०१ मात्र कायम गरी बोलपत्रमा भाग लिई घटी दरको आधारबाट छनौट भई दुई पटकमा रु.२४,००,४१९।- को औषधि खरिद गरेको छ। औषधि आपूर्ति भएपछि कार्यालयमा गठित परीक्षण समितिले बोलपत्रमा उल्लिखित परिमाण हुबहु मिलेको छ भन्ने प्रतिवेदन दिने गरेको देखियो। तर पहिलो पटक रु.१६,५४,४९०।- को बोलपत्र स्वीकृत गरी खरिद गरिएकोमा ४० हजार पीस सर्जिकल पंजाको मूल्य रु. ९ लाख ६० हजार रहेको र २०७३।३।१७ मा पुनः ८०० सर्जिकल पंजा खरिद गरेकोमा २०७३ आषाढ मसान्तरसम्म रु.९ लाख ६० हजारको सर्जिकल पंजा मौज्दात नै रहेको र पहिलो पटकको खरिदमा आपूर्ति गरेका औषधि समेत २०७३।८।३० सम्म मौज्दात नै रहेको देखिएको छ।

९. **औषधि तथा न्यानो झोला खरिद** : जिल्ला स्तरीय कार्यक्रम सञ्चालन गर्ने निर्देशिकाले व्यवस्था बमोजिम जिल्लाले स्वास्थ्य संस्थालाई उपलब्ध गराउनु पर्ने विभिन्न कार्यक्रममा सरसामान छुट्टाछुट्टै ढुवानी नगरी सम्भव भएसम्म एकै पटक एकीकृत रुपमा ढुवानी गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयबाट प्राप्त मालसामान तथा आपूर्ति विवरण अनुसार बर्थिङ सेन्टरमा पठाउने गरी खरिद गरिएका न्यानो झोला १५०० थान खरिद सम्बन्धी कार्य (वार्षिक लक्ष्य २ हजार रहेकोमा) यो वर्ष १५०० सेटको खरिद योजना गरी २०७२ माघ देखि कार्य प्रारम्भ गरेकोमा आर्थिक वर्षको अन्तमा मात्र न्यानो झोला स्टोर दाखिला गरेको छ। बर्थिङ सेन्टरहरुमा यो वर्ष खरिद भएका कुनै पनि न्यानो झोला नपठाईएको र गत वर्षबाट मौज्दात सारेका ८०० थान न्यानो झोला १४ बर्थिङ सेन्टर र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पठाएको छ । आ.व.२०७२।७३ को अवधिमा गत वर्षबाट मौज्दात सारेका ८०० थान न्यानो झोला पनि बर्थिङ सेन्टर पठाएको पाइयो। ठेक्कापट्टाको कार्य गर्दा ढिलो हुन गएकोले यस्तो अवस्था देखिएको भन्ने प्रतिक्रिया कार्यालयको रहेको छ।

१०. **दरबन्दी र पदपूर्तिको स्थिति** : निजामती सेवा ऐन, २०४९ को दफा ७ र १९ मा कर्मचारीको दरबन्दी र पदपूर्ति सम्बन्धी व्यवस्था रहेको छ। कार्यालय र अन्तर्गतका संस्थाको लागि स्वीकृत दरबन्दी अनुसारका जनशक्तिको पूर्ति नभएकोले जिल्लामा स्वास्थ्य सेवाको पहुँच तथा उपचारमा प्रभाव पार्ने अवस्था देखिएको तर्फ तालुक निकायको समेत ध्यान जानुपर्दछ।

११. **फरक तलब भत्ता** : कार्यालयले यो वर्ष कार्यक्रम सञ्चालन अन्तर्गत व्यवस्था भएको आधारमा विभिन्न तहका कर्मचारीहरु करार सेवामा भर्ना गरी तलब भत्ता भुक्तानी गरेको छ । तलब भत्ता भुक्तानीको लागि कार्यक्रम तर्फबाट खर्च जनाएको मध्ये करार अनमी तर्फ १८ जनाको लागि २०७२ आश्विनमा मात्र भर्ना सम्बन्धी कार्य सञ्चालन गरी २०७२।६।६ देखि यस वर्षको लागि करार सेवा लिइएकोमा गतवर्ष कार्यक्रमबाट करारमा नियुक्ती भएका तर यो वर्ष श्रावण र भाद्रमा सेवा लिने स्वीकृति नभएको र छनौट प्रक्रिया समेत सञ्चालन नभएको अवधिमा रु.३७४०००।- समेत भुक्तानी गरेको छ । गतवर्षबाट नियुक्ती भई काम गरिरहेका र आषाढमा निर्णय नभएको कारण कामकाज गरिरहेको हुनाले मात्र रकम भुक्तानी गरेको जानकारी कार्यालयले दिएको छ ।

१२. **खर्च अभिलेख** : भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ कार्यालयले भ्रमणमा खटिने कर्मचारीको भ्रमण आदेश स्वीकृतिको दर्ता र चलानी उल्लेख गरी भ्रमण तथा अनुगमन र मूल्याङ्कन गरी कार्यालयमा भ्रमण भत्ता बिल भुक्तानीका लागि पेश गरेका बिलको रकम भुक्तानी गर्दा दैनिक भ्रमण भत्ताको र अनुगमन मूल्याङ्कन खर्चको रकम नछुट्याई एकमुष्ट लेख्ने गरेको पाइयो ।

१३. **अतिरिक्त भत्ता** : प्राथमिक स्वास्थ्य केन्द्र कालिकाखेतुमा कार्यरत १० जना कर्मचारीलाई २०७३।३।१ देखि ३।३१ सम्म २४ सै घण्टा आकस्मिक सेवा सञ्चालन गरेको देखाई खाईपाई आएको तलब बराबर १ महिनाको अतिरिक्त समयको हुने रु.१६५८४८।- भत्ता खर्च लेखेको पाइयो । उक्त केन्द्रमा आकस्मिक सेवा सञ्चालन गर्न स्वीकृति भएको र सो गरे बापत अतिरिक्त समय भत्ता पाउने आधार प्रमाण पेश नभएकोले उक्त रकम असुल गर्नुपर्ने देखियो । भत्ता पाउने नपाउने यकीन गरिने प्रतिक्रिया कार्यालयले दिएको छ ।

१४. **राजस्व** : आर्थिक कार्यविधि नियमावली, २०६४ मा राजस्व उठाउन प्रयोग हुने नगदी रसिद प्रयोग गर्दा रसिद नियन्त्रण खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले रसिद नियन्त्रण खातामा अभिलेख नगरी नगदी रसिदको प्रयोग गर्ने गरेको छ । कार्यालयको बोलपत्र फाराम बिक्री रजिष्टर अनुसार ५ वटा ठेक्कामा ४५ वटा सिलबन्दी बोलपत्र फाराम बिक्री गरेको देखिएकोमा सो अनुसार हुने रु.४५ हजार राजस्व दाखिला गर्नुपर्नेमा २०७३।३।८ मा रु.७ हजार र २०७३।३।२९ मा रु.१८ हजार गरी रु.२५ हजार मात्र दाखिला देखिएकोले घटी देखिएको रु.२० हजार सम्बन्धितबाट असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

कार्यालयमा प्राप्त हुने सबै प्रकारको राजस्व आम्दानी भएको भोलिपल्ट बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष अ.न.मी. को करार सेवा लिन विज्ञापन गरेको र परीक्षा शुल्क बापत प्रति दरखास्त रु.३००।- का दरले शुल्क समेत लिने व्यवस्था गरेकोमा उक्त विज्ञापनबाट असुल भएको राजस्वलाई यस वर्षको आम्दानीमा देखाएको पाईएन । यस सम्बन्धमा छलफलमा औंल्याउँदा ४८ जनाले दरखास्त बुझाएको र दस्तुर नगदै बुझाएको भन्ने भनाइ रहेको आधारमा रु.१४४००।- राजस्व खातामा दाखिला नगरेको र उक्त रकम परीक्षा सञ्चालन कार्यमा खर्च भएको भन्ने भनाइ रहेको छ। नियमले गरेको व्यवस्था भन्दा फरक गरी राजस्व रकम खर्च गर्न मिल्दैन । के कति राजस्व आर्जन भएको हो र राजस्व घटी भए नभएको यकीन गरी दाखिला गर्नुपर्दछ ।

१५. **पेश्की र फछ्र्यौटको स्थिति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद् ९ मा पेश्की दिने र फछ्र्योट गर्ने सम्बन्धी व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष विभिन्न कार्यक्रम सञ्चालन गर्न कार्यक्रमका फोकल पर्सन एकै जनालाई रु.१ करोडभन्दा बढी पेश्की दिई फछ्र्यौट गर्ने गरेको पाइयो । कार्यक्रम सञ्चालनको लागि पेश्की लिने कर्मचारीले तोकिएको अवधि र चौमासिकमा

कार्यक्रम सञ्चालन गरी पेश्की फछ्र्यौट गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भै लेखापरीक्षणको अवधिसम्म कार्यक्रम सञ्चालन पेश्की फछ्र्यौट नगरी रु.६७,०५,०००।- बाँकी समेत देखिएकोमा पेश्की बाँकीको विवरण (म.ले.प.फा.नं.१४) मा पेश्की बाँकी पुरै नदेखाएको र अवकाश भई जाने कर्मचारीको नाममा समेत यो वर्षको पेश्की बाँकी देखिएको रकम  असुल फछ्र्यौट हुनुपर्दछ ।

## जिल्ला शिक्षा कार्यालय

१. तलबी **प्रतिवेदन** : स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकहरुको तलब भत्ता बापतको रकम निकासा गर्दा टी.एम.आइ.एस. अद्यावधिक गरेर शिक्षक किताबखानाबाट तलबी प्रतिवेदन पारित भएको आधारबाट गर्नुपर्ने व्यवस्था छ। नमुना परीक्षणबाट यस वर्ष विभिन्न विद्यालयमा कार्यरत शिक्षकको तलब भत्ता निकासा गर्दा ६ शिक्षकहरु नयाँ नियुक्ती भई सेवा प्रवेश गरेकोमा तथा जिल्लान्तर सरुवा भई आएकाको समेत तलबी प्रतिवेदन पारित नगरी स्थानीय भत्ता समेत रु.७,०१,९६०।- विद्यालयमा निकासा दिएको छ । तोकिएको प्रक्रिया पूरा गरेर मात्र रकम भुक्तानी गर्नुपर्दछ ।

२. **विद्यालय निकासा खाता** : सामुदायिक विद्यालयका शिक्षकलाई रकम निकासा गर्दा विद्यालय निकासा खाता तयार गरी सो को आधारमा निकासा भौचर तथा रकम समेत खुलाई राख्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रथम चौमासिक अवधिको निकासा गरिसकेपछि भुक्तानी आदेश २६३।०७३/६/२८ बाट  ०७२।७३ को दरबन्दी तथा राहततर्फको छुट भएको आधार उल्लेख गरी ९ विद्यालयको खातामा पुन: रु.११,४७,७१६।- निकासा दिएको पाइयो । भुक्तानी आदेश तथा गोश्वारा भौचरमा छुट भएको देखाएको रकमको थप भुक्तानी पठाउनु पर्ने प्रमाण र कुन कुन शिक्षकको नाममा रकम छुट भएको तालिका विवरण समेत खडा नगरी विद्यालयको नाम र खाता मात्र देखाई थप निकासा पठाएको रकम सम्बन्धमा यकिन गरी असुल गर्नुपर्दछ । १८ न. को भुक्तानी दिंदा फरक परेको प्रतिक्रिया दिएता पनि प्रमाणित म.ले.प.फा.नं. १८ र शिक्षकको नाम नामेसी तथा छुटको प्रमाण नै समावेश नगरी भुक्तानी दिएकोले जवाफ मिल्ने देखिएन ।

३. **राहत अनुदान** : जिल्ला अर्न्तगत प्रा.वि. तहमा ६९ जना राहत शिक्षक दरबन्दी रहेको छ । यस वर्ष कार्यालयले राहततर्फको रकम निकासा गर्दा राहत संख्या एकै रहेकोमा दोस्रो चौमासिकमा रु. ५०२६८४०।- पठाएकोमा तेस्रो चौमासिक अवधिमा रु. ५३५४७८०।- निकासा दिएको छ । दोश्रो चौमासिक भन्दा तेश्रोमा बढी रकम रु.३,२७,९४०।- निकासा दिएको सम्बन्धमा छानविन गरी बढी देखिएको रकम असुल हुनुपर्दछ । (दोस्रोमा छुट भएको तेस्रो खर्च लेखिएको प्रतिक्रिया कार्यालयले दिएता पनि विद्यालयको निकासा खाता तयार नगरेको र दोस्रोमा छुट भएको देखिने वा बैंक घटी गएको विद्यालय र रकमको प्रमाण बेगर बढी निकासा दिएकोमा प्रतिक्रिया मिल्दो देखिएन ।

४. **बैंक बढी निकासा** : कार्यालयले विद्यालयलाई शिक्षकको तलब भत्ता बापतको रकम निकासा गर्दा सम्बन्धित विद्यालयको माग फाराम तथा माग गरेको रकमलाई विद्यालय निकासा खातासँग भिडान गरी तलब, ग्रेड र भत्ता रकम समेत सम्बन्धित विद्यालयको खातामा निकासा गर्नुपर्ने व्यवस्था छ ।  कार्यालयले तेस्रो चौमासिकमा प्रा.वि.तर्फको निकासा बापत विद्यालयको नाम नामेसी र निकासा पठाउनुपर्ने रकमको तेरिज खडा गर्दा दरबन्दीतर्फ रु.५,००,६९,०४५।- तथा राहततर्फ रु.५०,२६,८४०।- जोडजम्मा रहेको छ । तर कार्यालयले सोहि रकम बैंकलाई बैंक आदेश चेक पठाउँदा दरबन्दीतर्फ रु.५,०५,६६,१०१।- र राहततर्फ रु.५०,२६,८४०।- पठाएकोले दरबन्दीतर्फ तेरिज भन्दा बैंक बढी पठाएको रकम रु.४,९७,०५६।- का सम्बन्धमा छानविन गरी बढी निकासा रकम असुल हुनुपर्दछ ।

५. **बढी भुक्तानी** : सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको तलब भत्ता भुक्तानी गर्दा टी.एम.आइ.एस. अद्यावधिक गरी निजले सेवा गरेको अवधि र हाजिरी समेत लिई यकिन गरेर भुक्तानी पठाउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष १६ शिक्षकको नाममा रु.३,९४,१०३।- निकासा गरेको मध्ये ४ जना शिक्षक अवकाश भइसकेको र अन्य शिक्षक जिल्लामा सरुवा भै आएकाको समेत रकम भुक्तानी भएकोले बढी भएको रकम यकिन गरी असुल गर्नपर्दछ ।

६. **छुट निकासा** : कार्यालयले मा.वि.नि.मा.वि. निकासा बापत तेस्रो चौमासिकमा दरबन्दी तर्फको रु.१,९८,८१,४१९।- र राहत तर्फको रु.९०,७०,८८८।- समेत रु.२,८९,५२,३०७।- को तेरिज ( विद्यालय अनुसार) तयार गरेकोमा उक्त रकम निकासा गरिसकेपछि पुनः भौ.नं.१२।०७३/३/२० मा थप रु.१४१०७६२।- समेतको बैंक भुक्तानी आदेश पठाएको छ । रकम बैंक आदेश पठाएको गोश्वारा भौचर र भुक्तानी आदेशमा थप तलब भत्ता उल्लेख गरेको भएता पनि उक्त छुट रकम खुलेको विद्यालयगत शिक्षकको नाम नामेसी, निकासा माग फाराम तथा पहिले निकासा भए नभएको स्पष्ट नखुलाई निकासा दिएकोले छानविन गरी रकम थप गर्दा बढी रकम समेत रहे नरहेको यकिन गर्नुपर्दछ । यकिन गरिने प्रतिक्रिया कार्यालयले दिएको छ ।

७. **विद्यालय दिवा खाजा** : कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७२ बमोजिम कर्णाली अञ्चलका बालविकास केन्द्र देखि १–५ कक्षा अध्ययनरत सबै विद्यार्थीलाई दिवा खाजा बापत विद्यालय खुलेको दिनको आधारमा प्रति विद्यार्थी रु.१५।- निकासा दिईने व्यवस्था छ । दिवा खाजा उपलब्ध गराईएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई जिल्ला शिक्षा कार्यालयमा संकलन गरी संख्या यकिन पश्चात् मात्र थप निकासा दिनुपर्ने व्यवस्था छ । तेस्रो चौमासिक निकासा गर्दा पहिलो र दोस्रो चौमासिक निकासाको रकम सदुपयोग भएको सुनिश्चित गर्नुपर्ने गरी तोकिदिएको छ । कार्यालयबाट प्राप्त यस वर्ष विद्यालय खुलेको दिनको विवरणमा २०२ दिन विद्यालय सञ्चालन भएको उल्लेख छ । विद्यालय दिवा खाजा कार्यक्रममा विद्यालय खुलेको अवधिको आधार देखाउदा वालविकासतर्फ १९४ दिन र १-५ तहमा २०२ दिन देखाई १–५ तहतर्फ दिवा खाजाको रकम दोस्रो र तेस्रो चौमासिक अवधिमा बालविकास केन्द्रभन्दा दिन ८ बढीको खाजा रकम निकासा दिएको छ । कार्यक्रम सञ्चालन पुस्तिकाले प्र.अ. र व्यवस्थापन समितिका अध्यक्षबाट विद्यार्थी हाजिरी प्रमाणित गराई सोही आधारमा रकम निकासा गर्नुपर्ने गरी तोकिदिएकोमा हाजिरी विवरण नलिएको र विद्यालय खुलेको दिन समेत दुई तहमा फरक फरक देखाई रकम निकासा पठाएकोले यस वर्ष कक्षा १–५ तहमा विद्यालय खाजामा बढी निकासा दिएको रु.२३,२९,२०२।- को सम्बन्धमा वास्तविक विद्यालय खुलेको दिनको थप यकिन र छानविन गरी बढी निकासा दिएको रकम फिर्ता दाखिला हुनुपर्दछ ।

८. **विद्यालय भौतिक सुधार** : कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७२ मा विद्यालय भौतिक सुविधा अन्तर्गतको रकमको बाँडफाड स्रोत केन्द्र स्तरीय प्र.अ.हरुको बैठकले सिफारिस गरे बमोजिम भौतिक सुविधाको वितरण आवश्यकताको आधारमा प्राथमिकीकरण गर्नुपर्ने गरी तोकिदिएको छ । कार्यालयले २०७३।१।५ मा ३७ विद्यालयलाई रु.३९१०००००।- विद्यालयसँग सम्झौता गरी रकम निकासा गर्दा को पहिलो किस्ता बापत जग खन्ने तथा सामग्री संकलन तथा केहीलाई सामग्री संकलन मात्रको कार्य देखाई रकम निकासा गरेको पाइयो । विद्यालयसँग सम्झौता गरी रकम निकासा गरेकोले सबै विद्यालयहरुमा पठाएको पूरै रकमबाट यस वर्ष कार्यक्रम सञ्चालन गर्दा एकै विद्यालयमा एक भन्दा बढी निर्माण कार्य समेतमा निकासा दिएको पाइयो । एकै विद्यालयमा पठाईएको एकभन्दा बढी पूर्वाधारको रकम रु.७९ लाख रहेको छ । निर्देशिकाको आधारमा रकम दिई खर्च गराउनुपर्दछ ।

९. **निकासा तथा पेश्की कारोबार** : यो वर्ष विद्यालयको नाममा भवन निर्माण सम्बन्धी किस्ता रकम पठाउँदा निकासा रकमलाई कार्यालयले पेश्की खर्चको रुपमा पठाई कारोबार गरेको छ । आर्थिक वर्षको अन्तसम्म यस शीर्षकमा रु.२११३३०००।- पेश्की बाँकी देखिएकोमा कार्यालयले उक्त पेश्कीलाई म.ले.प.फा.नं.१४ (पेश्की बाँकी हिसाव) मा समावेश गरी पेश गरेको छैन । तर लेखापरीक्षणबाट यस वर्ष विद्यालयहरुमा निकासा पठाएको रकम मध्येबाट लेखापरीक्षणको अवधि २०७३।८।१५ सम्म भौतिक निर्माणको कार्य गराई सम्बन्धित विद्यालयका प्र.अ., व्यवस्थापन समिति अध्यक्ष र काम नापजाँच गर्ने प्राविधिक कर्मचारी र जि.शि.अ. समेतले प्रमाणित गरेको कार्यसम्पन्न प्रतिवेदन समेतको परीक्षण गर्दा २५ विद्यालयको नाममा दिएको भौतिक निर्माण कामको पेश्की बाँकी रहेको छ । निकासा रकमबाट निर्माण कार्य गरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

१०. **भवन निर्माण कार्य र भुक्तानी** : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२ ले भौतिक सुविधा विस्तार कार्यक्रमबाट हुने सम्पूर्ण निर्माण तथा मर्मत कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० मा भएको व्यवस्था अनुसार विपद् प्रतिरोधी र अपाङ्ग मैत्री, छात्रामैत्री गराउनु पर्ने र सामुदायिक विद्यालयमा भवन निर्माण गर्दा विद्यालयसँगको जनसहभागिता जुटाई गर्नुपर्ने कामको सम्झौता गर्नुपर्ने व्यवस्था छ । विशेष शिक्षा तर्फको सशर्त चालु कार्यक्रमबाट प्राप्त रकम कार्यालयले कर्णाली मा.वि. अनामनगरलाई छात्राबास भवन निर्माण कार्य गर्ने गरी विद्यालय व्यवस्थापन समितिका अध्यक्षको नाममा पेश्की देखाई पूरै रकम विद्यालय खातामा निकासा गरेको छ । सशर्त चालु अनुदानबाट विद्यालय खातामा रकम निकासा गरेकोमा उक्त भवन ठेक्कापट्टाबाट गराएको जानकारी दिएको छ । छात्राबास भवनको लागत अनुमान तथा ड्रइङ डिजाइन एवं लागत अनुमान स्वीकृतिको कार्य गर्दा गराउँदाको आधार तथा विद्यालयले व्यहोर्ने जनसहभागिता अंश खुलेको सम्झौता तथा लागत अनुमान स्वीकृतिको फाइल निर्णय पेश भएन । उक्त भवन विद्यालयमा निर्माण हुने र सो कार्य निर्माण व्यवसायीबाटै गराउने व्यवस्था भएकोमा रकम भुक्तानी गर्दा रनिङ बिल वा बीजकको आधारमा मात्र भुक्तानी गर्नुपर्नेमा विद्यालय खातामा पूरै रकम निकासा दिएको र आर्थिक वर्षको अन्तसम्म रु. ५५०००००।- पेश्की फछ्र्यौट भएको छैन ।

११. **अनुगमन खर्च** : अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्दा स्रोत व्यक्तिमार्फत समेत अनुगमन गर्ने व्यवस्था छ । उक्त कार्यक्रममा विभिन्न मितिमा कर्मचारीले अनुगमन गरेको दैनिक तथा भ्रमण भत्ता भुक्तानी गर्न एक खरिदारलाई रु.१,४०,०००।- बुझाएकोमा अनुगमन प्रतिवेदन लेखापरीक्षणमा पेश हुन नआएकोले खर्चको आधार प्रष्ट भएन ।

१२. **सञ्चालन अनुदान** : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२ मा सामुदायिक अध्ययन केन्द्रहरुले अद्यावधिक विधान, गत आर्थिक वर्षसम्मको लेखपरीक्षण प्रतिवेदन र कार्य प्रगति विवरण, चालु वर्षको कार्य योजना समेत पेश गरी नविकरण भएको सामुदायिक अध्ययन केन्द्रलाई सञ्चालन तथा अन्य अनुदान निकासा दिने व्यवस्था छ । कार्यालयले यो वर्ष ४ सामुदायिक अध्ययन केन्द्रलाई विभिन्न अनुदान अन्तर्गत रु.११,७३,०००।- केन्द्रको खातामा निकासा दिएकोमा सामुदायिक अध्ययन केन्द्रको विधान, गत वर्षको लेखापरीक्षण प्रतिवेदन र कार्य प्रगति र चालु वर्षको कार्य योजना समेत पेश नगरी खर्च लेखेकोले प्रमाण बेगरको यस्तो खर्च नियमित देखिएन ।

१३. **अनुदानको उपयोग** : सामुदायिक अध्ययन केन्द सुदृढीकरण अनुदान अन्तर्गत जिल्लामा सञ्चालित मध्ये विगतमा सुविधा नपाएका मूल्याङ्कनमा उत्कृष्ट ठहरिएका, नविकरण भएका कुनै तीन वटा सामुदायिक अध्ययन केन्द छनौट गरी प्रति सामुदायिक अध्ययन केन्दलाई रु.५० हजारका दरले निकासा दिने र सो निकासा रकमले कम्प्युटर, इन्टरनेट जडान, फर्निचर आदिको व्यवस्था गरी प्रयोगमा ल्याउनुपर्ने, सो कार्यको विवरण लिने, कार्य तोकिएकोमा सामुदायिक अध्ययन केन्द्रमा

पुस्तकालय स्थापना, कम्प्युटर इन्टरनेट जडान भएको संख्या खुलेको विवरण र प्रतिवेदन पेश हुन नआएकोले उक्त खर्चको पुष्टि र अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ ।

१४. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की लिने र फछ्र्यौट सम्बन्धी व्यवस्था छ । सामुदायिक अध्ययन केन्द्रका अध्यक्षहरुको  अभिमुखीकरण, योजना तर्जुमा र जनचेतना कार्यक्रम सञ्चालन गर्न एक वि.नि.लाई रु.२,०६,७६०।- पेश्की दिएकोमा म.ले.प.फा.नं.१४ मा पेश्की नदेखाएको र पेश्की फछ्र्यौट फाँटवारी समेत लेखापरीक्षणमा पेश नभएकोले निजको नामको पेश्की छुटाएको रकमको खर्चको फाँटवारी पेश नभएमा असुल गर्नुपर्दछ ।

१५. **भ्रमण खर्चः** आन्तरिक लेखापरीक्षणको व्यहोरा यकिन गर्दा विभिन्न मितिमा कर्मचारीहरुलाई अनुगमन खर्च भुक्तानी गरेकोमा फर्किएको दिनको पूरै भुक्तानी गरेको रु.१८,४००।- असुल हुनुपर्ने देखियो ।

१६. **छात्रवृत्ति वितरण स्थिति :** आ.व.२०७२।७३ को स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न विभागद्वारा कार्यक्रम सञ्चालन निर्देशिका स्वीकृत भएको छ । प्रोत्साहन र सहयोग कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम ८ मा जिल्ला छात्रबृत्ति समिति अनिवार्य रुपले गठन गरी सो समितिले जिल्लामा प्राप्त कोटा र रकम समेतलाई ध्यानमा राखी छात्रबृत्ति वितरण सम्बन्धी नीतिगत आधार तय गर्नुपर्ने व्यवस्था छ । छात्रबृत्ति वितरण गर्दा दोहोरो नपर्ने गरी विद्यालय खुलेको अवधिमा नियमित हाजिरी भएका छात्रछात्रालाई अभिभावक तथा जि.शि.का. प्रतिनिधिको रोहवरमा उपलब्ध गराउने समेत व्यवस्था छ । यसवर्ष कार्यालयले विभिन्न नामको रु.२ करोड ४० लाख ८१ हजार छात्रबृत्ति रकम सम्बन्धित विद्यालयको खातामा फ्ल्यास१ को आधारबाट निकासा दिएको छ । फ्ल्यास१ को आधारमा मात्र छात्रबृत्ति निकासा गर्नाले लक्षित वर्गले मात्र पाएको र दोहोरो नपर्ने अवस्था स्पष्ट नभएकोले छात्रवृत्ति समिति गठन गरी नीतिगत आधार समेत तयार गरेर छात्रबृत्ति वितरण गरिनुपर्दछ ।

१७. **कर्णाली प्याकेज :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।७३ को ६.३.१.४ (कर्णाली प्याकेज कक्षा १–१०) को छात्रबृत्ति वितरण गर्दा दोहोरो नपर्ने गरी तथा २०७२ साल बैशाखदेखि भर्ना भएकाले मात्र सो वर्षको छात्रबृत्ति पाउने व्यवस्था छ । कार्यालयले यस वर्ष कर्णाली छात्रबृत्ति रकम बापत कक्षा १० का विद्यार्थीलाई २०७३/३/२० मा उक्त वर्षको छात्रबृत्ति रकम विद्यालय खातामा निकासा दिएको पाइयो । २०७२ बैशाखदेखि कक्षा १० मा अध्ययनरत विद्यार्थी २०७२ मंसीर महिनामा सेन्टअप परीक्षा दिई विद्यालयबाट एस.एल.सी. तयारीमा जाने र २०७२ चैत्र देखि विद्यालयबाटै बाहीरीने भएकोले २०७२ चैत्र भन्दा पछि २०७३ आषाढमा समेत २०७२ बैशाखको भर्नाको आधारमा तयार गरिएको फ्ल्यास१ को संख्याकै आधारबाट छात्रबृत्ति रकम निकासा पठाएकोले सम्बन्धितले बुझिलिएको भरपाई प्रमाण पेश नभएमा उक्त रकम रु.८,२६,०००।- असुल हुनुपर्दछ ।

१८. **पारिश्रमिक :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२ बमोजिम स.का. को नियुक्ति भई तालिम पश्चात् रकम पठाउने व्यवस्था छ । यस वर्ष नयाँ स्थापना भएका वालविकास केन्द्र तर्फका स.का. को नाममा रकम निकासा पठाएको मध्ये महादेव प्रा.वि. बड्कीको खातामा स.का. को नाम नामेसी नै नराखी रु.३२४००।- रकम निकासा दिएको छ । स्वीकृत कोटामा व्यक्तिको नियुक्ति र साको समर्थन नगराई विद्यालय खातामा रकम निकासा दिएकोले उक्त रकम यस वर्ष स.का.को नियुक्ती गरी खर्च नभएमा फिर्ता गराउनुपर्दछ ।

१९. **खर्चको फाटवारी** : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२ मा अगुवा स्रोत केन्द्र व्यवस्था लागि कार्यक्रम बजेट स्वीकृति भएको छ। यस वर्ष कार्यालयले स्रोत केन्द्रका स्रोत व्यक्ति बाहेक विद्यालय निरीक्षक समेतलाई स्रोत केन्द्र व्यवस्थापन खर्च उल्लेख गरी रु.६४,०००।- भुक्तानी दिएको छ। विद्यालय निरीक्षकलाई स्रोत केन्द्र व्यवस्थापन खर्च भुक्तानी गर्दा स्रोत केन्द्रमा खर्च भएको अवधि र बिल भरपाई समेत संलग्न नरहेको देखियो । विद्यालय निरीक्षक आफ्नो क्षेत्र अन्तर्गतका सबै स्रोत केन्द्र मै रहेर फिल्ड काजमा रही फिल्ड भत्ता समेत भुक्तानी भएको अवस्थामा बिल भरपाई बेगर सोझै रकम भुक्तानी गरेकोले व्यवस्थापन खर्च पाउने आधार पेश हुनुपर्दछ। विद्यालय सामग्री कार्यक्रमबाट कर्णाली मा.वि.लाई रु.५० हजारको पेश्की फछ्र्यौट गरेकोमा पेश्की फछ्र्यौट फाँटवारी अनुसार रु.१७,३००।- को सामग्री तथा अतिरिक्त क्रियाकलापको रु.१८,९००।- गरी जम्मा रु.३६२००।- को फाँटवारी रहेकोले फाँटवारी बेगर बढी रकम फछ्र्यौट गरेकोले बाँकी रकम रु.१३,८००।- असुल हुनुपर्दछ ।

२०. **पेश्की फछ्र्यौटको आधार** : आर्थिक कार्यवाधि नियमावली २०६४ को नियम ७४ मा पेश्की लिने कर्मचारीले विल भर्पाइ पेश गरी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। एस एल सी परीक्षा सञ्चालन गरी एक विद्यालय निरीक्षकको नामको रु.११,२६,६००।- पेश्की फछ्र्यौट गरेकोमा १३ परीक्षा केन्द्रमा परीक्षा सञ्चालन गरी पेश्की फछ्र्यौटको लागि पेश भएको फाँटवारी अनुसार रु.१०,८८,९४८।- मात्रको बिल भरपाई समावेश भएको छ । बिल भरपाईभन्दा बढी पेश्की फछ्र्यौट गरेको रकम यकिन गरी असुल गर्नुपर्दछ। परीक्षा केन्द्रमा भएको भत्ता भुक्तानी तथा अन्य बैठक भत्ता भुक्तानीमा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गरी रु.१,१५,३९८। कट्टी भई सोही रकम बैंक दाखिला हुनुपर्नेमा फछ्र्यौट स्रेस्तासाथ अग्रिम कर रु.७२,०००।- मात्र दाखिला भौचर समावेश भएकोले नपुग कर रु.४३,३९८।२५ को दाखिला प्रमाण पेश हुनुपर्दछ। काठमाडौं र सिंजासम्म उत्तरपुस्तिका ढुवानी गरी पुऱ्याउन जिप रिजर्भ गरी रु.८०,०००।- भुक्तानी गरेकोमा अग्रिम कर बापतको हुने रु.८,०००।- कर दाखिला भौचर पेश भएन ।

२१. **तलबी प्रतिवेदन** : निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख)(३) बमोजिम जिल्ला स्थित कार्यालयको निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलब भत्ता भुक्तानी गर्न नहुने व्यवस्था छ । कार्यालयले तलबी प्रतिवेदन पारित नगरी यो वर्ष तलबमा रु.६३,९७,३७७- खर्च लेखेकोमा ऐनको उल्लिखित व्यवस्था बमोजिम तलबी प्रतिवेदन पारित गरी तलब खुवाउनु पर्दछ ।

२२. **खर्च शीर्षक** : अर्थ मन्त्रालयबाट स्वीकृत बजेट शीर्षक खर्चको व्याख्यामा २१११ बाट दरबन्दीमा कार्यरत कर्मचारीको तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष करारमा कार्यरत कर्मचारीको तलब भत्ता बापत २२४१२ अन्य सेवा शुल्क बाट खर्च लेख्नुपर्ने रु.६,००,३१६।- समेतलाई तलब शीर्षकबाट भुक्तानी गरेको कार्य नियमित देखिएन ।

## जिल्ला हुलाक कार्यालय

१. **तलबी प्रतिवेदन** : निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख)(२) मा जिल्ला स्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराई तलब खुवाउनु पर्ने व्यवस्था छ । कार्यालयले तलबी प्रतिवेदन पारित नगरी रु.२०००५६८९।- तलब खर्च लेखेको छ । ऐनमा उल्लिखित व्यवस्था बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खुवाउनु पर्दछ । पारित गर्ने प्रक्रियामा रहेको प्रतिक्रिया कार्यालयको रहेको छ ।

२. **सीमित बिदा रकम** : हुलाक सेवा विभागको परिपत्र अनुसार डाँक आदान प्रदान गर्ने कार्यालय सञ्चालन स्तरमा काम गर्ने निकायमा कार्यरत कर्मचारीहरुलाई सार्वजनिक विदाको दिनमा काम गरी सट्टा विदा उपयोग नगरेको अवधिमा सिमित विदाको रकम भुक्तानी गर्ने व्यवस्था गरेको छ । हुलाक सेवा विभागको परिपत्रमा सीमित विदाको रकम भुक्तानी गर्दा सट्टा विदा नलिएको र अन्यत्र निकायमा काजमा रहे नरहेको यकीन गरी नयाँ नियुक्ति र सरुवा भई आएकोमा अवधि समेत यकीन गरी चैत्र महिनाको तलबसाथ भुक्तानी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सार्वजनिक विदामा हाजिर भई काम गर्ने कर्मचारीको हाजिर तथा विदा र सरुवाको रेकर्ड संलग्न नगरी २०७२ फाल्गुनमा भुक्तानी खर्च लेखेकोमा लेखापरीक्षणमा औंल्याउँदा ७ कर्मचारी २०७२ बैशाख पछिको अवधिमा मात्र कामकाज गरेको देखिएकोले बढी भुक्तानी भएको रकम रु.५४,२४३।- असुल गर्नुपर्दछ भनी वेरुजू कायम भएकोमा ६ कर्मचारीको रु. ४०१७०।- असुल गरेको प्रमाण पेश भएको छ बाँकी रकम समेत असुल गर्नुपर्दछ ।

३. **इजाजत नवीकरण** : राष्ट्रिय प्रशारण नियमावली,२०५२ बमोजिम प्रत्येक इजाजत प्राप्त केवुल नेटवर्क सञ्चालन गर्ने संस्थाले इजाजतपत्र आर्थिक वर्ष शुरु हुनु अगावै नवीकरण गराई अद्यावधिक गराउनु पर्ने व्यवस्था रहेको छ। प्रशारण इजाजतपत्र आगामी आर्थिक वर्षको पौष मसान्तसम्म थप जरिवाना लगाई नविकरण नगराएमा स्वतः रद्द हुने व्यवस्था गरी इजाजत पत्र नविकरण गराउन आउँदा उक्त वर्षको रोयल्टी समेत दाखिला गर्नुपर्ने व्यवस्था छ । जिल्लाभित्र सञ्चालित केवुल नेटवर्क सञ्चालन गर्ने संस्थाको नवीकरण तथा रोयल्टी दाखिला स्थितिको लेखापरीक्षण प्रतिवेदन अस्पष्ट रहेको तथा अन्य २ एफ.एम. रेडियो प्रशारण संथाहरुले घटी रकम बुझाएका छन् । नियमानुसार प्रमाण लिई बाँकी रकम असुल गर्नुपर्दछ ।

४. **टेलिसेन्टर** : टेलिसेन्टर सञ्चालन कार्यविधि निर्देशिका बमोजिम टेलिसेन्टरहरुलाई क्रमशः आय आर्जन गरी आत्मनिर्भर बनाउने गरी तोकिदिएको छ। कार्यालय अन्तर्गत ३ टेलिसेन्टर रहेका र आ.व.२०७२।७३ मा टेलिसेन्टरहरुबाट कुनै आम्दानी समेत नभएको तर ती टेलिसेन्टरहरुमा कार्यरत कर्मचारीहरको लागि कर्मचारी तलबमा यो वर्ष रु.३९००००।- तथा मसलन्द र अन्य खर्च समेत भएको छ। कार्यालय प्रमुखसँगको छलफलमा हाल टेलिसेन्टरहरुमा कम्प्युटर लगायतका मेशिनरी औजार मर्मत नभई कुनै कार्य नभएको जानकारी प्राप्त भएको छ । स्थापनाको उद्देश्य अनुरुप सञ्चालन गरी टेलिसेन्टरलाई प्रभावकारी बनाउनु पर्दछ ।

## जुम्ला बहुमुखी क्याम्पस

१. **बैंक रिकन्सिलिएसन** : त्रि. वि. आर्थिक व्यवस्थापन तथा सञ्चय कोष सम्बन्धी नियम, २०५० र त्रि.वि. लेखा कार्य प्रणाली, २०५१ बमोजिम क्याम्पसले आफ्नो लेखा विवरण अद्यावधिक गरी प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षणबाट बैंक रिकन्सिलिएसन बाहेकको मात्र आर्थिक विवरण भिडान गरी प्रमाणित गरेकोमा लेखापरीक्षणलाई समेत बैंक रिकन्सिलिएसन विवरण पेश भएन ।

क्याम्पसबाट लेखापरीक्षणमा पेश भएको बैंक मौज्दात विवरण २०७२।३।३० देखि २०७३।३।२३ सम्मको मात्र स्टेटमेन्ट पेश भएको र २०७२।३।३१ र २०७३।३।२४ देखि २०७३।३।३१ सम्मको कारोबार खुलेको बैंक स्टेटमेन्ट पेश नभएकोले बैंक मौज्दात हिसाबमा देखाएको रु.२७,२३,६१०।- यकीन गर्न सकिएन। कारोबार पूरै खुलेको बैंक स्टेटमेन्ट लिई बैंक रिकन्सिलिएसन तयार गरेर मौज्दात रकम यकिन गर्नुपर्दछ । तत्काल बैंक स्टेटमेन्ट लिई रुजू गरी मिलान गरिने प्रतिक्रिया कार्यालयको रहेको छ ।

२. **अधुरो ठेक्का** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको अवधि भित्र सम्झौताको काम सम्पन्न नभएमा तोकिएको प्रक्रिया पुरा गरी म्याद थप गर्न सक्ने र नियम १२१ मा तोकिएको म्याद भित्र कार्य सम्पन्न नगरेमा निर्माण व्यवसायीले सार्वजनिक निकायलाई पूर्व निर्धारित क्षतिपूर्ति तिर्नु पर्ने व्यवस्था छ । क्याम्पस हातामा कार्यक्रम हल निर्माणको लागि कार्य गर्न २०७२।१।९ मा मूल्य अभिवृद्धि कर सहित रु.२८५६८०४।- को बोलपत्र स्वीकृत (रजिष्टार कार्यालयबाट) गरी निर्माण व्यवसायीसँग २०७२ कार्तिक मसान्त सम्म सम्पन्न गर्ने गरी खरिद सम्झौता भएको छ । निर्माण व्यवसायीले यस वर्षसम्म दोस्रो रनिङ बिल सम्मको रु.२७,७६,८७३।- भुक्तानी लिई सकेकोमा सो सम्झौताको म्याद थप गरेको समेत पाइएन । निर्माण व्यवसायीले म्याद थप माग नगरेको र कार्य सम्पन्न नभएकोमा क्याम्पसले नियमानुसारको लाग्ने क्षतिपूर्ति लिई सार्वजनिक खरिद ऐन र नियमावलीको व्यवस्था बमोजिम थप कारबाही समेत गरेको प्रमाण लेखापरीक्षणमा पेश भएन । खरिद नियमावलीको व्यवस्था अनुसार लाग्ने पूर्वनिर्धारित क्षतिपूर्ति लिई बाँकी कार्य पूरा गराउनुपर्दछ ।

३. **बिदा अवधिको भत्ता** : आन्तरिक लेखापरीक्षणको व्यहोरा यकिन गर्दा त्रि.वि.कार्यकारी परिषद्को निर्णय अनुसार विदा दिएको १ महिनामा समेत १७ जना शिक्षकलाई स्थानीय भत्ता बापत बिदा अवधिको रकम भुक्तान गरेकोले बिदा अवधिको उक्त भत्ता रकम रु.१,८९,६६०।- असुल गर्नुपर्दछ ।

४. **जिन्सी निरीक्षण** : त्रि.वि. आर्थिक व्यवस्था तथा सञ्चयकोष सम्बन्धि नियम २०५० मा क्याम्पसको सम्पत्ति तथा जिन्सी मौज्दातको निरीक्षण गराई निकाय प्रमुखले आर्थिक वर्षको अन्त्यमा प्रमाणित गरी व्यवस्थित गर्नुपर्ने व्यवस्था छ । आर्थिक विवरणको अनुसूची-१ पुँजीगत शीर्षकमा रु.२,९८,५२,८५३।- सम्पत्ति देखिएकोमा नियम अनुसार समिति गठन गरी भौतिक परिक्षण गराएको पाइएन । नियमको व्यवस्था अनुसार भौतिक निरीक्षण गराउनु पर्दछ ।

५. **जगेडा कोष** : आन्तरिक स्रोतबाट भएको आम्दानीको १० प्रतिशत रकम सोही क्याम्पसमा जगेडा कोषमा राख्नुपर्नेमा राखेको पाइएन ।

## डिभिजन सडक कार्यालय

१. **रकम फ्रिजः** यो वर्षको कार्यक्रम सञ्चालन गर्न वार्षिक कार्यक्रम स्वीकृत भई अख्तियारी प्राप्त भएको मध्ये कार्यालयले कार्यक्रम सञ्चालन गरी घटी खर्च गरेका र नगरेका योजना तथा कार्यक्रमको रु.२९,१०,०००।- काम नै नगरी फ्रिज गराएको छ । स्वीकृत कार्यक्रमअनुसार विगत ४ वर्षदेखि ठेक्कापट्टा भई अधुरा अवस्थामा रहेका कर्णाली राजमार्ग अन्तर्गतका ४ पुलको रु.२७,५०,०००।- समेत रहेको छ । स्वीकृत कार्यक्रम अनुसारको कार्य गराउनुपर्दछ ।

२. **निर्वाचन क्षेत्र सडक** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १९ मा आयोजना स्वीकृत गर्दा निर्माण सम्पन्न गर्ने अवधि समेत खुलाउनुपर्ने व्यवस्था छ । डिभिजन कार्यालयको कार्यक्षेत्र भित्र रहेका जुम्ला, मुगु कालिकोट जिल्लाका माननीय सांसदहरुले छनौट गरेका सडकमा २०७१।७२ देखि विभिन्न निर्माण कार्य शुरु गरी यो वर्ष रु.४,८५,९९,०००।- खर्च भएको विवरण प्राप्त भएको छ । योजना स्वीकृत गर्दा सम्पन्न हुने अवधि समेत निर्धारण नभएका रु.२,३६,५९,३०,०००।- लागत अनुमान देखाइएका १७० कि.मि. सडक बनाउने योजनाहरुलाई बहुवर्षीय ठेक्कामा समावेश गरी खरिद तथा निर्माण कार्य गरेको पाइयो ।

३. **अन्य जिल्ला तथा तिव्वत पहुँच सडक** : डिभिजन कार्यालय अर्न्तगतका जुम्ला, कालिकोट, मुगु जिल्लाहरुबाट कर्णालीका अन्य जिल्ला तथा उत्तर क्षेत्र तिव्वतसँग जोड्ने सडक निर्माण सम्बन्धी

कार्य गर्न विभिन्न सडकहरुको नाममा योजना स्वीकृत गरी रकम समेत छुट्याई खर्च हुने गरेको छ । यो वर्ष सम्म स्वीकृत यी सडकहरुमा भएको खर्च निम्नानुसार छ :

(रु.हजारमा)

| सडकको नाम | लम्बाई | लागत अनुमान | २०७२/०३ सम्मको खर्च |
|---|---|---|---|
| मुगु–सिमिकोट | ५५ कि.मि | ४५७१०० | १६८६ |
| ल्याक्चे–नाग्ला सडक (तिव्वत सिमा) | ८५ कि.मि | ७२६८३५ | ११६३५ |
| खुलालु – सैफु– सिमिकोट (कर्णाली करिडोर) नेपाली सेना | १९६ कि.मी | २८४१११६ | ११०६२ |
| नाग्म–गमगढी (जुम्ला–मुगु) | ९३ कि.मि | १७२८४०० | ८६५२१ |
| चखेली–मुगु–सिमिकोट (मुगु) | ५५ कि.मी | १३७०५० | ६४१ |
| जुम्ला खलंगा–चोत्रे–दुनै | ८५ कि.मी | ७७२५५० | ३५०० |

| **व.उ.शि.नं.३३७१०७–४ तर्फ** | | | |
|---|---|---|---|
| गमगढी सिमिकोट (मुगु देखि हुम्ला) | – | ५०५२०६ | २०००००.०० |
| रामदुवा खोलाबाट सोरलेक हुंदै चौरीकोट काई गाउं डोल्पा | – | २६९२२५ | २२००००.०० |
| लालु देखि अछामको कालाकोट गा.वि.स | – | ३३७२४५ | ४०००००.०० |
| जुम्लाखलंगा–चोत्रे– दुनै | – | ७७२५५० | ३५०००००.०० |

डिभिजन कार्यालय अर्न्तगत सडक सन्जाल सम्बन्धी कार्य गर्न विभिन्न खण्डका सडकहरुको लागत अनुमान स्वीकृत गर्दै खर्च गराउने प्रक्रिया शुरु भएको छ ।

४. **आन्तरिक नियन्त्रण प्रणाली** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(१) मा आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कूल खर्च गरेको पूँजीगत बजेट रु. २२ करोड ५८ लाख ३२ हजार मध्ये रु.१५ करोड ३९ लाख ६७ हजार (७७ प्रतिशत) तेस्रो चौमासिकमा र रु.७ करोड २७ लाख १४ हजार ( ३७.२२ प्रतिशत) आषाढमा खर्च गरेको, कार्यालयले खरिदको गुरु योजना र खरिद योजना तयार नगरेको, जिन्सीको आर्थिक वर्षमा खरिद गरिएको परिमाणको तुलनात्मक विवरण व्यहोराहरु खुलाई निरीक्षण प्रतिवेदन तयार नगरेको, ट्याक्टर, पिकअप गाडी लगायतका १२ किसिमका मालसामान मर्मत हुन नसकी लिलाम गर्नु पर्ने तथा मोटरसाईकल, अफिस टेवल लगायतका ९ किसिमका मालसामान मर्मत गर्नु पर्ने भनी औंल्याइएकोमा सो तर्फ आवश्यक कारबाही अगाडि नबढाएको, कार्यालयको जिन्सी खातामा आम्दानी देखाइएका गाडी तथा लेवल मेशिन लगायतका २३ थान मालसामानको मूल्य कायम नगरेको, कार्यालय प्रमुखले प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू गर्नु पर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुरुप कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको, तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च गर्नु पर्नेमा कैफियत प्रतिवेदन पारित भएको र यस वर्ष ५ जना कर्मचारीको लागि पुन पारित नगरी खर्च लेखेको, अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा नगरेको, २ योजनाको सम्भाव्यता अध्ययन नगरी रु.२१ लाख ४० हजार खर्च लेखेको छ ।

उपर्युक्तानुसारका व्यहोरा देखिनुमा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नहुनु र ऐन, नियमको पालना नहुनु प्रमुख कारण देखिन्छ । यसबाट आर्थिक अनुशासन कायम गर्न कठिनाइ हुने, वित्तीय पारदर्शिता प्रवर्द्धनमा कमी आउने हुंदा नियन्त्रण प्रणाली सुदृढ गरी ऐन, नियममा भएका व्यवस्थाको पूर्ण पालना गरिनुपर्दछ । प्रतिवेदनमा औंल्याए बमोजिम आगामी दिनमा सुधार गरिने कार्यालयको भनाइ रहेको छ ।

५. **निर्माण व्यवसायीको प्रतिनिधि** : सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ अनुसार निर्माण कार्य गराउन निर्माण व्यवसायी र फर्मको योग्यता र सक्षमता समेत तोकि दिएकोमा

नियुक्त गरिने प्रतिनिधिहरुको योग्यता र पालना गर्ने दायित्व सम्बन्धमा खुलाई पेश गर्ने गरेको पाइएन । नियुक्त हुने प्रतिनिधिहरुले निर्माण सम्बन्धी कार्य सम्झौतामा तोकिएको अवधिभित्र पूरा नगर्ने, विचैमा छाडी दिने, कार्यस्थलमा काम सुचारु गर्न नदिने लगायतका कार्य समेत भै पूर्वाधार निर्माण सम्बन्धी काममा लापरवाही भएको देखिएको छ । डिभिजन कार्यालय अर्न्तगत २०६८।६९ मा ठेक्का बन्दोबस्त भएको टाकुला खोला (आर.सि.सि.पुल) मा पुल निर्माण कार्य गर्न एक निर्माण व्यवसायी छनौट भएकोमा उक्त पुल निर्माण कार्य गर्न एक व्यक्तिलाई प्रतिनिधि तोकी कारोबार गराएकोमा यस वर्षसम्म पुल निर्माणको कार्य सम्पन्न भएको पाइएन ।

कार्यालयले २०७३।१।१५ मा निर्माण व्यवसायीलाई पुल निर्माण कार्य तत्काल चालु गर्न पत्राचार गरेकोमा निर्माण व्यवसायीले २०७३।५।२६ मा निवेदन दिई प्रतिनिधिले फर्मका संचालकलाई धाक धम्की दिने गरेको र साइडमा मेशिन औजार लगि काम गर्ने वातावरण नभएकोले सुरक्षा माग गरेको पाइयो । सोही पत्रको आधारमा डिभिजन सडक कार्यालयले जिल्ला प्रशासन कार्यालय कालिकोटलाई २०७३।५।२७ मा प्रतिनिधिबाट असुरक्षा भएकोले पुल निर्माणस्थलमा सुरक्षा गरी दिन अनुरोध गरेको देखियो । कार्यालयबाट संचालित अन्य योजना तथा कर्णाली राजमार्गका निर्माणाधिन ४ पुलको निर्माण कार्यमा समेत प्रतिनिधिबाट अधिकार पेश गरी निर्माण कार्य लिएको र काम नगरी छाडिएको पाइएकोले यस सम्बन्धमा तालुक निकायबाट समेत प्रतिनिधिमा कामको सम्पूर्ण जिम्मेवारी सार्न मिल्ने नमिल्ने, कानूनी आधार बेगर यस्तो काम भए नभएको, खरिद कार्यमा भाग लिई छनौटको आधारमा तोकिएको सवै प्रक्रिया र सक्षमताको आधारबाट छनौट हुंदाको अवस्था र हाल निर्माण व्यवसायीको मेशिन औजार, व्यावसायिक सक्षमताको आधार के कस्तो रहेको सो सम्बन्धमा छानबिन गरी पुलको निर्माण कार्य पूरा नहुनुमा संलग्न सवैलाई जिम्मेवार वनाइनुपर्दछ ।

६. **कण्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची–१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कण्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कण्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ । यो वर्ष कार्यालयले रु. ८८ लाख ४५ हजार कन्टिन्जेन्सी खर्च लेखेको पाइयो । कन्टिन्जेन्सी खर्च यस वर्षको विनियोजनको ३.६९ प्रतिशत र यस वर्षको कूल सार्वजनिक निर्माण खर्चको ४.५२ प्रतिशत हुन आउँछ ।

- महालेखा नियन्त्रक कार्यालयले २०७१ मा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरण अनुसार विभिन्न खर्च संकेत नं.बाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरु जस्तै दैनिक भ्रमण भत्ता, इन्धन खर्च, गाडी, मोटरसाइकल, कार्यालय तथा आवास भवन मर्मत, स्टेशनरी छपाई, सूचना प्रकाशन, चिया खाजा खर्च जस्ता कार्यमा खर्च गरेको रु.३८ लाख १२ हजार हजार समेत खर्च संकेत नं. २९६११ (सार्वजनिक निर्माण) शीर्षकबाट खर्च लेखेको देखिएको छ । जुन उक्त खर्चको संकेत तथा बर्गीकरण अनुसार मेल खाने देखिदैन ।

- कन्टिन्जेन्सीबाट मष्टरोल मार्फत् रु. १० लाख ९४ हजार ज्याला खर्च लेखेको छ । निर्माणाधीन सडक खण्ड र पुलहरुमा सुपरभाइरहरु काममा लगाई निजहरुलाई पारिश्रमिक बापत उक्त रकम खर्च लेखेको देखिन्छ । निर्माणाधीन सडक खण्ड र पुलहरुमा सुपरभाइरहरु नियुक्त गर्ने सम्बन्धमा आवश्यक मापदण्ड एवं नर्म्स तय गरेको पाइएन ।

- कन्टिन्जेन्सी रकमबाट कार्यालय सामान लगायतको खर्च गर्दा सार्वजनिक खरिद ऐन, नियम बमोजिम प्रक्रिया नपुऱ्याई सोझै खरिद विधि अन्तर्गत रु. १०,३५,०००।– को मालसामान खरिद गरी खर्च लेखेको देखिएको छ । उक्त खर्चलाई समेत वार्षिक खरिद योजनामा समावेश गरी नियमको व्यवस्था अनुसार खर्च गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

७. **ठेक्का व्यवस्थापन** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको म्याद थप तथा नियम ११८ मा भेरिएशन सम्बन्धी व्यवस्था छ । कार्यालयबाट सञ्चालित ठेक्का प्याकेजहरुको लागत अनुमान तयारी तथा स्वीकृति गर्दा सम्बन्धित कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय सीमा तोक्ने नगरेको, अधिकांश प्याकेजहरु निर्धारित समय सीमाभित्र सम्पन्न हुन नसकी पटक पटक म्याद थप एवं भेरिएशन आदेश जारी भएर पनि कार्य सम्पन्न हुन नसकी अधुरै अवस्थामा रहेको देखियो । अधिकांश ठेक्का प्याकेजहरुमा ४ पटक (शुरु सम्झौता अवधिको २४० प्रतिशत) सम्म म्याद थप भएका १२ ठेक्काहरुको कार्य पनि अधुरै अवस्थामा रहेको देखिएको छ । तसर्थ अनुगमन तथा निरीक्षण कार्यलाई प्रभावकारी बनाई निर्धारित समय र लागतमा ठेक्का प्याकेजहरुको कार्य पूरा गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

८. **अधुरा ठेक्का** : डिभिजन कार्यालयबाट यस वर्ष रु.२३ करोड ६ लाख ८ हजार सम्झौता रकम रहेका २१ वटा ठेक्का सम्झौता भएकोमा प्रथम चौमासिकमा कुनै सम्झौता नभएको, दोस्रो चौमासिकमा १३ वटा सम्झौता भएको तथा तेस्रो चौमासिकमा ८ भएकोमा र आषाढ महिनामा मात्र रु.१ करोड ८७ लाख ७७ हजार रकमको ४ वटा ठेक्का व्यवस्था गरेको पाइयो । यस वर्ष सम्झौता भएका २१ ठेक्का कार्यमध्ये ४ वटा मात्र यसै आ.व. भित्र सम्पन्न हुन सकेको देखियो । जस अनुसार **रु.**२२ करोड ४० लाख ८५ हजार सम्झौता रकम भएका रकमको १७ वटा ठेक्का कार्य अधुरै रहेको पाइयो ।

त्यस्तै गत विगत आ.व. देखि सरी आएका ठेक्का कार्य समेत अधुरै अवस्थामा रहेका छन् । अधिकांश ठेक्काको प्रथम वा दोस्रो रनिङ् पेश भएपछिको अवस्था सम्बन्धमा सम्बन्धित ठेक्का फाइल वा स्रेस्ता फाइलबाट यकिन गर्न सकिने अवस्था छैन । सम्बन्धित निर्माण व्यवसायीले म्याद थपको लागि निवेदन दिएको पनि देखिदैन । अत: यस सम्बन्धमा सार्वजनिक खरिद ऐन, नियमानुसार म्याद थप सम्बन्धी कारबाही गरी कार्य सम्पन्न गराउने वा पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्ने तर्फ आवश्यक कारबाही हुनुपर्दछ । बाँकी रहेका काम अनुगमन गरी तोकिएको समयमा पूरा गर्न प्रयास गरिने भन्ने भनाइ कायालयको रहेको छ ।

९. **म्याद थप** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई सम्झौताको म्याद सकिनु कम्तिमा ७ दिन अगावै निवेदन दिनुपर्ने र निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा थप गर्न सक्ने व्यवस्था छ । निर्माण व्यवसायीहरुसंग भएको सम्झौताको जनरल कण्डिशन अफ कन्ट्याक्टको दफा २७.१ मा क्षतिपूर्तियोग्य घटना सिर्जना भएमा वा भेरिएशन आदेश जारी भएको अवस्थामा म्याद थप हुन सक्ने तथा म्याद थप आवश्यक पर्ने भएमा म्याद थपको निवेदन अगावै दफा ३१.१ अनुसार अर्लि वार्निङ् लेटर समेत जारी गर्नु पर्ने व्यवस्था छ । म्याद थप सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन्:

९.१. कार्यालय अर्न्तगत ३८ ठेक्का प्याकेजहरु मध्ये १२ वटाको शुरु अवधिको ५० प्रतिशतसम्म १४ ठेक्काको ५१ देखि ९५ प्रतिशतसम्म र अन्य १२ ठेक्काहरुको म्याद शतप्रतिशतसम्म थप गरी अवधि वढाएको छ । पटक पटक म्याद थप भएतापनि पनि निर्माण कार्य अधुरै रहेका छन् । नियमको व्यवस्था भित्र रही काम पूरा गराउन म्याद थप गरेको भन्ने भनाइ कायालयको रहेको छ ।

९.२. सार्वजनिक खरिद नियमावली, २०६४ को व्यवस्था अनुसार निर्माण व्यवसायीबाट म्याद थपको लागि प्राप्त निवेदन उपर यथा समयमै आवश्यक कारबाही गरी समयमै कार्य सम्पन्न गर्न, गराउन पहल गरिनुपर्दछ । डिभिजन कार्यालय अन्तर्गत सञ्चालित कतिपय सडक तथा पुल निर्माण कार्यको ठेक्कामा म्याद थपको निर्णय हुन ५ महिनासम्म लगाएको अवस्था देखियो । जसले गर्दा निर्माण कार्यको लागत तथा समय दुवै बढ्ने अवस्था रहन्छ । अत: निर्माण व्यवसायीबाट म्याद थपका लागि प्राप्त निवेदन उपर यथासमयमै आवश्यक कारबाही गरी समयमै कार्य सम्पन्न गर्न, गराउन पहल गरिनुपर्दछ ।

९.३. सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा निर्माण कामको बीमाको अवधि त्रुटि सच्याउने अवधिभन्दा १ महिना बढीको हुनुपर्ने व्यवस्था छ । ठेक्का नं.१२–०७२।७३ का निर्माण व्यवसायीसँग २०७२।१०।८ मा सम्झौता गरी ३५ महिना कार्यवधि रहेको नाग्मा–वड्की सडक खण्डको काममा निर्माण व्यवसायीले पेश गरेको बीमा पोलेसी तथा सिम्लेखोला पुल निर्माण गर्ने निर्माण व्यवसायीले पेश गरेका बीमा पोलिसीको अवधि क्रमश: १ वर्ष र १३ महिना घटी रहेका छन् ।

नियमको व्यवस्था बमोजिम पूरा अवधि नसमेटिएको बीमा पोलिसीको आधारमा भुक्तानी दिएकोले सम्झौता र नियमानुसारको अवधि पूरा गरेको बीमाको प्रमाण पेश हुनुपर्दछ । नवीकरण गरी म्याद थप गराई पेश गरिने भनाइ कार्यालयको रहेको छ ।

१०. **हस्तान्तरित काम** : नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको २०७१।९।३० को निर्णयानुसार कालिकोट हुम्ला जुम्मा सडक आयोजना कार्यालयको म्याद पूरा हुने भएकोले चालु रहेका ठेक्काहरु २०७१ पौष मसान्तसम्म टुग्याउने केही छिटफुट कार्यालयगत काम गर्नु परेमा डिभिजन सडक कार्यालय जुम्लाबाट गर्ने निर्णय भएको छ । उक्त निर्णय पश्चात सो क्षेत्रको सडक निर्माण कार्य २०७१।१२।१३ देखि नेपाली सेनालाई हस्तान्तरण गरेको छ । यस क्षेत्रमा २०७१।१।१९ मा सम्झौता भई १८ महिना अवधिको ठे.नं.०१/०७०।७१ का निर्माण व्यवसायीलाई विभागीय निर्णय अनुसार कार्यालयले काम रोक्न २०७१।९।३० मै आदेश पठाएकोमा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम सुविस्ताको आधारमा ठेक्का अन्तमा जाने गरी २०७१।१०।१५ मा निवेदन दिएको छ । निर्माण व्यवसायीको उक्त निवेदन उपर खरिद सम्झौता बमोजिम सुविस्ताको आधारमा टुङ्याउने कार्य भए नभएको सम्बन्धमा लेखापरीक्षणमा प्रमाण पेश भएन । तर निर्माण व्यवसायीले पुन करार ऐन अनुसार नभएको भन्ने व्यहोरा लिई पुनरावेदन अदालत जुम्लामा मुद्दा दायर गरेको र अदालतले ठेक्का टुंग्याउने पत्र कार्यान्वयन नगर्नु भन्ने २०७१।१२।१९ मा आदेश दिएको आधार देखाई २०७२।१।३१ मा विभागबाट पुन अदालतको आदेश अनुसार गर्नु हुन भनि निर्देशन दिएको पाइयो । उक्त निर्देशनपछि निर्माण व्यवसायीलाई कार्य गराई यो वर्ष रु.१,२६,३८,६५४।- भुक्तानी गरेको छ । निर्माण व्यवसायीसँग भएको खरिद सम्झौता तथा कार्य परिमाणमा काम गर्ने क्षेत्र २७+००० देखि ३६+००० सम्म रहेकोमा काम नापजाँच गर्दा २६+३०० देखि २६+८६० र २७+२०० देखि २७+४८० सम्मको आधारमा कार्य परिमाण गणना गरिएको पाइयो । निर्माण व्यवसायीको माटो कटीङको काम नापजाँच गर्दा कुल क्वान्टीटीलाई कडा चट्टान, नरम चट्टान र

कडा माटो प्रतिशतको आधारबाट बाँडफांड गरी कबुल दरबाट गणना गरी बिल तयार गर्ने गरेको पाइयो । यस वर्षसम्म कटीङ्ग कार्य परिमाणको रु.३१०५६५५८३।- भुक्तानी गरेको छ ।

निर्माण व्यवसायीलाई उल्लिखित रकम भुक्तानी गरी सकेपछि २०७२।११।१९ मा निर्माण व्यवसायीले खरिद सम्झौताको शर्त र खरिद ऐन २०६३ को दफा ५९ र नियमावलीको नियम १२७(१) बमोजिम सुविस्ताको आधारमा ठेक्का अन्त्य गर्न माग गरी निवेदन दिएको आधारमा महानिर्देशकबाट ठेक्का अन्त्य गरेको देखियो । ठेक्का अन्त्य भएपछि उक्त ठेक्काको हाल सम्मको भए गरेको कामको नापजाँच गरी कार्य स्वीकार प्रतिवेदन खडा नभएको र त्रुटि सच्याउने अवधि समेत तोकिएको पाइएन । निर्माण व्यवसायीलाई काम रोक्न आदेश पठाएपछि सुविस्ताको आधारमा ठेक्का टुङ्याउने सम्बन्धी कार्य नगरी यथास्थितिमा ठेक्का राख्नाले अदालती प्रक्रियाबाट पुन काम गर्ने अवस्थाको सृजना भई निर्माण व्यवसायीलाई थप काम गराउनु परेकोमा सम्झौताका अन्य आइटम काम नगराई पुन सुविस्ताको आधारमा टुङ्याई ठेक्का अन्त्य गरेको छ । सम्झौता अनुसारका कार्य पनि पुरा नभएको र काम गराउने क्षेत्र समेत नेपाली सेनालाई हस्तान्तरण गरिएको १ वर्ष सम्मको अवधिमा पूरा काम सञ्चालन नभई आंशिक कामको लागि थप रकम भुक्तानी गर्नु उपयुक्त देखिएन ।

१०.१. **वीमा** : निर्माण व्यवसायीलाई बीमा बापत रु.१० लाख भुक्तानी गरेकोमा उक्त बीमा भुक्तानी गर्दाको बीमा पोलिसी लेखापरीक्षणमा पेश भएन । वीमा अवधि निर्माण कार्यको त्रुटी सच्याउने अवधिसम्म भएको बीमाको प्रमाण पेश हुनु पर्दछ । बीमाको कागजात साविक योजना कार्यालयको फाइलबाट खोजी गरी पेश गरिने भनाइ कार्यालयको रहेको छ

११. **निर्माण कार्य स्थगित** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) र (२) मा खरिद सम्झौता गर्दा कार्यस्थल समेत यकिन गर्नुपर्ने व्यवस्था छ । लालिघाट–सुन्तराली– बीमानस्थल त्रिवेणी सडक निर्माणको कार्य गर्न रु. ३५,५८,३७७।– को लागत अनुमान स्वीकृत गरी ठे.नं.४–२०७१।७२ बाट २०७२।३।२५ मा रु.१८,०७,८३४।– मा एक निर्माण व्यवसायीसँग खरिद सम्झौता भई २०७२।९।३० सम्मको कार्यवधि रहेकोमा उक्त सडक खण्डको हालसम्म निर्माण कार्य प्रारम्भ नभएको देखियो । शुरु सम्झौता अवधि पूरा भै सकेकोमा निर्माण व्यवसायीले २०७२।९।२२ मा म्याद थप निवेदन दिएकोमा सो सम्बन्धी कार्य नगरी राखेको छ । म्याद थप निवेदन बमोजिम काम शुरु गरिसकेपछि स्थानीय उपभोक्ताले जग्गाको मूआव्जा मागेको कारण विवाद भई कार्य गर्न नदिएको निवेदन निर्माण व्यवसायिले दिएको पाइयो । निर्माणस्थल खुलाई बाँकी कार्य पूरा गर्नुपर्दछ ।

१२. **ठेक्का फरफारक** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता वेमाजिम कार्य शुरु गरिसकेपछि कामको थप घट वा नयां आइटम थप्नु परेमा भेरिएसन स्वीकृत गराउनु पर्ने व्यवस्था छ । कार्यालय अर्न्तगतको ठे.नं.५२–२०७१।७२ खुलालु–लाफु खण्डमा माटो कटिङको कार्य समेत गर्ने गरी रु.४३,२०,५३६।– मा उक्त कार्य गर्न निर्माण व्यवसायिसँग सम्झौता भई कार्य प्रारम्भ गरेकोमा उक्त प्याकेजको कार्य रु.२१,८०,१७०।– (४९.५३ प्रतिशत) मात्र भएको आधारमा ठेक्काको कार्यसम्पन्न खडा गरिएको छ । लागत अनुमान तयारी र स्वीकृति गर्दा ४+२०० देखि ५+३४० सम्मको) काम गर्ने क्षेत्र बन्दोबस्त गरेकोमा कार्य परिमाणमा चेनेज नखुलाएको र नापी गर्दा समेत चेनेज नखुलाई रु.२१,८०,१७०।– र सोको मू.अ.कर समेत रु.२४,६३,५९०।– भुक्तानी गरेको कार्य नियमित मान्न सकिएन ।

१३. **कार्य सम्पादन जमानत** : खरिद नियमावली, २०६४ को नियम ११० मा खरिद सम्झौता गर्दा शर्तरहित कार्य सम्पादन जमानत पेश गर्नुपर्ने र त्यस्तो जमानतको मान्य अवधि त्रुटि सच्याउने

अवधिभन्दा १ महिना बढीको हुनुपर्ने व्यवस्था गरी बोलपत्रमा ढाँचा समेत तोकिएको छ। कार्यालय अर्न्तगतका २ पुल निर्माण कार्यका निर्माण व्यवसायीले राखेको रु.९७,०३,०००।- को कार्य सम्पादन जमानतमा शर्त अनुसारको त्रुटि सच्याउने अवधि समेतको र निशर्त बैंक ग्यारेन्टी बेगर सम्झौता गरी कार्य गराएको छ। निर्माण व्यवसायीहरुले पेश गरेका बैंक ग्यारेन्टी स्वीकृत ढांचा र अवधि पूरा नभएको देखिएकोले नियम र खरिद सम्झौता बमोजिमका बैंक जमानत लिएर थप कार्य गराउनुपर्दछ । निर्माण व्यवसायीलाई सम्झौता बमोजिमका बैंक ग्यारेन्टी पेश गर्न लगाई सम्परीक्षणको लागि पेश गरिने भनाइ कार्यालयको रहेको छ ।

१४. **सोझै खरिद** : सडक विभागले आफु मातहत कार्यालयलाई सडक निर्माण सम्बन्धी कार्य दरभाउपत्र माग गरी नगर्न परिपत्रबाट जानकारी गराएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा सोझै खरिद गर्नु भन्दा अघि विचार पुर्‍याउन पर्ने कुराहरुका सम्बन्धमा व्यवस्था गरिएको छ । नियम ८५ मा तोके बमोजिम प्रतिस्पर्धात्मक रुपमा दरभाउपत्र लिएर मात्र कार्य गराउनु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष विशेष परिस्थिति परेको देखाई सडक मर्मत सम्भार र सुरक्षणका कार्यमा १३ प्याकेजको रु.४९,०२,८८५।– सोझै कार्य गराई भुक्तानी गरेको छ । विभागीय निर्देशन र खरिद नियमावली बमोजिम मात्र कार्य गराउनु पर्नेमा सो अनुसार भएको नपाइएकोले निर्देशनको पालना गरेर मात्र कार्य गर्नुपर्दछ ।

१५. **कामको जिम्मेवारी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा निर्माण व्यवसायीले सम्झौता बमोजिमको कार्य सम्झौतामा स्वीकृत गरिएको कार्य तालिका बमोजिम सञ्चालन गरे नगरेको अनुगमन गर्नुपर्ने गरी व्यवस्था गरेको छ । कार्यालय अर्न्तगत एउटै निर्माण व्यवसायीले गत वर्षदेखि लिएका ३ वटा प्याकेजको ठेक्का सम्झौता गरेकोमा तोकिए बमोजिमको अवधिभित्र कार्य पूरा नगरेकोमा म्याद थप समेत नगरी खरिद सम्झौता यथास्थितिमा राखेको छ । शर्त अनुसार कार्य नगर्ने निर्माण व्यवसायीलाई खरिद सम्झौताको शर्त तथा खरिद नियमावली अनुसार कारबाही समेत गरी बाँकी निर्माण कार्य पूरा गराउनुपर्दछ । निर्माण व्यवसायीलाई ताकेता गरी बाँकी निर्माण कार्य पूरा गराईने भन्ने भनाइ कार्यालयको रहेको छ ।

१६. **बिल अफ क्वान्टिटीमा सवारी साधन भाडा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० ले निर्माण कार्यको लागत तयार गर्नुपर्ने व्यवस्था गरी स्वीकृत जिल्ला दररेट र नर्म्सको आधारबाट बिल अफ क्वान्टिटी तयार गर्नुपर्ने व्यवस्था गरेको छ। सार्वजनिक लेखा समितिले २०६९।१।८ मा निर्देशन दिई निर्माण कार्यको बिल अफ क्वान्टिटीमा गाडी भाडा नराख्न निर्देशन दिएको छ । कार्यालय अर्न्तगतको खुलालु पुल (कणाली राजमार्ग) निर्माण कार्यमा समेत ३६ महिनासम्म रु. १,२५,०००।– का दरले रु.४५,००,०००।– गाडी भाडा बिल अफ क्वान्टिटीमा राखी सम्झौता गरेको छ । निर्माण व्यवसायीसँग २०६९।३।२५ मा खरिद सम्झौता भई ३६ महिना कार्य अवधि रहेकोमा २०७३।८।३० सम्म पुल निर्माण कार्य पुरा नभएको र साविकमा सुर्खेत जुम्ला सडक योजनाबाट पुल निर्माण सम्झौता भएको भएतापनि हाल पुल निर्माणको कार्य डिभिजन सडक कार्यालयबाटै हुने गरी व्यवस्था भै सकेको तथा डिभिजन कार्यालयमा २ वटा सम्म सवारी साधन रहेको (साइटजान) ले यो ठेक्काको गाडी भाडा आइटममा बाँकी रहेको परिमाण कट्टा गरी लेखा समितिको निर्णय कार्यान्वयन गर्नुपर्ने देखियो । आगामी दिनमा यकिन गरी थप खर्च गर्न नपर्ने भए कट्टा गरिने भनाइ कार्यालयको रहेको छ ।

१७. **काममा ढिलाई** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ ले सम्झौता कार्यान्वयन सम्बन्धी व्यवस्था गरेको छ । नियम १११(१)(ख)(ङ) मा कार्यालयले कार्य योजना तयार गर्नुपर्ने आवश्यक भएमा सम्झौता कार्यान्वयन टोली गठन गर्ने, प्रगति अनुगमन गर्ने, गुणस्तर पक्षको

निरीक्षण र परिक्षण गर्नुपर्ने समेतको काम तोकि दिएको छ । कार्यालय अर्न्तगतको कर्णाली राजमार्गमा ४ पुल सम्बन्धी कामको ठेक्काहरु २०६८।६९ देखि सम्झौता भई निर्माण व्यवसायीहरुले पेश्की तथा केही बिल समेत भुक्तानी लिई काम विचमै छाडी रहेको अवस्था देखियो । पुल निर्माणको कार्य गर्न छनौट भएका निर्माण व्यवसायी/फर्महरुले निर्माण कार्यको जिम्मेवारी आफ्ना प्रतिनिधि नियुक्त गरी प्रतिनिधिले सवै काम सञ्चालन गर्ने व्यहोराको जानकारी पत्र मार्फत कार्यालयलाई दिएको आधारमा ठेक्काका प्रतिनिधिहरुले पेश्की लिने, बिल भुक्तानी लिने कार्य समेत गरेको देखियो । केहि पुलका प्रतिनिधिहरुले फर्मका संचालकलाई नै बाँकी कार्य गर्न नदिएको र पेश्की रकम लिएर पनि साईटमा कार्य नगरेको व्यहोराको जानकारी छनौट भएका निर्माण व्यवसायिले कार्यालयलाई दिएको देखियो । कर्णाली अन्चलको मुख्य भागमा रहेको यो सडक खण्डमा पुल निर्माणको काममा लापरवाही समेत भएको कारण यातायातका साधन र मानिस आवतजावतमा समेत ठूलो कठिनाइ व्यहोरिएको सम्बन्धित जिल्लाका जिल्ला प्रशासन कार्यालय मार्फत डिभिजन कार्यालयमा पटक पटक जानकारी गराएको देखिएको छ ।

१८. **पेश्की तथा बीमाको शर्त पालना** : सार्वजनिक खरिद नियमावली, २०६४ मा निर्माण व्यवसायीलाई २० प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ । नियमावलीको नियम ११२ मा निर्माण व्यवसायीले साइट प्राप्त गरेको मितिदेखि त्रुटि सच्याउनेसम्मको अवधि समेटेर सम्झौता बमोजिमका कामको वीमा गराउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले निर्माण व्यवसायीसँग गरेको खरिद सम्झौतामा पेश्की दिंदा १० प्रतिशत सम्झौता भई ग्यारेन्टी पेश गरेपछि र बाँकी १० प्रतिशत साइटमा कार्य प्रारम्भ गरेपछि बैंक ग्यारेन्टी लिई दिन सकिने व्यवस्था रहेको छ । कार्यालय अर्न्तगत यो वर्ष वालीगाड खोलामा पुल निर्माण कार्य गर्न नियुक्त निर्माण व्यवसायीसँग २०७२।१०।१५ मा १८ महिना अवधि राखी सम्झौता र कार्यदेश भएकोमा निर्माण व्यवसायीले २०७३।७।२८ मा कार्यालयमा निवेदन दिई स्थानीयले काम गर्न नदिएको निवेदन दिएको छ । उक्त निवेदन बमोजिम कार्यालयले जि.प्र.कालाई सुरक्षा गरी दिन पत्राचार गरेको देखियो । ठेक्का नं.१७–०७२।७३ का निर्माण व्यवसायीले निर्माणस्थलमा कार्य नै प्रारम्भ नभएकोमा कार्यालयले २०७२।१०।२५ र २०७३।१।२१ मा क्रमश रु.२३,००,०००।– र ४८,८०,०००।– पेश्की दिएको छ । निर्माण व्यवसायीले कामको वीमा गराएको प्रमाण समेत लेखापरीक्षणमा पेश भएन ।

छिदेना खोला पुलका निर्माण व्यवसायीसँग २०७२।१०।१२ मा १५ महिना कार्य अवधि राखी सम्झौता भई कार्यादेश भएको आधारमा रु. २९,००,०००।– पेश्की दिएकोमा निर्माण व्यवसायी साइट परिचालन नभएको देखाई २०७३।४।३२ मा काम सूचारु गर्न पत्राचार गरेको देखियो । निर्माण व्यवसायीले कामको वीमा नगराएको र ले.प.अवधि सम्म १० महिना पूरा भएको यो पुल निर्माण कार्य समेत समयमै पूरा हुने आधार देखिएन । नियम र खरिद सम्झौताको आधारबाट कार्य गराउनुपर्दछ । पेश्की नियमानुसार दिएको र निर्माण कार्यको बीमा गर्न लगाई प्रमाण माग गरी पेश गरिने भन्ने भनाइ कार्यालयको रहेको छ ।

१९. **कामको नापजाँच** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा निर्माण कार्यको भुक्तानी दिनु पर्ने व्यवस्था छ । ठे.नं. २६–२०७१।७२ का एक निर्माण व्यवसायीलाई लाक्चे नाङला– गमगढी सडक खण्डमा मर्मत सम्बन्धी कार्य गराउन (१३+३९० देखि १५+५२० सम्म) सम्झौता भई कार्य सञ्चालन गरेकोमा कामको नापजाँच गरी बिल तयार गर्दा १३+९६० देखि १५+२८० सम्मको परिमाण लिएको छ । निर्माण कार्यको नापजाँच गर्दा तार जालीको काम प्रथम रनिङ्ग बिलमा १०७ घ.मि. को कार्य गराई रु. ६,४२,०००।– भुक्तानीमा चढाएको र मू.अ.कर सहित रु.७,२५,४६०।– भुक्तानी

भएको छ। यस वर्ष उक्त ठेक्काको अन्तिम बिल तयार गरी बाँकी रकम भुक्तानी गर्दा तारजालीको खुद काम ७६ घ.मि मात्र रहेको देखिएकोले अघिल्लो बिलमा बढी परिमाण चढाई भुक्तानी गरेको ३१ घ.मीको हुने रु.१,८६,०००।– र सोको मू.अ.कर रु.२४,१८०।– समेत रु. २,१०,१००।– यकिन गरी असुल गर्नुपर्दछ। कुल कार्य परिमाण यकिन गरी बढी भए असुल गरिने भन्ने भनाइ कार्यालयको रहेको छ ।

२०. **विस्तृत डिजाइन** : आर्थिक कार्यविधि नियमावली, २०६४ ले आयोजनाहरुको स्वीकृति गर्नु पूर्व विस्तृत सर्वेक्षण गरी स्वीकृत गराउनु पर्ने व्यवस्था गरेको छ । कार्यालय अर्न्तगतको रारालिही– जोगीवाडा– मोफ्ला–नराकोर्ट सडक निर्माण कार्य गराउन आ.व. २०७१।७२ मा ठे.नं.४७–०७१।७२ बाट रु.५०,९७,८२०।– को लागत अनुमान स्वीकृत गरी उक्त कार्य गर्न रु.१९,९३,०००।– मा ठेक्का बन्दोबस्त गरी २०७२।३।३० मा कार्यादेश भई २०७२।९।३० सम्म अवधि दिएको पाइयो । यस ठेक्काको प्रथम रनिङ बिलको भुक्तानी गर्दा सडकको ७+५०० देखि १२+१०० सम्मको क्वान्टीटी नापजाँच गरी रु.९,८८,४२२।३० भुक्तानी गरेकोमा दोस्रो तथा अन्तिम बिल भुक्तानी गर्दा ४+५०० देखि १०+००० सम्मको कामको क्वान्टीटीको परिमाणको भुक्तानी गरेको छ । सडकको कटिङको कामको नापजाँच गर्दा प्रथम रनिङ बिल र फाईनल बिलमा फरक फरक चेनेज र दोहोरिएको चेनेज रहेको समेत देखिएको छ । कार्यालयले अन्तिम बिल भुक्तानी गर्दा खरिद सम्झौता भन्दा बढी कार्य भएको देखाई ४.८४ प्रतिशत भेरिएसन दिई थप कार्यको रु. १०९१९१।- समेत भुक्तानी गरेकोमा सडकको विस्तृत ड्रइङ्ग डिजायन बेगर लागत अनुमान तयार गरी ठेक्का बन्दोबस्त गरेको, थप कामको विस्तृत लागत अनुमान तयार नगरी फरक फरक चेनेज र कार्य परिमाणबाट थप कार्यको भुक्तानी गर्ने कार्य नियमित मान्न सकिएन । यस सम्बन्धमा यकिन गरी प्रमाण पेश गरिने भनाइ कार्यालयको रहेको छ ।

२१. **कामको भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कामको भुक्तानी गर्दा सम्झौताको शर्तअनुसार गर्नुपर्ने व्यवस्था छ । सांसद निर्वाचन क्षेत्र पूर्वाधार अर्न्तगत मुगु जिल्ला सुकाढिक–रारा–गमगढी खण्डमा योजना स्वीकृत गरी २०७२।४।११ मा रु. ३,००,४३,४०७।– मा सम्झौता भई १८ महिना कार्यवधि रहेको ठेक्काको यस वर्षसम्म तेस्रो रनिङ बिलसम्मको भुक्तानी गरेको पाइयो । निर्माण कार्यको लागत अनुमान स्वीकृत गर्दा ०+००० देखि १४+६४० चेनेज सम्मको कटिङ कार्यको कुल कार्य परिमाण १३९४६५ घ.मी रहेकोमा रनिङ बिल तयार गरी भुक्तानी गर्दा ०००० देखि ३६६० मा ६४८९२ घ.मी को कार्य परिमाण भुक्तानी भईसकेको छ । निर्माण कार्यको समयावधि पूरा भई सकेकोमा कामको परिमाण ४३.५ प्रतिशत मात्र पुरा भएको छ । निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार प्रत्येक रनिङ बिलबाट पेश्की कट्टा गरी भुक्तानी गर्नुपर्नेमा यो वर्षसम्म रु. २६,५०,०००।– पेश्की बाँकी रहेतापनि बिल भुक्तानी गर्दा पेश्की कट्टा गरेको पाइएन ।

२२. **पेश्की** : आर्थिक वर्षको अन्त्य सम्ममा विभिन्न निर्माण व्यावसायीलाई गएको मेविलाइजेशन पेश्की रु.४,७९,७७,०००।- सम्झौताको शर्त अनुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

## डिभिजन सहकारी कार्यालय

१. **सहकारी संस्था** : सहकारी ऐन, २०४८ तथा नियमावली, २०४९ को नियम ४१ अनुसार सम्बन्धित जिल्ला भित्र दर्ता भई कारोबार नगरी निष्कृय भएका सहकारी संस्थाहरुका सम्बन्धमा अनुगमन गरी खारेजी लगायतका कार्य गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार यस कार्यालयको कार्यक्षेत्र भित्रका जिल्लामा ६१७ सहकारी संस्था दर्ता भएको देखिएको छ । कर्णाली

अञ्चलका ५ वटै जिल्ला कार्यक्षेत्र रहेको यस डिभिजन कार्यालयले दर्ता भएका सहकारी संस्थाको अद्यावधिक प्रगति तथा नवीकरण स्थिति यकीन गरी नवीकरण नगर्ने र कारोबार नगर्ने सहकारी संस्थाको सम्बन्धमा ऐन र नियमावलीको व्यवस्था बमोजिम दर्ता खारेजी गर्ने कार्य गरेको पाइएन । अधिकृतस्तरको कर्मचारी नभएका कारण कार्य गर्न नसकेको कार्यालयको भनाई रहेको छ ।

२. **स्वीकृत कार्यक्रम सञ्चालन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा कार्यालयले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय परिस्थितिलाई ध्यानमा राखी त्यस्तो कार्यक्रमलाई आवश्यक संशोधन गर्न सक्ने व्यवस्था छ । कार्यालयको कार्यक्षेत्र भित्र कर्णाली अञ्चलका ५ जिल्ला रहेको र वार्षिक कार्यक्रम स्वीकृत गरी लक्ष्य निर्धारण गर्दा सबै जिल्लाहरुको लागि एकमुष्ट कार्यक्रम स्वीकृत हुने गरेको छ । कार्यालयले स्वीकृत कार्यक्रम सञ्चालन गर्दा तोकिएको चौमासिक अनुसार सबै जिल्लामा सञ्चालन नगरी खर्च गरेको पाइयो ।

२.१. कार्यालयले जुम्ला जिल्लामा कार्यक्रम सञ्चालन गर्दा चन्दननाथ नगरपालिका र आसपासका नजिकका गा.वि.स.हरुमा बढी पटक र संख्यामा सञ्चालन गरी खर्च गर्ने गरेको छ । यस वर्षको स्वीकृत कार्यक्रम मध्येको अन्तर जिल्ला सहकारी भ्रमण कार्यक्रम कार्यक्षेत्र भित्रका अन्य जिल्लामा नगराई जुम्ला जिल्लाका सहभागीहरुलाई नेपालगञ्ज धनगढीको भ्रमण गराई रु.१ लाख खर्च गरेको छ । यो वर्ष डोल्पा जिल्लामा कुनै कार्यक्रम नगरेको र अन्य जिल्लामा समेत यो वर्ष समानुपातिक रुपमा कार्यक्रम बाँडफाड नगरी एकै जिल्लामा मात्र बढी कार्यक्रम सञ्चालन गरी खर्च गर्दा कार्यक्रम समेत संशोधन गरेको नपाइकोले तालुक निकायबाट समेत अनुगमन गरी कार्यालयको उद्देश्य अनुसार सबै जिल्लाहरुमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

३. **भ्रमण अभिलेख** : भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष अनुगमन, मूल्याङ्कन र भ्रमण खर्चमा रु.५१९०००।- खर्च गरेकोमा लेखापरीक्षणमा पेश भएको भ्रमण अभिलेखमा ३ जना कर्मचारीको काठमाण्डौं भ्रमण अवधि नखुलेको र अन्य १३ जना कर्मचारीको २०७२ आश्विन, मार्ग, पौष, फाल्गुण मात्रको दिनहरुमा भ्रमण गरेको उल्लेख भएता पनि अन्य महिनाहरुको दिन तथा अवधि खुलाई अभिलेख राख्ने गरेको नपाइएकोले अनुगमन मूल्याङ्कन भ्रमणमा भएको खर्च मितव्ययी रुपबाट भएको मान्ने आधार रहेन । नियमले गरेको व्यवस्थाको पूर्ण पालना गरेर मात्र खर्च गर्नु गराउनुपर्दछ ।

## बागवानी अनुसन्धान केन्द्र

१. **ज्यामी ज्याला नर्म्स** : केन्द्रले अनुसन्धान कार्यक्रम सञ्चालन गर्दा र विभिन्न बजेट शीर्षकहरुमा तोकिएको रकम खर्च गर्नुपर्दा स्वीकृत नर्म्सको आधारबाट गर्नुपर्दछ । यस वर्ष अनुसन्धान केन्द्रले विभिन्न स्थानमा विभिन्न कार्य गर्न ज्यामीहरुको सेवा लिएको छ । ज्यामीबाट कार्य गराउँदा फरक फरक कामका लागि ज्यामीको संख्या निर्धारण नगरी ज्यामी माग फाराम र स्वीकृतिको आधारबाट मात्र ज्यामी खर्च भुक्तानी हुने गरेको पाइयो । केन्द्रमा अनुसन्धानको लागि फलफूल बोटविरुवा उत्पादन गर्ने, तरकारी खेतीबारे अनुसन्धान तथा उत्पादन कार्यको लागि ज्यामीहरु परिचालन गरी ज्याला खर्च भुक्तानी हुँदैआएको मा कुन कार्यको लागि कति ज्यामी आवश्यक पर्ने यकीन नगरी माग फाराम भरी प्राप्त ज्यामीबाट हाजिरको आधारमा मासिक रुपमा ज्याला भुक्तानी गर्दै आएकोमा नेपाल सरकारले स्वीकृत गरेको नर्म्स बमोजिमको दर विश्लेषणको आधारमा कार्य अनुसार ज्याला भुक्तानी भएको देखिंदैन ।

२. **इन्धन खपत आधार** : इन्धन खर्च भुक्तानी गर्दा केन्द्रमा खपत गरिने इन्धनको खपत देखिने गरी लगबुक खडा गरी राख्नुपर्दछ। केन्द्रले यो वर्ष पटक पटक इन्धन खरिद गरी खर्च गरेकोमा इन्धन खपतको लगबुक नराखी रु.१३८३७५।- मूल्य बराबरको १५४० लि. डिजेल खर्च गरेको जिन्सी खाताबाट देखियो । कार्यालयमा प्राप्त अख्तियारी बमोजिमको रकम खर्च गर्दा सम्बन्धित आर्थिक वर्षको लागि आवश्यक हुने परिमाणमा मात्र इन्धन खरिद गर्नुपर्नेमा रु.१६११५६।- मूल्य बराबर २४२३ लि. डिजल आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको छ । लगबुक अद्यावधिक गराएर मात्र इन्धन खपत गरिनुपर्दछ ।

३. **आम्दानी** : अनुसन्धान केन्द्रले पेश गरेको आर्थिक विवरण अनुसार यो वर्ष बाली तथा बाग्वानी बिक्रीबाट रु.७,८५,१३०।- र प्रशासनिक आय बापत रु.६६४७५।- गरी जम्मा रु.८,९१,५९५।- आम्दानी देखाएको छ । तर केन्द्रबाट प्राप्त उत्पादन बिक्री तथा मौज्दात विवरणअनुसार १६ किसिमका बीउ, बिरुवा बिक्री गरी रु.८,२४,०९१।- आम्दानी गरेको देखाएको छ । आम्दानीको आइटमवाइज बिक्री आय पूरै आम्दानी नदेखाई रु.८,५१,५९५।- मात्र आम्दानी देखाएकोले यो वर्षको दाखिलामा रु.३८,९७१।- घटी देखिएको सम्बन्धमा यकीन गरी बाँकी रकम दाखिला गर्नुपर्दछ ।

४. **ढिला दाखिला** : नेपाल कृषि अनुसन्धान परिषद् आर्थिक नियमावलीमा केन्द्रले फारम उत्पादन सामग्री सेवा बिक्री गरेको रकम बढीमा ३ दिन भित्र बैंक दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । २०७२/७३ भित्र विभिन्न अनुसन्धानात्मक एवं उत्पादनमूलक कार्यक्रमबाट रु.८५१५९५।- आम्दानी प्राप्त गरेको देखिन्छ । प्राप्त रकम ३ दिनभित्र बैंक दाखिला नगरी आम्दानी गरेको रकम कार्यालयबाट बैंक नजिक हुँदाहुँदै धेरै बिलम्व गरी बैंक दाखिला गरेको देखिएकोले ढिला बैंक दाखिला गर्दाको जरिवाना रु.१५,२०८।- असुल हुनुपर्दछ ।

५. **फरक शीर्षकमा खर्च** : कृषि अनुसन्धान परिषद् आर्थिक नियमावली बमोजिम कार्यालयलाई प्राप्त निकासा रकम तोकिएको खर्च शीर्षकमा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । खर्च शीर्षक २२५२१ उत्पादन सामग्री खर्चमा विनियोजित बजेट रकमबाट २२३११ कार्यालय सम्बन्धी खर्च शीर्षकमा पर्ने मालसामान खरिद गरी भुक्तानी गरेको छ। उत्पादन सामग्री खर्च शीर्षकमा रहेको रकमबाट कार्यालय सम्बन्धी कार्यमा रु.९०,३४९।- खर्च लेखेको नियमित देखिएन ।

६. **पूर्वनिर्धारित क्षतिपूर्ति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ । केन्द्रको निर्माण कार्य गर्न एक निर्माण सेवासँग २०७२।१२।३० सम्ममा निर्माण कार्य सम्पन्न गर्ने गरी रु.४,७२,४३१। सम्झौता गरेको पाइयो । उक्त निर्माण सेवाले तोकिएको अवधिमा कार्य सम्पन्न नगरी २०७३।३।२४ मा मात्र कार्य पुरा गरेकोले नियममा व्यवस्था भए बमोजिम ७४ दिनको सम्झौता रकमको ०.०५ प्रतिशतले हुने रु.१५,४६९।- पूर्वनिर्धारित क्षतिपूति असुल गर्नुपर्दछ।

७. **कर बीजक** : केन्द्रले एक निर्माण व्यवसायीलाई हातले नम्बर कायम गरेको बीजकबाट ३ पटक गरी रु.१,११,९१०।- मूल्य अभिवृद्धि कर भुक्तानी दिएको छ। उक्त मू.अ. कर समायोजनको प्रमाण पेश गर्नुपर्दछ।

८. **बीमा पोलिसी** : सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम खरिद कार्य गरी बिल बीजक भुक्तानी गर्दा सम्झौताको शर्त पुरा गरेर मात्र दिनुपर्ने व्यवस्था छ । केन्द्रले एक इन्टरनेशनल बाट रु.१७९७७५६।- मा ट्याक्टर खरिद कार्य गरी भुक्तानी गरेकोमा सम्झौताको शर्त अनुसार ट्याक्टरको तेस्रो पक्ष सहितको बीमा समेत गरिने शर्त रहेकोमा कार्यालयको नाममा ट्याक्टर खरिद भै सकेकोमा सम्झौताको शर्त अनुसार सप्लायर्सले बीमा गरेको पोलिसी पेश नभएकोले सम्झौता वा शर्त अनुसारको कार्य पुरा गराउनुपर्दछ ।

९. **स्पेसिफिकेशन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामान तथा मेशिनरी औजार खरिद गर्दा मालसामानको स्पेसिफिकेशनको अधिनमा रही गर्नुपर्ने व्यवस्था छ । केन्द्रले यस वर्ष रु.१७९७७५६।- मा ट्याक्टर खरिद कार्य गर्न लागत अनुमान तयार गर्दा उक्त ट्याक्टरको स्पेसिफिकेशन कार्यालयका कर्मचारीको बैठकबाट स्वीकृत गरिएको आधारबाट खरिद कार्य गरेको छ । ट्याक्टर खरिद कार्य गर्नु अगावै सम्बन्धित क्षेत्रको विज्ञ वा तालुक निकायबाट ट्याक्टरको स्पेसिफिकेशन स्वीकृत नगराई कार्य गर्नाले खरिद गरिएको ट्याक्टरको लागत अनुमान समेत भरपर्दो देखिएन । आधिकारिक रुपमा स्पेसिफिकेशन स्वीकृति नगरी मेशीनरी औजार तथा सवारी साधन लगायतमा खरिद गर्ने कार्यमा तालुक निकायबाट समेत अनुगमन गरी नियन्त्रण गर्नुपर्दछ ।

१०. **असम्बन्धित कार्यमा खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम कार्यालयले कार्यक्रम सञ्चालन गरी रकम खर्च गर्दा स्वीकृत कार्यक्रम र अख्तियारी बमोजिम तोकिएको काममा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । केन्द्रलाई कृषि तथा खाद्य सुरक्षातर्फको विशेष कार्यक्रमका लागि प्राप्त रकमबाट खर्च गर्दा यो वर्ष खर्च निर्देशिका र कार्यक्रम विपरीत केन्द्रको वार्षिक उत्सव र चौकीदारहरुको भत्तामा रु.८,६५,१००।- समेत खर्च गरेको पाइयो ।

११. **सामग्री मौज्दात** : आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार कार्यक्रम सञ्चालन गर्दा तोकिएको कार्यक्रम चौमासिक अवधिमा सञ्चालन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । केन्द्रले कृषि तथा खाद्य सुरक्षा कार्यक्रम तर्फको कार्यक्रम सञ्चालन गर्न २०७३।२।२४ मा एक स्टोर्सबाट ब्रोसर र बुकलेट छपाई गरी रु.९४,४९०।- खर्च गरेकोमा उक्त सामग्रीहरु २०७३ मंसिरसम्म स्टोरमै मौज्दात राखेकोले स्वीकृत कार्यक्रम अनुसार खर्च भएको मान्न सकिएन । स्वीकृत कार्यक्रम अनुसार कार्य गराउनुपर्दछ ।

## व्यावसायिक सीप विकास तालिम कार्यालय

१. **लागत अनुमान** : व्यावसायिक तथा सीप तालिम सञ्चालन निर्देशिका, २०६९ परिच्छेद ९, तालिम सम्बन्धीको दफा २० मा लागत अनुमान तयार गर्ने र दफा १ मा कुनै पनि तालिममा लाग्ने आवश्यक कच्चा पदार्थ, मेशिनरी औजार र उपकरण आदि स्वीकृत पाठ्यक्रमको मापदण्ड तथा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ । तालिम केन्द्रले यो वर्ष १२ वटा तालिम सञ्चालन गरी रु.२६५००५०।- तालिम खर्च लेखेको छ। कार्यालयले तालिम सञ्चालन गर्न निर्देशिका र सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको मापदण्ड तथा नर्म्स अनुसारको तालिम सञ्चालनमा आवश्यक पर्ने सामानको लागत अनुमानतयार गरी तालिम सञ्चालन गर्नुपर्नेमा लागत अनुमान तयार नगरी तालिम सञ्चालन गरेको देखियो । तालिम सञ्चालन गर्दा स्वीकृत नर्म्स र लागत अनुमान तयार गरी तालिम सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । आगामी दिनमा तालिम सञ्चालन गर्दा लागत अनुमान तयार गरेर मात्र तालिम सञ्चालन गरिने जवाफ कार्यालयको रहेको छ ।

२. **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यविधि ऐन तथा नियमावली, २०६४ एवं अन्य नियममा तोकिएको प्रक्रिया एवं व्यवस्थाको अबलम्वन गरी आन्तरिक नियन्त्रण कायम गर्नुपर्ने व्यवस्था छ। कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद योजना तयार नगरेको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिएको र सो माथि कारबाही गरेको पाइएन । यसबाट कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी रहेको पाइएन । प्रचलित नियममा व्यवस्था भएका सबै व्यवस्था पालना गरी आन्तरिक नियन्त्रण व्यवस्थालाई मजबुत बनाउन कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । आगामी दिनमा आन्तरिक नियमको परिपालनामा जोड दिंदै आन्तरिक कमी कमजोरी सुधार गर्ने जवाफ कार्यालयको रहेको छ ।

## भगवती दल गण

१. **निर्माण कार्यको सञ्चालन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) बमोजिम लागत अनुमान तयार गर्ने सामाग्री उपलब्ध र ढुवानी गराई कार्य गर्ने ठेक्का पट्टा स्वीकृत गर्ने समेतको काम प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नुपर्ने व्यवस्था रहेको छ । गण कार्यालयलाई भवन निर्माण कार्य गर्ने गरी रु.६२ लाखको खर्च गर्ने अख्तियारी २०७२।७।२९ मा प्राप्त भएको भए तापनि यो वर्ष उक्त रकमबाट गण र अन्तर्गत कार्यालयमा भवन निर्माणको कार्य गर्न विभागीय स्वीकृतिको आधारबाट लागत अनुमान स्वीकृत गरी २०७२।११।०१ देखि कार्य प्रारम्भ गरी २०७३।३।१० मा सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदनबाट देखिएको छ । तोकिएको चौमासिक अवधिभित्र कार्य गराउने गरी निर्माण सम्बन्धी कार्यहरु चालु गर्नुपर्ने देखिन्छ ।

२. **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० ले जिन्सीको व्यवस्थापन सम्बन्धमा तोकिदिएको छ । गणलाई जङ्गी असवास खानाबाट निकासा प्राप्त भएका पर्सनल क्लोथिङ् तथा इ.आई. सामानको जिन्सी परीक्षण गर्दा निम्न सामानहरु निकासा भई वितरण गरी स्टोर मौज्दात रहेका सामान सम्बन्धित कर्मचारीलाई वितरण गर्न बाँकी रहेका ती सामान वितरण गरी जिन्सी सामानको मौज्दात दुरुस्त राख्नुपर्ने देखिन्छ । उक्त स्टोर मौज्दात रहेको क्लोथिङ् सामान शान्ति सेना जाने र लामो समयसम्म काज, कोर्समा जाने सकल दर्जाहरुको भएकोले हाजिर भएपछि वितरण गरिने गणको भनाइ रहेको छ ।

## भेंडा बाख्रा अनुसन्धान कार्यक्रम

१. **नर्म्स** : फार्मले अनुसन्धान कार्यक्रम सञ्चालन गर्दा विभिन्न बजेट शीर्षकहरुमा तोकिएको रकम खर्च गर्नुपर्दा स्वीकृत नर्मस्को आधारबाट गर्नुपर्दछ । यस वर्ष अनुसन्धान कार्यालयबाट भेडा बाख्राको हेरचाह, घाँस तथा घाँसको बिउ एवं उत्पादन समेतको कार्य गर्न ज्यामीहरुको सेवा लिएको छ । ज्यामी ज्याला खर्च लेख्दा फरक फरक कामका लागि ज्यामीको संख्या निर्धारण नगरी ज्यामी माग फाराम र स्वीकृतिको आधारबाट मात्र ज्यामी खर्च भुक्तानी हुने गरेको पाइयो । फार्ममा हुने कामको आधारमा ज्यामीको आवश्यक संख्या निर्धारण गर्न नर्म्स तयार गरी लागू गर्नुपर्दछ भनी गत वर्षको लेखापरीक्षणबाट औल्याएको भएता पनि नर्म्स बेगर नै यस वर्ष समेत ज्यामी ज्याला बापत रकम भुक्तानी दिने गरेको पाइएकोले यस्तो कार्यमा सुधार गरी नर्मस्को आधारबाट ज्यामी ज्याला खर्च गर्ने पद्धतिको विकास गर्नुपर्दछ ।

३. **पुँजीगत सम्पत्ति लेखाङ्कन** : अनुसन्धान केन्द्रको हातामा हिमाली आयोजनाबाट निर्माण कार्य पुरा भई हाल कार्यालयले नै प्रयोगमा ल्याएको दुई तल्ले घर (तालिम भवन) हालसम्म सम्पत्तिमा

पुँजीकरण गरेको पाइएन। अनुसन्धान केन्द्रको जमीनमा निर्मित उक्त सम्पत्ति सम्बन्धित निकायबाट विवरण लिई सम्पत्तिमा पुँजीकृत गर्नुपर्दछ।

४. **अधुरो ठेक्का** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्बन्धी कार्य गर्दा सम्झौतामा तोकिएको अवधिभित्र काम सम्पन्न नभएमा तोकिएको प्रक्रिया पुरा गरी म्याद थप गर्न सकिने र नियम १२१ मा तोकिएको अवधिमा काम पूरा गर्न नसकेमा सार्वजनिक निकायलाई पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था छ। कार्यालयले सिँचाइ पोखरी निर्माण सम्बन्धी कार्य गर्न रु.१४,९९,८५०।०५ को लागत अनुमान स्वीकृति गरी बोलपत्र आव्हान गरेकोमा उक्त कार्य गर्न एक निर्माण व्यवसायीसँग रु.५,६८,१७०।४० मा गर्ने गरी २०७२।१२।०८ मा सम्झौता र २०७२।१२।१० मा कार्यादेश दिई २०७३।३।१० सम्म कार्य अवधि रहेकोमा निर्माण व्यवसायीले म्याद थप समेत माग गरेको र उक्त कामको अवधि २०७३।३।२२ सम्म पुऱ्याएको पाइयो। निर्माण व्यवसायीले थप भएको अवधिमा प्रथम रनिङ बिल मात्र पेश गरी रु.२,२७,९९५।- भुक्तानी लिएको छ। यस वर्ष सम्म बाँकी काम पुरा नभएकोमा निर्माण व्यवसायीले म्याद थप माग नगरेको र कार्यालयले समेत बाँकी कामको सम्बन्धमा निर्णय नै नगरी राखेको पाइयो। ठेक्का सम्बन्धमा समयमै निर्णय गर्नुपर्दछ।

५. **मू.अ.कर भुक्तानी** : मूल्य अभिबुद्धि कर नियमावली, २०५३ बमोजिम मू.अ.करमा दर्ता भएको बिक्रेताले मालसामान वा सेवा बिक्री गर्दा सिलसिलेवार नम्बर सहितको प्रिन्टेड कर बीजक खरिदकर्तालाई दिनुपर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष १ निर्माण व्यवसायीलाई हातले लेखेको बीजकको आधारमा रु. ५६५००।- मू.अ. कर भुक्तानी दिएको छ। कैफियत देखिएको बीजकबाट भुक्तानी लिएको रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरी प्रमाण पेश गर्नुपर्दछ।

६. **फार्म उत्पादन र खरिद बिक्री** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६० ले नेपाल सरकारको आयोजना वा कार्यालयले उत्पादन गरेको मालसामानको हकमा सम्बन्धित मन्त्रालयले तोकिदिए बमोजिम बिक्री गनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यस वर्ष विशेष खाद्य सुरक्षा कार्यक्रम अन्तर्गतको कार्यक्रम सञ्चालन गर्न भेडा बाख्रा खरिद गरी कृषक समूहलाई वितरण गर्ने प्रयोजनको लागि आफ्नै फार्म अन्तर्गतका थुमा भेडा प्रति के.जी. रु.३५०।- का दरले बिक्री मूल्य कायम गरी बिक्री आम्दानी गरेको छ। तर अनुसन्धान कार्यक्रम सञ्चालन गर्न विभिन्न जिल्लाबाट भेडा (थुमा) खरिद गरी ल्याउँदा कृषकहरुले तोकेको मूल्यको आधारबाट खरिद गरी प्रति गोटा रु.६०/७० हजारको हाराहारीमा खरिद गरी ल्याएको समेत देखिएकोले खरिद तथा बिक्री मूल्यको आधार भरपर्दो देखिएन। फार्मबाट बिक्री गरिने भेडाको मूल्य फार्म स्तरमा गठित समितिको निर्णयको आधारमा हुने गरेको छ। तर कृषकबाट भेडा खरिद गर्दाको आधार वा अधिकतम मूल्य निर्धारण भएको नपाईएकोले यस्तो अवस्थामा सुधार गरी मूल्यको यथार्थता प्रष्ट गर्नुपर्दछ।

## महिला तथा बालबालिका विकास कार्यालय

१. **मू.अ. कर दर्तासँगको कारोवार** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(१) मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न फर्मबाट यस वर्ष रु.५ हजारभन्दा बढीका मालसामान खरिद गरेकोमा मू.अ.कर दर्ता नभएका फर्मसँग रु.२४,६००।- को खरिद गरी खर्च लेखेको रकम नियमित मान्न सकिएन। अब उप्रान्त मू.अ.कर बीजक लिएर मात्र भुक्तानी दिने प्रतिक्रिया कार्यालयले दिएको छ।

२. **तलबी प्रतिवेदन** : निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख)(२) मा जिल्लास्थित कार्यालयका निजामती कर्मचारीहरुको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गर्नुपर्ने व्यवस्था छ । तलबी प्रतिवेदन पारित नगराई कार्यालयले रु.३३३४९३६।- तलब भत्तामा खर्च लेखेको छ । ऐन बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलबभत्ता खर्च लेख्नु पर्दछ । निकट भविष्यमा पारित गरिने प्रतिक्रिया कार्यालयको रहेको छ ।

३. **कार्यक्रमवाइज खाता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा अनुसूची-२ बमोजिम ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत वार्षिक कार्यक्रमको क्रियाकलाप सञ्चालन गर्दा कार्यक्रमवाइज खाता राखी बजेट खर्च र चौमासिक प्रगतिसँग मेल खाने गरी अभिलेख नराखेकोले प्राप्त प्रगति विवरणमा देखाएको कार्यक्रमको खर्च तुलना गर्न सकिएन । कार्यालयले वार्षिक कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमवाइज खाताको अभिलेख राखी खर्च लेख्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ । कार्यक्रमवाइज खाता बनाई तदनुरुप खर्च गर्ने प्रतिक्रिया कार्यालयले दिएको छ ।

४. **अनुदान वितरण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) मा निशर्त एवं सशर्त अनुदान रकमको आय व्ययको प्राप्तिको विवरण लिई जुन कामको लागि दिएको रकम सो काममा खर्च गरे नगरेको, लक्ष्य अनुसार प्रगति गरे नगरेको, कानून बमोजिम लेखापरीक्षण भए नभएको कुराहरुको अध्ययन अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ५ संघ संस्थालाई अनुदान दिएको यस्तो रकम रु.९,७५,४९१।- अनुगमन नगरेकोले उक्त संस्थाहरुले लिएको अनुदान उद्देश्य अनुरुप खर्च भए नभएको सम्बन्धमा लेखापरीक्षणबाट मूल्याङ्कन गर्न सकिएन । अनुदान रकमको अनुगमन गरी प्रभावकारी बनाउने जवाफ कार्यालयले दिएको छ ।

५. **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको दृष्टिकोणले आम्दानी खर्च लेखा, त्यसको जिन्सी नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त हुनुपर्ने उल्लेख छ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, मुल्य नखुलेका मालसामानको मूल्य कायम गराई नराखेको, जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिएकोमा सो माथि कारबाही गरेको पाइएन । यसबाट कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी रहेको पाइएन । प्रचलित नियममा भएका सबै प्रक्रियाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्थालाई प्रभावकारी बनाउन कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

६. **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७५ बमोजिम मालसामान खरिद गर्दा सोझै सम्बन्धित बिक्रेतालाई भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कार्मचारीलाई कार्यक्रम सञ्चालन गर्दा र कार्यक्रममा मालसामान खरिदको कार्य भएकोमा समेत पेश्की दिएको छ । यसरी दिएको पेश्कीको मालसामान खरिद गरी पेश्की फछ्र्यौट नगर्दै पुनः २ पटकदेखि ५ पटकसम्म रु.१,५५,०००।- पेश्कीमाथि पेश्की दिएको पाइयो । नियमावली बमोजिम फछ्र्यौट गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

७. **स्रेस्ता** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ११ मा जिम्मेवार व्यक्तिले प्रत्येक कारोबार स्पष्ट देखिने गरी प्रचलिन कानूनले तोके बमोजिमको रीत पुर्‍याई लेखा तयार गरी गराई राख्नुपर्ने व्यवस्था छ । कार्यालयमा गत विगत देखि सञ्चालित चालु कोष (बिउ पुँजी) तथा बाल उद्धार कोषको कारोबार सञ्चालन भएकोमा उक्त कारोबारको स्रेस्ता तयार गरी लेखापरीक्षण पेश भएको

छैन । स्रेस्ताहरु अपूर्ण र कागजातहरु महिला संस्थाबाट प्राप्त हुन नसकेको साथै बाल उद्धार कोषको जिम्मा लिने व्यक्ति विदा बसेको कारण स्रेस्ता उपलब्ध गराउन नसकेको प्रतिक्रिया कार्यालयको रहेको छ ।

## मालपोत कार्यालय

१. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसूची-१ बमोजिम लागत अनुमानमा रहेको कन्टिन्जेन्सी खर्चमध्ये वर्क चार्ट स्टाफ खर्च २.५%, सानातिना अन्य खर्च २.५% प्रतिशतले गर्न सकिने व्यवस्था छ। कन्टिन्जेन्सी खर्चको विस्तृत व्याख्या नभएको अवस्थामा कम्प्युटरका पार्ट्स, सवारी साधन मर्मत जस्ता सामान खरिदमा समेत कन्टिन्जेन्सीबाट गरेको छ । यस वर्ष भवन निर्माण बापत रु.८७३२१०८।- (मू.अ.कर बाहेक) खर्च भएकोमा रु.६,८३,५६७- कन्टिन्जेन्सी खर्च भएकोले सो खर्च ५ प्रतिशतभन्दा बढी खर्च भएको देखिएकोले सीमाभन्दा बढी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गर्नुपर्दछ । अबदेखि कन्टिन्जेन्सी खर्चको अभिलेख राखिने प्रतिक्रिया कार्यालयले दिएको छ ।

२. **कार्य सम्पादन जमानत** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) बमोजिम खरिद सम्झौता गर्दा पेश गरेको कार्य सम्पादन जमानतको अवधि निर्माण कार्यको त्रुटि सच्याउने अवधिभन्दा १ महिना बढी सम्मको हुनुपर्ने व्यवस्था छ । कार्यालयले भवन निर्माण कार्य गर्न २०७२।१।२ मा एक निर्माण व्यवसायीसँग रु.४,८७,८८,९५८।- मा खरिद सम्झौता गर्दा पेश गरेको कार्य सम्पादन जमानतको अवधि १४ जनवरी २०१७ (२०७३ माघ १) सम्म रहेको पाइयो । निर्माण व्यवसायीको निर्माण कार्यको अवधि २०७४।१।१४ सम्म रहेकोले कार्य सम्पादन जमानतको अवधि उक्त अवधि भन्दा १३ महिना बढीको हुनुपर्नेमा घटी अवधि रहेको कार्यसम्पादन जमानत राखी खरिद सम्झौता गरी कार्य गराउनाले नियमको व्यवस्थाको पालना भएको पाइएन । निर्माण व्यवसायीले राखेको रु.४० लाखको कार्यसम्पादन जमानतको अवधि नियममा तोकिएको अवधि सम्म थप गराई पेश हुनुपर्दछ । कार्यसम्पादन जमानतको म्याद पुगिसकेकोले थप गरिने भनाइ कार्यालयको रहेको छ ।

३. **पेश्की जमानतको म्याद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(४) मा पेश्की लिने निर्माण व्यवसायीले बैंक ग्यारेन्टी पेश गरी पेश्की माग गर्दा सम्झौतामा पेश्की फछ्र्यौट गर्ने अवधि भन्दा कम्तीमा १ महिना बढी अवधिको म्याद भएको बैंक जमानत पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एक निर्माण व्यवसायीलाई २०७२।१।१६ मा रु.१३ लाखको बैंक जमानत लिई पेश्की दिएकोमा उक्त पेश्की जमानतको म्याद २०७३।१।१२ सम्म मात्र रहेको पाइयो । यस वर्षसम्म रनिङ बिलबाट रु.११ लाख मात्र कट्टी गरेकोले बाँकी पेश्की रु.२ लाख असुल फछ्र्यौट नभएकोमा बैंक ग्यारेन्टीको म्याद समेत थप नगरेकोले पेश्कीको अवस्था समेत सुरक्षित रहेको देखिएन । नियमको व्यवस्था अनुसार म्याद थप गरी पेश्की असुल गर्नुपर्दछ । सोही निर्माण व्यवसायीले २०७२।९।३० मा लिएको पेश्की रु.३७०८९०५।- को बैंक ग्यारेन्टी लेखापरीक्षणमा पेश भएन । जमानतको म्याद सकिएकोले थप गर्ने प्रतिक्रिया कार्यालयले दिएको छ ।

४. **रजिष्ट्रेसन दस्तुर** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २११ बमोजिम मालपोत कार्यालयले असुल गरेको रजिष्ट्रेसन दस्तुरको तोकिएको दरबाट बाँडफाड गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष उठाएको रजिष्ट्रेसन शुल्कलाई तोकिएको दरभन्दा रु.६,७१,४१४।- घटी सञ्चित कोषमा दाखिला गरेकोले नपुग रकम अविलम्ब सञ्चित कोष दाखिला गर्नुपर्दछ। यो आर्थिक वर्षमा राजस्व खातामा दाखिला गर्ने प्रतिक्रिया कार्यालयले दिएको छ ।

५. **घटी दाखिला** : आर्थिक कार्यविधि नियमावली, २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदको हकमा सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले म.ले.प.फा.नं. १०८ अनुसार नगदी रसिदबाट उठाएको रजिष्ट्रेसन दस्तुर रु.१,१२,६७,२२३।- मध्ये विविध खातामा रु.८८,३०,३५३।- र राजस्व खातामा रु.२३,३५,६७४।- गरी जम्मा रु.१,१२,०४,३८१।- मात्र नगद दाखिला भएकोले घटी दाखिला देखिएको रु.६२,८४२।- यकिन गरी दाखिला गर्नुपर्दछ । घटी दाखिला भएको रकम दाखिला गरिने भनाइ कार्यालयको रहेको छ ।

६. **न्यूनतम मूल्याङ्कन** : घर जग्गा खरिद बिक्री गर्दा मालपोत कार्यालयले कायम गरेको न्यूनतम मूल्याङ्कनभन्दा घटीमा लिखत पास गर्न नहुने व्यवस्था छ । चन्दननाथ नगरपालिका-७ वडा नं.-१ नक्सा नं. १/द कि.नं. १३२ पाखो चाहर क्षेत्रफल ०८४०० वर्ग मिटरको रु.५ लाख थैली कायम गरी महिलाको नाममा लिखत पास गरी सोको रजिष्ट्रेसन दस्तुर असुल गरेको छ । उल्लिखित जग्गाको मालपोत कार्यालयबाट कायम गरिएको न्युनतम मूल्य प्रति वर्ग मिटर रु.४००।- ले रु.३३,६०,०००।- थैली कायम गरी रजिष्ट्रेसन दस्तुर असुल गर्नुपर्नेमा घटी मूल्य कायम भएको देखिएको रु.२८,६०,०००।- मा लाग्ने रजिष्ट्रेसन दस्तुर रु.१,१४,४००।- मा महिला छुट (२५ प्रतिशत) रु.२८,६००।- घटाउँदा हुने रु.८५,८००।- सम्बन्धित व्यक्तिबाट असुल हुनुपर्दछ । असुल गरिने जवाफ कार्यालयले दिएको छ ।

७. **लाभकर** : आयकर ऐन, २०५८ (संशोधन सहित) दफा २७(४) तथा दफा ९५क(३) मा कुनै प्राकृतिक व्यक्तिले रु.३० लाख भन्दा बढी जग्गा वा निजी भवन निसर्ग बापत भएको पुँजिगत लाभमा मालपोत कार्यालयले रजिष्ट्रेसनको बखत निसर्ग भएको गैर व्यावसायिक करयोग्य सम्पत्ति (जग्गा तथा भवन) को स्वामित्व ५ वर्ष वा सोभन्दा बढी भएको छ भने २.५% का दरले अग्रिम कर असुल गर्नुपर्ने व्यवस्था छ । र.नं.५७१।२०७२।८।१५ चन्दननाथ न.पा.-१ को नक्सा नम्बर १/द कि.नं.१३२ को पाखो चाहर क्षेत्रफल ०८४०० ब.मि.को मालपोतबाट न्यूनतम थैली कायम हुने रु.३३६००००।- मा ऐनको व्यवस्था अनुसार ५ वर्षभन्दा बढी अवधि भएकोले सो थैली बमोजिम हुने कर २.५ प्रतिशतले हुने पुँजिगत लाभकर छुट भएको रु.८४,०००।- असुल गर्नुपर्दछ। पत्राचार गरी असुल गरिने प्रतिक्रिया कार्यालयले दिएको छ ।

८. **उजूरी** : कार्यालयको वार्षिक प्रतिवेदन अनुसार गतवर्षको जिम्मेवारी २५८ समेत ४९० वटा निवेदन उजूरी रहेकोमा यो वर्ष १७२ निवेदन उजूरी फछ्र्यौट गरी ५४७ वटा निवेदन उजूरी बाँकी रहेको विवरण प्राप्त भएको छ । कार्यालयमा प्राप्त उजुरी र सो सम्बन्धमा भएका निर्णय तथा कारबाहीको अवस्था सम्बन्धमा कार्यालय प्रमुखसँगको छलफलमा २०७२।७३ को अवधिमा छुट दर्ता सम्बन्धमा १८ वटा उजुरी परेको भएता पनि अधिकृत स्तरको कार्यालय प्रमुख नभएर कुनै निर्णय नगरेको तथा गुठीचौर गा.वि.स. स्थित भेडाबाखा फार्मको नामको सरकारी जग्गा नापी गरी व्यक्तिको नाममा दर्ता गरेको सम्बन्धी गतविगतको उजुरीका सम्बन्धमा जिल्ला प्रशासन कार्यालय जुम्लाबाट अनुसन्धान र छानविनको लागि निर्णय फाइल माग भएकोले पठाएको तथा चन्दननाथ न.पा.-६ को जग्गामा दोहोरो दर्ता सम्बन्धी फाइल अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएको जानकारी प्राप्त भएको छ । अन्य उजुरीहरुका सम्बन्धमा कार्यालयको राय पुस्तिकामा अभिलेख गरी मालपोत ऐन र नियमावली बमोजिम निर्णय हुने गरेको देखियो । कार्यालयमा दर्ता भई बाँकी रहेका अन्य उजुरीहरुको कारबाही टुंगो लगाउन बाँकी रहेको छ ।

# सिँचाइ सवडिभिजन कार्यालय

१. **योजना** : सिँचाइ नीति, २०७० बमोजिम आयोजनाहरुको निर्माण तथा कार्यान्वयनमा स्थानीय श्रम, सीप सहित उपभोक्ता समिति समेतको सहभागितामा गर्ने नीति रहेको छ । कार्यालयले सिँचाइ प्रणालीहरुको स्वीकृति र निर्माण कार्य गराउँदा उपभोक्ता समिति मार्फत समेत कार्य गर्ने गरी लागत अनुमान समेत स्वीकृत गरी उपभोक्ता समितिलाई रकम भुक्तानी दिने र जन श्रमदान गर्नुपर्ने तथा ठेक्कापट्टाबाट गर्नुपर्ने गरी योजनाहरुको लागत अनुमान स्वीकृत गरी कार्य गराउने गरेको छ । सिँचाइ योजनामा उपभोक्ता समितिको कार्य गर्ने ज.उ.स. जिल्ला जलस्रोत समितिमा दर्ता हुनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष कर्णाली अञ्चल सिँचाइ कार्यक्रम अन्तर्गत निर्माण हुने माझज्यूला सिँचाइ योजना निर्माण गर्न रु.१६७२४०००।- को लागत अनुमान स्वीकृत गरेको छ । यो योजनामा यस वर्ष ठेक्कापट्टाबाट गर्ने कार्यको ठेक्का बन्दोबस्त गरी रु.२५२२३६९।- खर्च गरेको छ । तर योजनामा उपभोक्ता समितिले गर्नुपर्ने कार्यका सम्बन्धमा २०७३।८।१० सम्म कुनै कार्य भएको छैन । बाँकी रहेको कार्य उपभोक्ता समितिले पूरा नगरे अन्य विधिबाट पूरा गरिने प्रतिक्रिया कार्यालयको रहेको छ ।

२. **नीतिको कार्यान्वयन** : सिँचाइ नीति, २०७० सिँचाइ नियमावली, २०५६ तथा आवधिक योजनाको रणनीतिमा सम्मन्न भईसकेका प्रणालीहरुको नियमित तथा आवधिक मर्मत सम्भार गरी व्यवस्थापन र सञ्चालनलाई दिगो, दक्ष र प्रभावकारी बनाउन आवश्यकता अनुसार उपभोक्ता समितिलाई सक्षम बनाउने रणनीति तथा नीतिगत व्यवस्था रहेको छ । कार्यालयलाई यो वर्ष कृषकद्वारा व्यवस्थित सिँचाइ प्रणाली कार्यक्रम अन्तर्गत २१ योजनाको मर्मत सम्भार कार्य गर्ने गरी रु.३२५००००।- को अख्तियारी र कार्यक्रम प्राप्त भएकोमा ६ योजनामा रु.९७९९९४।- मात्रको कार्य गरी बाँकी रकम फ्रिज गरेको छ । स्वीकृत कार्यक्रम अनुसारका कार्य सञ्चालन गरी कार्य सम्पन्न गराउनुपर्दछ ।

३. **पेश्की रकमको उपयोग** : सार्वजनिक खरिद ऐन, २०६३ मा २०७३।३।३० मा संशोधन भै दफा ५२(क) ले निर्माण व्यवसायीले पहिलो पटक पेश्की प्राप्त गरेको मितिले ३० दिन भित्र कार्य प्रारम्भ गरिसक्नु पर्ने व्यवस्था गरेको छ । खरिद नियमावली, २०६४ को नियम ११३(६) मा सम्झौतामा उल्लिखित अवधिभित्र कार्य सम्पन्न गरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष गिरीखोला सिँचाइ योजनामा निर्माण कार्य गराउन एक निर्माण व्यवसायीसँग २०७२।९।०१ मा रु.१,२०,४८,९६८।- को खरिद सम्झौता गरी सोही दिन कार्यादेश दिएकोमा निर्माण व्यवसायी ७ दिनभित्र साइडमा परिचालन नभएकोमा २०७२।११।१२ मा बैंक ग्यारेन्टी लिई रु.२४,००,०००।- पेश्की दिएको पाइयो । निर्माण व्यवसायीले यस वर्षसम्म कुनै कामको भुक्तानी माग नगरेको र निर्माण व्यवसायीसँग भएको खरिद सम्झौतामा संलग्न वर्क सेडुयल समेत बैशाख महिनाबाट कार्य प्रारम्भ गर्ने गरी स्वीकृति भएको छ । सेडुयल बमोजिम कार्य नगरेकोमा कार्यालयले खरिद नियमावली र सम्झौताको सर्त अनुसार सचेत र पत्राचार समेत गरेको नपाइएकोले खरिद कार्य सञ्चालन गर्दा सम्झौता र ऐन नियमले तोकेको व्यवस्थाको आधारमा सञ्चालन गरी कार्य गराउनुपर्ने र निर्माण व्यवसायीले लिएको पेश्की रकम खर्चको विवरण लिई तोकिएको काममा मात्र खर्च गरे नगरेको यकीन गर्नुपर्दछ ।

४. **निर्माण कार्यको बीमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैंया भन्दा बढीको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले विभिन्न ५ क्षेत्र समेत समेटिने गरी निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्मको हानी नोक्सानीलाई व्यहोर्ने गरी बीमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत गरेको लागत

अनुमान र बी.ओ.क्यू. मा समेत बीमा प्रिमियमको व्यवस्था गरेको भएता पनि यस वर्ष रु.१० लाख भन्दा बढी लागत अनुमान भएका १२ योजनाको लागत अनुमान रु.१७ करोड ९० लाख १५ हजार रहेका ती योजनामा खरिद र निर्माण सम्बन्धी कार्य गराएकोमा बीमा गराई कार्य गराएको पाइएन । नियम कानूनमा भएको व्यवस्थाको पालना गराएर निर्माण सम्बन्धी कार्य गराउनुपर्दछ ।

५. **खर्च प्रक्रिया** : सिँचाइ नियमावली, २०५६ बमोजिम सिँचाइ प्रणालीको निर्माणको चरण मै उपभोक्ता समूहको समेत सहभागिता रहने व्यवस्था भै मझौला तथा साना सिँचाइ र अन्य कार्यक्रमबाट सञ्चालन हुने योजनाहरुमा योजनाको लागत अनुमान तयार गरी स्वीकृति गर्दा नै उपभोक्ता समितिलाई भुक्तानी हुने कार्य, जनश्रमदान र ठेक्कापट्टाबाट गरिने कार्यको बाँडफाड हुने गरेको छ । स्वीकृत लागत अनुमान अनुसार तोकिएको चौमासिक अवधि भित्रै सबै पक्षसँग सम्झौता र ठेक्का बन्दोबस्त गरी कार्य गराउनु पर्नेमा  कतिपय योजनाहरुमा उपभोक्ता समितिले स्वीकृत लागत अनुमान बमोजिम कार्य गर्ने सम्झौता नै नगरेको, केही योजनामा ज.उ.स.सँग सम्झौता भए पनि कार्य प्रारम्भ नगरेका र कुनै योजनामा ज.उ.स.ले आफ्नो कार्य तर्फको पूरै काम पुरा गरेका भएता पनि ठेक्कापट्टा तर्फको कार्य निर्माण व्यसायीले सुरु नै नगरेको अवस्था समेत देखिएको छ । सम्झौताका शर्त र प्रक्रिया अनुसारका कार्य तोकिएको अवधिमा पूरा गराउनुपर्दछ ।

६. **पेश्की**: सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम खरिद सम्झौता अन्तर्गत दिएको पेश्की तोकिएको कार्यमा खर्च गरे नगरेको अनुगमन गर्नुपर्ने समेतको व्यवस्था छ । कार्यालयले यो वर्ष ७ निर्माण व्यवसायीलाई दिएको मोबिलाइजेसन पेश्की रु.१,१४,६६,५५८।- आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट नगरेकोले नियमानुसार फछ्र्यौट गरिनुपर्दछ ।

७. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० ले निर्माण कार्यको लागत अनुमान तयार गर्ने सम्बन्धी व्यवस्थाा गरी लागत अनुमानको ५ प्रतिशत रकम कन्टिन्जेसीको लागि व्यवस्था गर्नुपर्ने गरी तोकिदिएको छ । लागत अनुमानमा समावेश भएको उक्त रकम मध्ये २.५ प्रतिशत स्टाफ वर्क चार्ज खर्च बाँकी अन्य खर्चको लागि हुने गरी निर्धारण गरिदिएको छ । अर्थ मन्त्रालयको २०७०।१।२२ का् परिपत्रबाट कन्टिन्जेन्सी रकमबाट पुँजीगत सम्पत्ति खरिद गर्दा पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था समेत रहेको छ । कार्यालयबाट प्राप्त कन्टिन्जेन्सी खर्चको विवरण अनुसार १५ योजनाहरुको लागत अनुमानमा रु.९५८०३०२।- कन्टिन्जेन्सी व्यवस्था रहेको छ । व्यवस्था भएको उक्त रकम मध्येबाट यस वर्ष ज्यामी ज्याला, इन्धन, गाडी मर्मत, स्टेसनरी, सूचना प्रकाशन तथा दैनिक भ्रमण भत्तामा खर्च गरेको पाइयो । कार्यालयलाई उपर्युक्तानुसार खर्च शीर्षकहरुमा चालू खर्चबाट समेत विनियोजन भई रकम व्यवस्था भएकोमा समेत कन्टिन्जेन्सीबाट पनि खर्च गर्ने गरेको छ । यस वर्ष निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्धित नरहेको गाडीको गत विगत देखिको नवीकरण र बीमा गराउने कार्यमा समेत रु.१०००००।- खर्च गरेको र चालू बजेट तर्फको बीमामा विनियोजित रकम खर्च नगरी फ्रिज गरेको छ । अख्तियारी प्राप्त रकमबाट खर्च नगरी कन्टिन्जेन्सीबाट चालू प्रकृतिका कार्यमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

८. **तलबी प्रतिवेदन** : निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(५) बमोजिम जिल्ला स्थित कार्यालयका कर्मचारीको सम्बन्धित को.ले.नि.का.बाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई रु.३११७३०४।४० खर्च लेखेको पाइयो । ऐन, नियमको पालना गरेर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

# शहरी विकास तथा भवन डिभिजन

१. **ठेक्का बन्दोबस्त** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० बमोजिम कार्यालयले वार्षिक बजेट, कार्यक्रम र कार्यान्वयन तालिका वनाउंदा लागत अनुमान तयार गर्ने कार्य देखि अन्य निर्णयसँग समन्वय गर्नुपर्ने भए सो समेत गरी स्वीकृति लिने र ठेक्का पट्टा गर्ने समेतको कार्य प्रथम चौमासिक अवधिमा सम्म गरीसक्नु पर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष १९ नयाँ ठेक्का बन्दोबस्त गरेको मध्ये प्रथम चौमासिक अवधिमा कुनै पनि ठेक्का व्यवस्थापन नगरेको र सवै नयाँ ठेक्का तेस्रो चौमासिक अवधिमा गराई रु.४५,९२,५२,०००।- को ठेक्का बन्दोबस्त गरी यस वर्ष १ ठेक्का सम्पन्न भएको विवरण पेश भएको छ। बाँकी सवै ठेक्का पट्टाहरु आगामी वर्षको लागि सर्न गएको छ। तोकिएको प्रक्रिया र अवधि भित्र ठेक्का बन्दोबस्तको कार्य पुरा गर्नुपर्दछ।

२. **निर्माण व्यवसायी छनौट** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ ले बोलपत्रदाताको आचरण सम्बन्धमा व्यवस्था गरी बोलपत्रदाताहरु विच खरिद सम्बन्धी काम वाँडफांड गर्न वा बोलपत्र प्रस्तावको मूल्य कृत्रिम वा अप्रत्यक्ष तरिकाले कायम गर्न वा अन्य तरिकाले सार्वजनिक निकायलाई खुला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट वन्चित गर्ने उद्देश्यले बोलपत्र वा प्रस्ताव पेश गर्नु भन्दा अघि पछि मिलेमतो गर्ने वा गर्न नहुने व्यवस्था छ। कार्यालय अर्न्तगत वर्षै पिच्छे कर्णाली अञ्चलका ५ जिल्लामा विभिन्न कामको लागि ठेक्कापट्टाबाट हुने गरेको भए तापनि बोलपत्र/शिलवन्दी दरभाउपत्रमा भाग लिने निर्माण व्यवसायीको सहभागिता अत्यन्त न्यून मात्र रहेको पाइयो। यो वर्ष २० ठेक्का पट्टामा भएको बोलपत्र सहभागिताको अवस्था निम्नानुसार देखियो।

२.१. कार्यालय अर्न्तगत लिकु र भिजेर हेल्थपोष्ट निर्माण कार्यको बोलपत्रमा १/१ वटा मात्र बोलपत्र बिक्री र दाखिला भएको छ। लागत अनुमानको तुलनामा लिकुमा ३३.६९ प्रतिशत र भिजेरमा २१.८० प्रतिशत घटीमा ठेक्का बन्दोबस्त भएको छ। सवै भन्दा बढी पटमारा हेल्थपोष्ट निर्माणमा १४ बोलपत्र बिक्री भएको मध्ये २ वटा मात्र दाखिला भएको र उक्त ठेक्का लागत अनुमान ९.५० प्रतिशत मात्र घटीमा ठेक्का बन्दोबस्त भएको छ। फोइमहादेव हेल्थपोष्ट निर्माण कार्यमा १३ बोलपत्र बिक्री भई १२ बोलपत्र दाखिला भएकोमा लागत अनुमानको तुलनामा ४८.२५ प्रतिशत घटीमा ठेक्का बन्दोबस्त भएको पाइयो। छिना वसपार्क निर्माण कार्यमा १० बोलपत्र बिक्री भएको मध्ये २ वटा मात्र दाखिला भएको र यो ठेक्का लागत अनुमानको तुलनामा २.५८ प्रतिशत घटीमा ठेक्का बन्दोबस्त भएको तथा थिर्पु हेल्थपोष्पटमा १२ बोलपत्र बिक्री भएकोमा ११ दाखिला भएको र उक्त ठेक्का लागत अनुमानको तुलनामा ४३.३७ प्रतिशत घटीमा बन्दोबस्त भएको पाइयो। उपर्युक्तानुसारको विवरणबाट बोलपत्रमा बिक्रीको तुलनामा अत्यन्त घटी संख्यामा दाखिला भएमा ठेक्काहरु लागत अनुमानको तुलनामा १० प्रतिशत भन्दा घटी मै ठेक्का बन्दोबस्त भएका र बोलपत्रमा सहभागिता बढी भएका ठेक्काहरुमा प्रतिस्पर्धा भएको देखिएको छ। खरिद कार्य बढी भन्दा बढी प्रतिस्पर्धात्मक बनाउनुपर्दछ।

३. **चौमासिक खर्च स्थिति** : आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम कार्यालयलाई प्राप्त बजेट खर्च स्वीकृत वार्षिक कार्यक्रमको चौमासिक वांडफांडको आधारमा गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा सार्वजनिक निकायले एक वर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा वार्षिक दश करोड रुपैंया भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरु योजना तयार गर्नुपर्ने र यसरी तयार गरेको गुरु योजनामा खरिद कारबाहीको मोटामोटी समय तालिका समेत खुलाउनु पर्ने व्यवस्था छ। कार्यालयले लेखापरीक्षणलाई यो वर्षको वार्षिक खरिद योजना तथा कार्यालयको खरिदको गुरु योजना पेश गरेको छैन। तर कार्यालयलाई प्राप्त पुँजीगत

बजेटबाट रु.४०,७०,३८,०००।- खर्च गरेको छ । आषाढ महिनामा मात्र रु. १८,८६,०६,३०६।- ( ४६.३) खर्च गरेको छ। आषाढ महिनामा ठूलो रकम खर्च गरी निर्माण कार्य गराएको मध्ये निर्माण व्यवसायीको नाममा पेश्की दिई पेश्की खर्च रु.१०,५३,१५,०००।- रहेको छ । नियमावली अनुसार चौमासिक आधारमा खर्च गर्नुपर्दछ।

४. **कन्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावलीको नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा अनुसूची १ को आधारबाट गर्नुपर्ने गरी तोकि दिएको छ। अनुसूचीमा लागत अनुमान तयार गर्दा सामाग्री र ज्यालाबाट कायम मूल्यमा ५ प्रतिशत थप रकम समेत कन्टिन्जेन्सीमा छुट्याई कुल लागत कायम गर्नुपर्ने व्यवस्था भएको छ । कार्यालयले आयोजनाहरुको लागत अनुमानमा रहेको उक्त कन्टिन्जेन्सी रकमबाट योजनाको निर्माण कार्य प्रारम्भ भएपछि विभिन्न कार्यमा खर्च गर्दा सोही रकम समेत खर्च गरेको छ। नियमावलीले लागत अनुमान स्वीकृति गर्दा समावेश भएको कन्टिन्जेन्सी रकमबाट २.५ प्रतिशत स्टाफ वर्कचार्ज खर्च र २.५ प्रतिशत सानातिना अन्य खर्चको लागि हुने गरी तोकि दिएको भएतापनि कार्यालयमा हुने सवै प्रकारका खर्चहरुमा समेत कन्टिन्जेन्सीको रकमबाट व्यहोर्ने गरेको समेत पाइयो । लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार ४३ योजनाहरुको यस वर्षको कन्टिन्जेन्सीबाट रु. ७०५०२६५ खर्च गरेको छ । कार्यालयले कन्टिन्जेन्सीबाट खर्च गरेका शीर्षक अन्तर्गत चालु खर्च शीर्षकबाट समेत बजेट प्राप्त भई अनुगमन खर्च, कार्यालय सञ्चालन, अन्य सेवा शुल्क, समेतका शीर्षकहरुमा रकम निकासा लिई खर्च हुने गरेको छ।

४.१. विभागले विभिन्न बजेट उप शीर्षकबाट पुँजीगत खर्चको अख्तियारी पठाउंदा अख्तियारी रकममै ४ प्रतिशत र ३.७ प्रतिशत (स्वास्थ्य तर्फ) मात्र कन्टिन्जेन्सी खर्च गर्नु हुन उल्लेख गरी अख्तियारी पठाएको छ। तर कार्यालयले कन्टिन्जेन्सीबाट खर्च गर्दा योजनागत रुपमा रहेको लागत अनुमानको रकमसँग तुलना गरी खर्च गर्ने गरेकोमा यो वर्षका लागि प्राप्त विनियोजन र अख्तियारी रकमको आधारमा तुलना गर्दा योजनाहरुमा ५.११ देखि २० प्रतिशतसम्म कन्टिन्जेन्सी रकम खर्च गरेको देखियो। छाप्रे, धैनाकोट, भर्ता र रकू हेल्थपोष्टहरुको काममा यो वर्ष ज्यामीज्याला (मष्टरोल तर्फ मात्र) रु.५,४६,०००।– खर्च भएको छ । कार्यालयले यस वर्ष सम्बन्धित योजनाहरुमा स्वीकृत भएको विनियोजन रकमबाट कार्य गराई भुक्तानी गर्दा लागत अनुमानमा रहेको कन्टिन्जेन्सीको आधारमा रकम बढी खर्च नभए तापनि कन्टिन्जेन्सी रकम स्टाफ वर्क चार्ज बाहेक अन्य खर्च तर्फ पनि गरेको र सो रकम समेत यस वर्षका कुल विनियोजनको ५ प्रतिशत भन्दा बढी देखिएको छ ।

५. **अख्तियारी रकमबाट कन्टिन्जेन्सी खर्च:** सार्वजनिक खरिद नियमावली, २०६४ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा ५ प्रतिशत रकम कन्टिन्जेन्सी कार्य (स्टाफ वर्कचार्ज २.५ र अन्य सानातिना खर्चमा २.५) को लागि रकम राखी लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था छ। उक्त लागत अनुमानमा रहेको रकमलाई निर्माण सम्बन्धी कार्य गराउँदा कार्यालयले विभिन्न शीर्षकमा रकम वांडफांड गरी खर्च गर्ने गरेको देखिएको छ। यस वर्ष कार्यालयलाई शहरी विकास तथा भवन निर्माण विभागले विभिन्न बजेट उप शीर्षकबाट पुँजीगत खर्चको अख्तियारी पठाउंदा अख्तियारी रकममै अख्तियारीबाट ४ प्रतिशत र ३.७ प्रतिशत मात्र कन्टिन्जेन्सी खर्च गर्नु हुन उल्लेख गरी अख्तियारी पठाएको पाइयो । यो वर्ष पुर्ननिर्माण तर्फको रु.१८,२३,७५,०००।– र स्वास्थ्य मन्त्रालय तर्फको रु.१४,८६,०८,०००।– समेतको अख्तियारी डिभिजन कार्यालयलाई प्राप्त भएकोमा उक्त रकमहरुको कन्टिन्जेन्सी बापतको रकम विभागले शुरुमै कट्टी गरी बाँकी रकमको मात्र अख्तियारी पठाउनाले कार्यालयहरुले उक्त रकम खर्च नगरी फ्रिज गरेको अवस्थामा समेत

विभागमा कन्टिन्जेन्सी रकम कट्टा गरी लिने अवस्था देखिएको छ । यस वर्ष कार्यालयमा प्राप्त अख्तियारी र खर्चको अवस्था निम्नानुसार देखियो ।

| बजेट शीर्षक | कार्यालयलाई प्राप्त कन्टिन्जेन्सी कट्टी पछिको अख्तियारी | कार्यालयले गरेको खर्च | फ्रिज रकम | कैफियत |
|---|---|---|---|---|
| ३४९१०२४ | १८२३७५००० | १६३०४१५९४ | २०३३३४०६ | पुनर्निर्माण तर्फ (शान्ति मन्त्रालय) |
| ३७०८०४४ | १४८६०८००० | १३२५८१५३३ | १६०२६४६८ | स्वास्थ्य मन्त्रालय तर्फ |

६. **खरिद सम्झौता कार्यान्वयन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ ले सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा अपनाउनु पर्ने व्यवस्थाहरुको वारेमा उल्लेख गरी १११(१)(ख)(घ)(ङ) मा कार्ययोजना र तालिका वनाउनु पर्ने, आवश्यक भएमा सम्झौता कार्यान्वयन टोली गठन गर्ने, प्रगति अनुगमन गर्ने, गुणस्तर पक्षको निरीक्षण र परिक्षण गर्नुपर्ने लगायतका काम समेत तोकिएको छ । यो वर्षसम्म उपभोक्ता समितिबाट गराएको बाहेक ७० ठेक्काहरु सञ्चालनमा रहेका र सो मध्ये ३ ठेक्का विगत ५ वर्ष अघि (२०६८।६९) देखि र ५ ठेक्का ४ वर्ष भै सकेको २०६९।७० देखि सञ्चालनमा रहेको पाइयो । ठेक्काको कार्य शुरु भएको ५ वर्ष व्यतित भै सक्दा समेत काम पूरा भएको छैन् । निर्माण व्यवसायीले तोकिएको समयमा कार्य सम्पन्न नगरेकोमा पटक पटक म्याद थप गरी अवधि लम्व्याएको, पुनर्निर्माण सम्बन्धी कार्य लामो समयसम्म पूरा नभएको समेत देखिएको छ। निर्माण व्यवसायीको म्याद थपको निवेदनको आधारमा म्याद थप गर्ने गरेको भएतापनि ठेक्का सम्बन्धी फाइलहरुको परिक्षण गर्दा खरिद सम्झौताको शर्त र कार्यतालिका अनुसार कार्य नगर्ने निर्माण व्यवसायीलाई सम्झौता र खरिद ऐन नियमको व्यवस्था बमोजिमका थप कारबाही नगरी राखेको छ । सम्झौता अनुसारको कार्य गराउन कार्यालय सजग रहेको भन्ने भनाइ कार्यालयको रहेकोक छ ।

७. **दोस्रो घटीवालाको ठेक्का** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ६२ ले बोलपत्रदाताको आचरण सम्बन्धमा व्यवस्था गरेको छ । ऐनको दफा ६२(१) मा बोलपत्रदाताले खरिद सम्झौता तथा खरिद सम्बन्धी अन्य लिखतमा उल्लेख भए अनुसारको दायित्व पालना गर्नुपर्नेछ भन्ने व्यवस्था समेत रहेको छ । ऐनको दफा ६२ को आचरण विपरित काम गरेको प्रमाणीत भएमा ऐनको दफा ६३ बमोजिम कालोसूचीमा राखी कारबाही गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जिल्ला वन कार्यालय हुम्लाको भवन निर्माण सम्बन्धी कार्य गराउन रु.३,८४,१५,६४२।– को लागत अनुमान स्वीकृत गरी २०७२।२।२० मा बोलपत्र आव्हान गरेको र ७ जना बोलपत्रदाताले उक्त खरिद कार्यमा भाग लिएका तथा बोलपत्र मूल्याङ्कन समेतबाट सवै भन्दा घटी कवुल गर्ने एक निर्माण व्यवसायीको रु.२,३४,५४,२११।– (३४.९५ घटी) को बोलपत्र स्वीकृत गरी २०७२।४।१२ मा एक दैनिक पत्रिकामा आशयको सूचना पठाएको छ । उक्त सूचना पछि समेत बोलपत्रदाता सम्झौता गर्न नआएकोले २०७२।५।१३ मा पुन १५ दिनको म्याद दिई बोलपत्र स्वीकृति पत्र जारी गरेको छ । तोकिएको म्यादभित्र समेत निर्माण व्यवसायी सम्झौता गर्न नआएको देखाई २०७२।८।३ मा निजको बोलपत्र साथ पेश गरेको बैंक जमानत जफत गर्ने र दोस्रो घटीवालाको रु.२,७४,६६,४४२।- को बोलपत्र स्वीकृत गर्ने निर्णय गरी खरिद सम्झौता गरेको पाइयो । सम्झौता गर्न नआएको सवैभन्दा घटीवालाको बोलपत्र भन्दा दोस्रो घटीवालाको बोलपत्र स्वीकृत गरी कार्य गराउंदा रु.४०,१२,२३१।– बढी लागत पर्न गएकोमा पहिलो घटीवालाको बैंक खाताबाट २०७२।८।१० मा बैंकले रु.१२,२५,०००।– को चेक पठाई राजस्व खातामा दाखिला गरेको छ । सार्वजनिक खरिद ऐनको दफा ६३(१)ख मा स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाता दफा ३८ बमोजिम सम्झौता गर्न नआएमा कालोसूचीमा राखिने व्यवस्था भए तापनि कार्यालयले सो जे.भी लाई खरिद ऐन र नियमावली बमोजिम कालोसूचीमा राखी कारबाही गर्न लेखी पठाएको प्रमाण पेश भएन । बोलपत्रदाताले खरिद ऐन बमोजिम सम्झौता गर्न नआएको अवस्थामा विडवण्ड जफत गरी

कानूनको व्यवस्था बमोजिम थप कारबाही गर्ने तर्फ कार्य नगरी बोलपत्रदाताको बैंकखाताबाट चेक मार्फत रकम जम्मा गराई अन्य कारबाहीबाट उन्मुक्ति दिई बढी लागतको ठेक्का गरी कार्य गराएकोमा निर्माण व्यवसायीलाई कालोसूचीमा पठाउने गरी भएको निर्णय र सार्वजनिक खरिद अनुगमन कार्यालयमा सो सम्बन्धी जानकारी पठाउनुपर्दछ। नियमानुसार पहिलो सम्झौता गर्न नआएकोले दोस्रो घटीवालालाई दिएको र ऐन नियम अनुसार गर्नुपर्ने थप कारबाहीको लागि सम्बन्धित निकायमा लेखि पठाइने भनाइ कार्यालयको रहेको छ ।

८. **निर्माण कार्यको बीमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दशलाख रुपैंया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायिले निर्माणस्थल सुम्पिएको मिति देखि उक्त निर्माण कार्यको त्रुटि सच्याउने अवधिसम्मको बीमा गराउनु पर्ने व्यवस्था छ । कार्यालय अर्न्तगत निर्माण हुने विभिन्न निर्माण कार्य तोकिएको सीमा भन्दा बढी भएको र कार्यालयले लागत अनुमान तथा बिल अफ क्वान्टिटी समेतमा बीमा प्रिमियम बापतको रकम व्यवस्था गरेको भए तापनि अधिकांश निर्माण कार्यका निर्माण व्यवसायीले बीमा गराएको पाइएन । केही निर्माण व्यवसायीले वीमा गराएको भएतापनि वीमा पोलिसीको अवधि थप नभएको र त्रुटि सच्याउने अवधि समेटी विमा गराएको पाइएन । खरिद नियमावली र सम्झौता अनुसारको व्यवस्था पूर्ण पालना गरेर मात्र कार्य गराउनुपर्दछ । आगामी वर्षदेखि अनिवार्य रुपमा बीमा गराइने व्यवस्था लागु गरिने भनाइ कार्यालयको रहेको छ ।

९. **मू.अ.कर भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम २८(६) मा संयुक्त उपक्रम (जे.भी) बाट ठेक्का पट्टामा भाग लिने निर्माण व्यवसायिले छनौट भएपछि सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा छुट्टै मू.अ.करमा दर्ता गरी कारोबार गर्नुपर्ने व्यवस्था छ । कार्यालय अर्न्तगत खानेपानी कार्यालय डोल्पाको भवन निर्माण कार्यको खरिद सम्झौता गरेको एक निर्माण व्यवसायीको यो ठेक्कामा सम्झौता गर्दा दर्ता नं.६०२८६४११४ राखी मू.अ.कर दर्ता भएकोमा कामको रनिङ बिल भुक्तानी माग गर्दा मू.अ.कर दर्ता नं. ३०००२६७७५ को नामबाट कर बीजक जारी गरी यो वर्ष २५९११९४ मू.अ.कर संकलन गरेको पाइयो । निर्माण व्यवसायीले यो ठेक्काको कार्य गर्न जे.भी दर्ता भएको नम्वरभन्दा फरक जे.भी दर्ताबाट मू.अ.कर संकलन गरेको देखिएकोले यस सम्बन्धमा यकिन गरी उक्त रकम सम्बन्धी आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमणा पेश हुनुपर्दछ । समायोजन गराई सम्परीक्षणको लागि पेश गरिने कार्यालयको भनाई रहेको छ ।

१०. **निर्माण कार्यमा ढिलाई :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ ले खरिद सम्झौताको कार्यान्वयन सम्बन्धी व्यवस्था गरेको छ । नियम १११(१)(ङ) बमोजिम सम्झौतामा संलग्न कार्यतालिका बमोजिम प्रगतिको अनुगमन गर्ने गुणस्तर पक्षको परिक्षण सम्बन्धी कार्य समेत गर्नुपर्ने गरी तोकि दिएको छ । मुगु जिल्लामा कारागार निर्माण कार्य अत्यावश्यक भई २०७२।१।८ मा सम्झौता गरी २०७३।१२।३० सम्म कार्य सम्पन्न गर्नुपर्ने यो निमाण कार्यको समयावधि ८० प्रतिशत (ले.प.अवधि २०७३।८।३० सम्म) पूरा भै सकेकोमा निर्माण कार्यको प्रगति अत्यन्तै न्यून रहेको स्थलगत भ्रमणबाट देखिएको छ । निर्माण कार्यको गुणस्तर परिक्षण सम्बन्धी कार्य निरन्तर अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि निर्माणस्थलमा सामग्री परीक्षण सम्बन्धी व्यवस्था र भएका कामको गुणस्तर परिक्षण गरिएको विवरणहरु विश्लेषण गर्न सकिने गरी व्यवस्था भएको पाइएन । निर्माण कार्य मध्ये कार्यालय भवन, ब्यारेक, महिला वन्दीगृह (डि.पि.सी सम्म) आदिको काम चालु भए तापनि साइटमा निर्माण सामग्रीको मौज्दात पर्याप्त नरहेको, माटोको जोडाइ कार्य समेत रहेकोमा जोडाई गर्ने उपयुक्त प्रकारको माटो रहेको छैन । ठेक्का सम्झौता अवधि भित्र सबै काम पूरा हुन सक्ने भरपर्दो आधार देखिएन ।

११. **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता बमोजिम काम शुरु गरि सकेपछि प्राविधिक कारणले कुनै आइटम थपघट वा नयाँ आइटमको काम गर्नु परेमा उक्त कामको लागत अनुमान तयार गरी तोकिएको प्रतिशत सम्मको काम तोकिएका पदाधिकारीबाट भेरिएसन आदेश गरी गर्न सक्ने व्यवस्था छ । कारागार कार्यालय मुगुको भवन निर्माणको कार्य गर्न एक निर्माण व्यवसायीसँग २०७२।१।८ मा सम्झौता भई कार्य चालु रहेकोमा निर्माणस्थलमा पहिरोबाट क्षति पुगेकोले ग्याविनवाल लगाई प्रोटेक्सन गर्नुपर्ने कार्यको छुट्टै लागत अनुमान तयार गरी जालीमा ढुंगा भर्ने कार्यको रु.४,४८,६७७– को लागत अनुमान स्वीकृत गरी उक्त कार्य सो भवन निर्माण कार्य गराउने निमाण व्यवसायीबाट नगराई छुट्टै निर्माण व्यवसायीसँग सोझै दररेट माग गरी लागत अनुमान बराबरकै रकम भुक्तानी गरेको छ । भवन निर्माण कार्य हालसम्म पुरा नभएको र निर्माणाधिन भवनको सुरक्षाको लागि छुट्टै निर्माण व्यवसायीबाट तारजालीको कार्य गराई भुक्तानी गर्नाले नियममा भएको व्यवस्थाको पालना नहुनाको साथै भवन निर्माणको अवधि भित्र तारजालीको काममा (त्रुटि सच्याउने अवधि) कैफियत भई पुन सच्याउनु वा थप गर्नुपर्ने भएमा (पर्खाल लगाएको स्थानमा हालसम्म पुरै प्रोटेक्सनको कार्य नभएको स्थलगत भ्रमणबाट देखिएको छ । दुई निर्माण व्यवसायीको काममा समेत सामान्जस्य नभई भवन निर्माण कार्य अझै ढिला हुने देखिएको र प्रतिस्पर्धा बेगर नै एक निर्माण व्यवसायीको कार्यस्थलमा छुट्टै निर्माण व्यवसायीबाट कार्य गराएको छ । नियममा भएका व्यवस्थाको पालना गरेर मात्र कार्य गर्नुपर्दछ ।

१२. **प्राविधिक पुष्ट्याई** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(१)(क) बमोजिम निर्माण कार्यको ड्इङ डिजाइन वदल्नु नपर्ने तर कामको परिमाण थपघट हुने अवस्थामा सम्झौता मूल्यको ५ प्रतिशत सम्मको भेरिएसन आदेश प्राविधिक पुष्ट्याई गरी रा.प.द्धितीय श्रेणीको प्रमुखले गर्न सक्ने व्यवस्था छ । कार्यालयले जुम्ला कारागार दोस्रो चरण कार्य गराउन ठेक्कामा बन्दोबस्त भै कार्य चालु रहेकोमा यो वर्ष चौथो रनिङ बिल सम्मको भुक्तानी गर्दा आइटम नं.२ माटो जोडाईको कार्यको सम्झौता परिमाण ५८५.५७ रहेकोमा भुक्तानी गर्दा (चौथो बिल सम्मको) ६७१.३६ घ.मि.को भुक्तानी गरी भेरिएसन स्वीकृति बेगर रु.६,०६,३२०।– को थप कामको भुक्तानी गरेकोमा प्राविधिक पुष्ट्याई सहितको भेरिएसन आदेश स्वीकृत नगरी खर्च गरेको छ ।

१३. **निर्माण कार्यमा ढिलाई** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ बमोजिम निर्माण सम्बन्धी कार्यको कार्यान्वयन अवस्थाको अनुगमन गर्नुपर्ने व्यवस्था छ । खरिद सम्झौतामा निर्माण कार्यको कार्य तालिका समेत समावेश गरी सम्झोता हुने गरेको छ । जिल्ला प्रशासन कार्यालय मुगुको प्रशासकिय भवन र क्वाटर निर्माण सम्बन्धी कार्य गर्न २०७१।१।१८ मा खरिद सम्झौता र कार्यादेश भई २०७३।१।१८ सम्म कार्य अवधि रहेकोमा कार्य अवधि पुरा भै सकेको भए तापनि निर्माण कार्य पूरा भएको पाइएन । द्वन्द्वबाट क्षति भएका पूर्वाधारहरुको तत्काल पुननिर्माण कार्य गराउने गरी रु.२,२१,८८,०००।– मा ठेक्का बन्दोबस्त गरेको यो निर्माण कार्यको शुरु म्याद समाप्त भई सकेकोमा म्याद थप सम्बन्धी कार्य समेत (ले.प.अवधि २०७३।८।३० सम्म) भएको देखिएन । निर्माण व्यवसायीलाई यो वर्ष सम्म पांचौ रनिङ बिलसम्मको भुक्तानी गरेको छ । लेखापरीक्षणको अवधि २०७३।८।६ मा स्थलगत भ्रमण गर्दा प्रशासकीय भवन तर्फको प्लाष्टरको कार्य चालु रहेको, वटा कोठाहरुमा पीसीसी ढलानको कार्य बाँकी रहेको, सिमेन्टबाट ढुंगा जोडाईको कार्य कमजोर, रफ देखिएको जोडाइ गरेको काममा क्यूरिङको कार्य नभएको,निर्माण व्यवसायीले खानीको ढुंगाबाट निकालेको गिट्टी प्रयोगमा ल्याएको, झ्याल ढोकाको चौकोस पुरा गरी खापाको काम बाँकी रहेको, क्वाटर भवन तर्फको काममा समेत भुईतल्लाको पीसीसी ढलान बाँकी रहेको झ्याल ढोकामा

खापाको काम बाँकी रहेको, माथिल्लो तलाको प्लाष्टर बाँकी रहेको, स्यानिटरी सम्बन्धी कार्य नभएको लगायतका कार्य बाँकी नै देखिएको छ ।

निर्माण व्यवसायीका प्रतिनिधि समेतको उपस्थितिमा भै रहेको कामको वारेमा जानकारी माग गर्दा काममा ढिलाई हुनुमा पटक पटक डिजायन परिवर्तको आदेश हुने गरेको, निर्माण मजुदुरको अभाव, साइडमा खटाइएका सुपरभाईजरमा निर्माण सम्बन्धी कामको ज्ञानमा कमी, प्राविधिक ज्ञान नभएका र डिजायन परिवर्तनको निर्णय समयमै नदिने गरेको भन्ने गुनासो रहेको छ । भौगोलिक अवस्था र चिसोमा सिमेन्टको काममा वाधा पर्न जाने हुँदा केही ढिलाई भएको भन्ने भनाइ कार्यालयको रहेको छ ।

१४. **बीमा** : सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा दशलाखभन्दा बढीको निर्माण कार्यको बीमा गराउनुपर्ने व्यवस्था छ । कार्यालयले मुगु जिल्ला प्रशासन कार्यालय निर्माण कार्यको ठेक्का बन्दोबस्त गरी निर्माण व्यवसायीको बिल अफ क्वान्टिटीमा बीमा बापत रु.२,६९,२५५।– राखी सम्झौता भएको भए तापनि हालसम्म निर्माण कार्यको बीमा नै नगराई ठेक्काको शुरु अवधि २ वर्ष पूरा भएको देखिएकोले सम्झौताको शर्त पालना नगरी ठेक्का सञ्चालन गर्नु उर्पयुक्त देखिएन ।

१५. **दुई कामको एउटै नापजाँच र भुक्तानी** : खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ बिल वा बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ। मुगु जिल्ला प्रशासन कार्यालय निर्माण गर्ने निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको बिल अफ क्वान्टिटी अनुसार कार्यालय भवन र क्वाटरको कार्य परिमाण अलग अलग राखी एउटा सम्झौता गरेको पाइयो । निर्माण कार्यको क्वालिटीमा भवनतर्फको आइटम नं.४ र क्वाटर तर्फको आइटम नं.५ मा ढुंगाको गारो जोडाई क्रमश सिमेन्टबाट र माटोबाट हुने गरी व्यवस्था भएको छ । कार्यालयले निर्माण व्यवसायीको कामको रनिङ बिल तथा नापी किताब तयार गर्दा दुवै स्थानको कामको नापजाँच र बिल एउटै खडा गर्ने गरेको छ । निर्माण व्यवसायीको कवुल दर एउटै रहेको (प्रति घ.मि.रु.६,०००।–) भए तापनि कामको प्रकृति र परिमाण अलग अलग भएको यो कार्यको नापजाँच एकै स्थानमा गर्नाले माटो तर्फको जोडाइ कामलाई समेत सिमेन्ट जोडाईको परिमाण तर्फ देखिने गरी कार्य गराई भुक्तानी गर्ने कार्यमा सुधार हुनुपर्दछ । आगामी बिलबाट छुट्टा छुट्टै नापजाँच गरिने कार्यालयको भनाई रहेको छ ।

१६. **सवारी साधन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ ले निर्माण कार्यको लागत अनुमान तयार गर्दा मालसामान वा सवारी साधन समेत राखी स्वीकृत गर्न मिल्ने व्यवस्था गरेको छैन । सार्वजनिक लेखा समितिको २०६९।१।८ को निर्णयबाट समेत आयोजनाहरुको लागत अनुमानमा सवारी साधनको बिल अफ क्वान्टिटी नराख्न निर्देशन भएको छ । कार्यालयले यो वर्ष कालिकोट जिल्लामा एकिकृत कार्यालय निर्माण सम्बन्धी कार्यको लागत अनुमान रु.१३,५९,१६,०१०।– स्वीकृत गर्दा बिल अफ क्वान्टिटीमा एउटा जिप गाडी समेतको आइटम स्वीकृत गरी उक्त आइटमलाई एकमुष्ट भुक्तानीमा राखि बोलपत्र आव्हान भएको छ। यो आइटममा निर्माण व्यवसायीले रु.३५,००,०००।– दररेट पेश गरेको आधारमा बोलपत्र स्वीकृत भएको छ । यसैगरी पिना हेल्थपोष्ट मुगुको कार्यालय तथा स्वास्थ्य चौकी निर्माण कार्यको बिल अफ क्वान्टिटीमा गाडी मर्मत भाडा र तेलको क्वालिटीको आइटम खडा गरी समावेश गरेको पाइयो । खरिद नियमावली र लेखा समितिको निर्देशनभन्दा फरक गरी ठेक्का बन्दोबस्त गरेकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ । यो ठेक्काको लागत अनुमान स्वीकृत गर्दा गाडी नभएकोले मात्र

समावेश गरिएको हाल कार्यालयमा गाडी भएकोले आगामी ठेक्काहरुमा यस्ता साधनहरु समावेश नगरिने कार्यालयको भनाई रहेको छ ।

१७. **पेश्की जमानत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम खरिद सम्झौता अनुसार पेश्की दिनु परेमा बैंक जमानत लिई दिनु पर्ने व्यवस्था छ । सम्झौताको शर्तअनुसार दिइएको पेश्की तोकिएको दरमा प्रत्येक बिलबाट कट्टी गरी लिनु पर्नेमा केही निर्माण व्यवसायिको बिल भुक्तानी गर्दा पेश्की कट्टी नगर्ने र घटी कट्टी गर्ने गरेको समेत पाइयो । बैंक जमानतको आधारमा पेश्की दिंदा जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधि भन्दा कम्तिमा एक महिनामा बढी अवधिको हुनुपर्ने भन्ने व्यवस्था छ । परिक्षणको क्रममा पेश्की दिएको रु.१,२४,६३,९१८।- का पेश्की जमानतको म्याद घटी रहेको वा म्याद पुरा भएकोमा समेत पेश्की फछ्र्यौट भएको देखिएन । नियमानुसारको पेश्की कट्टी गरी जमानतको म्याद थप गराई लिनुपर्दछ । निर्माण व्यवसायीहरुलाई म्याद थप गराई पेश गर्न पत्राचार गरी अद्यावधिक गरिने कार्यालयको भनाई रहेको छ ।

१८. **म्याद थप :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौतामा तोकिएको अवधिमा काम पूरा नभएमा निर्माण व्यवसायीले ७ दिन अगावै निवेदन दिनुपर्ने र अधिकार प्राप्त अधिकारीले निवेदन उपर जाँचबुझ गराई उचित र पर्याप्त कारण भए म्याद थप गर्नुपर्ने व्यवस्था छ । कार्यालय अर्न्तगत संचालित आयोजनाहरुको म्याद थपको नमूना परीक्षण गर्दा निर्माण कार्य गराउने सम्बन्धी ५ सम्झौताको म्याद समाप्त भएकोमा कार्यालयले निर्माण व्यवसायीहरुको म्याद थप सम्बन्धी कार्य पूरा नगरेको र अन्य कारबाही समेत नगरी यथास्थितिमा राखेको छ । म्याद थप सम्बन्धी कारबाही अगाडि वढाइने कार्यालयको भनाई रहेको छ ।

१९. **जनता आवास :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा उपभोक्ता समितिसँग सा।हयोग जुटाउने कार्य प्रथम चौमासिकमा पूरा गर्नुपर्ने व्यवस्था छ । कार्यालयलाई यो कार्यक्रमबाट कालिकोट, हुम्ला र जुम्ला जिल्लामा कार्यक्रम सञ्चालन गर्ने गरी बजेट खर्चको अख्तियारी र कार्यक्रम प्राप्त भएकोमा जुम्ला जिल्लाको लागि २०७२।७३ मा १० जना दलितको लागि घर निर्माण गर्न रु. ६,६८,०००।– कार्यक्रम बजेट प्राप्त भएकोमा कार्यक्रम सञ्चालन नगरी बजेट फ्रिज गरेको छ ।

२०. **निर्माण कार्य :** हुम्ला जिल्लामा २०७०।७१ देखि शुरु भएको जनता आवास योजनाबाट प्रत्येक वर्ष १० वटाका दरले ३० घर निर्माणको कार्य भइरहेको देखिएको छ । जनता आवास कार्यक्रम अर्न्तगतको कार्य तोकिएको आर्थिक वर्ष र चौमासिक अवधिभित्र प्रभावकारी रुपमा सम्पन्न भएको छैन । कार्यक्रम सञ्चालन प्रक्रिया अनुसार गा.वि.स छनौटमा समयावधि लाग्ने भएकोले केही ढिला भए तापनि आगामी दिन कार्यक्रम अनुसार कार्य सम्पन्न गरिने भनाइ कार्यालयको रहेको छ ।

२१. **सहायता रकम :** शहरी विकास मन्त्रालयले २०७२।१२।२ मा मन्त्रिपरिषदमा पेश गरेको प्रस्ताव अनुसार मुगु जिल्ला रोवा गा.वि.स.वडा नं. ८ र ९ का ४३ जना वाढी पीडित घर परिवारलाई प्रति परिवार जग्गा खरिदका लागि रु.५०,०००।– र आवास निर्माणका लागि रु. ७५,०००।– गरी जम्मा रु.१,२५,०००।– का दरले रु.५३,७५,०००।– शहरी विकास मन्त्रालयलाई निकासा भएको छ । सोही निर्णयको आधारमा कार्यालयलाई विभाग मार्फत को.ले.नि.का.जुम्लाबाट निकासा भएको उक्त रकम कार्यालयले २०७३।२।१० मा ४३ जना वाढी पीडितको नाममा रा.वा.बैंक जुम्लामा खोलिएको खातामा रकम जम्मा गरेको र सो मध्ये २ जनाको रकम कलंकी र नेपालगंज शाखाबाट पाउने गरी पठाएको छ । कार्यालयले उक्त रकमबाट निर्णयानुसारको कार्य सम्पन्न भएको अभिलेख विवरण तथा रकम भुक्तानी गर्नु अगाडि र पछाडि वाढी पिडितहरुले तोकिएको

प्रक्रिया अनुरुपका कार्य गरे नगरेको विवरण लिई कार्य सम्पन्न अभिलेख खडा गरी राखेको पाइएन । लेखापरीक्षणको दौरानमा यस सम्बन्धमा औंल्याउंदा मुगु जिल्लाका प्रमुख जिल्ला अधिकारी समेतको उपस्थितिमा भएको बैठकमा रकम बैंक खातामा निकासा दिने निर्णय भै सोही बमोजिम रकम भुक्तानी गरिएको जानकारी दिएको छ। निश्चित कार्य गर्ने गरी उपलब्ध गराएको सहायता रकम तोकिएको कार्यमा खर्च गरेको देखिएन। जुन प्रयोजको लागि रकम प्राप्त भएको छ सोही प्रयोजनमा खर्च गर्नुपर्दछ।

२२. **खर्च शीर्षक** : महालेखा नियन्त्रक कार्यालयको बजेट खर्च शीर्षक निर्देशिका, २०७० मा विनियोजन खर्च शीर्षकको वर्गीकरण गरिएको छ । कार्यालयमा कार्यरत करारका कर्मचारीलाई तलब भत्ता बापत संकेत नं.२२४१२ अन्य सेवा शुल्क शीर्षकबाट पारिश्रमिक बापत खर्च लेख्नु पर्नेमा संकेत नम्वर २१११ तलब शीर्षकबाट समेत रु.९,६५,४५०।– करारका कर्मचारीको पारिश्रमिक खर्च लेखेको पाइयो । खर्चको वर्गीकरण निर्देशिकाभन्दा फरक गरी तलबबाट करारका कर्मचारीलाई पारिश्रमिक भुक्तानी गर्न मिल्ने देखिदैन ।

२३. **काज** : निजामती सेवा ऐन, २०४९ को दफा १८क(१) मा निजामती कर्मचारीलाई निज कार्यरत रहेको कार्यालयबाट सोही निकायको काममा मात्र अन्य स्थानमा काज खटाउन सकिने र काज खटाउँदा एक वर्षमा तीन महिनाभन्दा बढी अवधिको लागि काज खटाउन पाइने छैन भन्ने व्यवस्था छ। कार्यालयमा दरवन्दी रहेका एक इन्जिनियर २०७२।७।१२ देखि ०७३ आषाढसम्म डुम्रे भन्सार कार्यालय र दक्षिणकाली क्षेत्र प्रवर्धन समितिको कार्यालयमा ३ महिनाभन्दा बढी काज रही यो वर्ष तलब बापत रु.२,२४,५४३।– यस कार्यालयबाट खर्च लखेको छ। ऐनको व्यवस्था अनुसार काज खटाई तलव भत्ता भुक्तानी गर्नुपर्दछ।

२४. **उपभोक्ता समिति मार्फत कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउने कार्यविधि सम्बन्धी व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष ५७ काम उपभोक्ता समिति मार्फत गराई रु.८६,६२,५००।– खर्च गरेको छ । उपभोक्ता समितिसँग कार्य गराउँदा कामको सम्झौता गरी सोही आधारमा खुद भएको कामको बिल भरपाई खडा गरी भुक्तानी गर्ने गरेको छ। तर नियम ९७(६) बमोजिम समुदायले लिएको हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई पेश गर्ने व्यवस्थाको पूर्ण पालना भएको देखिएन । साथै निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था भए तापनि यसरी गरिएका कामको स्वामित्व हस्तान्तरण सम्बन्धी कार्य भएको छैन । उपभोक्ता समिति मार्फत कार्य गराउँदा नियममा भएका व्यवस्थाको पूर्ण पालना गराउनुपर्दछ।

२५. **पेश्की कारोबार** : सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम खरिद सम्झौतामा पेश्की दिने शर्त भए बमोजिम पेश्की दिई शर्त बमोजिम कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट निर्माण व्यवसायीसँग खरिद सम्झौता गर्दा निर्माण व्यवसायी साइटमा परिचालित भएपछि ५ तथा निर्माणस्थलमा सामाग्री समेत ल्याई सकेपछि १० प्रतिशत र निर्माण काम शुरु भएपछि ५ प्रतिशत गरी जम्मा २० प्रतिशत पेश्की दिने शर्त रहेको भए तापनि कतिपय निर्माण व्यवसायीहरुले पहिलो किस्ता पेश्की लिई सकेपछि पुन लामो समय पछि थप बैंक ग्यारेन्टी लिई पेश्की रकमको सीमा सम्मको रकम दिएको छ। वर्षान्तसम्म ३ उपभोक्ता समिति र ३२ निर्माण व्यवसायीको नाममा बाँकी रहेको पेश्की रु.१०,५३,१५,५००।- नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ।

## शैक्षिक तालिम केन्द्र

१. **तलबी प्रतिवेदन पारित :** निजामती ऐन, २०४९ को दफा ७ ख (२) बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलब खुवाउन हुदैन भन्ने व्यवस्था छ । केन्द्रले तलबी प्रतिवेदन पारित नगरी यो वर्ष तलबमा रु.९,४०,६०३।- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नु पर्दछ ।

२. **अग्रिम कर कट्टी :** आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम वासिन्दा व्यक्तिले ठेक्का वा करार बापत रु.५०,००० भन्दा बढीको रकम भुक्तानी दिंदा भुक्तानीको कुल रकममा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । केन्द्रले ३ फर्मबाट रु. २४६०००।- खरिद गरी भुक्तानी गरेकोमा ऐन व्यवस्था बमोजिम भुक्तानीमा लाग्ने अग्रिम कर दाखिला गरेको छैन ।

३. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ (३) मा कार्यालयमा पेश्की रकमको बिल भरपाई सहितको विवरण प्राप्त भएपछि एक्काइस दिनभित्र कार्यालयले फछ्र्यौट गरिसक्नु पर्ने व्यवस्था छ । कार्यालयका एक कर्मचारीले मोडेल सामग्री छपाई गर्न लिएको पेश्की रु.१,९९,७७५।- आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट गरेको पाइएन ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत ५१ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पन्न भएको छ । आन्तरिक लेखापरिक्षण प्रतिवेदनअनुसार ३२ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ । यस वर्ष सक्षिप्त कार्यविधिबाट लेखापरीक्षण सम्पन्न गरिएका २३ कार्यालय मध्ये ३ कार्यालयहरुको आन्तरिक लेखापरीक्षणबाट ५ दफाको रु.१५३४५११।- बेरुजू कायम गरी प्रतिवेदन गरेको पाइयो । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ

| सि.नं. | कार्यालय | शिर्षक | दफा संख्या | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|---|
| १. | उच्च अदालत सुर्खेत (इजलाश जुम्ला) | २०४०१२३<br>२०४०१२४ | २<br>१ | प्रमाण वेगर बढी भुक्तानी<br>पेश्की बाँकी | १७४५५० |
| २. | दुर्गम क्षेत्र विकास समिति | विभिन्न | १ | विभिन्न फर्महरु तथा उपभोक्ता समितिको नामको पेश्की | १३,५८,७१४।- |

(विश्वनाथ रेग्मी)
नायब महालेखापरीक्षक

अनुसूची १

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

## लेखापरीक्षण विधिः विस्तृत

(रु लाखमा)

| क्र.स. | कार्यालयको नाम | विनियोजन / निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोबार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | पुनरावेदन (उच्च) सरकारी वकिल कार्यालय | ५९ | ०.६१ | ०.२३ | ० | ५९.८४ |
| २. | जिल्ला सरकारी वकिल कार्यालय | ३५ | ०.००७ | ० | ० | ३५.००७ |
| ३. | अञ्चल प्रहरी कार्यालय | २६४ | ०.०१३ | ०.१९ | ० | २६४.२०३ |
| ४. | अञ्चल सशस्त्र प्रहरी गुल्म | ३९५ | १ | ६ | | ४०२ |
| ५. | कर्णाली विकास आयोग | १५१ | ० | ४ | ० | १५५ |
| ६. | कर्णाली क्षेत्र पर्यटन प्रवर्द्धन विकास समितिको कार्यालय | ५२९ | ० | ० | ० | ५२९ |
| ७. | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान | २७८७ | ० | ० | ० | २७८७ |
| ८. | कर्णाली प्राविधिक शिक्षालय | ४८५ | १ | ३८ | ० | ५२४ |
| ९. | कारागार शाखा | ३८ | ० | ० | ० | ३८ |
| १०. | कोष तथा लेखा नियन्त्रक कार्यालय | ८३ | ०.०३ | १ | १ | ८५.०३ |
| ११. | खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय | ४५६ | ०.१७ | ९ | ३१ | ४९६.१७ |
| १२. | जिल्ला कृषि विकास कार्यालय | ४०० | ५ | १० | २ | ४१७ |
| १३. | जिल्ला पशुसेवा कार्यालय | १४१ | १ | २ | ८ | १५२ |
| १४. | जिल्ला प्रहरी कार्यालय | ९५२ | ४ | ७ | ० | ९६३ |
| १५. | जिल्ला प्रशासन कार्यालय | १४० | १५ | ३ | ०.४० | १५८.४ |
| १६. | जिल्ला प्राविधिक कार्यालय | ४८६ | ० | ० | ० | ४८६ |
| १७. | जिल्ला वन कार्यालय | ३३८ | ५३ | १२ | १३ | ४१६ |
| १८. | जिल्ला विकास समिति | ० | ० | ० | ११०१९ | ११०१९ |
| १९. | जिल्ला स्वास्थ्य कार्यालय | ५३ | ४१ | ० | ९ | १०३ |
| २०. | जिल्ला शिक्षा कार्यालय | ३३६५ | ३८ | ०.५० | ० | ३४०३.५ |
| २१. | जिल्ला हुलाक कार्यालय | ३३० | ८ | ० | ० | ३३८ |
| २२. | जुम्ला बहुमुखी क्याम्पस | ० | ० | ० | ३४२ | ३४२ |
| २३. | डिभिजन सडक कार्यालय | २२४५ | ५१ | १९६ | १०३ | २५९५ |
| २४. | बागवानी अनुसन्धान केन्द्र | २६४ | ० | ४ | ० | २६८ |
| २५. | नं.२४ बाहिनी अड्डा | ८९१ | ३ | ७ | ० | ९०१ |
| २६. | व्यावसायिक सीप विकास तालिम कार्यालय | ७१ | ००.३ | ० | ० | ७१.३ |
| २७. | भगवती दल गण | २०९७ | ०.५७ | १० | ० | २१०७.५७ |
| २८. | भेंडा बाखा अनुसन्धान कार्यक्रम | २२४ | ० | २ | ० | २२६ |
| २९. | महिला तथा बालबालिका विकास कार्यालय | १४८ | ०.१० | ३ | १७ | १६८.१ |
| ३०. | मालपोत कार्यालय | १७१ | ४० | ५ | ८९ | ३०५ |
| ३१. | सिँचाइ सवडिभिजन कार्यालय | ७१८ | ६ | ० | ० | ७२४ |
| ३२. | स्थानीय विकास कोषको सचिवालय | ० | ० | ० | ० | ० |
| ३३. | शहरी विकास तथा भवन डिभिजन | ४१९६ | ० | १२४ | ० | ४३२० |
| ३४. | शैक्षिक तालिम केन्द्र | ४६ | ०.२२ | ० | ० | ४६.२२ |
| | **जम्मा** | **२२५५८** | **२६९.०२** | **४४३.९२** | **११६३४.४** | **३४९०५.३४** |

**लेखापरीक्षण विधिः संक्षिप्त** (रु लाखमा)

| क्र.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोबार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | उच्च अदालत सुर्खेत (इजलाश जुम्ला) | २३१ | ०.२१ | ४ | ० | २३५.२१ |
| २. | जिल्ला अदालत | १६५ | १३ | १७ | ० | १९५ |
| ३. | जिल्ला निर्वाचन कार्यालय | ३४ | ० | ०.०२ | ० | ३४.०२ |
| ४. | राष्ट्रिय मानव अधिकार क्षेत्रीय कार्यालय | २८ | ० | ० | ० | २८ |
| ५. | लोकसेवा आयोग अञ्चल कार्यालय | ११० | १७ | ० | ० | १२७ |
| ६. | अञ्चल आयुर्वेद कार्यालय | ६४ | ० | ० | ० | ६४ |
| ७. | इलाका प्रशासन कार्यालय | ९ | ० | ० | ० | ९ |
| ८. | उच्च पर्वतीय अनुसन्धान प्रतिष्ठान | १०९ | ० | २ | ० | १११ |
| ९. | करदाता सेवा कार्यालय | ८० | ५४२ | ५ | ० | ६२७ |
| १०. | कृषि अनुसन्धान केन्द्र | १८९ | ० | ३ | ० | १९२ |
| ११. | घरेलु तथा साना उद्योग विकास समिति | ६२ | १६ | २ | ० | ८० |
| १२. | जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय | २४७ | ० | ० | १ | २४८ |
| १३. | जिल्ला वनस्पति कार्यालय | ९१ | ० | ० | ० | ९१ |
| १४. | जिल्ला भू-संरक्षण कार्यालय | १२८ | ० | ० | १३ | १४१ |
| १५. | तथ्याङ्क कार्यालय | ३३ | ० | ० | ० | ३३ |
| १६. | यातायात व्यवस्था कार्यालय | ६५ | ३० | २ | ० | ९७ |
| १७. | दुर्गम क्षेत्र विकास समिति | १२५ | ०.०४ | ० | ० | १२५.०४ |
| १८. | नं. २४ फि.ए. गुल्म | १९५ | ० | १ | ० | १९६ |
| १९. | नापी कार्यालय | ६६ | ३ | ० | १३ | ८२ |
| २०. | राष्ट्रिय अनुसन्धान कार्यालय | ५७ | ० | ० | ० | ५७ |
| २१. | रोजगार सूचना केन्द्र | १३ | ० | ० | ० | १३ |
| २२. | स्याउ प्रशोधन केन्द्र | ४७ | ० | २ | ० | ४९ |
| | **जम्मा** | **२१४८** | **६२१.२५** | **३८.०२** | **२७** | **२८३४.२७** |
| | कूल जम्माः | २४७०६ | ८९०.२७ | ४८१.९४ | ११६६१.४ | ३७७३९.६१ |

अनुसूची २

# बेरुजूको स्थिति

(रु हजारमा)

| क.स. | कार्यालयको नाम | सुरु बेरुजू | | प्रतिक्रियाबाट फछ्यौट एवं समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिया बाट | जम्मा |
| १. | उच्च अदालत सुर्खेत (इजलाश जुम्ला) | ३ | १७४ | २ | - | १ | २ | ३२ | १४० | १७४ | | | |
| २. | पुनरावेदन (उच्च) सरकारी वकिल कार्यालय | ५ | ३०० | - | - | ५ | १९२ | १०८ | - | ३०० | | | |
| ३. | जिल्ला सरकारी वकिल कार्यालय | ४ | ११९ | १ | - | ३ | ९९ | २० | - | ११९ | | | |
| ४. | जिल्ला निर्वाचन कार्यालय | १ | १ | - | - | - | - | - | - | - | १ | - | - |
| ५. | अञ्चल प्रहरी कार्यालय | ५ | २५ | ४ | २५ | १ | - | - | - | - | - | २५ | |
| ६. | अञ्चल सशस्त्र प्हरी गुल्म | ३ | सैदान्तीक | २ | - | १ | - | - | - | - | - | - | |
| ७. | कर्णाली आयोग | ३५ | २३६१ | ३१ | १४७२ | ४ | ११ | ७८ | ८०० | ८८९ | २२६ | - | - |
| ८. | कर्णाली क्षेत्र पर्यटन प्रवर्धन समिति | २२ | ७५४७ | १५ | - | ७ | ११२९ | ६१३३ | २८५ | ७५४७ | - | - | - |
| ९. | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान | ३२ | २८१६५ | १४ | - | १८ | २३५ | २७९३० | - | २८१६५ | - | - | - |
| १०. | कर्णाली प्राविधिक शिक्षालय | १८ | ३९७२१ | ११ | - | ७ | ७९४८ | ३१५७३ | २०० | ३९७२१ | - | - | - |
| ११. | कारागार शाखा | २ | सैदान्तीक | १ | - | १ | - | - | - | - | ९ | - | - |
| १२. | कोष तथा लेखा नियन्त्रक कार्यालय | १ | सैदान्तीक | - | - | १ | - | - | - | - | - | - | - |
| १३. | खानेपानी तथा सरसफाई डिभिजन | २५ | २८६६ | १४ | ४५४ | ११ | २३ | २३८९ | - | २४१२ | - | - | - |
| १४. | जिल्ला कृषि विकास कार्यालय | ३८ | ४४४९ | २१ | | १७ | ४०२ | २६५१ | १३९६ | ४४४९ | - | - | - |
| १५. | जिल्ला पशुसेवा कार्यालय | १४ | १३० | ५ | १८ | ९ | - | ११२ | - | ११२ | - | - | - |
| १६. | जिल्ला प्रहरी कार्यालय | ४ | सैदान्तीक | १ | - | ३ | - | - | - | - | - | - | - |
| १७. | जिल्ला प्रशासन कार्यालय | ९ | १०९ | ५ | ९ | ४ | १९ | ८१ | - | १०० | ३० | ९ | |
| १८. | जिल्ला प्राविधिक कार्यालय | १३ | १२७०३ | ७ | - | ६ | - | ११६३७ | १०६६ | १२७०३ | - | - | - |
| १९. | जिल्ला वन कार्यालय | १४ | २०७६ | ६ | - | ८ | २५ | २०५१ | - | २०७६ | - | - | - |
| २०. | जिल्ला विकास समिति | २०५ | ८९०६७ | १०५ | - | १०० | १२७२ | ६७७४१ | २००५४ | ८९०६७ | - | - | - |
| २१. | जिल्ला स्वास्थ्य कार्यालय | ६० | १३३७३ | ४५ | | १५ | १६६९ | ४९५४ | ६७५० | १३३७३ | - | - | - |
| २२. | जिल्ला शिक्षा कार्यालय | ५६ | ४३५८४ | ३४ | | २२ | ४९५० | ३०२५७ | ८३७७ | ४३५८४ | - | - | - |
| २३. | जिल्ला हुलाक कार्यालय | ८ | ९८ | ४ | ४० | ४ | ५८ | - | - | ५८ | - | ४० | - |
| २४. | जुम्ला बहुमुखी क्याम्पस | २१ | १०११ | १६ | - | ५ | ६३० | ३८१ | - | १०११ | - | - | - |
| २५. | जिल्ला भू-संरक्षण कार्यालय | | | | | | | | | | ५ | - | - |
| २६. | डिभिजन सडक कार्यालय | ४६ | ६६१५६ | २४ | - | २२ | २१२ | १७९६७ | ४७९७७ | ६६१५६ | - | - | - |
| २७. | डिभिजन सहकारी कार्यालय | ७ | १७ | ४ | | ३ | १ | १६ | - | १६ | - | - | - |
| २८. | दुर्गम क्षेत्र विकास समिति | १ | १३५९ | १ | - | १ | - | - | १३५९ | १३५९ | - | - | - |
| २९. | बागवानी अनुसन्धन केन्द्र | २० | १३४४ | ९ | - | ११ | ७३ | १२६२ | ९ | १३४४ | - | - | - |

| क.स. | कार्यालयको नाम | सुरु बेरुजू | | प्रतिक्रियाबाट फछ्यौट एवं समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिया बाट | जम्मा |
| ३०. | नं.२४ बाहिनी अड्डा | १ | सैदान्तीक | १ | - | - | - | - | - | - | - | - | - |
| ३१. | व्यावसायिक सीप विकास तालिम कार्यालय | ३ | सैदान्तीक | १ | | २ | - | - | - | - | - | - | - |
| ३२. | भगवती दल गण | ३ | सैदान्तीक | १ | - | २ | - | - | - | - | - | - | - |
| ३३. | भेंडा बाखा अनुसन्धान कार्यक्रम | १२ | २०६ | ६ | ८९ | ६ | ६१ | ५९ | - | ११७ | - | - | - |
| ३४. | महिला तथा बालबालिका विकास कार्यालय | ११ | १००६ | ४ | - | ७ | - | ५०६ | ५०० | १००६ | - | - | - |
| ३५. | मालपोत कार्यालय | १४ | ५१८९ | ६ | - | ८ | ९१६ | ४२७३ | - | ५१८९ | - | - | - |
| ३६. | सिँचाइ सवडिभिजन कार्यालय | १७ | ८००५ | ९ | - | ८ | २१ | १०५१ | ६९३३ | ८००५ | - | - | - |
| ३७. | शहरी विकास तथा भवन डिभिजन | ३८ | ११८९१४ | १३ | - | २५ | १४ | १३५८४ | १०५३१५ | ११८९१४ | - | - | - |
| ३८. | शैक्षिक तालिम केन्द्र | ७ | २२९ | ४ | - | ३ | - | २९ | २०० | २२९ | - | - | - |
| | **जम्मा:** | **७७८** | **४५०३०४** | **४२५** | **२१०७** | **३५३** | **१९९६२** | **२२६८७२** | **२०१३६१** | **४४८१९६** | **२७१** | **७४** | **३४५** |

द्रष्टव्य: ● बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ ।

● प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिकृयाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरीएको छ ।

## जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण

| आय | आय | रकम | ब्यय | रकम |
|---|---|---|---|---|
| **गत बर्षको जिम्मेवारीः** | | **१७८०५** | **योवर्षको खर्च** | **३६४२७** |
| खस संग्राहालय | ११०७ | | ३०५ | |
| सडक बोर्ड | | | ३३४२ | |
| धरौटी | ६२६८ | | ३२६८ | |
| कर्मचारी कल्याण कोष | १२११ | | २३७७ | |
| युनिसेफ | | | ८८१ | |
| मर्मत संभार कोष | ५०७६ | | २३१२ | |
| जि.वि.स. आन्तरीक कोष | | | ० | |
| ग्रामीण पहुँच (र्‍याप) | -१८८ | | १४२४६ | |
| चन्दननाथ मन्दिर तामाको लिंगो | ४६० | | | |
| ग्रामीण पहुँच (र्‍याप) पुल | ३८७२ | | ३८७२ | |
| मालपोत | | | ३०१९ | |
| वन क्षेत्रको आय | | | ५६६ | |
| विद्युत रोयल्टी | | | ३५२ | |
| कर दस्तुर सेवा शुल्क | | | १८८७ | |
| **यो वर्षको आम्दानी** | | **२३४७७** | | |
| सडक बोर्ड | ३३४२६२९ | | | |
| धरौटी | १५२७१२१ | | | |
| कर्मचारी कल्याण कोष | १७४०७६५ | | | |
| युनिसेफ | ८८०५५० | | | |
| मर्मत संभार कोष | १३८२०१८ | | | |
| ग्रामीण पहुँच (र्‍याप) | १४६०३४२८ | | | |
| मालपोत | ३०१८८८९ | | | |
| वन क्षेत्रको आय | ५६६००० | | | |
| विद्युत रोयल्टी | ३५२००० | | | |
| कर दस्तुर सेवा शुल्क | १८८६६६२ | | | |
| **अन्य श्रोतः ट्रानसफर** | | **५८२४** | | |
| **केन्द्रिय राजश्व** | | **४१०४३** | | **४१०४३** |
| **केन्द्रीय कार्यक्रम तर्फको निकासा/खर्च** | | **५५१५४०** | | **५५१५४०** |
| **वर्षान्तको मौज्दात** | | | | **१०६७८** |
| | **कुल जम्मा** | **६३९६८८** | **कुल जम्मा** | **६३९६८८** |

अनुसूची - ४

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १. | उच्च अदालत सुर्खेत (इजलाश जुम्ला) | श्री ठगिन्द्र कटेल<br>श्री माधव प्रसाद पौडेल | श्री डिल्ली ब. थापा<br>श्री सरोज कु.रावत |
| २. | पुनरावेदन (उच्च) सरकारी वकिल कार्यालय | श्री लक्ष्मण उपाध्याय<br>श्री मोहन सागर वस्याल | श्री रत्नलाल प्याकुरेल |
| ३. | जिल्ला सरकारी वकिल कार्यालय | श्री प्रकाश घिमिर<br>श्री नविन कुमार भट्ट | श्री इन्द्र वहादुर शाह |
| ४. | जिल्ला निर्वाचन कार्यालय | श्री युवराज न्यौपाने<br>श्री खुमप्रसाद सुवेदी | श्री पदम बहादुर घर्ती<br>श्री भिमकला बि.सी |
| ५. | अञ्चल प्रहरी कार्यालय | श्री विष्णुहरि गौतम | श्री ज्ञान कुमार कट्टेल |
| ६. | अञ्चल सशस्त्र प्रहरी गुल्म | श्री पुष्कर बहादुर चन्द | श्री दिपेन्द्र चौधरी |
| ७. | कर्णाली विकास आयोग | श्री पार्वती अर्याल | श्री प्रयागदत्त न्यौपान |
| ८. | कर्णाली क्षेत्र पर्यटन प्रवर्द्धन विकास समितिको कार्यालय | श्री भरत बहादुर बुढथापा | श्री महाकृष्ण पाण्डे |
| ९. | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान | श्री श्याम लम्साल | श्री इन्द्रराज डांगी |
| १०. | कर्णाली प्राविधिक शिक्षालय | श्री टेकेन्द्रबहादुर थापा<br>श्री राजकुमार चोधरी | श्री रामहरी खनाल<br>श्री नारायणराज विष्ट |
| ११. | कारागार शाखा | श्री पूर्ण प्रसादन्यौपाने<br>श्री विष्णु प्रसादन्यौपान | श्री कृष्ण बहादुर रोकाया |
| १२. | कोष तथा लेखा नियन्त्रक कार्यालय | श्री गोकूल बास्तोला<br>श्री गोविचन्द्र भक्री | श्री सरिता कुमारी बम |
| १३. | खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय | श्री अर्जुन कुमार बम<br>श्री टंक बहादुर सोडारी | श्री देविन्द्र महत |
| १४. | जिल्ला कृषि विकास कार्यालय | श्री भरत प्रसाद कडेल<br>श्री विष्णु बहादुर महत | श्री जुना बुढा |
| १५. | जिल्ला पशुसेवा कार्यालय | श्री रेशमराज ज्ञवाली<br>श्री माधव प्र.अर्याल<br>श्री गोविन्द ब.महत | श्री जितेन्द्र रावत |
| १६. | जिल्ला प्रहरी कार्यालय | श्री बलराम राइ<br>श्री विष्णुहरि कोइराला | श्री विरेन्द्र ब. चन्द<br>श्री राजेन्द्र गिरी |
| १७. | जिल्ला प्रशासन कार्यालय | श्री दिपेन्द्रराज पौडेल<br>श्री रुद्र प्रसाद पण्डित | श्री प्रभाकर खड्ग<br>श्री नवराज देवकोटा |
| १८. | जिल्ला प्राविधिक कार्यालय | श्री हरि प्रसाद शमा<br>श्री हिक्मत बहादुर महत | श्री लालचन्द्र उपाध्याय |
| १९. | जिल्ला वन कार्यालय | श्री हेमलालअर्याल<br>श्री श्यामलालमहत<br>श्री धनन्जयपौडेल<br>श्री मोहन प्र. श्रेष्ठ | श्री कमल प्रसाद देवकोटा |
| २०. | जिल्ला विकास समिति | श्री इश्वर कुमार गिरी<br>श्री मित्रमणी पोखरेल<br>श्री राजेश पौडेल | श्री भरत रावत |
| २१. | जिल्ला स्वास्थ्य कार्यालय | श्री वैद्यनाथ झा | श्री मान बहादुर ठाडा |
| २२. | जिल्ला शिक्षा कार्यालय | श्री क्षेत्र बहादु भण्ढारी | श्री पूर्ण बहादुर ठकुरी |

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| | | श्री कुल बहादुर फडेर | श्री महाकृष्ण पाण्ड |
| २३. | जिल्ला हुलाक कार्यालय | श्री निर्मला मल्ल | श्री खड्क प्र. चौलागाई |
| २४. | जुम्ला बहुमुखी क्याम्पस | श्री बसन्त राज भण्डारी<br>श्री प्रकाशचन्द्र खत्री | श्री पूर्ण बहादुर महत |
| २५. | डिभिजन सडक कार्यालय | श्री नारायण दत्त भण्डारी<br>श्री अंगलाल रोकाया | श्री नन्दाराम कडेल |
| २६. | दुर्गम क्षेत्र विकास समिति | श्री इश्वर कुमार गिरी<br>श्री मित्रमणी पोखरेल<br>श्री राजेश पौडेल | श्री बुद्धि बहादुर वि.क. |
| २७. | बागवानी अनुसन्धन केन्द्र | श्री बसन्त चालिस | श्री प्रमोद आचाय |
| २८. | नं.२४ बाहिनी अड्डा | श्री नरेश चन्द्र भट्ट | श्री शिव बहादुर महत<br>श्री गोविन्द बहादुर कार्की |
| २९. | व्यावसायिक सीप विकास तालिम कार्यालय | श्री डिल्लीराम तिवारी | श्री सरिता कुमारी बम |
| ३०. | भगवती दल गण | श्री सुशिल कुमार थापा | श्री दिपक बलामी |
| ३१. | भेंडा बाखा अनुसन्धान कार्यक्रम | श्री मेघराज तिवारी<br>श्री वीरेन्द्र खनाल | श्री जुद्ध बहादुर कार्की |
| ३२. | महिला तथा बालबालिका विकास कार्यालय | श्री अनिता ज्ञवाली | श्री कृष्ण बहादुर के.सी. |
| ३३. | मालपोत कार्यालय | श्री गोविन्द प्रसाद न्यौपान<br>श्री लक्ष्मीकान्त जैसी | श्री डिल्ली बहादुर थापा |
| ३४. | सिँचाइ सवडिभिजन कार्यालय | श्री आशिक धिताल<br>श्री पदम बहादुर घती | श्री कृष्ण रोकाया |
| ३५. | स्थानीय विकास कोषको सचिवालय | श्री क्षेत्र बहादुर बुढथापा | श्री भक्तीलाल बुढा |
| ३६. | शहरी विकास तथा भवन डिभिजन | श्री सुरोज पौडेल<br>श्री ईश्वर राज जोशी<br>श्री जगदिस लामिछाने | श्री नन्द प्रसाद पाण्ड<br>श्री पदम वहादुर घर्ती<br>श्री भैरव वहादुर महत |
| ३७. | शैक्षिक तालिम केन्द्र | श्री मक्कर भण्डारी<br>श्री देव कुमार वराल | श्री दिपक वहादुर महत |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np